# ‘नयाँ सडकको गीत’ कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन

**त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक**

**शास्त्र सङ्काय नेपाली केन्द्रीय विभाग अन्तर्गत**

**एम्.ए. दोस्रो वर्षको** दसौँ

**पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

शोधपत्र


## शोधार्थी

**राजेन्द्र प्रसाद भट्टराई**

**त्रि.वि. नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**


**२०६९**

# शोध निर्देशकको मन्तव्य

त्रभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अर्न्तगत एम्.ए. नेपाली दोस्रो वर्षका छात्र श्री राजेन्द्र प्रसाद भट्टराईले **नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै लगनशीलता र परिश्रमपूर्वक तयार पार्नु भएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय नेपाली केन्द्रीय विभाग समक्ष सिफारिस गर्दछु ।

मिति २०६९/०४/०४ गते

............................

(डा.ताराकान्त पाण्डेय)

सह- प्राध्यापक

त्रिभुवन विश्व विद्यालय

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# त्रिभुवन विश्व विद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

**कीर्तिपुर**

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत विश्व विद्यालय क्याम्पसका छात्र श्री राजेन्द्र प्रसाद भट्टराईले नेपाली एम.ए. दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको **नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र उक्त प्रयोजनका लागि उपयुक्त रहेकाले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | नाम | हस्ताक्षर |
|---|---|---|
| १ विभागीय प्रमुख | प्रा.डा. देवी प्रसाद गौतम | (..........................) |
| २ शोधनिर्देशक | सह.प्रा. डा. ताराकान्त पाण्डेय | (..........................) |
| ३ बाह्य परीक्षक | प्रा.डा दयाराम श्रेष्ठ | (..........................) |

मिति :- २०६९/०४/ १४ गते

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले एम्.ए. नेपाली दोस्रो वर्ष दसौं पत्रको प्रयोजनका लागि तयार पारेको हुँ । अनुसन्धान आफैंमा एउटा महत्त्वपूर्ण जटिल एवं गम्भीर कार्य हो । यसका लागि समय श्रमको लगानी गरिएको हुन्छ । यसलााई समयमा पूरा गर्नको लागि निरन्तरको परिश्रम र मेहनतको आवश्यकता रहेको हुन्छ । सानो होस् वा ठूलो विषय अनुसन्धान एक्लो व्यक्तिबाट मात्र सम्पन्न हुन सक्दैन । यसका लागि अरूको सहयोग, सल्लाह, सुझाव, प्रेरणा, आदिको अत्यन्त आवश्यकता पर्दछ । **नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन** शीर्षकको शोधपत्र तयार गर्दा मलाई धेरै व्यक्तिहरूले विभिन्न तवरले आफ्नो अमूल्य सहयोग, सरसल्लाह दिएर जुन गुन लगाउनु भएको छ त्यो मेरा निम्ति सदा अविस्मरणीय रहने छ ।

सर्व प्रथम शोधपत्रलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सहयोग गर्ने यस शोधपत्रका शोध निर्देशक आदरणीय गुरु डा. श्री ताराकान्त पाण्डेयले आफ्नो व्यस्त समय दिनुका साथै अमूल्य सुझाव समेत दिई मार्ग निर्देशन गरी सहयोग गर्नु भएको हुँदा यसका निम्ति म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शिक्षा ज्ञानको ज्योति हो, यही कुरालाई बुझी आफूले सामान्य शिक्षा प्राप्त गरेर पनि सन्तानलाई शिक्षाको ज्योतिले प्रकाशित पार्न सहयोग गर्ने मेरा माता पिता विष्णा कुमारी उपाध्याय र दामोदर उपाध्याय कृतज्ञताका पात्र हुनु हुन्छ । पूजनीय माता पिताको आशीर्वाद नै मेरा सम्पूर्ण सफलताको सहयोगी आधार हो । उहाँहरूको आशीर्वादले नै म यहाँसम्म उभिएको छु त्यसैले पूजनीय माता पिताप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयारीका क्रममा आवश्यक सल्लाह सुझाव दिई शोध लेखन कार्यप्रति उत्प्रेरण प्रदान गर्नुहुने विभागीय प्रमुख, गुरुवर्ग र प्रशासनिक कार्यमा सहयोग गर्ने नेपाली केन्द्रीय विभागका कर्मचारीप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अध्ययनका क्रममा सामग्री उपलब्ध गराई विशेष सहयोग गर्ने त्रि.वि.केन्द्रीय पुस्तकालयलाई धन्यवाद दिन्छु । प्रस्तुत शोधपत्रको शुद्ध टङ्कण गर्ने मुकुन्दमणि गौतम तथा मलाई सहयोग गर्ने मेरा आत्मीय मित्रहरु चूडामणि उपाध्याय, केशव आचार्य, गंगाराम पोखेल, बाल्मीकि देवकोटा, ज्ञानहरि रिजालमा कृतज्ञता ज्ञापन गर्दछु, । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्नको लागि स्वीकृति प्रदान गर्ने नेपाली केन्द्रीय विभागप्रति आभार व्यक्त गर्दछु ।

अन्त्यमा **नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्व विद्यालय नेपली केन्द्रीय विभाग शोधपत्र मूल्याङ्कन समिति समक्ष पेस गर्दछु ।

शैक्षिक सत्र : २०६५/०६७

क्रमाङ्क : २८०७३१

त्रि.वि. दर्ता नं. ६-३-२८-१५१-२००८

मिति : २०६९/०४/०४ गते

(......................)

राजेन्द्र प्रसाद भट्टराई

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# चिह्न प्रयोग तथा संक्षेपीकृत शब्द सूची

| **चिह्न प्रयोग** | **अर्थ** |
|---|---|
| ...।, | केही अंश छोडिएको |
| / | वा , अथवा |
| – | योजक देखिसम्म |

| **संक्षिप्त रूप** | **पूर्णरूप** |
|---|---|
| अ. | अङ्क |
| अनु. | अनुवाद / अनुवादक |
| एम.ए. | मास्टर्स अफ आर्टस |
| चौं.संस्क. | चौंथो संस्करण |
| छै.संस्क. | छैटौं संस्करण |
| डा. | डाक्टर |
| ते.संस्क. | तेस्रो संस्करण |
| द्वि.संस्क. | द्वितीय संस्करण |
| दो.संस्क. | दोस्रो संस्करण |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| पृ. | पृष्ठ |
| व. | वर्ष |
| वि.सं. | विक्रम सम्वत् |
| सस्पा. | सम्पादक |
| सा.संस्क. | सातौं सस्करण |

# विषय सूची

पहिलो परिच्छेद

## शोध परिचय


| शीर्षक | पृष्ठ |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | ३ |
| १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता | ७ |
| १.६ शोधपत्रको सीमाङ्कन | ८ |
| १.७ शोधविधि | ८ |
| १.७.१ सामग्री सङ्कलन विधि | ८ |
| १.७.२ अध्ययन विधि | ८ |
| १.८ शोधपत्रको रूपरेखा | ९ |


दोस्रो परिच्छेद

## साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा


| शीर्षक | पृष्ठ |
|---|---|
| २.१ समाजशास्त्रको परिचय | ११ |
| २.२ साहित्यको समाजशास्त्र | १३ |
| २.३ साहित्यको समाजशास्त्रीय अध्ययनको पृष्ठभूमि | १६ |
| २.४ साहित्यको समाजशास्त्रीय सिद्धान्त | २० |
| २.४.१ प्रत्यक्षवादी वा विधेयवादी धारा | २२ |
| २.४.२ मीमांसावादी धारा | २५ |
| २.५ साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र | २९ |
| २.६ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू | ३७ |
| २.६.१ प्रजाति | ३८ |
| २.६.२ युग वा क्षण | ३९ |
| २.६.३ परिवेश/पर्यावरण | ४० |
| २.६.४ कार्यकारण सम्बन्ध | ४१ |

२.६.५ भाषा ४१
२.६.६ सामाजिक संस्कृति ४२
२.६.७ अनुभूतिको संरचना ४३
२.६.८ विश्वदृष्टि ४५
२.६ निष्कर्ष ४७

**तेस्रो परिच्छेद**

## ‘प्रजाति, क्षण तथा परिवेशका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण

**शीर्षक** **पृष्ठ**
३.१ विषय प्रवेश ४८
३.२ प्रजातिका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ४८
३.३ क्षणका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ५५
३.४ परिवेशका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ६०
३.५ निष्कर्ष ६७

**चौथो परिच्छेद**

## कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण

**शीर्षक** **पृष्ठ**
४.१ विषय प्रवेश ६९
४.२ कार्यकारण सम्बन्धका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ६९
४.३ भाषाका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ७५
४.४ सामाजिक संस्कृतिका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ७९
४.५ निष्कर्ष ८५

**पाँचौं परिच्छेद**

## अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण

**शीर्षक** **पृष्ठ**
५.१ विषय प्रवेश ८७
५.२ अनुभूतिको संरचनाका आधारमा ‘**नयाँ सडकको गीत**’ सङ्ग्रहका कथाहरू ८७

५.३ विश्वदृष्टिका आधारमा '**नयाँ सडकको गीत**' सङ्ग्रहका कथाहरू ९३

५.४ निष्कर्ष १००

## छैठौं परिच्छेद

## उपसंहार तथा निष्कर्ष

| शीर्षक | पृष्ठ |
|---|---|
| ६.१ उपसंहार | १०२ |
| ६.२ शोध निष्कर्ष | १०४ |
| ६.३ सम्भावित शोध शीर्षकहरू | १०७ |
| **सन्दर्भ सामग्री सूची** | **१०८** |

पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

रमेश विकल नेपाली साहित्यका एक विशिष्ट प्रतिभाशाली आख्यानकार हुन् । उनको जन्म वि.सं १९८५ मा काठमाडौँको गोकर्ण आरुबारी भन्ने गाउँ (हालको जोरपाटी गा.वि.स वार्ड नं. ९) मा भाइ टीकाको दिन भएको हो । उनी पिता चन्द्रशेखर (उपाध्याय) चालिसे र माता छायादेवी चालिसेका जेठा सन्तान हुन् । नेपाली साहित्यका कथा, उपन्यास, कविता, निबन्ध, बाल साहित्य र नाटक जस्ता विधामा कलम चलाएका रमेश विकल सामाजिक यथार्थवादी साहित्यकार हुन् । विकलको प्रथम प्रकाशित रचना 'गरिब' शीर्षकको कथा हो । यो कथा वि.सं. २००६ को **शारदा** पत्रिकामा प्रकाशित छ । यसै कथाबाट विकलले आफ्नो कथायात्रा आरम्भ गरेका हुन् ।

विकलका **बिरानो देशमा** (२०१६), **नयाँ सडकको गीत** (२०१९), **आज फेरि अर्को तन्ना फेरिन्छ** (२०२४), **एउटा बुढो भ्वाइलेन आशावरीको धुनमा** (२०२५) **उर्मिला भाउजू** ( २०३५) **शव, सालिक र सहस्र बुद्ध** (२०४२) र **हराएका कथाहरू** (२०५५) गरी सात वटा कथा सङ्ग्रहका साथै अन्य बाल कथा सङ्ग्रहहरू पनि प्रकाशित भएका  छन् ।  ती बाल कथा सङ्ग्रहहरूमा **तेह्र रमाइला कथाहरू** (२०२१ तेस्रो संस्क.), **एक्काइस रमाइला कथाहरू** (२०३३ सातौँ संस्क.), **पञ्चतन्त्रका कथाहरू** (२०३० सातौँ संस्क.), **दिलमाया (म र मेरो घर), हिउँदे छुट्टी** (२०४९) र **केही मूर्खहरूको कथा** (२०५५) रहेका छन् । यी बाहेक उनका विभिन्न पत्र पत्रिकामा चार दर्जनभन्दा बढी फुटकर कथाहरू पनि प्रकाशित भएका छन् । यसरी नेपाली साहित्यका विविध विधामा कलम चलाई अमूल्य योगदान दिएको विकलको निधन भने ८१ वर्षको उमेरमा वि.सं. २०६५ पुस २ गते भएको हो ।

रमेश विकलले नेपाली साहित्यका विभिन्न पत्र पत्रिकाको सम्पादन गरेर साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यसै क्रममा उनले **रचना, विकासोन्मुख नेपाल, कोपिला, शैक्षिक गतिविधि, नवीन शिक्षा, बालक, समकालीन साहित्य** आदि पत्रिकाको सम्पादन गरेका छन् ।

रमेश विकलका सात वटा कथा सङ्ग्रहहरूमध्ये **नयाँ सडकको गीत** उनका प्रतिनिधि कथाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा  'भन्ज्याङको चौतारो', 'प्रतिहिंसा', 'लाहुरी भैँसी', 'नयाँ सडकको गीत', 'विहानीपखको बत्ती', 'वीरेकी आमा', 'दुई रुपियाँ नोट', 'सिँगारी बाखा' र 'सुबेदार रणे बुढो' गरी नौ वटा कथाहरू सङ्गृहीत छन् । यस कथा सङ्ग्रहले २०१८ सालमा पाण्डुलिपिकै अवस्थामा 'मदन पुरस्कार' प्राप्त गरेको हो ।

समाजका यथार्थवादी चित्रकार विकलले यस कथा सङ्ग्रहमा नेपाली ग्रामीण तथा सहरिया समाजको यथार्थ चित्रण गरेका छन् । साहित्य अध्ययनका विविध पाटाहरू मध्ये समाजशास्त्रीय अध्ययन पनि एक हो । साहित्यको समाजशास्त्रीय अध्ययनले समाज र साहित्यलाई एक आपसमा जोडेर हेर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययन जाति, युग वा क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना, विश्वदृष्टि जस्ता मापदण्डका आधारमा गरिन्छ । नेपाली समाजको याथार्थ चित्रण गरिएको **नयाँ सडकको गीत** कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन प्रस्तुत शोधपत्रको विषय हो ।

## १.२ समस्या कथन

**नयाँ सडकको गीत** कथा सङ्ग्रहमा प्रकाशित कथाहरूको भावभूमि नेपाली समाज हो । समाजमा विद्यमान विभिन्न सामाजिक क्रियाकलाप, सामाजिक प्रवृत्तिहरू, समाजमा उपल्लो वर्गले तल्लो वर्गप्रति गरेको शोषण, दमन, आर्थिक विषमता जस्ता पक्षहरू पाइने भएकाले उनका कथामा समाजशास्त्रले स्थान पाएको छ । यसर्थ **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू समाजशास्त्रीय सिद्धान्तका मापदण्डहरू जाति, युग वा क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना, विश्वदृष्टिका दृष्टिले कस्ता छन् भन्ने जिज्ञासा नै यस शोधपत्रको केन्द्रीय समस्या हो । प्रस्तुत शोशपत्रका समस्यालाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ-

(क) प्रजाति, क्षण तथा परिवेशका दृष्टिले **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू कस्ता छन् ?

(ख) कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू कस्ता छन् ?

(ग) अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू कस्ता छन् ?

## १.३ शोधको उद्देश्य

कथाकार रमेश विकलका सात वटा कथा सङ्ग्रहहरूमध्ये **नयाँ सडकको गीत** (२०१९) कथा सङ्ग्रहलाई समाजशास्त्रीय आधारमा विश्लेषण गर्नु प्रस्तुत शोधको मुख्य उद्देश्य हो । यसलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

(क) प्रजाति, क्षण तथा परिवेशका दृष्टिले **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु ।

(ख) कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु ।

(ग) अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूको विश्लेषण तथा मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधामा कलम चलाएका बहुमुखी प्रतिभाका धनी रमेश विकल आधुनिक नेपली कथा साहित्यका प्रतिष्ठित कथाकार हुन् । विकलका कतिपय कथाहरू विश्व विद्यालयका निश्चित तहहरूमा अनिवार्य तथा इच्छाधिन रूपमा पाठ्य पुस्तकमा समावेश गरिएका छन् । यो बाहेक विकलको कथाकारिताको परिचय दिलाउने तथा तिनको मूल्य निर्धारण गर्ने उद्देश्यले विभिन्न पुस्तकाकार कृति र पत्र पत्रिकामा समालोचना एवं टिप्पणी गरिएको पाइन्छ, तर **नयाँ सडकको गीत** कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन कहीँ कतैबाट भएको देखिँदैन । यसर्थ यस अध्ययनलाई सघाउ पुऱ्याउने खालका विकलका कथाका बारेमा विभिन्न अध्येता, लेखक एवं समालोचकद्वारा गरिएका विश्लेषणात्मक टिप्पणीलाई पूर्वकार्य मानी कालक्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

तारानाथ शर्मा (ई.१९६४) ले **घोत्ल्याइँहरू** मा 'रमेश विकलका केही कथा' उप शीर्षक दिएर **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरू मध्ये 'लाहुरी भैँसी', 'सिंगारी बाखा', 'सुवेदार रणे बुढो', 'दुई रुपियाँको नोट', 'वीरेकी आमा', 'नयाँ सडकको गीत', 'भञ्ज्याङको चौतारो', 'प्रतिहिंसा' जस्ता कथाहरूको वर्णनात्मक रूपमा चर्चा गरेका छन् । त्यसमा शर्माले विकललाई सामन्ती विचारबाट असन्तुष्ट भएका एक सचेत सामाजिक यथार्थवादी कथाकार मानेका छन् । उनका कथामा नेपाली समाजका विद्यमान विभिन्न शोषण र दमनको यथार्थ चित्रण भएको विचार शर्माले व्यक्त गरेका छन् ।

उत्तम कुँवर (२०२३) ले **स्रष्टा र साहित्य** नामक पुस्तकमा 'रमेश विकल' उप शीर्षकमा रमेश विकललाई एक साहित्यिक व्यक्तित्वका रूपमा अध्ययन गर्दै विकलले साहित्यलाई आत्मप्रदर्शन र व्यवसायको साधन स्वीकर नगरेको कुरा उल्लेख गरेका छन् । साथै विकलले साहित्यलाई आत्मको उकुसमुकुस बाहिर पोख्ने साधनका रूपमा लिएको

विचार कुँवरको रहेको छ । कुँवरले यस शीर्षकमा 'लाहुरी भैँसी', 'बिरेकी आमा', 'सिँगारी बाखा', 'सुवेदार रणे बुढो' जस्ता कथाको परिवेशका विषयमा चार्चा गरेका छन् ।

घटराज भट्टराई (२०३५) ले **मधुर्पकको** 'रमेश विकल : व्यक्ति र कृति' नामक लेखमा विकलका कथामा पाइने विशेषताहरूको चर्चा गरेका छन् । विकलले नेपाली ग्रामीण समाजका निम्न, निम्नमध्यम वर्गीय व्यक्तिहरूले कष्टप्रद जीवनयापन गरेको कुरालाई सफलतासाथ चित्रण गरेको कुरा उल्लेख गरेका छन् ।

कृष्ण प्रसाईं (२०४४) ले **मधुर्पकको** 'रमेश विकलको **नयाँ सडकको गीत'** नामक समालोचनात्मक लेखमा उक्त कथा सङ्ग्रहभित्रका नौ कथाहरूले बेग्ला बेग्लै रूपले नेपाली समाजका सिङ्गा प्रतिबिम्बहरू उतारेको र यसका प्रत्येक कथाले पाठकहरूका हृदय छुन सफल भएको कुरा व्यक्त गरेका छन् ।

डी.पी. अधिकारी (२०४५) ले **पूर्वाञ्चल समालोचना सङ्ग्रहमा** '**नयाँ सडकको गीत** आजको एउटा प्रतिनिधि कथा सङ्ग्रह' नामक समालोचनात्मक लेखमा विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहभित्रका कथाहरू **नयाँ सडकको गीत, भन्ज्याङको चौतारो, प्रतिहिंसा र बिहानीपखको बत्ती**को विश्लेषण गरेका छन् । विकलका उक्त कथाहरूले सामाजिक चित्रण गर्न सफल भएको विचार अधिकारीको रहेको छ ।

रामहरि पौडेल (२०४९) ले **समालोचना : भानुभक्त आचार्यदेखि मोदनाथ प्रश्रितसम्म** पुस्तकको 'विकल र **नयाँ सडकको गीत**मा सामाजिक चेतना' नामक लेखमा कथाकार गुरूप्रसाद मैनालीपछि विकल नै सही अर्थमा नेपाली मुटुको धडकन समेट्न सक्ने कथाकार मानेका छन् । विकलले आफ्ना कथामा सामाजिक विकृति र असमानतालाई सफलतासाथ चित्रण गरेको विचार पनि पौडेलको रहेको छ । स्त्री पुरुषको सम्बन्ध, प्रेम, वासना, जातिवाद, शोषण, धर्मको नाममा आडम्बर, रुढी, अन्धविश्वास, अनैतिकता आदि सबैलाई विकलले प्रगतिवादी दृष्टिको नौलो र मौलिक मापदण्डले नापेर प्रस्तुत गरेका छन् भन्ने विचार पौडेलको रहेको छ ।

नरहरि आचार्य, महादेव अवस्थी र देवीप्रसाद गौतमद्वारा सम्पादित **नेपाली कथा भाग** ३ (२०४९) पुस्तकको 'रमेश विकल' उप शीर्षकमा विकलमा आलोचनात्मक चेत भएकाले ग्रामीण समाजमा मात्र नभई सहरी समाजमा पनि आर्थिक विषमताले पीडित जीवनको नाटकीय अवस्थालाई उतार्ने काम भएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

नरहरि आचार्य , महादेव अवस्थी र देवीप्रसाद गौतमद्वारा सम्पादित **नेपाली कथा भाग** २ (२०५०) पुस्तकमा रमेश विकलको चरणगत विशेषताहरूको चर्चा गर्दै माग्ने,

विवश बेश्या, कुल्ली, दाउरे आदि पात्रका कारण जीवनको सजीव चित्रण उनको कथागत वैशिष्ट्य हो । साथै उनका कथामा अन्धविश्वास, रुढी र थोत्रा सामाजिक मूल्यप्रति व्यङ्ग्य गरिएको हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

राजेन्द्र सुवेदी (२०५१) ले **स्नातकोत्तर नेपाली कथा** नामक पुस्तकको ‘आलोचनात्मक यथार्थवादी कथाकार रमेश विकल’ नामक उप शीर्षकमा विकलका कथाका प्रवृत्ति केलाउने सन्दर्भमा विकललाई आधुनिक सामाजिक यथार्थवादका कथाका मूल्यलाई आलोचनात्मक ढाँचामा राखेर सिर्जना गर्न सफल कथाकारका रूपमा स्वीकारेका छन् । उनको यस भनाइले विकललाई सामाजिक यथार्थवादी कथाकारका रूपमा चिनाउनुका साथै उनका कथामा पाइने सामाजिक याथार्थको सङ्केत गरेको छ ।

कृष्ण प्रसाद आचार्य (२०५३) ले **रजनी** पत्रिकाको ‘रमेश विकलको लाहुरी भैँसी हेर्दा’ शीर्षकको लेखमा विकलको ‘लाहुरी भैँसी’ कथालाई विश्लेषण गर्दै सामाजिक अन्याय, अत्याचार तथा शोषणका विरुद्ध नेपालीलाई सचेत र सजग बनाउन चासो राख्ने कथाकार विकलले आफ्ना कथामा सिधासाधा र निमुखा पात्रप्रति सहानुभूति प्रकट गरेका छन् भन्ने विचार प्रस्तुत गरेका छन् ।

देवी प्रसाद गौतम (२०५४) ले **नेपाली कथा** नामक पुस्तकमा ‘कथाकार रमेश विकल’ उप शीर्षकमा आर्थिक कारणबाट समाजमा व्याप्त असमानता, भेदभाव, ठुलो र सानो, उच्च र निम्न, सम्पन र विपन्न जस्ता दृष्टिकोणको वर्णन विकलका कथामा पाइने कुरा उल्लेख गरेका छन् । आर्थिक कारणले सिर्जित मानिसको नारकीय जीवनको सजीव चित्रण विकलका कथामा हुन्छ भन्ने कुरा गौतमको ठम्याइ छ । उनको यो विचारले समाजको आर्थिक पक्षसँग विकलका पात्रलाई जोडेको पाइन्छ ।

ऋषिराज बराल र कृष्ण घिमिरे (२०५५) ले **नेपाली कथा भाग ३** पुस्तकको ‘रमेश विकल’ उप शीर्षकमा विकलका कथाहरू प्रगतिशील विचारका छन् । विकल मार्क्सवादी सिद्धान्तमा आस्था राख्ने भएकाले आर्थिक सामाजिक विषमताको उछितो खन्छन् । यिनका कथामा शोषण प्रवृत्ति र आर्थिक असमानताले सृजित मानिसका नारकीय जीवनको यथार्थ चित्रण पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

दयाराम श्रेष्ठ (२०५७) ले **नेपाली कथा भाग ४** को ‘कथाकार रमेश विकल’ उप शीर्षकमा विकल सामाजिक जटिल आर्थिक एवं मानवीय स्वरूपको पर्यवेक्षण गर्ने एक कथाकार भएको र सामाजिक मूल्यमा आस्था राख्ने कला पारखी भएको विचार व्यक्त गरेका छन् । कथामा सामाजिक व्यवस्थाका असन्तुष्टि र कमजोरीहरूलाई यथार्थवादी शैलीमा

प्रस्तुत गरिएको छ । कथा समाजका उत्पीडित वर्गप्रति हार्दिक सहानुभूति दर्शाउने खालका देखिन्छन् भन्ने विचार श्रेष्ठको रहेको छ ।

निर्मला कुमारी बराल (२०५८) ले '**नयाँ सडकको गीत** कथा सङ्ग्रहको सामाजिक पक्षको अध्ययन' नामक स्नातकोत्तर शोधपत्रको '**नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथामा प्रयुक्त समाज' भन्ने उप शीर्षकमा उक्त कथा सङ्ग्रहभित्रका कथाहरूमा समाजको चित्रण गर्ने क्रममा विकलका कथामा नेपाली ग्रामीण तथा सहरिया समाजको चित्रण भएको कुरा उल्लेख गरेकी छिन् ।

अनिरुद्ध तिमसिना (२०६७) ले **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थको '**नयाँ सडकको गीत** कथा सङ्ग्रहका केन्द्रीयतामा विकलको कथा कारिता' भन्ने समलोचनात्मक लेखमा कथाकार विकलको **नयाँ सडकको गीत** समाजवादी यथार्थवादी ढाँचाको दोस्रो दशकको सर्बोत्कृष्ट कथा सङ्ग्रह हो भन्ने कुरामा कुनै द्विविधा छैन भनेका छन् । साथै प्रस्तुत लेखमा तिमसिनाले **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूमा विकलले नेपाली समाजका निम्न वर्गीय जनताका पारिवारिक समस्या, आर्थिक दुरावस्था र गरिबीको सजीव चित्र निकै सशक्त ढङ्गले उतारेको कुरा उल्लेख गरेका छन् ।

खगेन्द्र प्रसाद लुइँटेल (२०६७) ले **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थको 'नेपालीका विशिष्ट साहित्यकार रमेश विकल' भन्ने शीर्षकको समलोचनात्मक लेखमा विकलका कथाहरूको बारेमा चर्चा गरेका छन् । यस क्रममा उनले **नयाँ सडकको गीत** सङ्ग्रहका कथामा सामाजिक अन्धविश्वास र कुरीतिप्रति व्यङ्ग्य, सामन्तवादी प्रवृत्तिको विरोध, समतामूलक समाजको स्थापना तथा प्रगतिवादी चिन्तनको समर्थन जस्ता विशेषता रहेको कुरा उल्लेख गरेका छन् ।

गोपीन्द्र पौडेल (२०६७) ले **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थको 'बहुविध चिन्तनका सन्दर्भमा विकलको कथाकारिता' शीर्षकको समालोचनात्मक आलेखमा विकलको कथायात्राको पहिलो चरण अर्थात् २०१९ सालसम्मको कथाकारिताका बारेमा अध्ययन सर्वेक्षण गरेका छन् । यसमा उनले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा सङ्गृहीत 'लाहुरी भैँसी', 'वीरेकी आमा', 'सिँगारी बाखा', 'नयाँ सडकको गीत' शीर्षकका कथामा नेपाली समाजमा विद्यमान सामन्ती संस्कृति, सामन्ती उत्पीडन र षड्यन्त्रको कठोर आलोचना हुन गएको विचार अभिव्यक्त गरेका छन् ।

शारदा पराजुली (२०६७) को **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थमा 'नयाँ सडकको गीत' कथाको चर्चा भन्ने समालोचनात्मक लेख

रहेको छ । त्यसमा उनले समाजको यथार्थ घटनालाई विषयवस्तुका रूपमा लिएको प्रस्तुत 'नयाँ सडकको गीत' कथाले समाजका विसङ्गति औल्याउँदै परिवर्तनको अपेक्षा राखेको कुरा उल्लेख गरेकी छिन् ।

हरिहर खनाल (२०६७) ले **रमेश विकल : विम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थको प्रगतिवादी कथाका आधारशिला विकल र उनको 'नयाँ सडकको गीत' शीर्षकको आफ्नो समालोचनात्मक लेखमा नयाँ सडकको गीत सङ्ग्रहका कथाका बारेमा चर्चा गरेका छन् । यस क्रममा उनले प्रस्तुत सङ्ग्रहका सबै कथा नेपाली समाजका तल्लो तहका हेपिएका, चेपिएका, अशिक्षित, निमुखा, दुःखी मानिसका प्रतिबिम्ब हुन् भन्ने कुरा बताएका छन् ।

हिरामणि शर्मा पौड्याल (२०६७) ले **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक** नामक समालोचना ग्रन्थको 'प्रवृत्तिगत सन्दर्भमा विकलको 'लाहुरी भैँसी' कथा' शीर्षकको समालोचनात्मक लेखमा सामाजिक प्रयोगका दृष्टिले नेपाली कथा साहित्यकै एउटा विशिष्ट उपलब्धी मान्न सकिने 'लाहुरी भैँसी' कथा विकलका उत्कृष्ट सामाजिक यथार्थवादी कथाहरूकै पङ्क्तिमा पर्ने कुरा उल्लेख गरेका छन् । प्रस्तुत कथा सामाजिक यथार्थवादको धरातलबाट प्रगतिवादी क्षितिजतर्फ उन्मुख हुन खोजेको उनको ठम्याइ छ ।

उपर्युक्त प्रकारका पूर्व अध्ययनबाट रमेश विकल र उनको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा रहेका नौ वटा कथाहरूका विषयमा समय समयमा समालोचक एमव् अनुसन्धानकर्ताद्वारा फुटकर एवम् पुस्तकाकार रूपमा चर्चा गरिएको पाइन्छ । **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूलाई लिएर समय समयमा विभिन्न विद्वान्हरूले अध्ययन अनुसन्धान गरेको भए पनि **नयाँ सडकको गीत** कथा सङ्ग्रहको समाजशास्त्रीय दृष्टिकोणबाट हालसम्म कुनै अध्ययन नभएकाले वर्तमान परिप्रेक्ष्यमा यसको अध्ययन सान्दर्भिक नै रहेको छ ।

## १.५ अध्ययनको औचित्य, महत्त्व र उपयोगिता

**नयाँ सडकको गीत** नेपाली ग्रामीण एवम् सहरिया समाजको यथार्थ चित्रण गरिएको कथा सङ्ग्रह हो । यस्तो समाजको याथार्थ चित्रण भएको कथा सङ्ग्रहको कृतिपरक र सामाजिक अध्ययन भए पनि समाजशास्त्रीय सिद्धान्तका आधारमा प्रस्तुत कथा सङ्ग्रहको अध्ययन विश्लेषण भएको छैन । यस कारण प्रस्तुत शोधपत्रमा यस कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन अवश्य नै सान्दर्भिक र औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधपत्रमा **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाको समाजशास्त्रीय अध्ययन गरिएकोले विकलका

कथामा पाइने समाजशास्त्रीय पक्षको पहिचानका बारेमा अध्ययन गर्न चाहने स्वतन्त्र व्यक्ति, संस्थालाई यसले थप ज्ञान दिन सक्ने हुँदा यस अध्ययनको महत्त्वसमेत रहेको छ । विकलका कथाको समाजशास्त्रीय विश्लेषणका क्रममा यो कार्य नवीन भएको हुँदा विकलका कथाका बारेमा जान्न चाहने र भविष्यमा यसैसँग सम्वन्धित भएर खोज अनुसन्धान र अध्ययन गर्न चाहने अध्ययनकर्तालाई यो सामग्री ज्यादै उपयोगी हुने छ । यसरी विकलका कथाको समाजशास्त्रीय अध्ययन स्वयंमा औचित्यपूर्ण भएकाले यसको महत्त्व पनि सिद्ध हुन पुग्दछ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्र **नयाँ सडकको गीत** कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययनमा केन्द्रित छ । **नयाँ सडकको गीत** कथा सङ्ग्रहलाई समाजशास्त्रका अन्य आधारहरू जस्तो सामाजिक संरचना, सामाजिक इतिहास, सामाजिक-आर्थिक अवस्था, सामाजिक मनोविज्ञान, लेखकको दोहोरो भूमिका आदि आधारमा विश्लेषण गर्न सकिने भए तापनि यस शोधपत्रमा साहित्यको समाजशास्त्रीय मापदण्डका जाति, युग, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा सङ्गृहीत कथाहरूको विश्लेषण गर्नु नै यस शोधपत्रको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रमा निम्न अनुसार सामग्री सङ्कलन विधि र विश्लेषण विधिको उपयोग गरी शोध कार्य गरिएको छ-

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्नका लागि आवश्यक पर्ने प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययन पद्धतिका आधारमा गरिएको छ । यस क्रममा विभिन्न समाजशास्त्रीय अध्ययन सम्बन्धी पुस्तक, पत्रपत्रिका, अप्रकाशित रचना, शोधपत्र आदिको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको प्रमाणीकरणका लागि प्रस्तुत विषयसँग सम्बन्धित जानकार व्यक्तिहरूको सहयोग पनि लिइएको छ साथै शोध निर्देशकको आवश्यक परामर्शका आधारमा प्रस्तुत शोधपत्रको सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ अध्ययन विधि

प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषण गर्दा साहित्यको समाजशास्त्रीय अध्ययनको सैद्धान्तिक मापदण्डलाई आधार बनाइएको छ । साहित्यको समाजशास्त्रीय मापदण्ड अन्तर्गत जाति, युग वा क्षण, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूति संरचना, विश्वदृष्टि पर्दछन् । जाति भन्नाले साहित्यिक कृतिमा प्रयुक्त पात्रको लिङ्ग, देश, जात जस्ता कुराहरू समेटिएका छन् भने युग वा क्षणले कथा रचनाको समय भन्ने बुझिन्छ । पर्यावरणले परिवेश तथा विश्वदृष्टिले मुख्य विचार धारणालाई सङ्केत गरेको हुन्छ । सामाजिक संस्कृति अन्तर्गत लोक प्रचलन र कार्य कारणले कुनै पनि काम हुनमा कारण छ भन्ने कुरालाई बुझाएको छ । भाषा प्रस्तुतिको माध्यम हो भने अनुभूति संरचना भनेको चिन्तनमय अनुभूति हो । यिनै मापदण्डका आधारमा **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाको विश्लेषण प्रस्तुत शोधपत्रमा गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई  व्यवस्थित र सुगठित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । आवश्यकता अनुसार ती परिच्छेदहरूलाई शीर्षक तथा उप-शीर्षकहरूमा समेत विभाजन गरिएको छ । यस शोधपत्रको ढाँचा निम्नानुसार रहेको छ -

पहिलो परिच्छेद : शोध परिचय - यस अन्तर्गत विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा आदिको बारेमा उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेद : साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा - यस अन्तर्गत समाजशास्त्र र साहित्यको समाजशास्त्रको परिचय दिई साहित्यको समाजशास्त्रीय विश्लेषणको पृष्ठभूमि, साहित्यको समाजशास्त्रीय सिद्धान्तका प्रत्यक्षवादी वा विधेयवादी र मिमांसावादी धाराको चर्चा गर्दै साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रका बारेमा उल्लेख गरिएको छ । यसका साथै प्रस्तुत परिश्छेदमा साहित्यको समाजशास्त्रीय विश्लेषणका विभिन्न आधारहरू मध्ये प्रजाति, क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिको बारेमा व्याख्या गरिएको छ ।

तेस्रो परिच्छेद : प्रजाति, क्षण तथा परिवेशका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू - यस अन्तर्गत साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारहरूमध्ये प्रजाति, क्षण र परिवेशका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण गरिएको छ ।

चौथो परिच्छेद : कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण - यस अन्तर्ग साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारहरूमध्ये कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण गरिएको छ ।

पाँचौ परिच्छेद : अनुभूतिको संरचना र विश्वदृष्टिका अधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण - यस अन्तर्गत साहित्यको समाजशास्त्रीय विश्लेषणका विभिन्न आधारहरूमध्ये अनुभूतिको संरचना र विश्वदृष्टिका अधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण गरिएको छ ।

छैटौँ परिच्छेद : उपसंहार तथा निष्कर्ष - यस परिच्छेदमा परिच्छेद एकदेखि छ परिच्छेदसम्म रहेका विषयको सारांश तथा शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

## दोस्रो परिच्छेद

# साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा

### २.१ समाजशास्त्रको परिचय

सामाजिक संरचनाका आधारहरूमा पारिवारिक, आर्थिक, राजनैतिक, सांस्कृतिक तथा भौतिक आदि विषयहरू पर्दछन् । यी सम्पूर्ण कुरा एकीकृत भएपछि समाजको निर्माण हुन्छ (जैन, सन् १९९२ : १) । यसरी एउटै रहनसहन, धर्म आदि कुरा अँगाल्ने, एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूहलाई समाज भनिन्छ । यही समाजसितको मानिसको सम्बन्ध तथा विभिन्न सामाजिक क्रियाकलाप जस्तो आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक सम्बन्धको वैज्ञानिक तथा वस्तुगत अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ (भारद्वाज, सन् १९८८ : २८०) अर्थात् समाज र यसका संरचनाको सैद्धान्तिक अध्ययन गर्ने विद्या अथवा मानव समाज र संस्कृतिको उत्पति, विकास आदिको विवेचना गरिएको शास्त्रलाई समाजशास्त्र भनिन्छ । समाजशास्त्रले मानवीय समाजको मात्र अध्ययन गर्दछ । यसले अनिवार्य रूपमा समाजमा अवस्थित मान्छेको वैज्ञानिक, वस्तुगत अध्ययनका साथै सामाजिक संस्था र प्रक्रियाको अध्ययन पनि गर्दछ (जैन, सन् १९९२ : १) । समाजको अध्ययन गर्ने कार्य निकै पहिलेदेखि भएको पाइए तापनि सन् १८३८ मा फ्रान्सेली चिन्तक अगस्त कोम्तेले समाजका घटनाहरूको अध्ययन गर्ने विज्ञानको आरम्भ गरेका हुन् र उनले यसलाई समाजशास्त्र भन्ने नाम पनि दिएका छन् । यही कारणले कोम्तेलाई समाजशास्त्रका प्रवर्तक मानिन्छ (बराल, २०६३ : ६५) । यसर्थ उनलाई समाजशास्त्रका पिता पनि भनिन्छ ।

समाजशास्त्र शब्द अङ्ग्रेजी भाषाको 'सोसियोलोजी' शब्दको नेपाली रूपान्तरण हो । 'सोसियोलोजी' शब्दको निर्माण ल्याटिन भाषाको 'सोसाइटस' र 'लोगस' शब्द मिलेर बनेको हो । ल्याटिन शब्द 'सोसाइटस'को अर्थ समाज र 'लोगस' शब्दको अर्थ विज्ञान भन्ने हुन्छ । यसरी समाजको वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई समाजशास्त्र भनिन्छ (गौतम, २०५९ : ३१) । मानिसको समाजसितको साहचर्य, समाज विकासमा मानिसको सम्बन्धले सिर्जना गरेका परिणति एवम् त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाहरूको समन्वय गरी त्यसको अध्ययन अनुसन्धान समाजशास्त्रले गर्दछ (क्षेत्री, २०६४ : १५) । समाजशास्त्रले समाज र सामाजिक मान्छेहरूको अध्ययन गर्दछ । यसले सामाजिक संस्था र त्यसका कार्य प्रक्रियाहरूको अध्ययन पनि गर्दछ । यसमा समाजमा कस्ता कस्ता धर्मका तथा संस्कारका, कस्ता कस्ता जातपातका, कस्तो वर्ण प्रकृतिका लिङ्ग र प्रजातिका मान्छेहरू छन् भन्ने कुराको अध्ययन हुन्छ ।  मानिसका विभिन्न क्रियाकलाप र सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग समाजशास्त्रको घनिष्ट सम्बन्ध रहेको हुन्छ ।

समाजशास्त्रले सामाजिक संरचनाको अध्ययन गर्ने क्रममा त्यस संरचनामा आर्थिक वर्ग नभई पारिवारिक, धार्मिक, सांस्कृतिक र भौगोलिक स्थितिलाई बढी ध्यान दिन्छ (बराल, २०६७ : १००) ।

पाश्चात्य चिन्तनको विकासको पृष्ठभूमिलाई हेर्दा प्लेटो तथा अरस्तुको चिन्तनसम्म पुगे जस्तै समाजशास्त्रको विकासको पृष्ठभूमिमा पनि त्यहीँसम्म पुग्न सकिन्छ । प्लेटोले आफ्नो पुस्तक **गणतन्त्र** र अरस्तुले आफ्नो ग्रन्थ **नीतिशास्त्र** र **राजनीति शास्त्र**मा समाज सम्बन्धी अध्ययन गरेको पाइन्छ (सापकोटा, २०६६ : ८५) । यी दुई विद्वान्पछि यस कार्यलाई गति दिने काम ल्युक्रिसिअस, सिसेरो, सेन्ट अगस्टाइन आदिले गरेका छन् । यसै क्रममा छैटौँ शताब्दीदेखि चौधौँ शताब्दीको बिचमा समाजको अध्ययन सुरुमा धर्म तथा दर्शनको आधारमा गरेको पाइन्छ भने सोह्रौँ शताब्दीतिर तर्कशास्त्रको आधारमा गरिएको पाइन्छ (सापकोटा, २०६६ : ८५) । पन्ध्रौँ शताब्दीपछि सामाजिक घटनाको अध्ययन गर्ने वैज्ञानिक विधि तथा प्रक्रियाको प्रयोग गर्न थालिएको छ । यसमा थोमस हबेस्, मोन्टेस्क्यु, जोन लक जस्ता विद्वान्हरूले सामाजिक सम्झौताको सिद्धान्त प्रतिपादन गरी समाजशास्त्रको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसरी विकास भएको समाजशास्त्र चिन्तनको परम्पराले आजसम्म आइपुग्दा स्वतन्त्र विज्ञानको अस्तित्व पूरा नगरे तापनि पूर्वाधार भने तयार गरेको पाइन्छ । यही पूर्वाधारमा टेकेर फ्रान्सेली चिन्तक अगस्त कोम्तेले समाजशास्त्रलाई एक स्वतन्त्र विज्ञानका रूपमा अस्तित्वमा ल्याएका हुन् । यद्यपि कोम्तेका गुरु सेन्ट साइमनले उनीभन्दा अगाडि समाजशास्त्रलाई भौतिक विज्ञान जस्तै एक स्वतन्त्र विज्ञानका रूपमा प्रतिष्ठित गराउने प्रयत्न गरेका थिए तर केही समयमा नै उनको मृत्यु भएका कारणले सो काम पूरा हुन सकेन (सापकोटा, २०६६ : ८६) । साइमनको विचारलाई अनुसरण गर्दै कोम्तेले समाजको अध्ययनलाई सामाजिक भौतिक विज्ञान भन्ने नाम दिए । यो नाम त्यति उचित नभएकाले सन् १८३८ मा उनले पुनः त्यसलाई समाजशास्त्र भन्ने नाम दिए । यही कारणले गर्दा कोम्तेलाई समाजशास्त्रका पिता भनिन्छ । यिनीपछि बेलायतका जे.एस.मिल, हर्बट स्पेन्सर, फ्रान्सका इमाइल दुर्खिम र जर्मनीका म्याक्सवेबरले यसलाई अगाडि बढाउने काममा महत्त्वपूर्ण योगदान दिएका छन् ।

यसरी विकसित हुदै आएर कोम्तेबाट वैज्ञानिक अस्तित्व प्राप्त गरेको समाजशास्त्रले एक पृथक् विषयका रूपमा विश्वभरि आफ्नो स्थान जमाएको छ । समाज र सामाजिक व्यवहारको अध्ययन गर्ने समाजशास्त्रलाई विकसित गराउँदै ल्याउने क्रममा फ्रायडवाददेखि मार्क्सवादसम्मका कतिपय पक्षलाई घुसाउने प्रयास पनि भएको छ । जे भए तापनि यसको सैद्धान्तिक आधारमा भने प्रत्यक्षवाद वा अनुभववाद निकै सक्रिय रहेको छ ।

## २.२ साहित्यको समाजशास्त्र

साहित्यको समाजशास्त्र पदावली साहित्य र समाजशास्त्र शब्दको संयोजनबाट बनेको छ । साहित्यको समाजशास्त्रको मूल आधार समाजशास्त्र हो । समाजशास्त्रका विविध शाखाहरूमध्ये साहित्यको समाजशास्त्र पनि एउटा शाखा हो । अर्थात् साहित्यको समाजशास्त्र समाजशास्त्रकै एउटा अंश हो (बराल, २०६७ : १०१) । यद्यपि साहित्यको समाजशास्त्र एक स्वतन्त्र विधा हो अथवा समाजशास्त्रको एक शाखा हो भन्ने कुरामा भने विवाद रहेको पनि पाइन्छ । कतिपय समालोचक र दार्शनिक चिन्तकहरू साहित्यको समाजशास्त्रलाई समाजशास्त्रको एउटा अंशका रूपमा अस्वीकार गर्दै यसलाई स्वतन्त्र विधाका रूपमा पनि लिन्छन् । समाजशास्त्रीहरू यसलाई समाजशास्त्रको एउटा शाखा मान्दै ज्ञानको समाजशास्त्र अन्तर्गत राख्दछन् भने समालोचकहरू स्वतन्त्र साहित्य विधा मान्दछन् (पाण्डेय, सन् २००६ : ४) ।

समाजशास्त्रका मूल प्रवर्तक अगस्त कोम्ते भए पनि साहित्यको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम भने एच ए. टेनले गरेका हुन् । उनले साहित्य र कलाको उद्भव र विसकासमा प्रजाति, युग र परिवेशलाई बढी जोड दिएर यसको एउटा सुसङ्गत रूपरेखा प्रस्तुत गरेका छन् । हुन त साहित्यको समाजशास्त्रीय अध्ययनको कुरा गर्दा टेनभन्दा अगाडि गियाम्बाटिस्टा विको, जे.जि. हर्डर र मेडम डे स्टेलको नाम आउँछ तर पनि टेनबाट नै साहित्यको समाजशास्त्रको सुसङ्गत इतिहास आरम्भ भएको मानिन्छ (बराल, २०६७ :६५) । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु र त्यसको व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्नु हो । यसलाई स्पष्ट पार्ने क्रममा विभिन्न व्यक्तिहरूले आ-आफ्ना धारणा व्यक्त गरेका छन् । यहाँ केही मुख्य मुख्य धारणाहरूलाई अगाडि सारी साहित्यको समाजशास्त्रका बारेमा स्पष्ट पार्ने काम गरिएको छ । साहित्यको समाजशास्त्रका बारेमा विद्वान्हरूका धारणाहरू यस प्रकार छन्-

मैनेजर पाण्डेय (सन् २००६) का अनुसार साहित्यिक कृतिको सामाजिक अस्मिताको व्याख्या गर्ने शास्त्र साहित्यको समाजशास्त्र हो । साहित्यिक कृतिको सामाजिक अस्मिता रचनाको सामाजिक सन्दर्भ र सामाजिक अस्मिताबाट निर्मित हुन्छ (पृ.XIV) ।

मैथिली प्रसाद भारद्वाज (सन् १९८८) का विचारमा साहित्यको समाजशास्त्र बृहत्तर समाजशास्त्रको नव विकसित र विकासमान शाखा हो, जसले साहित्य र समाजलाई वैज्ञानिक आधारमा सम्बद्ध गर्ने प्रयास गर्दछ (पृ. १२१) ।

ऋषिराज बराल (२०६७) का विचारमा साहित्यको समाजशास्त्र बढीभन्दा बढी समाजको चित्रण मात्रै हो । यो आफ्नै किसिमको व्याख्या हो (पृ. १०५) ।

कृष्ण गौतम (२०५९) का विचारमा साहित्यमा व्यक्ति, सामाजिक सम्बन्ध, कार्यव्यापार, क्रिया प्रतिक्रिया, आदानप्रदान आदिलाई व्यवस्थित ढङ्गले देखाउनु समाजशास्त्रीय आलोचना वा साहित्यको समाजशास्त्रको काम हो (पृ.३२-३३) ।

खेमनाथ दाहाल (२०५८) का अनुसार साहित्यको समाजशास्त्र समाज र लेखकका प्रतिभाको कृतिमा खोजी गर्ने आलोचना शास्त्र हो (पृ.११) ।

. उदय क्षेत्री (२०६४) का अनुसार साहित्यिक सामाजमा प्रविष्ट आङ्गिक संरचना र त्यसको उत्पत्ति, इतिहास र निर्माणको शृङ्खलामा आउने विशिष्ट क्रियाकलापको सन्दर्भमा साहित्य र समाजको दोहोरो सम्बन्धको वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाजशास्त्र हो (पृ.१६) ।

साहित्यको समाजशास्त्रका बारेमा कोशीय अर्थ प्राप्त नभए पनि यो साहित्यमा अङ्कित समाजको समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन विश्लेषण गर्ने शास्त्र हो भन्ने मान्यता विभिन्न व्यक्ति वा चिन्तकहरूको रहेको छ । साहित्यको समाजशास्त्रले साहित्यमा निहित सामाजिक विषयलाई स्पष्टसँग देखाउँछ । समाजको अध्ययन जसरी वैज्ञानिक ढङ्गले समाजशास्त्रले गर्दछ त्यसरी नै साहित्यले पनि कल्पनात्मक तरिकाले समाजको चित्रण गर्दछ तर त्यो कल्पना यथार्थमा आधारित हुन्छ । साहित्य एक प्रकारको समाजशास्त्र हो । जुन युगमा समाजशास्त्रीहरूको उदय भएको थिएन त्यस युगका समाजशास्त्री वास्तवमा साहित्यकारहरू नै थिए (गौतम, २०५९ : ३१) ।

साहित्य र समाजशास्त्र दुवैले समाजलाई राम्रोसँग देखाउने काम गर्दछन् । साहित्यले पनि समाजशास्त्रले जस्तै सामाजिक समस्याको अध्ययन वा चित्रण गर्ने हुनाले साहित्यको समाजशास्त्रले त्यसैलाई खुलस्त पार्ने प्रयत्न गर्दछ । समाजका सामूहिक क्रियाकलाप, व्यवहार, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक अवस्था साहित्यिक कृतिमा के कसरी अभिव्यक्त भएका छन् भनेर साहित्यलाई समाजको दर्पण मान्दै साहित्यिक कृतिको अध्ययन गर्ने शास्त्रका रूपमा साहित्यको समाजशास्त्र देखा पर्दछ (आचार्य, २०६७ : १३) । साहित्यमा समाजका विविध प्रश्न, पक्ष, विषय तथा रूप आएका हुन्छन् । तिनीहरू मध्ये कुनै एकको वा अनेकको युक्ति सङ्गत अध्ययन साहित्यको समाजशास्त्रमा हुन्छ । यसले साहित्यमा लेखकको समाजिक स्थितिलाई हेर्नुका साथै उसको प्रजाति, क्षण र पर्यावरणलाई खोजी गर्दछ । मान्छेकै विषय र कार्यको अध्ययन गर्ने भए तापनि एक्लो

व्यक्तिको स्वतन्त्र अध्ययन साहित्यको समाजशास्त्रले गर्दैन । यसले समाजको एउटा अङ्गको रूपमा मात्र व्यक्तिको अध्ययन गर्दछ ।

व्यक्ति व्यक्तिको मेलबाट परिवार र परिवार परिवारको समूहबाट समाजको निर्माण हुन्छ । त्यही समाजभित्र व्यक्ति, स्रष्टा वा सर्जक हुन्छ । स्रष्टा वा सर्जक आफू जन्मिएको वा हुर्किएको समाज तथा वातावरणको विरोधी नै भए पनि उसमा रहेको विरोधको पराकाष्ठा खोज्न समेत समाज बाहिर जानु पर्दैन । एकातिर समाजकै उत्पत्तिका रूपमा व्यक्ति स्रष्टा वा द्रष्टा हुन्छ भने अर्कातिर व्यक्ति समूहले निर्माण गरेको समाज हुनछ । कला, साहित्य, ज्ञान, विज्ञान सम्पूर्ण मानवीय चिन्तनलाई अनुकूलन वा प्रतिकूलन गर्ने संस्था समाज हो ।

साहित्यिक रचना एक सामाजिक कर्म हो र कृति सामाजिक उत्पादन, तर साहित्यको सिर्जना व्यक्तिले गर्दछ  । त्यस कारण समाजसँग साहित्यको सम्बन्ध बुझ्नका लागि समाजबाट रचनाकार व्यक्तिको ठोस वा उसको ऐतिहासिक सम्बन्धको ज्ञान हुनु आवश्यक हुन्छ जसलाई असामाजिक या व्यक्तिवादी साहित्य भनिन्छ, उसको पनि समाजसँग एकतरहको सम्बन्ध हुन्छ । यो पनि साहित्यको समाजशास्त्रको विषयभित्र पर्दछ ।

समाज र साहित्य एक अर्कामा अन्तःसम्बन्धित हुन्छन् । समाजलाई बुझ्ने सम्बन्धमा समाज र साहित्य एक अर्कामा परिपूरकको रूपमा रहेका हुन्छन् (जैन, सन् १९९२ : ३) । जसरी पहिलाको समाजको अध्ययनमा साहित्यले समाजशास्त्रलाई मद्दत गर्दछ त्यसै गरी साहित्यमा अङ्कित समाजको अध्ययनमा समाजशास्त्रले आलोचनालाई मद्दत गर्दछ (गौतम, २०५९ : ३२) । साहित्य विनाको समाज हुन सक्ला तर समाज विनाको साहित्य हुन सक्दैन । कुनै पनि कृति शून्यमा रचना हुन सक्दैन । हरेक साहित्यिक कृतिको रचना हुनुका पछाडि समाज महत्त्वपूर्ण आधार वा कारण बनेर उभिएको हुन्छ । समाजबाट लेखक कच्चा पदार्थ लिने र पुनः समाजलाई प्रशोधित गरी दिने काम साहित्य मार्फत गर्दछ । साहित्यको विषयवस्तु समाज हुन्छ भने समाजलाई दिशा निर्देश गर्ने काम पनि साहित्यले गर्दछ । साहित्यले तत्कालीन समाजको अस्तित्वलाई जोगाइरहने काम समेत गरेको हुन्छ । समाजका आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षहरू तथा समाजका विभिन्न जातजाति, धर्म, लिङ्ग, वर्ग आदिका क्रियाकलापहरू उनीहरूको अवस्था तथा स्थितिलाई साहित्यिक कृतिमा खोजी गर्दै साहित्य र समाजको सम्बन्ध स्थापित गर्नु र साहित्यलाई उजागर गर्नु साहित्यको समाजशास्त्रीय अध्ययन हो ।

यसरी निष्कर्षमा भन्नु पर्दा कृतिबाट सामाजिक अवस्थाको अध्ययन गर्ने दोहोरो सम्बन्धलाई समाजशास्त्रीय अध्ययनको मूल कसी मानिन्छ ।

## २.३ साहित्यको समाजशास्त्रीय अध्ययनको पृष्ठभूमि

कुनै पनि साहित्य सिद्धान्तको प्रतिपादन एकै पटकमा भएको हुँदैन । सैद्धान्तिक रूपमा कुनै पनि कुराले प्रतिपादित हुनु भन्दा अगाडि त्यसले आफूसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा प्रतिपादित सिद्धान्तबाट आवश्यक आधार ग्रहण गरेको हुन्छ । साहित्यको समाजशास्त्र पनि समाजशास्त्रकै एउटा अंश भएकाले यसको मूल आधारमा समाजशास्त्र रहेको छ । समाजशास्त्रको विकास एउटा शास्त्रका रूपमा पाश्चात्य चिन्तन परम्परामा विकसित भएको हो र साहित्यको समाजशास्त्रीय आलोचनाको अध्ययन परम्पराको आरम्भ र विकास पनि पाश्चात्य समालोचकबाट भएको पाइन्छ (क्षेत्री, २०५८ :१६-१७) । साहित्यको समाजशास्त्रको प्रवर्तन १९ औं शताब्दीमा टेनले गरे पनि यसको पृष्ठभूमिलाई निर्क्यौल गर्ने क्रममा प्लेटोसम्म पुग्नु पर्ने हुन्छ । प्लेटोको अनुकरण विषयक अवधारणामा साहित्यलाई समाजको प्रतिबिम्बका रूपमा देखाउने धारणा प्रचलित रहेको पाइन्छ (जैन, १९९२ : १२) । यस अवधारणामा केही मात्रामा साहित्यको समाजशास्त्रको बीज भेटिन्छ । तर टेनभन्दा पहिले साहित्यको विश्लेषणमा मुख्य रूपमा समाजशास्त्रीय विषयवस्तु क्षीण रहेको थियो । वैज्ञानिक नियम बद्धताको पनि उसमा अभाव रहेको थियो । सत्रौं शताब्दीको आरम्भसम्म पनि साहित्य विषयक चिन्तन पदार्थपरक शब्दावलीमा सीमित गरिएको थियो । समाजले साहित्यको स्वरूप निर्धारण गर्दछ भन्ने कुरा सत्रौं अठारौं शताब्दीतिर निर्धारित हुन पुग्यो (जैन, १९९२ : १३) । अठारौं शताब्दीका प्रसिद्ध इटालेली विधिशास्त्री गियाम्बाटिस्टा विकोको **The New Science 1725** (द न्यु साइन्स) लाई यस मान्यताको आरम्भिक र प्रामाणिक रचना मानिन्छ । यसमा उनले सामाजिक सन्दर्भबाट होमरका महाकाव्यको अध्ययन विश्लेषण गरी ग्रिसेली समाजको चित्रण प्रस्तुत गरेका छन् ।

विकोले विश्वको सामाजिक रूप कुनै अलौकिक सत्ताको नभई मान्छेको रचना भएकाले सामाजिक संस्था र त्यसका साथै कलाको विश्लेषण लौकिक शब्दावलीमा गर्न सकिने मान्यता अगाडि सारेका छन् (जैन, १९९२ : १४) । यसरी प्लेटोको अनुकारण सम्बन्धी धारणामा साहित्यको समाजशास्त्रीय बीज भेटिए तापनि विकोले होमरका कृतिको आधारमा ग्रिसेली समाजको विवेचना गरे देखि नै पाश्चात्य समालोचनामा वास्तविक रूपमा सामाजिक अध्ययन परम्पराको दृष्टिकोण विकसित भएको मानिन्छ ।

गियाम्बाटिस्टा विको पछाडि साहित्यलाई समाजपरक दृष्टिकोणले अगाडि बढाउनेमा जर्मन दार्शनिक एवम् समालोचक जे.जी. हर्डर र फ्रान्सेली महिला विचारक मेडम डे स्टेल पर्दछिन् (आचार्य, २०६७ : १३) । हर्डरले अठारौं शताब्दीमा प्राचीन ग्रिसेली नाटककारहरू तथा पुनर्जागरण कालीन बेलायती नाटककार सेक्सपियरका कृतिहरूको समाजपरक अध्ययन गरेका छन् । उनले यस अध्ययनमा दुवै देशका नाटककारहरूको सामाजिक र जातीय

स्थितिमा पाइने भिन्नताका कारण दुवैथरि लेखकहरूमा पाइने भिन्नतालाई देखाएका छन् । यस आधारमा उनले साहित्यक कृतिको स्रष्टा आफ्नो समाज, जाति, एवम् समयको संचेतनाबाट प्रभावित हुन्छ र उसको लेखन कार्य त्यसैबाट प्रभावित भएर गरिएको हुन्छ भन्ने धारणा अघि सारेका छन् । यिनले साहित्यलाई समाजको जाति, युग र संस्कृतिको इतिहास हो भनेका छन् ।

हर्डरले आफ्ना साथी जर्मन दार्शनिक इम्यानुअल कान्टको प्राक् अनुभव सौन्दर्य चिन्तनको विरुद्ध आफ्नो विचार व्यक्त गर्दै साहित्यक रचनाको जड विशेष सामाजिक र भौगोलिक वातावरण हुन्छ भनेका छन् (जैन, १९९२ : १४) । हर्डरले कुनै पनि साहित्यिक कृति कुनै विशेष क्षेत्रले किन स्वीकार्छ र किन त्यही साहित्यिक कृति कुनै अन्य समाजमा प्रतिष्ठित हुन सक्दैन भन्ने कुरा त्यहाँको जलवायुको विविधता, प्राकृतिक दृश्य, जाति, रिवाज र राजनीतिमा निर्भर रहन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । उनले साहित्यमा जलवायु, भूगोल तथा भौगोलिक तत्त्वलाई विशेष महत्त्व दिएका छन् ।

मेडम डे स्टेलले साहित्यमा मानवका उदार भावना एवम् हावापानीको प्रभाव पर्छ भन्ने कुरा उल्लेख गर्दै साहित्यमा वातावरणको भूमिका बारे चर्चा गरेकी छिन् । यिनले पनि हर्डरले जस्तै साहित्यको सम्बन्ध जलवायु, भूगोल र समाजिक संस्थासँग जोडेकी छिन् । यिनी साहित्यमा समाजको धर्म, नैतिकता, कानुनी प्रभाव के कति परेको छ भनेर परिक्षण गर्नु साहित्य अध्ययनको उद्देश्य मान्दछिन् । तर उनको उद्देश्यको सफलता कम मात्रामा हुनुका साथै उनको रचनामा प्रामाणिक समाजशास्त्रीय अन्तर्दृष्टि एकदम कम मिलेको पाइन्छ (जैन, १९९२ : १४) ।

१९ औं शताब्दीको आरम्भसम्म पनि साहित्यको सामाजिक विश्लेषण १७ औं शाताब्दीमा देखा परेको भौतिकवादी स्थूल सूत्रभन्दा अगाडि बढ्न नसकी सचेत रूपमा विकसित भएको देखिँदैन । साहित्यलाई यस समयसम्म जलवायु, जमिन र राष्ट्रिय चेतनाको परिणाम मानिन्छ (जैन, १९९२ : १७) । यसबाट साहित्यलाई १९ औं शताब्दीसम्म पनि जलवायु, भूगोल, रीति, रिवाज जस्ता बाह्य पर्यावरणसँग जोडेर हेरेको पाइन्छ ।

माथि उल्लेख भएको साहित्यको अध्ययन परम्परामा साहित्यको समाजशास्त्रीय अध्ययनको बीज भए तापनि सामाजिक संरचना र कला बिचको सम्बन्धको अध्ययन गर्ने कुनै पद्धति विकसित भएको थिएन । यसै पृष्ठिभूमिको आधारमा १९ औं शताब्दीमा आएर समाज र साहित्यको सम्बन्धको व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन फ्रान्सका दार्शनिक, इतिहासकार तथा निबन्धकार हिप्पोलाइट एडल्फ टेनबाट प्रारम्भ भएको हो । यिनको **अङ्ग्रेजी साहित्यको इतिहास** (सन् १९०६) नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय

अध्ययन परम्पराको प्रारम्भ भएको हो (क्षेत्री, २०६४ : १७) । यसर्थ टेन नै साहित्यको समाजशास्त्रीय अध्ययनका प्रवर्तक मानिन्छन् (जैन, १९९२ : २०) । टेनले जाति, पर्यावरण र क्षणलाई साहित्य विश्लेषणको आधार मानेका छन् । यिनले कृति रचना भएको समय (युग) वा पर्यावरणलाई मुख्य आधार बनाएर साहित्यको मूल्याङ्कन गरिनु पर्ने धारण अगाडि सारेका छन् (आचार्य, २०६७ :१४) । यसो गरिएमा समाजशास्त्रका प्रवर्तक कोम्तेको झै साहित्यको समाजशास्त्रीय अध्ययन पनि वैज्ञानिक हुन्छ भन्ने उनको मान्यता रहको छ ।

साहत्यिकारले आफ्नो सिर्जनाको विषय वा सामग्री समाजबाट प्राप्त गर्दछ । साहित्य व्यक्तिगत कल्पनाको उपज नभई समाजको अभिव्यक्ति पनि हो । साहित्यले समाजको सत्य तथा मानसिक सोचाइ पनि अभिव्यक्त गरेको हुन्छ । ऐनाले जुन कार्य गर्दछ साहित्यले पनि त्यस्तै काम गरेको हुन्छ भन्ने मान्यता उनको रहेको छ ( क्षेत्री, २०६४ : १७) । यो नै उनको साहित्य र समाज बिचको अन्तर्सम्बन्धको पहिलो स्पष्ट धारणा हो ।

टेनको साहित्य सम्बन्धी समाजशास्त्रीय सिद्धान्त प्रत्यक्षवादमा आधारित रहेको छ (बराल, २०६३ : ६५) । साहित्य समाजको दर्पण हो भन्ने मान्यता साहित्यको समाजशास्त्रको मूल मान्यता हो । यस किसिमको साहित्यिक चिन्तनलाई दर्पणवादी साहित्यिक चिन्तन पनि भनिन्छ । प्रत्यक्षवाद र दर्पणवादी यथार्थ साहित्यको समाजशास्त्रीय चिन्तनको अभीष्ट हो । दार्शनिक शब्दावलीमा यसलाई विधेयवादी समाजशास्त्रीय साहित्यिक चिन्तन पनि भन्न सकिन्छ (बराल, २०६७ : १०१) । यसरी टेनले साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्तको स्थापना गरेका हुन् ।

टेनको साहित्यको समाजशास्त्रीय सिद्धान्तमा प्रत्यक्षवादी मान्यता आएपछि जसरी दर्पण वा ऐनामा देखिएको मानिसको आकृतिभन्दा उसको भित्री स्वरूप व्यापक हुन्छ, त्यसैगरी सामाजिक रूपरङ्गको झलक दिने कृति भन्दा यथार्थमा समाजको स्वरूप व्यापक हुन्छ भन्ने धारणा अघि आयो । यो धारणा अघि आउँदा टेनको मान्यताबाट मात्रै समाजको अध्ययन पुरा नहुने स्थिति देखियो । यस स्थितिमा साहित्यको समाजशास्त्रीय अध्ययन प्रत्यक्षवादी धारणाले मात्र पुरा नहुने देखिन्छ भनेर फ्रान्सेली चिन्तक पिएरे मासेरीले आफ्नो मत राखेका छन् (क्षेत्री, २०६४ : १८) ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा प्रत्यक्षवादी वा विधेयवादी चिन्तनपछि अनुभववादी समालोचना देखा पर्दछ (क्षेत्री, २०६४ : १६) । यो टेनको प्रत्यक्षवाद वा विधेयवादको निरन्तरताको परिणाम हो (बराल, २०६७ : १०२) । रवर्ट स्कार्पिटले साहित्यलाई त्रिभुजाकारमा कृति, पाठक र लेखक गरी वर्गीकरण गरेर विश्लेषण गर्नु पर्ने मान्यताका साथ यस सिद्धान्तको स्थापना गरेका हुन् (क्षेत्री, २०६४ :१६) । यस सिद्धान्तले

लेखकको प्रतिभाभन्दा पनि कृतिको बजार र पाठकको प्रतिक्रिया एवम् अनुभूति खोजी गर्ने कुरामा जोड दिएको छ । साथै साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति साहित्यिक कृति, लेखक, प्रकाशक र पाठकलाई अध्ययनको आधार मान्नु पर्दछ भन्ने यस सिद्धान्तको मान्यता रहको छ । कृतिको उत्पादन पक्ष तथा लेखकको आर्थिक अवस्था, प्रकाशनमा आर्थिक सहयोग पुऱ्याउने पक्ष र पाठक वर्ग साहित्य सिर्जनाका महत्त्वपूर्ण विषय हुन् भन्ने स्कार्पिटको धारणा छ । साहित्यको समाजशास्त्रीय अध्ययनका सन्दर्भमा साहित्यिक रचनाको उत्पादन पक्षमा लेखकको सामाजिक स्थितिको जानकारी हुनु आवश्यक छ भन्ने मान्यता अनुभववादी सिद्धान्तको छ । यसरी लेखक, प्रकाशक र पाठकलाई महत्त्व दिँदा कृतिको अन्तर्तत्त्व उपेक्षित भएकाले पछि यो सिद्धान्त आलोचनाको विषय पनि बनेको देखिन्छ (क्षेत्री २०६४ : १९) ।

अनुभववादी सिद्धान्तपछि साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा मीमांसावादी सिद्धान्तको स्थापना भएको पाइन्छ । सर्वप्रथम लियो लावेन्थलले साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति मीमांसावादी धारणालाई अगाडि बढाएका हुन् । मीमांसावादी सिद्धान्त अन्तर्गत मार्क्सवाद, आलोचनात्मक समाजशास्त्र र संरचनावादका विभिन्न दृष्टिकोणहरू पर्दछन् (क्षेत्री, २०६४ :१९) । लावेन्थलको साहित्यिक समाजशास्त्रले आलोचनात्मक समाजशास्त्रको संज्ञा पाएको छ (बराल, २०६७ : १०२) । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नु पर्दछ भन्ने मान्यता राखेका छन् । लावेन्थलपछि लुसिएँ गोल्डमानले ‘मीमांसावादी उत्पत्तिमूलक संरचनावादी’ सिद्धान्तको प्रतिपादन गरेका छन् (क्षेत्री, २०६४ : १९) । उनले लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राख्दै यसलाई विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् । यसपछि रेमन्ड विलियम्सले साहित्यको समाजशास्त्रीय अध्ययनमा अनुभूतिको संरचनालाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा महत्त्वपूर्ण सिद्धान्तका रूपमा स्थापित गरेका छन् (क्षेत्री, २०६४ : २०) ।

रेमन्ड विलियम्सपछि एलन सिङ्गउडले साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । उनले दर्पणवादी साहित्य समालोचनाले मात्र साहित्यको समाजशास्त्रीय अध्ययन पुरा नहुने कुरा बताउँदै साहित्यमा व्यक्त भएको सांस्कृतिक पक्षको अध्ययनमा जोड दिएका छन् । यसै क्रममा यस अध्ययन परम्परामा क्रिस्टोफर कड्वेलले भाषा र सामाजिक आर्थिक अवस्थालाई महत्त्व दिएका छन् । भाषा समाजको उत्पादन भएकाले साहित्यमा प्रयुक्त भाषाको सहयोगमा साहित्यको समाजशास्त्रीय अध्ययन सम्भव छ भन्ने उनको मत रहेको छ । यिनका विचारमा समाजमा जस्तो आर्थिक

अवस्था छ त्यस्तै प्रकारको साहित्य त्यस समाजबाट सिर्जना हुन्छ । यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनमा भाषा जस्तै सामाजिक, आर्थिक अवस्थाको पनि महत्त्व रहेको छ ।

हाल साहित्यको समाजशास्त्रका प्रत्यक्षवादी वा विधेयवादी र मीमांसावादी गरी मुख्य दुई धारा देखिएका छन् । साहित्यको समाजशास्त्रको वर्तमान सन्दर्भमा देखिएका यी दुई धारामध्ये स्कार्पिटले प्रत्यक्षवादी वा विधेयवादी धाराको प्रतिनिधित्व गर्दछन् भने रेमन्ड विलियम्स, एडमन्ड विल्सन, लियो लावेन्थल, जेने उल्फ तथा गोल्डमान प्रभृत्तिले मीमांसावादी समाजशास्त्रको प्रतिनिधित्व गर्दछन् (बराल, २०६३ :६६) ।

साहित्यको समाजशास्त्रले विकसित भएर अगाडि बढ्ने क्रममा मार्क्सवादी साहित्य सिद्धान्तका साथै फ्रायडवाद, संरचनावाद आदिका कतिपय मान्यतालाई आफूभित्र समाहित गरेको छ । आफ्नो सिद्धान्तलाई फराकिलो बनाउने क्रममा अन्य साहित्य सिद्धान्तका कतिपय मान्यताहरू यस सिद्धान्तमा घुस्नु स्वाभाविकै हो । एउटा सिद्धान्त विकसित हुने क्रममा अर्को सिद्धान्तका कतिपय मान्यतालाई समाहित गऱ्यो भन्दैमा ती दुईलाई विकल्पको रूपमा हेर्नु हुँदैन, तर पछिल्लो चरणमा मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्रलाई एक अर्काको विकल्पको रूपमा हेर्ने गरेको पाइन्छ । खासगरी पाश्चात्य साहित्यका कतिपय समालोचकद्वारा समाजशास्त्रीय चिन्तन अन्तर्गत मार्क्सवादी सौन्दर्यशास्त्रलाई समाविष्ट गरी व्याख्या तथा विश्लेषण गरिएकाले पनि साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र एउटै कुरा हुन् भन्ने भ्रम पनि रहेको हुन सक्छ भन्दै ऋषिराज बरालले यी दुई सिद्धान्त फरक फरक भएको तर्क प्रस्तुत गरेका छन् । मार्क्सवादी समालोचना र समाजशास्त्रीय समालोचनाको केन्द्रमा समाज भए तापनि यसका आधारमा यी दुवैलाई एउटै कोटिमा राखेर हेर्न मिल्दैन ।

प्लेटोको अनुकरण सम्बन्धी धारणामा देखा परेको साहित्यको समाजशास्त्रको बीज १९ औँ शताब्दीमा आएर टेनबाट साहित्यको समाजशास्त्रीय सिद्धान्तका रूपमा प्रतिपादित हुन्छ । वर्तमान सन्दर्भमा अगाडि बढ्ने क्रममा यो विभिन्न धारामा विभाजित हुँदै साहित्य अध्ययनका अन्य सिद्धान्त मार्क्सवाद, फ्रायडवाद, संरचनावाद आदिका मान्यतालाई आफूमा समाहित गरेर आफ्नो मान्यतालाई फराकिलो पार्दै विकसित भइरहको छ ।

## २.४ साहित्यको समाजशास्त्रीय सिद्धान्त

साहित्यको समाजशास्त्र समाजशास्त्रको अंश भएकाले यसले साहित्यिक समाजको वैज्ञानिक अध्ययन गर्दछ । समाजशास्त्रका प्रवर्तक अगस्त कोम्ते मानिए झैँ साहित्यको समाजशास्त्रका प्रवर्तक एच. ए. टेन मानिन्छन् । कोम्तेको समाजशास्त्रलाई मूल आधार

बनाएर टेनले यस सिद्धान्तको स्थापन गरेका हुन् भन्ने कुरा यसभन्दा अगाडि चर्चा गरि सकिएको छ ।

साहित्यको समाजशास्त्रको स्थापना हुनुभन्दा अगाडि साहित्य स्वतन्त्र विधाका रूपमा र स्वतन्त्र लेखनका माध्यममा आउनु पर्छ भन्ने मान्याताका साथ साहित्यको स्वतन्त्रता र स्वायत्तताका विषयमा निकै बहस चलेको पाइन्छ । युरोप तथा अमेरिकामा चरम गतिमा विकास भइरहेको पुँजीवादले साहित्य तथा समाजमा जटिलताहरू थपेका कारण साहित्य एक स्वतन्त्र विधा हो कि होइन भन्ने विषयमा बहस चलेको पाइन्छ । यो जटिलतापूर्ण अवस्थाको निराकरण गर्न विभिन्न प्रकारका विचारहरू अगाडि आएका पाइन्छन् । कसैले साहित्यलाई स्वप्निल चिन्तनबाट स्वतन्त्र विधाका रूपमा स्थापित गर्ने प्रयत्न गरे भने कसैले कपोल कल्पित तथा मनोगत सिद्धान्तका आधारमा समाधान प्रस्तुत गर्न प्रयत्न गरेका छन् । यी उपर्युक्त आधारबाट प्रस्तुत गरिएका काव्य शास्त्रीय एवं मनोगत मान्यताहरू असफल बनेपछि भाषाशास्त्र, मनोविज्ञान, इतिहास तथा समाजशास्त्र आदिका सहायतामा साहित्य अध्ययन गर्ने प्रयत्न हुन थाल्यो (पाण्डेय, २००६ : ३१) । भाषाशास्त्रीय मान्यता समेत साहित्यको अध्ययन संरक्षणमा सहयोगी बन्न नसकी यसका कारण साहित्यिक व्याख्या, विवेचनामा पुनः अवरोध सिर्जना भयो । यसरी भाषाशास्त्रीय अध्ययनले समेत साहित्यको सामाजिक अध्ययनमा कुनै मद्दत गर्न नसकेपछि स्वयम् भाषाशास्त्रीहरू पनि वैकल्पिक मार्गको खोजीतर्फ प्रवृत्त बने । यसैको परिणाम स्वरूप साहित्यको समाजशास्त्रको जन्म भएको हो (घिमिरे, २०५८ :२०) ।

समाजले साहित्य रचनाको आधार निर्माण गर्ने हुनाले साहित्य समाजको देन हो । कुनै पनि साहित्यिक कृति शून्यतामा रचना गर्न सकिँदैन । साहित्यकार समाजको सदस्य भएको कारणले उसलाई सामाजिक परिवेश, वस्तुस्थिति, घटना, रीतिरिवाज आदिले प्रत्यक्ष रूपमा सकारात्मक वा नकारात्मक प्रभाव पारेको हुन्छ । त्यही सामाजिक परिवेश अनुसारको व्यक्तित्व साहित्यकारको रचनामा अभिव्यञ्जित हुन्छ । यसरी साहित्यकारमा परेको सामाजिक क्रियाकलापको प्रभाव रचनामा खोजी गर्नुका साथै समाजसित साहित्यको सम्बन्धको खोजी गर्नु पनि यसको मूल उद्देश्य हो ।

एच.ए. टेनले १९ औं शताब्दीमा प्रजाति, क्षण र वातावरणलाई कृति अध्ययनको आधार बनाएर साहित्य अध्ययनको एक सुसङ्गत रूपरेखा प्रस्तुत गर्ने काम गरे । टेनले स्थापित गरेको र त्यसैबाट विकसित हुँदै आएको साहित्यको समाजशास्त्रले केही कुरा संरचनावादवाट लिएर नयाँ किसिमको साहित्यिक समाजशास्त्रको विकास गर्ने प्रयास पनि गरेको पाइन्छ तर पनि साहित्यको समाजशास्त्र प्रत्यक्षवादी वा विधेयवादी र मीमांसावादी गरी मुख्य रूपमा दुई धारामा विभाजित भएको छ (बराल, २०६३ :६६) । साहित्यको

समाजशास्त्रीय सिद्धान्तमा देखा परेका यी दुई धाराको निम्नलिखित उपशीर्षकमा छुट्टा छुट्टै अनुशीलन गरिएको छ ।

### २.४.१ प्रत्यक्षवादी वा विधेयवादी धारा

साहित्यको समाजशास्त्रको प्रमुख आधार भनेको प्रत्यक्षवाद हो । साहित्यलाई समाजको दस्तावेजको रूपमा स्वीकार गर्ने साहित्यको सिद्धान्त प्रत्यक्षवाद हो । यसको उद्देश्य सामाजिक संस्थागत संरचना, पारिवारिक सम्बन्ध, आबादी र यसको बनावटको सिधा प्रतिबिम्बन हो । यसलाई दर्पणवादी सिद्धान्त पनि भनिन्छ । दार्शनिक शब्दावलीमा यसलाई विधेयवादी समाजशास्त्रीय चिन्तन पनि भनिन्छ । अतः प्रत्यक्षवाद भनेको दर्पणवाद हो भने दर्पणवादी साहित्यिक चिन्तन नै विधेयवादी साहित्यिक चिन्तन हो । प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्तको स्थापना टेनले गरेका हुन् । हाल यसको नेतृत्व रवर्ट स्कार्पिटले गरेका छन् । यस साहित्यिक चिन्तनमा इन्द्रियबोध, प्रतीति र अनुभवमा जोड दिइएको हुँदा यसलाई अनुभववादी साहित्यिक चिन्तन पनि भन्ने गरिन्छ (बराल, २०६७ :१०१) । कतिपय ठाउँमा साहित्यको समाजशास्त्रका दुई धारा मध्ये प्रत्यक्षवादी वा विधेयवादी धाराको सट्टा अनुभववादी धारा भनी उल्लेख गरिएको पनि पाइन्छ तर अनुभववाद टेनको प्रत्यक्षवाद वा विधेयवादको निरन्तरताको परिणाम हो । कार्यकारण सम्बन्धको खोज अनुसन्धान एवम् विश्लेषण गर्ने समाजशास्त्रलाई प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्त भन्दछन् । यस सिद्धान्तमा साहित्यलाई दर्पणको रूपमा हेरिने हुनाले साहित्य समाजको प्रतिबिम्ब मानिन्छ । यसमा कला साहित्यको वस्तु तत्त्वमा जोड दिँदै त्यस वस्तु तत्त्व अन्तर्गत सामाजिक, भौतिक परिवेश तथा साहित्यकारको देशकाल, राजनीतिक, सांस्कृतिक र आर्थिक परिवेशको चित्रणमा ध्यान दिइएको पाइन्छ । यस सिद्धान्तले समाजमा कस्ता जातजाति, धर्म, लिङ्ग, वर्ग र सम्प्रदायका मानिसहरू बस्दछन् ? उनीहरूको सामूहिक स्वरूप कस्तो रहेको छ ? उनीहरू कस्ता क्रियाकलापमा प्रवृत्त छन् भनेर अध्ययन गर्दछ । यस सिद्धान्तले अनुभूतिको गहिराइलाई भन्दा प्रत्यक्षतालाई र संश्लेषणात्मकताभन्दा प्रकृतिवादितालाई जोड दिन्छ (बराल, २०६३ : ६६) । यस कारण यस सिद्धान्तलाई दर्पण सिद्धान्त भनिएको हो ।

दर्पणवादी सिद्धान्तको इतिहास निकै लामो भएको पाइन्छ । अठारौँ शताब्दीका फ्रान्सेली दार्शनिक लुइ द बोनालले कुनै पनि राष्ट्रको साहित्य ध्यानसँग पढेर त्यहाँका जनता कस्ता प्रकारका थिए भन्ने कुरा बताउन सकिन्छ भन्ने धारण प्रस्तुत गरेका छन् (जैन, १९९२ :३) । यिनको यस प्रकारको धारणाबाट साहित्यलाई समाजको दर्पण भन्नेहरूमा अठारौँ शताब्दीका चिन्तकहरू पनि थिए भन्ने कुरा स्पष्ट हुन्छ । यसै क्रममा मेडम डे स्टेल पनि आफ्नो एक प्रख्यात अनुच्छेदमा “उपन्यास राजमार्गमा गुडिरहेको गाडीको ऐना हो जो कहिले नीलो खुला आकाश र कहिले पानीको प्रवाह गराउने कालो बादल देखाउँदै हिँड्दछ”

भनेकी छिन् (जैन, १९९२ : ३) । यस्तै टेनले पनि उपन्यासको चर्चा गर्ने क्रममा "उपन्यास एउटा यस्तो ऐना हो जसलाई जता पनि लैजान सकिन्छ एवम् जसद्वारा जीवन तथा प्रकृतिका सबै पक्षलाई प्रतिबिम्बित गर्न सबैभन्दा बढी सुविधाजनक छ" भनेका छन् (बराल, २०६३ :६६) । यस प्रकार समाजको बिम्ब साहित्यकारका मस्तिष्कमा र साहित्यकारको मस्तिष्कको छायाँ साहित्यमा पनि पर्ने भएकाले समाजको प्रतिछायाँका रूपमा साहित्यलाई व्याख्या गर्ने गरिन्छ ।

फ्रान्सेली लेखिका मेडम डे स्टेल र टेनले साहित्यको दर्पणवादी सिद्धान्तलाई अगाडि बढाउने काम गरेका हुन् । स्टेलले आफ्नो साहित्यिक रचनाको उद्देश्य साहित्यमा धर्म, रीतिरिवाज जस्ता भौतिक आधारको परीक्षण गर्नु रहेको बताएकी छिन् (जैन, १९९२ :१६) । उनको यस मान्यताले पनि साहित्यलाई एक दर्पणकै रूपमा स्वीकारेको छ । यसरी साहित्यलाई एक दर्पण मान्ने स्टेलले जलवायु र भूगोलको प्रभावलाई पनि साहित्य रचनाको आधार मानेकी छिन् । यिनका साथै टेनले पनि दर्पणवादी सिद्धान्तलाई अगाडि बढाउनमा महत्त्वपूर्ण योगदान गरेका छन् । साहित्यलाई प्रजाति, युग र पर्यावरणको परिप्रेक्ष्यमा हेरिनु पर्ने उनको मान्यता रहेको छ । यस मान्यताका साथै टेनले साहित्य अध्ययनको वैज्ञानिक एवम् सुसङ्गत रूपरेखा बसालेका छन् । उनले कला, साहित्य सामाजिक घटनाहरू र तथ्यहरू हुन् भन्दै घटना र तथ्यका बिच कार्यकारण सम्बन्ध हुन्छ भन्ने कुरा बताएका छन् । यसबाट के स्पष्ट हुन्छ भने साहित्यलाई सामाजिक घटना र तथ्यको सङ्कलन मानेको हुनाले साहित्यलाई सामाजिक दस्तवेजको रूपमा हेरिएको छ र अर्कोतिर घटना र तथ्यका बिच कार्यकारण सम्बन्धको खोजी गरिएको छ ।

टेनले साहित्यलाई समाजको दस्तावेजको रूपमा लिँदै समाजमा जाति, साहित्य रचनाको युग र तत्कालको परिवेशको समेत खोजी गरेर वस्तुनिष्ठ अध्ययनको प्रयास गरे । यसकारण टेनबाट नै प्रत्यक्षवादी वा विधेयवादी सिद्धान्तको स्थापना भएको हो । टेनबाट प्रतिपादित साहित्यको समाजशास्त्रीय सिद्धान्तको सबैभन्दा पहिले विकसित भएको आधार प्रत्यक्षवाद हो । प्रत्यक्ष्यवाद साहित्यलाई समाजको दर्पण मान्ने भएकाले टेनबाट नै प्रत्यक्षवादी सिद्धान्तको स्थापना भएको भन्ने कुरा स्पष्ट हुन्छ । टेनले आफ्नो कृति **अङ्ग्रेजी साहित्यको इतिहास**को भूमिकामा यसलाई यसरी चिनाएका छन्- "साहित्यिक रचना कल्पनाको मात्र वैयक्तिक क्रीडा होइन, कुनै उत्तेजित मानसिकताको अलग रूपमा भड्किएको तरङ्ग पनि होइन, बरु त्यो समसामयिक आवरणको प्रतिलिपि हो जसलाई हामी एक विशेष प्रकारको मानसिक अभिव्यक्ति भन्न सक्छौँ " (जैन, १९९२ : २०) । उनको यस धारणाले साहित्य भनेको कुनै सर्जकको कल्पना मात्र नभई समसामयिक समाजको कल्पनामिश्रित अभिव्यक्ति हो भन्ने कुरालाई बुझाएको छ । यसै क्रममा टेनले उपन्यासलाई

जहाँ पनि लैजान सकिने समाजको दर्पण मान्नुका साथै जीवन र प्रकृतिका सबै पक्षको प्रतिबिम्बन गर्ने सबैभन्दा सुबिधाजनक साधन हो भनेका छन् । साहित्यिक रचनाले इतिहासका विभिन्न कालखण्डका युग तथा त्यस युगका प्रतिभाको बिच एउटा सुसङ्गत सम्बन्ध स्थापित गर्ने भएकाले टेन यसलाई एक स्मारक मान्दछन् । स्मारक भएको हुनाले साहित्यिक रचना एक दस्तावेज हो भन्ने उनको तर्क रहेको छ । टेनले कलाकार जति धेरै आफ्नो कलाको गहिराइमा प्रवेश गर्दछ उत्तिकै मात्रामा ऊ आफ्नो जाति र युगको चेतनाभित्र प्रवेश गर्न सक्दछ भन्ने धारणा प्रस्तुत गरेका छन् । यसका साथै टेनको सामान्य कलाकारले सामाजिक तथ्यलाई साहित्यमा अन्तर्भूत गरे पनि उसको दस्तावेज प्रभावहीन हुनुका साथै त्यसले आफ्नो युगको प्रतिनिधित्व पनि गर्न सक्दैन । केबल सही अर्थमा महान् कलाकारले नै आफ्नो समयको पूर्ण अभिव्यक्ति गर्न समर्थ हुन्छ भन्ने मान्यता पनि रहेको छ (जैन, १९९२ :२०) । यस प्रकार टेनका विचारमा कला समाजको सामूहिक अभिव्यक्ति हो ।

यस सिद्धान्तले सामाजिक परिवेशले व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ भन्ने मान्यता राख्दछ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसका सामाजिक परिवेश विद्यमान हुने कुरा यस सिद्धान्तमा स्विकारिएको छ (घिमिरे २०५८ :२२) । ऋषिराज बरालले प्रत्यक्षवादी साहित्यिक चिन्तनमा इन्द्रियबोध, प्रतीति र अनुभवमा जोड दिइने हुनाले यसलाई अनुभववादी साहित्यिक चिन्तन पनि भन्ने गरेको पाइन्छ भन्दै प्रत्यक्षवाद र अनुभववादी साहित्यिक चिन्तनलाई एउटै रूपमा हेर्दछन् तर अनुभववादी साहित्यिक चिन्तन टेनको प्रत्यक्षवाद वा दर्पणवादी सिद्धान्तपछि रवर्ट स्कार्पिटले स्थापित गरेका हुन् । रवर्ट स्कार्पिटले साहित्यलाई त्रिभुजाकारमा कृति, पाठक र लेखक गरी वर्गीकरण विश्लेषण गरेर अनुभववादी सिद्धान्तको स्थापना गरेका हुन् । यस सिद्धान्तले लेखकको प्रतिभाभन्दा पनि कृतिको बजार र पाठकको प्रतिक्रिया एवम् अनुभूतिको खोजी गर्ने कुरामा जोड दिएको छ (क्षेत्री, २०५८ :१६) ।

लेखक, प्रकाशक र पाठकलाई महत्त्व दिएर कृतिको अन्तर्तत्त्व उपेक्षित भएको भनी पछि यस सिद्धान्त आलोचनाको विषय बन्न पुगेको पाइन्छ । जे भए पनि मीमांसावादी साहित्यिक चिन्तन विकसित हुनुभन्दा अगाडि स्थापित भई आलोचित समेत बन्न पुगेको अनुभववादी सिद्धान्त प्रत्यक्षवादी सिद्धान्त अन्तर्गत पर्ने साहित्य चिन्तन हो ।

प्रत्यक्षवादी वा दर्पणवादी सिद्धान्तले साहित्यलाई समाजको दर्पण मान्दै समाजका क्रियाकलापको खोजी गर्ने गर्दछ । यस सिद्धान्तमा कला साहित्यको वस्तुतत्त्वमा जोड दिँदै समाजको प्रत्यक्ष र सरल सम्बन्धको निर्वचन गरिएको हुन्छ । यस सिद्धान्तका माध्यमबाट समाजको अध्ययनको द्वितीयक स्रोतका रूपमा साहित्यको प्रयोग तथा उपयोग गरी तथ्यात्मकताका नजिक पुग्ने प्रयत्न गरिन्छ (घिमिरे २०५८ :२४) । कृतिकारभित्र समाजका

विविध सामाजिक सांस्कृतिक पक्षको छाया परेको हुन्छ भने कृतिभित्र कृतिकारको अनुभूति र भावनाको छाया परको हुन्छ । साहित्यकारका मस्तिष्कमा परको समाजको छायाको स्वरूप त्यसलाई साहित्यमा प्रतिस्थापित गरिएको ढाँचा, प्रतिस्थापित गराउन सहयोग गर्ने वातावरण वा तत्त्वको भूमिका आदि सन्दर्भको सर्वेक्षण यस सिद्धान्तका आधारमा गरिन्छ । यसका साथै यस सिद्धान्तले कृति, कृतिमा वर्णित समाज तथा समसामयिक समाजका बिच तुलनात्मक अध्ययनद्वारा सिद्धान्तको पुनर्परीक्षण गर्दछ । दर्पण सिद्धान्तले साहित्यलाई तथ्यको सङ्कलन मान्ने हुँदा यसका आधारमा समाज तथा सामाजिक संस्थाको ऐतिहासिक विकासक्रम तथा त्यसमा आउने परिवर्तनको अध्ययन पनि गर्न सकिन्छ ।

### २.४.२ मीमांसावादी धारा

साहित्यको समाजशास्त्रका दुई धारामध्ये मीमांसावादी धारा प्रत्यक्षवादी/विधेयवादी धाराको आलोचना स्वरूप स्थापना भएको धारा वा सिद्धान्त हो । यस सिद्धान्तमा साहित्यको सामाजिक पक्ष खोज्ने समीक्षात्मक प्रविधिले महत्त्व पाउने हुँदा यसलाई समीक्षा सिद्धान्त पनि भनिन्छ । दर्पण सिद्धान्त साहित्यको समाजशास्त्रीय अध्ययनको सूचना भण्डार मात्र भएको भनी विभिन्न क्षेत्रबाट आलोचना हुन थालेपछि यस सिद्धान्तको जन्म भएको हो (घिमिरे, २०५८ :२७) । यस सिद्धान्तले साहित्य तथ्यात्मक दस्तावेज मात्र नभएको र तथ्यले बहिरङ्ग पक्षको मात्र प्रतिनिधित्व गर्ने हुँदा साहित्य र समाजको अन्तरङ्गसम्म पुग्नु पर्छ भन्ने मान्यता राख्दछ । यस सिद्धान्तले साहित्यलाई वैचारिक सघनताको केन्द्र मान्ने हुँदा यसले ती विचारका माध्यमबाट समाजमा पर्ने स्वस्थ एवम् अस्वस्थ प्रभावको प्रकृतिलाई अध्ययन गर्ने गर्दछ । यसमा साहित्यले सामाजिक मान्छेका इच्छा, आकाङ्क्षा र विचारहरूलाई प्रतिनिधित्व गर्न सकेको छ या छैन भनेर समाजमा साहित्यको भूमिकाको खोजी गरिन्छ । मीमांसावादी समाजशास्त्रले कृतिमा समाविष्ट संस्कृति, रीतिरिवाज, सामाजिक अवस्था एवम् जन जीवनका आर्थिक स्रोतको विश्लेषण गर्दा तटस्थ नीतिको अबलम्बन गर्दछ (दाहाल, २०५८ :३९) ।

मीमांसावादी सिद्धान्तलाई सर्व प्रथम अगाडि बढाउने काम लियो लावेन्थलले गरेको भए तापनि यसको प्रतिनिधित्व लियो लावेन्थल, लुसिएँ गोल्डमान, रेमन्ड विलियम्स, एलन, सिङ्गउड, जेने उल्फ तथा एडमन्ड विल्सन आदिले गरेका छन् । प्रत्यक्षवादी सिद्धान्त अन्तर्गत पर्ने अनुभववादमा साहित्यमा रहेको समाजको स्थितिको विवेचना हुन्छ भने मीमांसावादी धारामा साहित्यमा भएको समाजको अभिव्यक्तिको खोजी हुन्छ (पाण्डेय, २००६ :३२) । मीमांसावादले प्रकृति, समाज र चेतनाको विकासशील सम्बन्धको व्याख्याको लागि सैद्धान्तिक ढाँचाको निर्माण गर्न आवश्यक मान्दछ । मीमांसावादी सिद्धान्तमा कृति विवेचनाको केन्द्रमा हुन्छ । कृतिमा समाज यथार्थ चित्रणको रूपमा र सामाजिक चेतनाको

रूपमा व्यक्त हुने हुँदा मीमांसावादी समाजशास्त्रीलाई कृतिमा भएको समाजको अभिव्यक्तिको विवेचना गर्न समस्या हुने गर्दछ । यसमा कुनै समाजशास्त्रीले यथार्थ चित्रणको विवेचनामाथि महत्त्व दिन्छन् भने कुनैले सामाजिक चेतनाको विश्लेषणमाथि महत्त्व दिन्छन् । सामाजिक चेतना विचारधारा वा विश्वदृष्टिको रूपमा व्यक्त हुन्छ ।

मीमांसावादी धाराकै प्रतिनिधित्व गर्ने लुसिएँ गोल्डमान रचनाको संरचनामा विश्वदृष्टिको खोज गर्दछन् । उनी उपन्यासको सौन्दर्यशास्त्रलाई एउटा निश्चित गति र मोड दिने चिन्तक हुन् । गोल्डमानको उपन्यास चिन्तनमा लुकाचको प्रारम्भिक चिन्तनको प्रभाव पाइन्छ । गोल्डमानले साहित्यको समाजशास्त्रलाई उत्पत्तिमूलक संरचनावादको रूपमा विकास गरेका छन् (बराल, २०६३ :६८) । यस कारण संरचनावादी हरूले यिनलाई आफ्नो कित्तामा राख्ने गरेका छन् । यिनको संरचना सिद्धान्त साहित्यिक रचनामा पाइने भाषिक संरचना नभएर समूह दृष्टिकोणको संरचना सिद्धान्त हो । गोल्डमानको समाज मार्क्सवादीहरूको जस्तो आर्थिक विषमतामा आधारित वर्गीय समाज होइन (बराल, २०६३ : ६८) । उनको समाज समान चेतना वा सजातीयताद्वारा संरचित समाज हो । वर्ग दृष्टिकोणभन्दा समूह दृष्टिकोणमा जोड दिने उनको संरचनात्मक उत्पत्तिको सिद्धान्त जटिल हुनुका साथै आदर्शवादी किसिमको छ । साहित्यमा विशेष गरी विश्वदृष्टिको खोजी हुनु पर्ने उनको मान्यता छ । लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राख्दै त्यसलाई उनले विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् (क्षेत्री २०६४ :२०) । उनका मतमा समूहको चेतना नै विश्वदृष्टि हो । लेखकले समाजमा रहेका व्यक्ति तथा समूहहरूसँगको घुलमिलमा ती व्यक्तिहरूको चेतना, विचार तथा मान्यतासँग नजिक रहने मौका पाएको हुन्छ ।

समाजमा विभिन्न प्रकारका वर्ग तथा मानिसहरू रहेका हुन्छन् । समाजका धारणा तथा विचारलाई त्यस समाजको इतिहास र राजनीतिले प्रभाव पारेको हुन्छ । व्यक्ति समाजबाट पृथक् रहन नसक्ने हुँदा उसमा समाजको विचार तथा धारणाले सदैव प्रभाव पारेको हुन्छ । लेखक पनि समाजको सदस्य भएको हुँदा समाजका व्यक्तिहरूको क्रियाकलाप वा अन्तर्क्रियामा समाजका विभिन्न व्यक्ति तथा समुदायको मान्यता तथा विचारले उसलाई प्रभावित पारेको हुन्छ । लेखकका कतिपय अन्य व्यक्तिबाट प्रभावित भएका र कतिपय आफ्ना अनुभूतिले जन्माएका विचारहरू कृतिमा अभिव्यक्त भएका हुन्छन् । समाजका वर्ग या समूहको विचार भावनालाई एकाकार गराएर कृतिमा अभिव्यक्त गर्ने हुनाले कृति वैयक्तिक नभएर वर्ग वा समूहको सहभागिताको उपज हुन जान्छ । समाज तथा समुदायका व्यक्तिहरूको विचार, मान्यता, भावनासँग लेखक तथा कलाकारको विचार , मान्यता वा भावना अन्वित हुन जाँदा विश्वदृष्टिको निर्माण हुन्छ । विश्वदृष्टि एउटा विचार भएको

हुनाले यो कतै धर्मका रूपमा कतै संस्कृति तथा संस्कारका रूपमा प्रकट भएको हुन्छ । यस प्रकार साहित्यमा उत्पत्तिमूलक संरचनावादको सिद्धान्त प्रस्तुत गर्ने गोल्डमानले साहित्यमा विश्वदृष्टिको खोजी हुनुपर्ने धारणा अगाडि सारेका हुन् ।

मीमांसावादी समाजशास्त्रमा पाठकले साहित्यिक कृतिलाई कसरी ग्रहण गर्दछन् र त्यसमा पाठकको प्रतिक्रिया कस्तो रहन्छ भन्ने बारेमा पनि अध्ययन गरिन्छ । मीमांसावादी चिन्तक लियो लावेन्थलले यस दिशामा महत्त्वपूर्ण कार्य गरेका छन् (पाण्डेय, २००६ :३४ ) । मीमांसावादीहरू इतिहास प्रक्रियाबाट प्रमाणित हुने महान् र महत्त्वपूर्ण कृतिलाई नै अध्ययन विवेचनाको लागि छनोट गर्ने गर्दछन् । लावेन्थलले साहित्यमा मनोविज्ञानको अभिव्यक्ति हुन्छ र त्यसको ज्ञान नभई साहित्यको समाजशास्त्रीय अध्ययन सबल हुँदैन भन्ने मत प्रकट गरेका छन् (क्षेत्री,२०६४ :१९) । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूह बारे अध्ययन गर्नु पर्दछ भन्ने मान्यता राखेका छन् । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति प्राचीन साहित्यलाई महत्त्व दिएका छन् । उनी प्रारम्भमा मार्क्सवादी मान्यतासँग निकट रहे तापनि पछि विस्तारै आदर्शवादतर्फ उन्मुख भएको पाइन्छ । कुनै पनि व्यावहारिक समाजशास्त्रको उद्देश्य भनेको कुनै पनि कृतिको केन्द्रमा रहेको विषयवस्तुको अर्थ या मर्म बुझ्नु हो भन्ने उनको धारणा रहेको छ । साहित्यको केन्द्रमा रहेको अर्थले नै समाज तथा व्यक्तिको विविध पक्षलाई अभिव्यक्त गरेको हुन्छ । साहित्यमा सामाजिक मनोविज्ञानलाई महत्त्व दिने लावेन्थल समाजमा साहित्यको सम्बन्ध खोज्न सामूहिक चेतना तथा साहित्यमा व्यक्त चेतना बिचको सम्बन्धको ज्ञान जरुरी हुन्छ भन्ने धारणा राख्दछन् । उनका विचारमा सामाजिक चेतना भए मात्र त्यस्तो रचना तथा रचनाकार उच्च दर्जाको मानिन्छ । उनको कृति विश्लेषणको आधारमा मार्क्सवाद तथा फ्रायडवादको प्रयोग रहेको पाइन्छ ।

लेखनको कार्य कठिन भएकाले महान् लेखक कहिले पनि सीधा साधा सामाजिक जीवनको वर्णनात्मक भाषामा चित्रण गर्न मात्र प्रवृत्त हुँदैन । मान्छेका इच्छा, आकाङ्क्षा र आवश्यकताहरू सामाजिक क्रियाकलापसँग अन्तर्सम्बन्धित हुन्छन् । यिनै अन्तर्सम्बन्धबाट समाजमा मूल्यको सिर्जना हुने हुँदा समाजशास्त्रीको काम केवल साहित्यिक रचनामा ऐतिहासिक र सामाजिक प्रतिबिम्बको खोजी गर्ने मात्र होइन बरु विशिष्ट साहित्यिक रचनामा अन्तर्निहित मूल्यको प्रकृतिलाई स्पष्ट गर्नु हो (जैन, १९९२ :५) । रेमन्ड विलियम्सले यसलाई भावको संरचना भनेका छन् । साहित्यकारहरूले साहित्यमा सामाजिक मूल्यको निर्माण गर्नु पर्ने हुनाले कलाकारको कार्य वास्तवमै कठिन हुन्छ । कलाकार काल्पनिक पात्रका माध्यमबाट वास्तविक संसार या समाजलाई गति दिने काम गर्छ । ऊ

आफ्ना निजी अनुभूति तथा विचारलाई व्यक्त गर्दै सामाजिक परिवर्तनको अपेक्षामा व्यक्तिको तथा समाजको चाहनालाई मध्यनजर गर्दै मूल्यको सिर्जना गर्दछ (जैन, १९९२ : ५) ।

विलियम्स साहित्यमा पाठक समुदायको बढी सहभागिताको पक्षमा छन् । उनले जति पाठक बढी हुन्छन्, त्यति साहित्य पनि विकसित हुन्छ भन्ने मान्यता राखेका छन् । मार्क्सवादी सिद्धान्तबाट प्रेरणा ग्रहण गरेको भए तापनि उनी मार्क्सवादी मान्यतामा केही अति देख्दछन् । समाजका व्यक्तिहरूमा रहेका समाज भोगाइका यथार्थ अनुभवलाई साहित्यकारले आफ्ना कृतिमा व्यक्त गर्ने हुनाले लेखकको रचनामा समाजको प्रतिबिम्ब कलात्मक रूपमा व्यक्त भएको हुन्छ भन्ने मत रेमन्ड विलियम्सको रहेको छ (क्षेत्री २०६४ :२०) । अनुभूतिमा जोड दिने हुनाले उनले पाठकले गर्ने अनुभूति र लेखकले गर्ने अनुभूतिलाई साहित्यको समाजशास्त्रको विषय मानेका छन् । लेखकले समाजको संस्कृति, धर्म, परम्परा र मान्यता सम्बन्धी आफ्नो अनुभूतिलाई नै कृतिमा व्यक्त गर्ने हुँदा साहित्य संस्कृतिको स्रोत पनि हो भन्ने उनको मत रहेको छ । यसबाट साहित्यको समाजशास्त्रीय अध्ययनमा समाजको धर्म, संस्कृति वा रीतिरिवाजप्रतिको साहित्यकारको अनुभूतिलाई पनि प्राथमिकतामा राख्नु पर्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनमा मीमांसावादी धारा अन्तर्गत पर्ने एलन सिङ्गउड र क्रिस्टोफर कडवेलले पनि साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा योगदान पुऱ्याएका छन् (क्षेत्री, २०६४ :२०) । सिङ्गउडले दर्पणवादी साहित्य समालोचनाले मात्र साहित्यको समाजशास्त्रीय अध्ययन पुरा नहुने कुरा बताउँदै साहित्यमा व्यक्त भएको सांस्कृतिक पक्षको अध्ययनमा जोड दिएका छन् । उनले साहित्यका आलोचकले साहित्य सिर्जना गर्ने क्रममा लेखकले पाठमा उपस्थित गराएका काल्पनिक पात्र कुन ऐतिहासिक परिवेशबाट लिएका हुन् भन्ने कुरामा विशेष ध्यान दिनुपर्छ भनेका छन् (क्षेत्री, २०६४ :२०) ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा क्रिस्टोफर कड्वेलले भाषा र आर्थिक अवस्थालाई जोड दिँदै साहित्यको समाजशास्त्रीय अध्यनमा भाषा जस्तै सामाजिक आर्थिक अवस्थाको महत्त्व रहेको कुरा बताएका छन् । यसरी मीमांसावादी साहित्य चिन्तनमा साहित्यकारले आफ्नो कल्पना तथा सिर्जनाशीलताको माध्यमले निर्माण गरेको सामाजिक मूल्यको खोजी पनि हुनु पर्ने मान्यता रहेको छ ।

एच.ए. टेनबाट प्रारम्भ भएको साहित्यको समाजशास्त्रीय अध्ययनले हालसम्म आउँदा आफ्नो क्षेत्रलाई निकै फराकिलो बनाइ सकेको छ । समाजशास्त्रले समाजलाई झैँ समाजशास्त्रको अंश मानिने साहित्यको समाजशास्त्रले पनि साहित्यलाई वस्तुनिष्ठ अध्ययन गर्ने प्रयास गरेको छ । साहित्य रचनाको प्रमुख आधार भनेको परिवर्तनशील समाज भएकाले

जति जति समाजमा परिवर्तन आउँछ । त्यति त्यति साहित्यको विषवस्तुमा पनि परिवर्तन आउँछ । साहित्यले समाजलाई र समाजले साहित्यलाई एक अर्कामा प्रभाव पार्ने हुनाले समाजको परिवर्तन हुँदा साहित्यलाई हेर्ने साहित्यको सिद्धान्तमा पनि परिवर्तन आउँछ । जस्तैः मार्क्सवादी सिद्धान्त, मनोवैज्ञानिक सिद्धान्त, समाजशास्त्रीय सिद्धान्त आदि । यस अनुसार साहित्यको समाजशास्त्रमा पनि साहित्यलाई हेर्ने मान्यतामा कहिले प्रत्यक्षवाद वा विधेयवादले ठाउँ लिएको पाइन्छ भने कहिले मिमांसावादले । जति बेला साहित्यलाई सामाजिक दस्तावेज मात्र मानिन्थ्यो त्यतिबेला साहित्य समाजको दर्पण हो भन्दै साहित्यलाई समाजको प्रतिबिम्ब मान्ने प्रवृत्ति तथा प्रत्यक्षवादी सिद्धान्त थियो । यसपछि यस सिद्धान्तको विरोध हुन थालेपछि साहित्य भनेको सामाजिक दस्तावेजको सङ्कलन मात्र होइन भन्ने चिन्तन विकसित हुन थाल्यो र मीमांसावादी धाराको उदय भयो । अझ स्पष्टसँग भन्नुपर्दा प्रत्यक्षवाद वा दर्पणवादी धाराको विरोध वा आलोचना स्वरूप मीमांसावादी धाराको विकास भएको हो ।

साहित्यलाई सूचनाको सङ्कलन गर्ने एक दस्तावेज मात्र मान्न थालेपछि यसको समालोचकहरूबाट विभिन्न विचारसहित आलोचना भए । यस्तै आलोचना गर्नेहरूमध्ये निर्मला जैन जुन समालोचक तथा साहित्यका चिन्तकहरूसँग साहित्यलाई मूल्याङ्कन गर्नको लागि आवश्यक तत्त्व तथा उपकरणको अभाव हुन्छ, तिनीहरूले नै साहित्यलाई दस्तावेजको रूपमा लिने गरेको आरोप लगाउँछिन् (जैन, १९९२ :४) । यस्तो विचारको आगमनले मीमांसावादी धारालाई जन्म दियो । साहित्यलाई केबल सामाजिक दस्तावेजको रूपमा मात्र हेर्ने मान्यता मीमांसावादी धाराको प्रवेशपछि परिवर्तन भएको पाइन्छ । यसपछि (मीमांसावादी धाराको जन्म भएपछि) साहित्यको अध्ययन गर्दा केबल साहित्यिक कृतिलाई मात्र नहेरेर साहित्यकार, पाठक, सामाजिक परिप्रेक्ष्य, मनोवैज्ञानिक पक्ष आदि समेतलाई पनि साहित्य अध्ययनमा स्थान दिएको पाइन्छ । यसरी साहित्यको समाजशास्त्रले आफ्नो निजी सिद्धान्त र अन्य वादहरू जस्तो केही कुरा मार्क्सवादबाट केही कुरा फ्रायडवादबाट तथा केही कुरा संरचनावादबाट लिएर समन्वय गरी आफूलाई विभिन्न हाँगामा विकास गरेको छ ।

## २.५ साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र

साहित्यिक आलोचनाको एउटा पद्धति साहित्यको समाजशास्त्र टेनबाट स्थापित भई विकसित हुँदै अगाडि बढेको छ । यसरी अगाडि बढ्ने क्रममा यसले अन्य साहित्यिक आलोचनाका पद्धति मार्क्सवाद, फ्रायडवाद, संरचनावाद आदिसँग सम्बन्ध गाँस्दै तथा तिनका कतिपय मान्यतालाई आफूभित्र समाहित गरी आफ्नो मान्यतालाई फराकिलो गराउँदै लगेको छ । अगाडि बढ्ने क्रममा कतिपय समालोचकले साहित्यको समाजशास्त्र र मार्क्सवादी

सौन्दर्यशास्त्र दुवैलाई एउटै समालोचना पद्धतिको रूपमा हेर्ने गरेको पाइन्छ । यस्तै भ्रमपूर्ण दृष्टिले गर्दा यी दुई समालोचना पद्धतिका बिचको सम्बन्ध जटिल तथा विवादास्पद रहेको छ । साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रलाई एउटै मान्नेहरूमा रूपवादी, कलावादीका साथै अनुभववादी समाजशास्त्रीहरू पनि पर्दछन् । यति मात्र नभई कतिपय मार्क्सवादीहरूले नै मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्रलाई एउटै मान्ने कारणले गर्दा यी दुई समालोचना पद्धति बिचको सम्बन्धमा अझ जटिलता बढ्दै गएको हो (पाण्डेय, २००६ :४१) । अमेरिकामा समाजशास्त्रलाई मार्क्सवादी दर्शनको विकल्पको रूपमा विकसित गर्ने प्रयास भइरहेको छ ।

मार्क्सवाद समाजसँग सम्बन्धित भएको हुँदा समाज र समाजशास्त्रको नामले गर्दा धेरैको ध्यान मार्क्सवादतिर आकर्षित हुनु स्वाभाविकै हो । अझ विशेष गरी पाश्चात्य साहित्यका कतिपय समालोचकहरूद्वारा मार्क्सवादी सौन्दर्यशास्त्रलाई साहित्यको समाजशास्त्र अन्तर्गत समावेश गरी व्याख्या तथा विश्लेषण गरिएकाले यी दुई साहित्य चिन्तन एउटै हुन् भन्ने भ्रमलाई मलजल थपेको पाइन्छ । मार्क्सवादी समाजशास्त्र र समाजशास्त्रीय समालोचनाको केन्द्रमा समाज छ भन्दैमा यी दुवैलाई एउटै कोटिमा राखेर हेर्न मिल्दैन भन्दै ऋषिराज बरालले समाजलाई त नीतिपरक समालोचना तथा यथार्थवादी समालोचनाले पनि केन्द्रमा राखेको हुन्छ । त्यसो भए यी समालोचनालाई पनि मार्क्सवादी सौन्दर्यशास्त्रको विकल्पमा राखेर हेर्न मिल्दछ त ? भन्दै मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्र फरक भएको धारणा प्रस्तुत गर्दछन् ( २०६७ :१००) । समाजलाई अध्ययनको केन्द्र बनाउँदा बनाउँदै पनि प्रत्येकका आ-आफ्नै दार्शनिक तथा सैद्धान्तिक मान्यताहरू हुने हुँदा समाजशास्त्रीय आलोचना र मार्क्सवादी सौन्दर्यशास्त्रीय चिन्तन बिच रहेका भिन्नतामा स्पष्ट हुनु जरुरी रहेको छ ।

कतिपय सम्बन्धमा यी दुवै चिन्तन बिच परस्परमा सम्बन्ध नभएको भन्ने चाहिँ होइन । सम्बन्धको बारेमा भन्नुपर्दा साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र दुवैले साहित्य तथा कलालाई समालोचना गर्दा समाजलाई केन्द्रबिन्दु बनाउँछन् । मार्क्सवादी सिद्धान्तले साहित्यको आर्थिक, भौतिक, सामाजिक आदि जीवनसँग अभिन्न सम्बन्ध हुन्छ भन्ने मान्यता राख्दछ । मार्क्सवादले समाजको मापदण्ड अर्थलाई मान्ने हुनाले आर्थिक धरातलमा परिवर्तन आउनासाथ साहित्य तथा कलाका विचारधारामा पनि कमबेसी मात्रामा परिवर्तन आउँछ भन्ने मान्दछ (दाहाल, २०५८ :६३) । यता टेनले पनि साहित्य सामाजिक युग तथा पर्यावरण जस्ता भौतिक पक्षहरूबाट प्रभावित हुने हुँदा समाजको गतिसँगै साहित्य पनि बदलिन्छ भनेका छन् । मार्क्सवादी साहित्य चिन्तनले भौतिक तत्त्व गतिशील र परिवर्तनशील भइरहेने हुनाले यसको निरन्तर विकास भइरहन्छ । यस विकास वा परिवर्तनले

मानवको जीवनशैलीमा पनि परिवर्तन हुन्छ भन्दै साहित्यलाई पनि भौतिक वस्तुको परिवर्तनसँगै परिवर्तन भइरहको वस्तु मान्दछ भने टेनले पनि अन्य सामाजिक वस्तुलाई परीक्षण गर्ने मापदण्डद्वारा कला साहित्यको परीक्षण गरेका छन् ।

लुसिएँ गोल्डमान मार्क्सवादबाट प्रभावित फ्रान्सेली साहित्यिक समाजशास्त्री हुन् । मार्क्सवादबाट प्रभावित भए पनि उनले मार्क्सवादको वर्ग सङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक दृष्टि राख्दै आफ्नो साहित्य सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् (पाण्डेय, २०६८ : २०) । मार्क्सवादको वर्ग सङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक दृष्टि राखे पनि गोल्डमानले मार्क्सवादी सिद्धान्तले प्रयोग गर्ने वर्ग, वर्गीय जस्ता शब्दहरू झैं समूह, समुदाय जस्ता शब्दहरू प्रयोग गरेर साहित्यको मीमांसा गरेका छन् । यसै गरी उनले साहित्य चिन्तनमा प्रयोग गरेका विश्वदृष्टि, रूप, परावैयक्तिक चेतना आदि शब्दहरू मार्क्सवादी समालोचक जर्ज लुकाचले दिएका आधारहरू हुन् (दाहाल, २०५८ : ६४) । त्यस्तै उनको उपन्यास चिन्तनमा पनि लुकाचकै प्रारम्भिक चिन्तनको प्रभाव पाइन्छ (बराल, २०६३ : ६८) । यसरी साहित्यिक समाजशास्त्री गोल्डमानले गरेको साहित्यको व्याख्यामा मार्क्सवादी सिद्धान्त तथा मार्क्सवादी समालोचकहरूको प्रभावलाई हेर्दा मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्र एक आपसमा अन्तर्सम्बन्धित देखिन्छन् । यसैगरी मीमांसावादले साहित्यलाई केवल तथ्यको सङ्कलन र दस्तावेज मात्र मान्दैन । यसले साहित्यको भूमिकालाई समाजमा के छ भनी खोज्ने काम पनि गर्दछ । यसर्थ यो पनि केही हदसम्म मार्क्सवादको निकट पुगेको देखिन्छ मार्क्सवादी सौन्दर्यशास्त्रले पनि साहित्यलाई दस्तावेजका रूपमा मात्र मान्ने कुरालाई अस्वीकार गर्दछ । यसले साहित्यमा समाज परिवर्तनको भूमिका हुनु पर्दछ भन्ने मान्दछ । त्यस्तै मीमांसावादले पनि साहित्यलाई विचार अभिव्यक्त गर्ने माध्यम मान्दछ । यसरी हेर्दा मार्क्सवादी समालोचना र साहित्यको समाजशास्त्र केही मात्रामा अन्तःसम्बन्धित जस्ता देखिन्छन् ।

उपर्युक्त केही मान्यताका आधारमा साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रका बिच केही सम्बन्ध रहेको पुष्टि हुन्छ । यस्तो सम्बन्ध भयो भन्दैमा एक अर्कालाई विकल्पको रूपमा चाहिँ बुझ्न मिल्दैन । साहित्यको समाजशास्त्रीय चिन्तनले लेखक र समाज बिचको द्वान्द्वात्मक सम्बन्धलाई निषेध गर्दछ । दर्पणवादी चिन्तनले त चेतना पक्षको महत्त्वलाई नै अर्थहीन ठान्दछ । समाजशास्त्रीय चिन्तनमा लेखक एउटा फोटो ग्राफर मात्र मानिन्छ । फोटो ग्राफर भएकाले उसको कलाकारिता भन्नु नै यथातथ्यको यथार्थ चित्रण मात्र हो । यता मार्क्सवादी सौन्दर्यशास्त्रका लागि लेखक एउटा सिर्जनाकार पनि हो । ऊ साहित्यमा केवल प्रतिबिम्ब मात्र उतार्ने काम गर्दैन । उसले त यथार्थको पुनः

सिर्जन गर्ने काम पनि गरेको हुन्छ । सादृश्यको सहारा लिने विधेयवादीहरूका लागि भने मार्क्सवादीहरूको यथार्थको पुनः सिर्जन गर्ने कार्य अपचको विषय बन्न पुग्दछ । यस्तो विधेयवादीहरूको सिर्जन प्रक्रियामा यथार्थ र चेतना बिचको अन्तरक्रिया अभिव्यक्त हुने कुरै उठ्दैन (बराल, २०६७ :१०३) । अनुभववादी वा विधेयवादी समाजशास्त्रीय चिन्तनले रूप, अर्थ र साहित्यको प्रयोजनलाई सीमित पारेको छ । आफूलाई मार्क्सवादी समाजशास्त्रीय चिन्तक भन्ने मीमांसावादीहरूले उत्पादन प्रक्रिया र साहित्यको सम्बन्धबारे कुरा त कोट्याएका छन् तर साहित्यको समाज रूपान्तरणकारी र वर्ग सङ्घर्षात्मक पक्षप्रति भने उदासीन रहेका छन् । यति मात्र नभएर उनीहरूले यसलाई हठवाद र यान्त्रिकताको संज्ञा पनि दिएका छन् । गोल्डमानको विकसित समाजशास्त्र पनि रूपवादको नयाँ संस्करण हो । विधेयवादीहरूले पनि साहित्यलाई समाजबाट अलग्याएर पाठकहरूमा मात्रै सीमित गराउन थालेका छन् । यस्तो अवस्थामा साहित्य, समाज, लेखक र पाठक बिचको द्वन्द्वात्मक सम्बन्धलाई खुट्याएर साहित्यको उच्चतम भूमिकाको उदात्त स्वरूप मार्क्सवादी सौन्दर्यशास्त्रमा बाहेक अन्त कतै पनि देखा पर्न सक्दैन (बराल, २०६७ : १०३) ।

मार्क्सवादी आलोचना र समाजशास्त्रीय आलोचनालाई एउटै आलोचनाको रूपमा हेर्ने दृष्टिकोणको मार्क्सवादी आलोचक टेरी इगल्टन विरोध गर्दछन् । उनले मार्क्सवादी आलेचना केबल साहित्यको समाजशास्त्र जस्तो होइन । यसको उद्देश्य त साहित्यिक कृतिको रूप, शैली तथा अर्थप्रति ज्यादै संवेदनशील तथा सावधान भएर त्यसको अधिक मात्रामा पूर्णताका साथ व्याख्या गर्ने हो भनेका छन् । यसका साथै उनको धारणा मार्क्सवादी आलोचनाको मौलिकपना साहित्यलाई ऐतिहासिक सम्झनुमा नभई क्रान्तिकारी सम्झनुमा हुन्छ भन्ने रहको छ (पाण्डेय, २००६ :४१) । साहित्यको समाजशास्त्र साहित्यको सामाजिक परिवर्तनकारी रूपान्तरणकारी भूमिका र वर्गीय पक्षधरताप्रति भन्दा यथार्थ वर्णनमै सीमित रहने गर्दछ । त्यसो भएर यसलाई मार्क्सवादी सौन्दर्यशास्त्रीहरू प्रत्यक्षवादी वा तथ्याङ्कवादी साहित्यिक चिन्तनको रूपमा लिन्छन् ।

मार्क्सवादी सौन्दर्यशास्त्रले शोषण व्यवस्थालाई समाप्त गरेर एक शोषणमुक्त समाज व्यवस्थाको निर्माण गर्ने उद्देश्य लिएको हुन्छ । मैनेजर पाण्डेय कुनै पनि विज्ञान वा शास्त्रले मरणोन्मुख पुगिसकेको पूँजीवादी समाज व्यवस्थालाई बचाउने प्रयास गर्दछ भने त्यो मानव विरोधी र मार्क्सवाद विरोधी हुन्छ भन्दै साहित्यको समाजशास्त्रलाई पनि समाजशास्त्रकै प्रयोजन र पद्धतिको चिन्तन हो भन्दछन् (१९९७ : ६०) । यसरी हेर्दा मार्क्सवादी समालोचकहरूले साहित्यको समाजशास्त्रलाई यथार्थवादी समालोचनाको रूपमा हेरेका छन् ।

विधेयवादी र अनुभववादी समाजशास्त्रीय चिन्तन त स्पष्ट रूपमा चिनिन्छन् । तसर्थ मार्क्सवादी सौन्दर्यशास्त्रसित यसको सङ्घर्षात्मक स्वरूप स्पष्टै छ, तर आफूलाई मार्क्सवादी

भन्दै मार्क्सवादमा अपूर्णता वा अतिवादिता देख्दै मार्क्सवादी सौन्दर्यशास्त्रका आधारभूत तत्त्वहरूलाई निषेध गरी यसमा समाजशास्त्रीय चिन्तन घुसाउने प्रक्रियाले भने मार्क्सवादी सौन्दर्यशास्त्रको समाजशास्त्रीय चिन्तनसितको सङ्घर्षलाई अझ जटिल बनाएको छ । आफूलाई मार्क्सवादी सौन्दर्यशास्त्रको हिमायती ठान्दै यसलाई अझ उच्च बनाउने गफ हाँक्ने अनि मार्क्सवादी र समाजशास्त्रीय समालोचनालाई एउटै मान्ने समालोचकलाई ऋषिराज बरालले संशोधनवादीको संज्ञा दिएका छन् । यति मात्र नभई उनले इतिहासमा मार्क्सवाद र मार्क्सवादी सौन्दर्यशास्त्रको सबभन्दा बढी भ्रष्टीकरण गर्ने काम उनीहरूबाट भएको आरोप लगाएका छन् (२०६७ :१०३) । यसरी मार्क्सवाद र समाजशास्त्रलाई मिलाउने कुरामा मार्क्सवादीहरूको विरोधी भाव प्रकट भएको स्पष्ट हुन्छ । तैपनि अक्टोवर क्रान्तिपछि केही वर्षमै रुसमा वुखारिनले मार्क्सवादलाई समाजशास्त्रमा मिसाउने प्रयास गर्दै मार्क्सवाद र मार्क्सवादी साहित्य चिन्तनलाई भ्रष्टीकरण गर्ने काम गरेका थिए जसको लुकाच र ग्राम्सीले विरोध गरेका थिए ।

लेखकले शून्यबाट कुनै पनि कृतिको निर्माण गर्दैन । यसको प्रमुख आधार भनेको समाज हो भनेर समाजलाई प्रमुख महत्त्व दिने समाजशास्त्रको उद्देश्यमा सकारात्मक पक्ष देखिन्छ । यस्तो देखिए तापनि सृजन प्रक्रियामा यसले सौन्दर्यात्मक आदर्श, सांस्कृतिक अवस्था र सामाजिक अवस्थालाई महत्त्व दिँदैन । यस कारण यसको सामाजिक प्रतिबिम्बन इन्द्रिय बोधात्मक प्रतिबिम्बन मात्र हुन्छ । यता मार्क्सवादी सौन्दर्यशास्त्रले भने ज्ञानको इन्द्रियजन्य पक्षबाट भावजन्य पक्षमा जानु आवश्यक ठान्दछ । यसले ज्ञानको इन्द्रियजन्य पक्षबाट भावजन्य पक्षमा गएर निर्माण गरिएको सुन्दरताले नै सही अर्थमा सौन्दर्य प्रदान गर्न सक्षम हुन्छ भन्ने कुरा स्वीकार्दछ । प्रतिबिम्बनको कुरा गर्दा मार्क्सवादी सौन्दर्यशास्त्र सिर्जनात्मकताप्रति सदैव चनाखो हुन्छ । यसले साहित्य र समाज यथार्थ र कल्पना बिचको जटिल संश्लेषणात्मक र बिम्बात्मक कला हो भन्ने कुरामा जोड दिन्छ (बराल, २०६७ : १०५) ।

साहित्यको समाजशास्त्र पक्कै पनि समाज र सामाजिक मान्छेहरूको अध्ययन गर्ने शास्त्र हो । यसले समाजमा के कस्ता जाति, धर्म, वर्ग, प्रकृति, लिङ्ग र प्रजातिका मान्छेहरू रहेका छन् भनेर पारिवारिक, धार्मिक, सांस्कृतिक स्थितिलाई ध्यान दिन्छ तर त्यस सामाजिक संरचनामा देखिने वर्गीय विभेद र वर्ग सङ्घर्षलाई भने महत्त्व दिँदैन । साहित्यको समाजशास्त्र व्यापक आयाममा फैलिएको उत्तरोत्तर विकासशील शाखा हो । जसले साहित्य र समाजको वैज्ञानिक आधारलाई सम्बन्धित गराउने प्रयास गर्दछ (भारद्वाज, १९८८ :२८१) । साहित्यको समाजशास्त्रले समाजका विभिन्न सामाजिक पक्षहरू, सामाजिक क्रियाकलापहरू र रचनाकारलाई समाजले पारेको प्रभावको प्रतिछाया साहित्यमा के कसरी देखिएको छ भनेर

अध्ययन गर्दछ । मार्क्सवादी साहित्यिक चिन्तनले पनि साहित्यमा समाजका यावत् क्रियाकलापको खोजी गर्ने काम त गर्दछ तर साहित्यलाई केवल दर्पण मात्र मान्दैन । यसले साहित्यलाई समाजमा परिवर्तनकारी भूमिका निर्वाह गर्ने एक तत्त्वका रूपमा मानेर इतिहास र वर्तमान अवस्थामा उत्पादन पद्धतिलाई केन्द्रमा राख्दछ ।

साहित्यको समाजशास्त्रले रचनालाई एक स्वतन्त्र एकाइ ठान्दछ । रचनामा निहित सौन्दर्य पक्ष र यसले पार्ने असरप्रति यो मौन छ । साहित्यको समाजशास्त्र बढी भन्दा बढी समाजको चित्रण तथा आफ्नै किसिमको व्याख्या मात्र हो (बराल, २०६७ : १०५) । यसको विपरीत मार्क्सवादी सौन्दर्यशास्त्रले साहित्य तथा कलालाई बजारको वस्तु वा व्यक्तिको इच्छापूर्तिको साधनभन्दा सामाजिक सम्पत्ति र सामूहिक शक्तिको रूपमा लिन्छ । मार्क्सवादी सौन्दर्यशास्त्र साहित्यको वर्ग सङ्घर्षात्मक चरित्रको महत्त्वलाई उदाहरणको रूपमा पुष्टि गर्ने विज्ञान हो । यस कारण मार्क्सवादी सौन्दर्यशास्त्रमा जति मात्रामा साहित्य तथा कलाको सामाजिक मूल्य उजागर हुन्छ त्यति अन्य कुनै पनि साहित्यिक सिद्धान्तमा हुँदैन (बराल, २०६७ :१०५) । मार्क्सवादी सौन्दर्यशास्त्रले साहित्यलाई विचारको मिथ्या रूप नठानी वर्ग रूप ठान्दछ । साथै यसले साहित्यलाई आधारमाथि उभिएको अधिरचनाको विचारात्मक रूप ठान्दछ । भाव, विचार र मूल्य चेतना मिलेर विचार कलात्मक बिम्बमा प्रकटित हुन्छ भन्ने कुरामा यसले विश्वास राख्दछ । यही विचार नै साहित्यका समाजशास्त्रीहरूले मार्क्सवादी सौन्दर्यशास्त्रको विरुद्धमा प्रहार गर्ने मूल विन्दु हो । अरुभन्दा पनि आफूलाई मार्क्सवादी ठान्ने गोल्डमानले समेत साहित्यलाई मिथ्या चेतना भन्दै साहित्यको विश्लेषण गर्दा वर्ग र विचार धाराको सट्टा समूह र दृष्टिकोणको आधारमा गर्नु पर्छ भन्ने तर्क अगाडि सारेका छन् (बराल, २०६७ : १०६) ।

साहित्यलाई कर्मको रूपमा नभई शब्दको रूपमा स्वीकार्ने साहित्यको समाजशास्त्रीय परिपाटीलाई मार्क्सवादी सौन्दर्यशास्त्रले अस्वीकार गर्दछ । यसर्थ कर्मबाट अलग राखेर बुनिने वा व्यक्त गरिने शब्दहरूको माला र समूहको कुनै अर्थ छैन भन्दै ऋषिराज बराल साहित्यको समाजशास्त्रलाई बढीभन्दा बढी समाजको चित्रण मात्र हो भन्ने आरोप लगाउँछन् (२०६७ : १०६) । साहित्य सिर्जनाका क्रममा यसका आफ्नै सिर्जनात्मक र सौन्दर्यात्मक नियम सङ्गतिहरू हुन्छन् भन्ने तथ्यलाई मार्क्सवादी सौन्दर्यशास्त्रले स्वीकार गर्दछ तर साहित्य समाजको दर्पण मात्र हो भन्ने मान्यतालाई भने अस्वीकार गर्दछ । यसले साहित्य समाजको दर्पण हो भन्ने कुरालाई एकछिन माने पनि निष्क्रिय दर्पण चाहिँ होइन भन्ने ठान्दछ । यसरी साहित्यको समाजशास्त्र मार्क्सवादी सौन्दर्यशास्त्रको विचारमा केवल समाजको बाह्य पक्षको चित्रण गर्ने साहित्य चिन्तन मात्र मानिन्छ ।

मार्क्सवादी सौन्दर्यशास्त्रको मुख्य लक्ष्य भनेको साहित्यले समाजलाई बदल्नु पर्छ भन्ने सचेत मान्यताका साथ साहित्यको समीक्षा गर्नु हो । साहित्यले समाजमा रूपान्तरणकारी भूमिका निर्वाह गर्नु पर्दछ । समाजमा शोषक र शोषित वर्ग मध्ये शोषित वर्गको पक्षमा बोल्दै उत्पादन प्रणालीलाई साहित्य अध्ययनको मुख्य मापदण्ड बनाइनु पर्दछ भन्ने धारणा मार्क्सवादी सिद्धान्तको छ । यसले साहित्य रचनाको हेतुलाई रसात्मकता र आनन्द प्राप्तिमा सीमित गर्न चाहँदैन । यसको औचित्य ऐतिहासिक सत्य, यथार्थ ज्ञान र वास्तविक मानवीय अन्तर्सम्बन्धको पथप्रदर्शकको रूपमा रहनु हो (भारद्वाज, १९८८ : २२४) । समाज, सामाजिक संस्था, सामाजिक संरचनालाई व्यवस्थित बनाउने नाममा वर्तमान परिपाटीलाई स्थायित्व दिने काम साहित्यको समाजशास्त्रले गर्दछ । यता मार्क्सवादी साहित्यिक चिन्तनले भने सामाजिक परिवर्तनलाई केन्द्रमा राख्ने हुनाले साहित्यले परिवर्तनकारी भूमिका निर्वाह गरेको छ कि छैन भनेर खोजी गर्ने काम गर्दछ । कुनै पनि शास्त्रले आफूलाई वैज्ञानिक वा आधुनिक भने पनि यथार्थको नाममा चित्रणमा मात्र सीमित रहन्छ भने स्पष्ट रूपमा त्यसले अप्रत्यक्ष वा प्रत्यक्ष जसरी भए पनि यथार्थवादलाई सघाएको हुन्छ । त्यस कारण त्यस्तो साहित्य चिन्तनलाई परिवर्तन विरोधी साहित्य चिन्तनको संज्ञा दिन कुनै आपत्ति हुँदैन  भन्दै ऋषिराज बरालले साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र भिन्न भिन्न साहित्य चिन्तन हुन् भन्ने निष्कर्ष प्रस्तुत गर्दछन् ।

साहित्यका अधिकांश समाजशास्त्रीहरू विचार सङ्घर्षको सन्दर्भमा मार्क्सवादी बने पनि वर्ग सङ्घर्षको सन्दर्भमा भने उनीहरू समाजशास्त्री नै बन्दछन्  (पाण्डेय, २००६ : ४९) । यसबाट समाजशास्त्रमा वर्ग सङ्घर्षलाई महत्त्व दिइँदैन भन्ने कुरा स्पष्ट हुन्छ । साहित्यको समाजशास्त्रमा जुन क्रान्तिकारी चेतनाको अभाव हुन्छ त्यस्तो मार्क्सवादी सौन्दर्यशास्त्रमा हुँदैन । मार्क्सवाद सर्वहारा वर्ग या शोषित वर्गको क्रान्तिकारी दर्शन हो । यसमा चिन्तनको प्रतिवद्धता सर्वहारा वर्गको हितप्रति नै हुन्छ । मार्क्सवादले समाज विकासमा वर्ग सङ्घर्षलाई महत्त्व दिँदै शोषित वर्गको पक्ष पोषण गर्दछ । साहित्य पनि सर्वहारा वर्गका लागि हुनु पर्दछ भन्ने मान्यता मार्क्सवादमा रहेको छ । साहित्य वर्ग सङ्घर्षबाट विमुख रहनु सम्भव छैन । वस्तुतः कला साहित्यको मुख्य कार्य पनि मानव समाजलाई अग्रगामी दिशातर्फ उन्मुख गराउनु हो । यस्तो भएकाले वर्ग सङ्घर्षका सौन्दर्यात्मक पक्षको प्रतिबिम्बन कला साहित्यमा हुने गर्दछ (पौडेल, २०६५ :६३) । यसरी साहित्यको सार्थकता एउटा वर्ग विहीन समाज व्यवस्थाको अथवा एउटा नयाँ संसारको स्थापनाका लागि गरिएको निर्णायक युद्धमा सर्वहारा वर्गको हितको बलियो र प्रभावशाली अस्त्र बन्नु हो भन्ने मान्यता मार्क्सवादको रहेको छ ।

गैरमार्क्सवादी साहित्यका समाजशास्त्रीहरू भने मार्क्सवादीहरूको यस्तो विचारप्रति विरोध जनाउँछन् । उनीहरूको मान्यता साहित्य र कला वर्ग, देश र कालभन्दा पर हुन्छन् भने रहेको छ । यिनीहरू साहित्य केवल मनुष्यका लागि मात्र हो । यो कुनै वर्ग, देशसँग सम्बन्धित हुँदैन भन्दै मार्क्सवादी साहित्य चिन्तकहरूमा भएको वर्गीय पक्षधरताको मान्यतालाई सङ्कीर्ण सोच भएको आरोप लगाउँछन् । साहित्यका समाजशास्त्रीहरू साहित्यको सम्बन्ध मनुष्य मात्रको संवेदनासँग हुन्छ र तिनको सार्थकता मान्छेको हृदय स्पन्दित र झङ्कृत गर्नमा हुने भएकाले वैचारिक प्रतिवद्धताले रचनाको स्वतन्त्र प्रकृतिलाई बाधित गर्दछ भन्ने मान्यता राख्दछन् । यिनीहरू मार्क्सवादीहरूका विचारलाई साहित्य अध्ययनको सीमा ठान्दछन् ।

साहित्यको समाजशास्त्रले साहित्यको उद्देश्य र प्रयोजनीयतालाई सङ्कुचित मात्रै नमानेर अनावश्यक पनि ठानेको छ । यसले प्रजाति, क्षण र परिवेशको प्रत्यक्ष अभिव्यक्तिप्रति जोड दिने गर्दछ । त्यसैले घोषित रूपमा यसको विरोध नगरे पनि यसको प्रयोजनीयताभित्र सामाजिक प्रयोजनात्मकता गौण बनेको पाइन्छ । साहित्यको समाजशास्त्रीय चिन्तन वस्तुनिष्ठ र मूल्यमुक्तताको वकालत गर्दछ । यस्तो चिन्तनले यसलाई रूपवादको शरण लिन बाध्य गराएको छ (बराल, २०६७ : १०४) तर रूपवादी तथा कलावादीहरू पनि समाजशास्त्रीय मान्यताको आलोचना गर्दछन् । साहित्य तथा कलाको सन्दर्भमा समाजको चर्चा गर्नुलाई उनीहरू कलाको आत्म स्वायत्तता संसारमाथि भएको आक्रमण सम्झन्छन् । उनीहरूको साहित्यिकता शब्दमा नै समेटिन्छ । निश्चय पनि कलावादी रूपवादी साहित्य चिन्तनको तुलनामा साहित्यको समाजशास्त्र बढी उपयोगी सिद्ध हुन्छ । साहित्यको समाजशास्त्रले साहित्यमा सामाजिकताको खोजी गर्दछ र साहित्य र समाजको सम्बन्धलाई बुझ्ने प्रयास गर्दछ । त्यस कारण साहित्यको समाजशास्त्र विभिन्न साहित्यिक चिन्तनमध्ये उपयोगी नै छ तर उपयोगी भयो भन्दैमा यसलाई मार्क्सवादी आलोचना सम्झनु या त्यसको विकल्पमा राख्नु चाहिँ ठिक होइन ।

मार्क्सवादी साहित्यिक चिन्तन मार्क्सवादी दर्शन र वर्गीय पक्षधरतालाई केन्द्रमा राख्ने समालोचना प्रणाली हो । साहित्यको समाजशास्त्रीय चिन्तन चाहिँ तत्कालीन सामाजिक संरचना र परिपाटीलाई केन्द्रमा राखेर वैचारिक प्रतिबद्धतालाई निषेध गर्ने चिन्तन हो । यसलाई कलावादी, भाषावादी, रूपवादी, धार्मिक, पौराणिक आदि गैरमार्क्सवादी साहित्यिक चिन्तनहरू जस्तै एक साहित्यिक चिन्तनको रूपमा लिन सकिन्छ । कुनै एउटा पद्धतिमात्र साहित्यको अध्ययनमा पूर्ण हुन सक्दैन । तसर्थ साहित्यको समालोचनामा देखिएका सबै सिद्धान्तहरू उत्तिकै महत्त्वका छन् । एउटाको आलोचना स्वरूप अर्को पद्धतिको विकास भए पनि वा कुनै एक वर्गले कुनै निश्चित सिद्धान्तलाई अङ्गीकार गरे पनि

समालोचित परम्परालाई पूर्ण तया अनावश्यक मान्न सकिँदैन । साहित्यको समाजशास्त्रीय सिद्धान्तमा देखा परेका प्रत्यक्षवादी धारा, मीमांसावादी धारा अथवा मार्क्सवादी सिद्धान्त जे भए पनि सबै आआफ्नौ ठाउँमा उत्तिकै महत्त्वपूर्ण छन् । यसरी महत्त्वपूर्ण हुँदाहुँदै पनि साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्र दुबैको केन्द्रमा समाज छ भनेर दुवै आलोचनात्मक पद्धतिलाई नबुझी एक अर्कालाई विकल्पमा राख्नु या साहित्यको समाजशास्त्रलाई मार्क्सवादी आलोचना सम्झनु गलत हो । त्यसैले मार्क्सवादी सौन्दर्यशास्त्र र साहित्यको समाजशास्त्र दुबै फरक फरक समालोचना पद्धति हुन् भनेर बुझ्नु पर्दछ ।

## २.६ साहित्यको समाजशास्त्रीय अध्ययनका आधारहरू

साहित्यको समाजशास्त्र साहित्य र समाजका बिचको अन्तःसम्बन्धको अध्ययन हो । साहित्य, लेखक र पाठक यसका अध्ययनका केन्द्रहरू हुन् । समाज र साहित्यका अन्तःसम्बन्धका आधारमा प्रकट हुने मूलभूत दृष्टिकोणहरूमा लेखकको सामाजिकता, कृतिभित्रको सामाजिक विषयवस्तु, समाजमा साहित्यको प्रभाव जस्ता कुराहरू पर्दछन् । साहित्यको समाजशास्त्रको मुख्य उद्देश्य भनेको साहित्यिक कृतिका आधारमा समाजको अध्ययन, समाजमा साहित्यको स्थिति र लेखकको अवस्थाको विश्लेषण गर्नु हो । यति मात्र नभएर साहित्य र पाठकको सम्बन्धको विवेचना पनि गर्नु हो । यसले समाजसँग साहित्यको सम्बन्धको खोज र त्यसको व्याख्या गर्ने गर्दछ । साहित्यको उपयोगद्वारा समाजलाई बुझ्न सकिने हुँदा साहित्य बुझ्नका लागि समाजशास्त्रीय दृष्टिकोण आवश्यक हुन्छ । प्रत्यक्षवादीहरूद्वारा समाजलाई साहित्यको र त्यसको स्वरूपको निर्धारण गर्ने शक्तिका रूपमा लिइन्छ । यसो हुँदा यसमा समाज र साहित्य बिच कार्यकारण सम्बन्धको खोजी हुन्छ । यसले साहित्यमा प्रयुक्त भाषा, संस्कृति आदिको खोजी गर्दछ ।

साहित्यकार सामाजिक प्राणी भएकाले उसले समाजका मूल्य र मान्यतालाई अबलम्बन गर्दै आफ्नो व्यक्तित्व निर्माण गर्दछ । त्यही समाज, संस्कृति र सामाजिक परिवेशले साहित्यकारलाई पारेका सकारात्मक वा नकारात्मक प्रभावहरू नै उसको कृतिमा कथा, कविता, नाटक, निबन्ध आदिका रूपमा व्यक्त हुन्छन् । साहित्यिक कृतिमा लेखकका विचार, अनुभूति तथा उसका समाज र समग्र विश्व प्रतिको भावना पोखिएका हुन्छन् । एउटा साहित्यकारको भावना वा विचार भनेको समग्र समाजको भावन वा विचार हो । त्यसकारण लेखकको कृतिलाई समाजशास्त्रीय सिद्धान्त अनुसार अधययन गर्दा समाजशास्त्रीय अध्ययनमा विकास भएका सिद्धान्तहरूलाई आधार बनाउनु पर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययन गर्नु आफैमा जटिल कार्य हो । यसमा कुनै एक पक्षलाई मात्र आधार बनाएर साहित्यको अध्ययन गर्दा साहित्यकारको समाज, सामाजिक क्रियाकलाप, सामाजिक संरचना आदिको जानकारी अधुरो हुन पुग्छ ।  समाज परिवर्तनमा

साहित्यको भूमिका के कस्तो रह्यो भन्ने थाहा पाउन कठिन हुन सक्छ । त्यस कारण समाजशास्त्रीय चिन्तनमा साहित्यको अध्ययन गर्दा जाति, क्षण र पर्यावरण जस्ता विविध पक्षलाई आधार बनाउन सकिन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययन परम्परामा विभिन्न विद्वान्हरूले विभिन्न आधारहरू प्रस्तुत गरेका छन् । ती आधारहरू मध्ये प्रजाति, युग वा क्षण, परिवेश, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टि जस्ता पक्षहरूलाई मुख्य आधार बनाउनु उपयुक्त देखिन्छ ।

### २.६.१ प्रजाति

साहित्यको समाजशास्त्रीय अध्ययनका संस्थापक एच.ए.टेनले साहित्य अध्ययनमा प्रजातिको अवधारण अगाडि ल्याएका हुन् । प्रजाति शब्द १९ औं शताब्दीमा निकै प्रचलित शब्द हो । उनले कला वा साहित्यलाई मान्छेको मानसिकताको उपज माने पनि उनको वस्तुवादी दृष्टिकोणको सामुन्नेमा त्यस्तो मानसिकता कस्तो हुन्छ ? भन्ने प्रश्न उत्पन्न भएको र सोको उत्तरमा प्रजाति, युग र परिवेश सम्बन्धी सिद्धान्त प्रकट भएको हो (पाण्डेय, २००६ :१२४) । साहित्यको वस्तुनिष्ठ अध्ययन गर्नको लागि प्रजाति, परिवेश र युगबाट भौतिक आधार निर्माण हुन्छ भन्ने उनको भनाइ रहेको छ । उनले प्रजातिगत धारणालाई अत्यन्त महत्त्व दिएका छन् । साथै यस अन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट र शारीरिक संरचना आदिको चर्चा गरेका छन् । प्रजातिको धारणाको व्याख्यामा उनले आफ्ना समकालीन डार्विनको चिन्तनबाट पनि मद्दत लिएका छन् । उनी प्रजातिको चेतना अनि चरित्रको विशेषतालाई उसको इतिहास, कला तथा दर्शन आदिको कारण मान्दछन् ( पाण्डेय २००६ : १२५) ।

टेनका अनुसार वास्तवमा मान्छे विभिन्न जातजाति बनेर विश्वभरि नै फिजिएर रहे पनि प्रत्येक मान्छेहरूमा उसको मुख्य जातिगत विशेषता रहेको हुन्छ । ऊ जहाँ पुगेपनि उसले प्रारम्भमा सिकेका आफ्ना जातिगत विशेषताहरू जस्तो खानपान, बोलाइ, हिँडाइ, रीतिरिवाज, संस्कार आदि उसको आदर्शको रूपमा रहि रहन्छन् (जैन, १९९२ :२२) । नकारत्मक प्रभाव परेपनि मान्छेले आफ्नो सामाजिक संस्कारलाई कहीँ न कहीँ अबलम्बन गरेकै हुन्छ । कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित नभएर साहित्यकारबाट निर्मित हुन्छ । साहित्यकार पनि सामाजिक प्राणी हो र उसमा पनि प्रजातिगत विशेषता रहेका हुन्छन् । त्यसैले ऊ आफूमा भएको प्रजातिगत प्रभावलाई पनि साहित्यिक कृतिमा व्यक्त गर्दछ । यसका साथै उसले रचनामा आफ्नो समाजका प्रजातिगत विशेषता भएका व्यक्ति वा समूहलाई पनि भिन्न भिन्न तरिकाले प्रस्तुत गरेको हुन्छ । यसरी टेनका मतमा

प्रत्येक पुस्तक कुनै समयका प्रजातिको छाया तथा खोल जस्तो हुन्छ । त्यसैले कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानव प्रजातिका बारेमा जान्नका लागि साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजातिलाई मुख्य आधारका रूपमा लिन सकिन्छ ।

### २.६.२ युग वा क्षण

टेनले युग वा क्षणलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययन गर्ने आधार बताएका छन् । साहित्यमा साहित्यकार तथा कलाकारले भोगेको युगको प्रतिबिम्ब हुन्छ । तसर्थ साहित्यको आध्ययनबाट साहित्यले अभिव्यक्त गरेको युग तथा समयका मान्छेको अवस्थाबारे बोध हुन्छ भन्ने धारण टेनको छ (क्षेत्री, २०६४ :२३ ) । लेखक तथा कलाकार आफ्नो युगको विषयमा सचेत हुन्छ । त्यस कारण उसले कृतिमा व्यक्त गरेको ंयुग एउटा विशेष स्मरणीय समयका रूपमा रहेको हुन्छ । क्षणलाई टेनले विशेष गरी काल, युग विशेष र युग चेतनाको रूपमा प्रयोग गरेको पाइन्छ ( जैन, १९९२ :२३) । टेनका अनुसार एउटा युगमा बौद्धिक साँचोको रूपमा कुनै प्रधान विचार रहेको हुन्छ । त्यसले पुरै समाजको चिन्तन तथा व्यवहरलाई प्रभावित पारेको हुन्छ र जीवनका सबै क्षेत्रमा फैलिएको हुन्छ । लामो समयपछि यस्तो विचारको विस्ताारै ह्रास हुँदै जान्छ र अर्को नयाँ विचार प्रधान विचारको रूपमा रहन पुग्दछ । यसका साथै यसले राष्ट्रिय प्रतिभा र समकालीन परिवेशसँग जोडिएर नयाँ प्रकारको चिन्तन र सिर्जनाको लागि प्रेरणा दिन्छ ( पाण्डेय, २००६ :१२५) । यसबाट जुनसुकै युगमा पनि एउटै किसिमको मान्यता रहि रहन सक्दैन भन्ने कुरा स्पष्ट हुन्छ ।

समय गतिशील र परिवर्तनशील भएका कारण सबै साहित्यकारको युग एकै किसिमको हुँदैन । जस्तै प्राथमिक कालीन साहित्यकारले रचना गर्ने युग र माध्यमिक तथा आधुनिक कालीन साहित्यकारले रचना गर्ने युग पक्कै पनि फरक हुन्छ । त्यस कारण साहित्यकार बाँचेको युगमा भएका सामाजिक समस्या, सामाजिक मान्यता तथा विश्वासलाई पहिचान गर्नको लागि साहित्यमा युग तथा क्षणको खोजी गरिन्छ । कुनै पनि युगमा भएका सामाजिक समस्या, सामाजिक मान्यता तथा विश्वासलाई पहिचान गर्नको लागि साहित्यमा युग तथा क्षणको खोजी गरिन्छ ।

टेनले साहित्यलाई दर्पणसँग तुलना गरेर साहित्यलाई निश्चित युगको सत्यलाई अभिव्यक्त गर्ने माध्यम मानेका छन् । उनी साहित्यकारले कृतिमा आफू बाचेको युगको प्रतिबिम्ब उतारेको हुन्छ भन्दछन् । साथै यसलाई स्पष्ट पार्न उनले एउटा शताब्दी र अर्को शताब्दीको साहित्यलाई तुलना गरी एउटा युगमा एक प्रकारको र अर्को युगमा अर्को प्रकारको सामाजिक परिस्थिति रहेबाट यो कुरा स्पष्ट हुन्छ भनेका छन्  ( क्षेत्री, २०६४ :

२३ ) । लेखकले पक्कै पनि आफ्नो युग जीवन, परिवेशको महत्त्वपूर्ण विचार या मान्यतालाई अभिव्यक्त गरेको हुन्छ । कुन युग र समाजमा कस्तो किसिमको विचार प्रधान थियो भन्ने कुरा नजान्दा समाजशास्त्रीय अध्ययनको औचित्य पनि हुँदैन । दर्पणले मानवको प्रतिबिम्ब देखाए जस्तै साहित्यले पनि कुनै युग तथा समयको प्रतिबिम्बलाई प्रस्तुत गर्दछ । तसर्थ साहित्यको समाजशास्त्रीय अध्ययनमा युग वा क्षणलाई पनि अध्ययनको आधार बनाइएको छ ।

### २.६.३ परिवेश/पर्यावरण

साहित्यको समाजशास्त्रीय अध्ययनमा टेनले प्रजाति र युग जस्तै परिवेश वा वातावरणलाई पनि मुख्य आधारका रूपमा लिएका छन् । 'परिवेश' शब्दको पहिलो प्रयोग समाजशास्त्रीय अर्थमा बाल्जाकले गरेका हुन् र त्यसैबाट टेनले यसलाई अपनाएका हुन् (पाण्डेय, २००६ :१२३) । परिवेश सम्बन्धी उनको आशय मुख्यतः प्राकृतिक परिवेश भए तापनि यस अन्तर्गत सामाजिक परिवेशलाई पनि लिएका छन् (पाण्डेय, २००६ :१२५) । भौगोलिक वातावरणले साहित्यमा प्रभाव पार्ने गर्दछ । त्यसैले भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनुका कारण उत्तरका साहित्यमा दुःख, कष्ट, पीडा र भोकमरी पाइन्छ । त्यसैगरी दक्षिणको भौगोलिक संरचना अनुकूल हुनुका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति तथा हर्षोल्लास पाइन्छ भन्ने टेनको धारण रहेको छ (पाण्डेय, २००६ :१२६) । उनका अनुसार मान्छेका चारैतिर प्रकृति तथा समाज हुन्छ । त्यसैले ऊ संसारमा कहिले पनि एक्लो हुँदैन । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति तथा घटनाहरूबाट प्रभावित हुन्छन् । उनले मानव स्वभाव र प्राकृतिक परिवेशको बिच कार्यकारण सम्बन्ध कायम गर्ने कोसिस गरेका छन् र त्यसलाई आधार मानेर साहित्यका विशेषताहरूको व्याख्या गरेका छन् । यसलाई पुष्टि गर्न उनले युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँका बासिन्दाको स्वभाव बनेको छ र त्यही स्वभावको अभिव्यक्ति उनको संस्कृति, कला तथा साहित्यमा भएको छ भनेका छन् ।

टेनका विचारमा परिवेश सम्बन्धी सिद्धान्त साहित्यको कार्यकारण सम्बन्धलाई पूर्ण व्याख्या गर्ने सिद्धान्त हो (जैन, १९९२ : २४) । उनी परिवेश अन्तर्गत हावापानी तथा भूगोललाई महत्त्व दिन्छन् र साहित्यको सूक्ष्म विश्लेषणमा सामाजिक र राजनीतिक परिवेशलाई पनि साहित्यसँग जोड्ने प्रयास गर्दछन् (जैन, १९९२ :२५) । यसरी बाहिरी परिवेशले मान्छेलाई प्रभाव पार्दछ । त्यसैले साहित्यकार बाँचेको समाजको प्राकृतिक तथा सामाजिक प्रभाव साहित्यमा पनि पर्दछ । अतः साहित्यको समाजशास्त्रीय अध्ययनमा परिवेशलाई पनि मुख्य आधारका रूपमा ग्रहण गरिएको हो ।

### २.६.४ कार्यकारण सम्बन्ध

साहित्यको समाजशास्त्रीय अध्ययनमा टेन, मेडम डे स्टेल र रवर्ट स्कार्पिटले कार्यकारण सम्बन्धलाई अनिवार्य तत्त्व मानेका छन् । यिनले कृतिभित्र कार्यकारण सम्बन्धको खोजी गरेका छन् (घिमिरे, २०५८ : ९९) । कुनै पनि घटना घट्नुका पछाडि पनि केही न केही कारणहरू भए जस्तै साहित्यमा देखिएका घटनाहरू घट्नुको पछाडि पनि केही कारणहरू अन्तर्निहित हुन्छन् । साहित्यको मूल आधारको खोजी नै टेनको साहित्यिक समाजशास्त्रको प्रस्थान बिन्दु हो । टेन साहित्यिक कृतिहरूलाई सामाजिक तथ्य तथा घटनाहरू मान्दछन् र तिनका उत्पत्तिका कारणहरूको खोजी पनि गर्दछन् (पाण्डेय, २००६ :१२४) । टेनका अनुसार जसरी पाचन प्रक्रियामा मांशपेशीहरूको गतिशीलताको कारण हुन्छ । त्यसै गरी साहित्यमा सङ्गृहीत सामाजिक तथ्यहरूको पनि कारण हुन्छ । चाहे ती तथ्यहरू नैतिक या भौतिक होऊन् वा महत्त्वाकाङक्षा, साहस, सत्य आदि होऊन् ती सबैको कारण हुन्छ । यो नै टेनको कार्यकारण सम्बन्ध सम्बन्धी सिद्धान्तको धारणा हो ।

कृतिको रचना, विषयवस्तुको संयोजन र लेखकले दिने सन्देश एवम् भौतिक सामाजिक आदि पर्यावरण एक आपसमा अन्विति र व्यतिरेकका आधारमा आउँछन् । त्यसो भएकाले तिनीहरूको संघटन वा विघटनमा आउने नतिजालाई कार्य कारण अन्तर्गत खोज्न सकिन्छ (घिमिरे २०५८ :९९) । साहित्यकार केवल वस्तुतथ्यको यथार्थ चित्रण मात्र गर्दैन ऊ यथार्थको तथ्यात्मकताबाट अघि बढ्दछ र मानवीय यथार्थको पनि चित्रण गर्दछ । मानवीय यथार्थको चित्रण गर्दा साहित्यकार आफ्नो विचार तथा अनुभूति र कल्पनाको प्रयोग गर्दछ, विभिन्न तर्कहरू प्रस्तुत गर्दछ । यस क्रममा ऊ प्रत्यक्ष रूपमा घटनासँग कुनै कारणहरू पनि उल्लेख गर्दछ । यसरी साहित्य कार्यकारण सम्बन्धमा अनुबन्धित हुने गर्दछ । तसर्थ साहित्यको समाजशास्त्रीय अध्ययनमा कार्यकारण सम्बन्ध पनि आधार बनेको हो ।

### २.६.५ भाषा

साहित्यको समाजशास्त्रीय अध्ययनमा भाषालाई महत्त्व दिने व्यक्ति क्रिस्टोफर कड्वेल हुन् । भाषा समाजको उत्पादन हो । यसले विचार विनिमयमा माध्यमको काम गर्दछ । त्यसैले साहित्यमा प्रयुक्त भाषाको सहयोगमा साहित्यको समाजशास्त्रीय अधययन गर्न सम्भव भएको छ भन्ने उनको विचार छ (क्षेत्री, २०६४ :२१) । भाषा विचार विनिमयको माध्यम हो । तसर्थ मानिस लिखित रूपमा होस् वा मौखिक रूपमा आफ्नो अनुभव, अनुभूति वा विचारको सम्प्रेषणका लागि सशक्त माध्यमका रूपमा यसलाई प्रयोग गर्दछ । भाषा सामाजिक वस्तु हो । यसको प्रयोग समाजमा हुन्छ । समाजका मान्छेहरूबाट यसको प्रयोग तथा विकास हुन्छ । भाषाको माध्ययबाट नै व्यक्ति कुन देश, समाज वा जातिको हो भन्ने

कुरा समेत पहिचान हुन्छ । भाषा र समाजको बिचमा घनिष्ठ सम्बन्ध हुन्छ । भाषाका अनेक सामाजिक तथा प्रयोजनपरक भेदहरू हुन्छन् । यी मध्ये भाषाको भौगोलिक भेद पनि हुन्छ । विभिन्न जाति, लिङ्ग, समूह, शिक्षा, संस्कृति अनुसार समाजमा भाषिक प्रयोग भिन्न भिन्न रूपमा भएको हुन्छ । एक सफल साहित्यकार सामाजिक क्रियाकलाप सँगसँगै आफ्नो रचनामा पात्र अनुसारको भाषा प्रयोग गर्दछ ।

साहित्यमा पनि विभिन्न वर्ग, जात, धर्म, लिङ्ग आदि पात्रहरूको प्रयोग हुने भएकाले एक सक्षम कलाकारले पात्र अनुसार भाषिक दायित्व प्रदान गरेको हुन्छ । कुनै पनि साहित्यमा पात्र अनुसारको भाषा प्रयोग गर्नु सफल कलाकारको दायित्व मानिन्छ । कलाकारले साहित्यमा आफ्नो निजी भाषाको मात्र प्रयोग गरेको हुँदैन । ऊ आफ्नो वैयक्तिक भाषाबाट फैलिन्छ र अनेक जातजातिको भाषा, शिक्षित, अशिक्षितको भाषा, भौगोलिक परिवेशको भाषा आदिसम्म पुग्दछ । वस्तुतः साहित्यका प्रत्येक पात्र आफ्नै बोली बोल्दछन् । त्यस दृष्टिले साहित्यको भाषा लेखकको भाषाभन्दा फरक पात्रको भाषा बन्न पुग्दछ । सामान्यतया लेख्य भाषा मानक हुनु पर्दछ भन्ने मान्यता छ । यस्तो मान्यता भए पनि साहित्यमा यथार्थको साथसाथै कल्पनाले पनि प्रश्रय पाए झैँ कृतिमा मौलिकता दर्साउन, पाठकमा रोचकता थपेर रस निमग्न पार्न र कुनै समाजलाई जीवन्तता प्रदान गर्न पात्र मार्फत अनौपचारिक भाषाको समेत प्रयोग गरिन्छ । यसरी साहित्यिक कृति कुन समयको, कुन समाजको र कुन प्रयोजनका लागि हो भन्ने कुरा थाहा पाउन पात्रद्वारा प्रयोग गरिएको भाषा र लेखक स्वयम्को भाषालाई साहित्य अध्ययनको आधार मानिएको हो ।

### २.६.६ सामाजिक संस्कृति

मानिसले पैतृक तथा पुर्ख्यौली सम्पत्तिको रूपमा प्राप्त गरेको ज्ञान, कला, नैतिकता, व्यवहार आदि नै संस्कृति हुन् (क्षेत्री, २०६४ :२८) । मानिसले पूर्खाहरूबाट उपहारका रूपमा प्राप्त गरेको संस्कृतिलाई अबलम्बन गरेर अगाडि बढ्ने क्रममा कतिपय अन्धविश्वास तथा गलत संस्कृतिलाई पनि समेटेको हुन्छ । व्यक्तिहरू कतिपय संस्कृतिलाई अबलम्बन गर्न पनि नसक्ने र छोड्न पनि नसक्ने सङ्क्रमणको अवस्थामा हुन्छन् । साहित्यकारका पनि आफ्नै संस्कृति हुन्छन् । त्यसैले उसमा पनि यही नियम लागु हुन्छ । साहित्यकार आफ्नो संस्कृति र समाजका विभिन्न वर्ग तथा जनजातिको संस्कृतिको प्रभावलाई आत्मसात् गर्दछ । त्यसो हुनाले समाजका भिन्न भिन्न खालका संस्कृतिलाई पनि साहित्य अध्ययनको मापदण्ड बनाइनु पर्दछ ।

रेमन्ड विलियम्सका मतमा संस्कृतिको महत्त्वलाई आत्मसात् गरेर सृजना गर्ने लेखक नै महान् हुन्छन् । उनीहरूको लेखन वर्तमानका निम्ति प्रासङ्गिक भए पनि भविष्यका निम्ति

भने सार्थक र महत्त्वपूर्ण हुन्छ । उनी सम्पूर्ण सांस्कृतिक प्रक्रियालाई एउटा सम्प्रेषण व्यवस्था मान्दछन् (क्षेत्री, २०६४ : ३२) । संस्कृति समाजबाट प्राप्त हुने विषय हो । यो एउटा पिँढीबाट अर्को पिँढीमा हस्तान्तरित हुँदै आएको हुन्छ । भौतिक स्तरमा सबैभन्दा समृद्ध रहेका कला तथा साहित्यिक उपलब्धी संस्कृतिका उपज हुन् । संस्कृतिबाट नै मान्छेले कला साहित्यको सृजना गर्ने अभिप्रेरणा प्राप्त गर्दछ ।

संस्कृति वस्तुतः मानव जातिको आन्तरिक गुणको समष्टि हो । मानवको भावना, विचार र व्यवहार संस्कृतिका मूल आधार हुन् । जब संस्कृति शक्तिको रूपमा प्रकट हुन्छ तब त्यसले सृजनात्मक आनन्दको रूप ग्रहण गर्दछ र साहित्यको सिर्जना हुन पुग्दछ । साहित्य र संस्कृतिका बिच घनिष्ट सम्बन्ध हुन्छ । वस्तुतः संस्कृति मानवको श्रेष्ठतम संस्कार हो । शब्द, स्वर, रेखा, रङ, प्रतीक आदिका सहायताबाट साहित्यकारले जुन कुरा व्यक्त गरेको हुन्छ त्यो कुरा संस्कृतिको अङ्ग विशेष हो । यो सामाजिक परम्परा तथा लिखित वा मुद्रित शब्दका माध्यमबाट पनि हाम्रो सामुन्ने उपस्थित भएको हुन्छ । संस्कृतिको परिधि विशाल छ । साहित्य त्यसको एउटा अङ्ग मात्र हो । त्यसैले संस्कृति बाह्य प्रकट हुने विविध माध्यममध्ये साहित्य पनि एक विशिष्ट माध्यम हो ।

धर्म, परम्परा, आस्था र विश्वास नै संस्कृति हुन् । संस्कृति पर्यावरणबाट मानवले निर्माण गरेको वस्तु हो । मानव जीवन प्राकृतिक पर्यावरण र सामाजिक पर्यावरण गरी दुई पर्यावरणसँग सम्बन्धित हुन्छ (क्षेत्री, २०६४ :२९) । यसरी समाजमा मानिसले निर्माण र विकसित गरेका धर्म, नैतिकता, रीतिरिवाज, लोकाचार आदि नै मानिसका संस्कृति हुन् । कला साहित्यको अध्ययन पश्चात् कुनै पनि संस्कृतिको प्रतिबिम्ब प्राप्त हुन्छ । संस्कृतिको अध्ययनको स्रोतमा कला साहित्यको महत्त्व धेरै हुन्छ । समाजका संस्कृति साहित्यमा के कसरी आएका छन् र कुन समयमा कस्तो संस्कृति प्रचलित थियो भन्ने कुरा पहिचान गर्न कला साहित्यले सहयोग गर्दछ । त्यसैले संस्कृतिलाई पनि साहित्य अध्ययनको आधारका रूपमा स्वीकार गरिएको छ र यो समाजशास्त्रीय अध्ययनको एउटा आधार हो ।

### २.८.७ अनुभूतिको संरचना

अनुभूतिको संरचनालाई साहित्य अध्ययनको मापदण्ड बनाइनु पर्दछ भन्ने व्यक्ति रेमन्ड विलियम्स हुन् । उनी ब्रिटिस नवमार्क्सवादी समालोचक हुन् (घर्ती, २०६८ :२३६) । उनका अनुसार विश्वास, व्यवस्था, संस्था, व्यक्त सामान्य सम्बन्ध अर्थात् विचारबाट पर जो चेतनामा हुन्छ त्यही अनुभूतिको संरचना हो (पाण्डेय, २००६ :१८४) । उनका अनुसार लेखनमा समाजसँग संस्कृतिको जीवन्त अनि सिर्जनात्मक सम्बन्धको व्याख्यामा मद्दत गर्ने केन्द्रीय धारणा अनुभूतिको संरचना हो । उनले अनुभूतिको संरचना पदावली प्रचलित

मार्क्सवादी साहित्यिक तथा सांस्कृतिक व्याख्याको पद्धतिलाई चुनौती दिन त्यसको विकल्पको रूपमा प्रयोग गरेका हुन् । उनले अनुभूति शब्दको प्रयोग विचारधारा जस्ता स्थापित अवधारणाबाट भाग्नका लागि गरेका हुन् । अनुभूतिहरू अनियमित नभएर अन्तःसम्बन्धित ढाँचामा बनेको हुँदा विलियम्सले संरचनामा जोड दिएका हुन् । अनुभूति विचारको विरोधीका रूपमा नभएर विचार अनुभूतिका रूपमा र अनुभूति विचारका रूपमा उपस्थित हुन्छन् ( घर्ती, २०६८ :२३७) ।

साहित्यकार समाजको द्रष्टा मात्र हुनु पर्याप्त हुँदैन । उसका निम्ति उसले अनुभव गरेका विषयलाई कलात्मक शब्दका माध्यमले अभिव्यक्त गर्नु स्रष्टाका निम्ति आवश्यक हुन्छ । स्रष्टा कुनै पनि वस्तु तथा घटनालाई देख्छ त्यस घटना तथा वस्तुप्रति संवेदनशील हुन्छ अनि त्यसमा लीन भएको अवस्थामा प्राप्त अनुभूतिबाट साहित्यको सिर्जना गर्दछ । कलाकार आफ्नो भाव वा विचारलाई मूर्त रूप दिने क्रममा पात्रका रूपमा प्रस्तुत गरिएका चरित्रबाट सामाजप्रति आफ्नो अनुभूति प्रकट गर्दछ । लेखकको अनुभूति पात्रको संवादमा प्रच्छन्न रूपमा प्रयोग हुन्छ । लेखक पात्रमार्फत आफ्नो भाव वा अनुभूतिको प्रक्षेपण गर्दछ । लेखकले कुनै घटना वा तथ्यलाई कृतिमा अनुबन्धित गरेको हुन्छ । लेखकको प्रतिभा र चेतना कृतिमा समावेश भएको हुन्छ । स्रष्टा सामाजिक जीवनबाट घटना वा तथ्यहरू लिने गर्दछ तर त्यसलाई यथावत् अङ्कन भने गर्दैन । उसले ती घटना वा तथ्यसँग मानवीय संवेदना तथा अनुभूतिलाई पनि समायोजन गरेको हुन्छ । विलियम्सले साहित्य र समाजको सम्बन्ध खोज्दा त्यसमा यस्तो कुरा बाँकी रहन्छ जसलाई बाह्य कुनै वस्तुसित जोड्न मुस्किल हुन्छ भन्दै त्यसलाई अनुभूतिको संरचना मानेका छन् । विश्वदृष्टिको धारणामा साहित्य सिर्जनामा कल्पनाको कुनै स्थान छैन भने अनुभूतिको संरचनामा कलाकारको कल्पना शक्ति र संवेदनालाई महत्त्व दिइएको छ (क्षेत्री, २०६४ :४४) ।

साहित्यकार आफ्ना रचनामा सामाजिक यथार्थको प्रतिबिम्ब मात्र व्यक्त गर्दैन, त्यसको पुनः रचना पनि गर्दछ । त्यस रचनामा लेखकको कल्पना र समाजप्रतिको संवेदना तथा भावना प्रकट भएको हुन्छ । त्यसलाई बुझ्नका लागि साहित्यको समाजशास्त्रीय अध्ययनमा साहित्यकारको कल्पनाको विषयलाई बुझ्न आवश्यक छ । विलियम्स अनुभूतिको संरचनालाई संवेदनाको संरचना भन्न रुचाउँछन् । उनका अनुसार वास्तवमा कलाकारले कुनै पनि विषयलाई संवेदनशील भई हेर्दछ तथा अनुभूत गर्दछ । संवेदना तथा सहानुभूतिद्वारा नै कुनै निरीह प्राणी तथा दुःखद् परिस्थितिमा रहेका व्यक्तिहरूप्रति मान्छेमा भावना पैदा हुन्छ । यही भावनाले मूर्तरूप प्राप्त गर्दा कला तथा साहित्यको जन्म हुन्छ । साहित्यकारको कल्पना तथा भावना कुनै हावामा उडेको वस्तु होइन । त्यो समाजको

ज्ञानात्मक तथा इतिहासको बोधबाट उत्पन्न हुने विषय हो । विलियम्सले अनुभूतिको संरचनाको माध्यमबाट रचनाकारको वैयक्तिक तथा आत्मपरक पक्षतर्फ सङ्केत गरेका छन् ।

साहित्यकारले गरेको समाजको अनुभूतिबाट उसको वैयक्तिकताको प्रकटीकरण हुन्छ । विलियम्सका मतमा अनुभूति सिक्ने कुरा होइन । त्यो मानिसको अचेतनको गतिशील प्रक्रिया हो र मानिसको एक काल विशेषको जीवनानुभव हो । तसर्थ यो पुर्खा तथा पिँढीबाट प्राप्त हुने विषय होइन (क्षेत्री, २०६४ :४५) । यसरी साहित्य अध्ययनमा समाज, पाठक, साहित्यकारको उत्तिकै महत्त्व रहेको छ । तसर्थ साहित्यकार र तत्कालीन समाजको समाजप्रतिको वा विश्वप्रतिको धारणा, मान्यता वा बुझाइलाई पहिचान गर्ने अनुभूतिको संरचनालाई पनि कृति अध्ययनको आधारका रूपमा स्वीकार गरिएको हो

## २.६.८ विश्वदृष्टि

साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति विश्वदृष्टिलाई सैद्धान्तिक मापदण्डका रूपमा विकसित गर्ने व्यक्ति लुसिएँ गोल्डमान हुन् । उनी मार्क्सवादबाट प्रभावित चिन्तकका रूपमा चिनिन्छन् । मार्क्सवादबाट प्रभावित भए पनि उनले मार्क्सवादको वर्गसङ्घर्ष र वर्ग चेतना सम्बन्धी मान्यतामा फरक दृष्टि राखेका छन् र आफ्नो साहित्य सम्बन्धी चिन्तनलाई समाजशास्त्रीय स्वरूप दिने काम गरेका छन् । समाजशास्त्र सम्बन्धी उनको सिद्धान्तलाई उत्पत्तिमूलक संरचनावाद भनिन्छ । यसभित्र साहित्य अध्ययनका विभिन्न आधारहरू पनि छन् । ती मध्ये विश्वदृष्टि उनको सबैभन्दा प्रमुख मान्यता हो (पाण्डेय, २०५८ : २०) । उनका अनुसार प्रत्येक कृति कुनै लेखकको रचना हो । त्यसले लेखकको विचार तथा चेतनाको अभिव्यक्ति गर्दछ । ती विचार तथा चेतना लेखकको समाज तथा त्यस वर्गका अन्य व्यक्तिहरूको व्यवहार र चिन्तनबाट प्रभावित हुन्छन् । यसरी लेखककै समुदायका विचार, भावना, चेतना आदि कुराहरू लेखकको विचारसित अन्वित हुन्छन् र विश्वदृष्टिको विकास हुन्छ (क्षेत्री, २०६४ :४६) । गोल्डमान के भन्छन्. भने साहित्यिक कृतिले सामूहिक चेतना वा परावैयक्तिक चेतनालाई अभिव्यक्त गर्दछ । त्यसैले त्यो लेखकको निजी निर्मिति हुँदैन । त्यसमा त्यस वर्ग वा समुदायका अन्य व्यक्ति पनि सहभागी हुन्छन् । उनी साहित्यमा व्यक्त विचारको स्वरूपलाई लेखकको वर्ग वा समूह तथा लेखकको समाजका अन्य व्यक्तिहरूको विचार अनि भावनासँग जोडेर बुझ्नु पर्दछ भन्ने मान्दछन् ।

कुनै पनि लेखकको मानसिकतालाई प्रभावित पार्ने त्यहाँका वर्ग वा समूहको अन्तर्वैयक्तिक सम्बन्धबाट एउटा विशेष प्रकारको विचार तथा चेतनाको विकास भएको हुन्छ । यसै कारण साहित्यकारले कृतिमा व्यक्त गरेको विश्वदृष्टिको संरचना लेखकको निजी निर्माण तथा सिर्जना मात्र होइन । त्यो लेखकका वर्गका अन्य व्यक्तिहरूबाट प्रभावित हुन्छ ।

लेखकले कृतिमा व्यक्त गरेको विश्वदृष्टिमा लेखकको समाजका वर्ग वा समूहको सहभागिता रहेको हुन्छ । गोल्डमानका मतमा समूहको चेतना नै विश्वदृष्टि हो । त्यसैले एउटा वर्ग वा समूहको सम्भावित चेतनाले नै विश्वदृष्टिको निर्माण गर्दछ । त्यसको अभिव्यक्ति धर्म, दर्शन, कला र साहित्यमा भिन्न भिन्न रूपमा व्यक्त भएको हुन्छ ।

एउटा वर्ग वा समूहको जीवन जगत्का बारेमा साहित्यमा व्यक्त भएको लेखकको सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यो रचनामा धारणा र कल्पनाका माध्यमबाट व्यक्त भएको हुन्छ । साहित्यमा व्यक्त विश्वदृष्टिको खोजीबाट कुनै पनि समाजका मानिसहरूको वर्गीय वा सामूहिक भावनालाई समग्ररूपमा बोध गर्न सकिन्छ । साहित्यकारले आफ्नो कृतिमा आफूलाई मात्र नभएर समाजको व्यवहार तथा प्रवृत्तिलाई पनि व्यक्त गरेको हुन्छ । त्यसो हुँदा कुनै पनि कला वा कृतिको व्याख्या व्यक्तिगत भावनाका आधारमा गर्न सकिँदैन । समाज तथा समूहको विषय व्यक्ति होइन यो त सामाजिक सम्पूर्णता हो । त्यसैले साहित्यलाई समूह चेतनाको संरचनाका सन्दर्भमा बुझ्नु पर्दछ । यो विश्वदृष्टि एउटा निश्चित काल खण्डमा एउटा वर्गको विचार, अनुभूति र व्यवहारको समग्रतामा प्रकट हुन्छ । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहित हुन्छ । त्यो दर्शन, कला र साहित्यमा अभिव्यक्त हुन्छ । त्यसैले यसको खोजको आरम्भ वर्गबाट नभई कृतिबाट हुन्छ भन्ने मत गोल्डमानको छ ।

गोल्डमान के भन्दछन् भने कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्र संरचित संसारको संरचनाको समानधर्मिता हुन्छ । यसलाई संरचनाको समान धर्मिता पनि भनिन्छ । महान् रचनामा यो समानधर्मिता सबभन्दा बढी हुन्छ । त्यसैले उनका विचारमा साहित्यको समाजशास्त्रीले यही समानधर्मिताको खोजी गर्नु पर्दछ (पाण्डेय, २०६८:२१) । उनी लेखकको अभिप्राय र लेखकमाथि परेको प्रभावलाई माध्यमसम्म मात्र मान्दछन् र त्यसलाई कृति मूल्याङ्कनका लागि त्यति महत्त्व दिँदैनन् । उनी एक जना व्यक्तिको अनुभव ज्यादै सीमित र सङ्कुचित हुन्छ । त्यसैले यसबाट सार्थक मानसिक संरचना अथवा विश्वदृष्टिको विकास सम्भव हुँदैन । विश्वदृष्टिको रचना एउटा सामाजिक वर्गले लामो समयमा गर्दछ । यसर्थ रचनामा यसको अध्ययन आवश्यक हुन्छ भन्दछन् ।

एउटा साहित्यकारले आफ्नो साहित्य तथा कलाको माध्यमबाट कुनै पनि वर्ग वा समूहको विश्वदृष्टिको विकास गरेको हुन्छ । समूहको चेतना नै विश्वदृष्टि हो । यो वर्गीय र जातीय रूपमा अभिव्यक्त भएको हुन्छ । साहित्यमा पनि जाति र वर्गको उपस्थिति हुने भएकाले यसलाई साहित्य विश्लेषणको आधारका रूपमा स्वीकार गरिएको हो ।

## २.७ निष्कर्ष

साहित्यको समाजशास्त्रका बारेमा गरिएको यस सैद्धान्तिक अनुशीलनबाट निम्न निष्कर्ष निकाल्न सकिन्छ । साहित्यको समाजशास्त्र साहित्यिक समालोचनाको एउटा पद्धति हो । यो समाजशास्त्रीय पद्धतिमा आधारित छ । यसले साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्दछ । यसको विकास सँगसँगै विभिन्न दृष्टिकोण र मान्यताहरू पनि विकास हुँदै आएको पाइन्छ । यो सिद्धान्तका प्रत्यक्षवादी र मीमांसावादी गरी मुख्यतः दुई धाराहरू रहेका छन् । साहित्यलाई समाजको दर्पण मान्ने सिद्धान्त प्रत्यक्षवादी सिद्धान्त हो । यसले समाजको बाह्य पक्षको मात्र अध्ययन गर्दछ । मीमांसावादी सिद्धान्तले भने समाजको आन्तरिक पक्षको विश्लेषण गर्दछ । यसका साथै यसले साहित्यमा अन्तरनिहीत मूल्यको प्रकृतिलाई पनि स्पष्ट पार्दछ । साहित्यको समाजशास्त्रले साहित्यमा सामाजिक क्रियाकलाप, सामाजिक संरचना र सामाजिक संस्थाहरूको खोजी गर्दछ । यसले साहित्यमा प्रयुक्त चरित्रका आधारमा साहित्यको समाज पत्ता लगाउँछ । यतिमात्र नभएर यसले साहित्यिक समाजमा कुन जाति वा वर्गका मानिस छन्, लेखक बाँचेको पर्यावरण कस्तो छ, तत्कालीन सामाजिक वर्ग व्यवस्था कस्तो छ भन्ने जानकारी समेत गराउँछ । साहित्यमा प्रयुक्त विचार र पात्रका भाषाको माध्यमबाट तत्कालीन भाषा र संस्कृतिको समेत ज्ञान हुन्छ ।

साहित्यको समाजशास्त्रीय अध्ययनबाट साहित्य सिर्जना हुँदाको राजनीतिक, सामाजिक, आर्थिक क्रियाकलापको जानकारी प्राप्त हुन्छ । साहित्यकारको विचार, अनुभूतिको जानकारी समेत समाजशास्त्रीय अध्ययनबाट मिल्दछ । यसका साथै साहित्यमा प्रयुक्त विचारका आधारमा सामाजिक व्यक्तिहरूको विश्वदृष्टिको खोजी र पहिचान गर्ने काम पनि यस अध्ययनमा हुन्छ । यसले तत्कालीन सामाजिक भाषा तथा भाषिकाको खोजी समेत गर्दछ । साहित्यको समाजशास्त्र साहित्यमा समाजको खोजी गर्ने शास्त्र हो । यसो भएकाले साहित्यको समाजशास्त्रीय अध्ययनले समाजको जाति, वर्ग, समुदाय, विचार, चेतना, सामाजिक, राजनीतक, आर्थिक आदि अवस्थाबारे थाहा पाउनु पर्दछ । यी कुरा थाहा पाउनको लागि जाति, युग वा क्षण, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूति संरचना र विश्वदृष्टिलाई साहित्य अध्ययनको मुख्य आधार बनाइएको छ । साहित्य सिर्जना तथा समालोचना आफैमा एउटा जटिल तथा विशिष्ट कार्य हो । यसर्थ उल्लिखित आधारहरू मात्रै साहित्य अध्ययनका लागि पर्याप्त हुँदैनन् । त्यसो भएको हुँदा ती बाहेक साहित्यमा सामाजिक संरचना, मनोविज्ञान, सामाजिक इतिहास आदिलाई पनि मापदण्ड बनाउन सकिन्छ, तर यसरी मापदण्ड बनाउँदा अध्ययनका आधारहरू अनगिन्ती हुन सक्छन् । त्यसैले प्रजाति, क्षण वा युग, पर्यावरण, सामाजिक संस्कृति, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिले सामान्यतया समाजका हरेक परिवेशलाई समेट्न सक्ने हुँदा यिनै कुरालाई समाजशास्त्रीय अध्ययनको आधार बनाइनु उपयुक्त हुन्छ ।

## तेस्रो परिच्छेद

# प्रजाति, क्षण तथा परिवेशका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण

### ३.१ विषय प्रवेश

साहित्यको समाजशास्त्रीय समालोचनात्मक प्रणालीका साहित्य विश्लेषण गर्ने विविध आधारहरूमध्ये प्रजाति, क्षण र परिवेश महत्त्वपूर्ण आधारहरू हुन् । साहित्यकार समाजको सदस्य भएको हुँदा उसले आफ्ना रचनामा समाजको प्रतिबिम्बलाई चित्रण गरेको हुन्छ । यस क्रममा उसले रचनामा आफ्नो समाजका प्रजातिगत विशेषता भएका व्यक्ति वा समूहलाई भिन्न भिन्न तरिकाले प्रस्तुत गरेको हुन्छ । प्रजाति अन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता मानसिक बनावट शारीरिक संरचना आदि पर्दछन् । क्षण भनेको साहित्यकारले साहित्यमा अभिव्यक्त गरको युगको प्रतिबिम्ब हो भने परिवेश अन्तर्गत जलवायु तथा भूगोलका साथै समाजिक, राजनीतिक, आर्थिक अवस्था र तिनले मानिसमा पारेको मानसिक पर्यावरण अर्थात मनोवैज्ञानिक पक्ष पर्दछन् । साहित्यको समाजशास्त्रीय अध्ययनले साहित्यिक कृतिमा यी कुराको खोजी गर्दछ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा सामाजिक यथार्थवादी कथाकार विकलको **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूलाई प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

### ३.२ प्रजातिका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

प्रजाति छुट्याउँदा कथामा कथाकारले स्पष्ट रूपमा जात उल्लेख गरेको भए त्यसको आधारमा र सो नभए पात्रको शारीरिक बनावट र वंशानुगत स्वभाव, भाषा, संस्कार आदिलाई आधार मान्ने गरिन्छ । रमेश विकल सामाजिक यथार्थवादी कथाकार हुन् । यस क्रममा यिनले समाजका यथार्थलाई कथामा उतार्दा विभिन्न प्रवृत्ति बोकेका विभिन्न संस्कार तथा भाषा भएका व्यक्तिहरूलाई  स्थान दिएका छन् ।

विकलद्वारा रचित **नयाँ सडकको गीत** सङ्ग्रहमा सङ्गृहीत 'भन्ज्याङको चौतारो' कथामा प्रयुक्त पात्रहरूमा स्पष्ट रूपमा कुनै पनि प्रजातिको उल्लेख भएको पाँइदैन । यस कथामा रहेको बले नाम गरेको पात्रको शारीरिक बनावट, लवाइ, खवाइ तथा पहाडको ठिटो प्रदेशमा गएर लाहुरे बनेर आएको वर्णनले ऊ क्षेत्री प्रजातिको पात्र हो भन्न सकिन्छ । कथामा कथाकारले लाहुरबाट फर्केको बलेको चित्रण यसरी गरेका छन्-

> खाकी जिनको कट्टु त्यसमाथि खाकी रङकै ऊनी जर्सी रातो मखमलको फिताले बाँधेर कम्मरमा भिरेको सिकारी खुकुरी, कम्मरपेटीमा झुन्डिएको अमेरिकन टर्च लाइट, घुँडा मुनिमुनिसम्म आउने रातो रङको जुराफ अनि चौबिस पच्चिसको उमेरको ग्वाँचेग्वाँचे जिउडाल, फुकेको छाती, कस्सिएका पिडौँला, गहुँगोरो अनुहार थेप्चे नाक, अब बले पुरै लाहुरे देखियो भर्खर देशबाट घर फर्केको लाहुरे (पृ.१) ।

यस उद्धरणबाट बलेको शारीरिक बनावटका दृष्टिले ऊ मङ्गोलियन प्रजातिको जस्तो पनि देखिन्छ तर उसको बोलीमा मङ्गोलियन प्रभाव पाइँदैन । लाहुरबाट फर्केको बलेले भन्ज्याङको चौतारोमा जाँड बेचि रहेकी सुनौली कान्छीलाई भनेको निम्न अभिव्यक्तिबाट यसको पुष्टि हुन्छ- “के छ हो हालचाल तिमी त जस्ताकी तस्तै रैछौ” (पृ.२) । यसबाट बले क्षेत्री प्रजातिको पात्र हो भन्न सकिन्छ । पातली यस कथाकी प्रमुख नारी पात्र हो । बलेले उसलाई ल्याइदिएको कपडाको लेखकीय वर्णनबाट ऊ पनि क्षेत्री प्रजातिकी पात्र हो भन्ने कुरा अनुमान गर्न सकिन्छ-“बले बाबु आमाबाट लुकाएर उसको निम्ति राम्रा राम्रा टीका, चुरा, धागो, ऐना, बट्टा ल्याइदिन्थ्यो । अनि कहिले गौनको राम्रो बुट्टा भएको फरिया, साटनको चोलो ल्याइदिन्थ्यो । पातलीलाई राम्रो बुट्टा भएको गौनको फरिया खुब मन पर्थ्यो” (पृ.५) । यसै गरी कालो कालो वर्णको, ज्यानमारा खोर्सानीका जस्ता पिरा आँखा भएको, जरखरिएका जुँघाका रौँ भएको पातलीको दोस्रो श्रीमान्को शारीरिक बनावट र रिसाहा स्वभावबाट ऊ पनि क्षेत्री प्रजातिको पात्र हो भन्ने बुझिन्छ ।

प्रस्तुत कथामा उल्लेखित पात्रका अतिरिक्त अन्य सुनौली कान्छी, सुबिदार, बले झाँक्री, बाटुली, पहेँला घरे भगवती, फुलमतीको छोरो जस्ता पात्रहरू पनि छन् । यिनीहरू ग्रामीण समाजका पात्र भए पनि बले झाँक्रीको जात थरबाट स्पष्ट हुन्छ भने अन्यको बारेमा जात छुट्याउन सकिने कुनै आधार कथामा छैन ।

‘प्रतिहिंसा’ कथामा हर्के, पुतली, माथिघरे मट्याङ्ग्री, राताघरे सान्नानी, पल्लाघरे ढकाल्नी बज्यै, चाउरे मगर नाम गरेका पात्रहरू आएका छन् । हर्के यस कथाको मुख्य पात्र हो । अर्कैसँग बिहे गरी गएकी श्रीमती फर्केर आउँदा उसले श्रीमतीलाई “कल्ले भनेर, के आँटले मरिस फेरि यो घरमा ? तँलाई गिँडिद्यूँ म एकै छप्कामा ? मलाई तैँले नामर्द छेरुवा देखिस् कि कसो ? वीरे खत्रीको छोराका ओँठमाथि जुँघा अझै छन् बुझिस्” (पृ.२३) भनेर हपारेको छ । यसमा उसले आफूलाई वीरे खत्रीको छोरो भनेको हुँदा हर्के क्षेत्री प्रजातिको पात्र हो । पुतली हर्केकी श्रीमती हो । उसको स्पष्ट रूपमा जात उल्लेख भएको छैन । यस्तो भए तापनि एक ग्रामीण विवाहित क्षेत्री युवतीले लगाउने पोसाक लगाएको र हर्केसँग विवाह भएको हुँदा ऊ पनि क्षेत्री प्रजातिकी पात्र हो भन्न सकिन्छ ।

यस कथामा ढकाल्नी बज्यै र चाउरे मगर जस्ता स्पष्ट रूपमा थर खुलेका पात्र रहेका छन् । हर्केकी स्वास्नी अर्कैसँग पोइल गएपछि लेखकले एक्लो बनेको छोराप्रति सहानुभूति दर्साउने क्रममा ढकाल्नी बज्यैका बारेमा कथामा यस्तो प्रसङ्ग उल्लेख गरेका छन्- "ढकाल्नी बज्यैको स्वरमा साँच्चै नै गहिरो आत्मीयताको आभास हुन्थ्यो । केटाकेटी अवस्थादेखि नै आत्मीय स्वजनहरूबाट चुँडिएकी अनि सौभाग्य सिँदुर पुछिएकी यी तरुनी बाहुनीको मन साँच्चैनै सहानुभूति, प्रेम र आत्मीयता पोख्न सर्वदा उम्लिरहन्थ्यो" (पृ.१५) । लेखकको ढकाल्नी बज्यैप्रतिको यस भनाइबाट उनी विधवा ब्राह्मण प्रजातिकी नारी पात्र हुन् भन्ने स्पष्ट हुन्छ । यसै गरी चाउरे मगर हर्केकी श्रीमतीलाई लैजाने पात्र हो । यसबाट हर्के ऊसँग रिसाएर "त्यो चाउरे मगर भन्दा म के कुरामा कम्ती छु" (पृ. १५) भन्दै उसको अनुहारलाई सम्झेको छ जसबाट चाउरे मगरको प्रजाति अझ स्पष्ट हुन पुगेको छ-"कालो कालो छ्याकटे अनुहारमा टम्म मिलेका दाँत, मिल्के र धूर्त आँखा खुम्च्याएर हाँस्दा मोहनी नै लाउने अनि चिपुच्याल्लै पारेर कोरेको जुल्फी, त्यसमाथि ढलक्क ढल्काएर लाएको तेलैतेलले घेरो भिजेको टोपी अनि टिनिक्क कस्सिएको सुरुवाल देख्यो" (पृ.१९) । यस भनाइबाट चाउरे मगर माङ्गोलियन प्रजातिको पात्र हो भन्ने कुरा स्पष्ट भएको छ ।

'लाहुरी भैँसी' कथामा ग्रामीण समाजको यथार्थ चित्रण भएको छ । यस कथामा लुखुरे, घैँटी जस्ता निम्न आर्थिक अवस्था भएका पात्र र तिनलाई शोषण गर्ने द्वारे बा जस्ता शोषक सामन्त वर्गका पात्रको प्रयोग गरिएको छ । यस कथाका प्रमुख पात्र लुखुरे र घैँटीको स्पष्ट रूपमा जात छुट्याउने आधार पाइँदैन । तसर्थ उनी ग्रामीण नेपाली समाजका निम्न आर्थिक अवस्था तथा अशिक्षाले गर्दा शोषित पीडित वर्गका प्रजातिगत विशेषता बोकेका पात्र हुन् । द्वारे बा यस कथाको उच्च वर्गीय चरित्रको प्रतिनिधित्व गर्ने पात्र हो । उसको एक मात्र उद्देश्य गाउँका सिधासाधा अशिक्षित वर्गलाई आफ्नो शोषणको चङ्गुलमा पारी फाइदा लिने रहेको देखिन्छ । उसलाई रामवीरेले खुट्टामै शिर टेकाएर ढोगिदिएको छ- "रामवीरे बडबडाउँदै द्वारे बाका आँगननिर उक्ल्यो, द्वारे बाका गोडामा पुर्पुरो टेकायो" (पृ.२५) । यसै गरी लुखुरेले पनि द्वारे बाको घरमा गाउँका बुज्रुकहरू बसेको बेलामा यसरी नै ढोगिदिएको छ- "द्वारे बाको घरमा गाउँभरिको टीका टिप्पणी भइरहेको बेला अँध्यारो मुख लगाएको लुखुरे आयो, द्वारे बाका गोडामा शिर टेकायो र एक छेऊमा साह्रै डराए झैँ बस्यो" (पृ. ३२) । कथामा द्वारे बालाई गाउँका सबैले बा भनेर सम्बोधन गरेको पाइन्छ । यसरी उसको पाउमै खुट्टा राखेर ढोगि दिने र सबैले बा भनेर सम्बोधन गरी बोलाउने प्रचलनले ऊ ग्रामीण समाजको ब्रह्मण प्रजातिको पात्र हो भन्ने अनुमान गर्न सकिन्छ ।

प्रस्तुत कथामा आएका रामवीरे घर्ती, घमाने, खुलाल, ज्याम्दीका ढकाल, नेपाल बाहुन, कान्छी घर्तिनी, बुढाथोकी, सीताराम पण्डित अन्य पात्रहरू हुन् । यिनमा रामवीरे

घर्ती, कान्छी घर्तिनि तथा बुढाथोकी लेखकले प्रयोग गरेका थरबाट स्पष्ट रूपमा चिन्न सकिने क्षेत्री प्रजातिका पात्र हुन् भने सीताराम पण्डित, ज्याम्दीको ढकाल, नेपाल बाहुन ब्राह्मण प्रजातिका पात्र हुन् । यसरी ग्रामीण समाजको यथार्थ चित्रण गर्ने क्रममा विकलले प्रस्तुत कथामा निम्न तथा उच्च वर्गका ब्राह्मण, क्षेत्री प्रजातिका पात्रको प्रयोग गरेका छन् ।

यस्तै अर्को 'नयाँ सडकको गीत' कथामा अन्धो माग्ने, उसकी श्रीमती सानी, सिपाही, बटुवाहरू तथा पसले साहुजी नामका पात्रहरू रहेका छन् । यो सीमित चरित्र भएको कथा हो । माग्ने सिपाही र पुलिसको क्रूरता र अश्लील व्यवहारको प्रताडनाले आजित भएर जीवन धान्न नसकी आफूले माग्दै आएको ठाउँ छोडी अन्यत्र लागेको छ । अन्धो माग्नेका माध्यमबाट अपाङ्ग नेपालीहरूको यथार्थ चित्रण यस कथामा गरिएको छ । यसर्थ यस कथाको स्रोत सामाजिक यथार्थ रहेको छ । यस कथामा कुनै पनि पात्रमा स्पष्ट रूपमा कुनै जातिमा पाइने विशेषता पाइँदैन । कथाको प्रमुख पात्र अन्धो माग्नेले काठमाडौँको नयाँ सडकमा बसेर ग्रामीण भाषामा बटुवासँग पैसा मागेको छ- "भारी भारी धर्म होस्, जय कल्याण होस, गुजेकाली माई दखिनकाली माईले रक्षे गरुन् ! बज्रजोगीनी माई, लुमणी माई ...भारी भारी.." (पृ.३५) । यसै गरी अन्धो माग्नेकी श्रीमती सानी कथाकी प्रमुख नारी पात्र हो । ऊ सानी, गोरी, बान्की परेको अनुहार, राता र पातला ओँठ भएकी चिनिया पुतली जस्ती छे । उसको यही रूप देखेर सिपाही र पुलिसले जिस्काउने गरे पनि उसले त्यसको प्रतिकार स्वरूप लजाउने बाहेक केही गर्न सकेकी छैन । उसले लगाउने पोसाकमा पनि ग्रामीण युवतीले लगाउने पोसाकको झल्को आउँछ । उसको श्रीमान् अन्धोले सानीले लगाएको कपडाको बारेमा भनेको निम्न भनाइबाट यो कुरा पुष्टि हुन्छ - "तेरो चोलो, फरिया कति वर्ष भयो हँ सानी ?" (पृ.४२) । यसरी अन्धो माग्नेको बोली तथा सानीको स्वभाव र उसको पहिरनबाट विकलले यस कथामा ग्रामीण नेपाली समाजका प्रजातिबाट पात्र लिएर यो कथाको निर्माण गरेका हुन् भन्न सकिन्छ ।

'बिहानीपखको बत्ती' कथामा शारदा र उसको बिरामी श्रीमान् प्रमुख पात्रका रूपमा रहेका छन् । यिनीहरू यस कथामा मध्यम वर्गीय शिक्षित पात्रका रूपमा आएका छन् । यो कथा शारदा र उसको श्रीमान्को घटनामा आधारित एक रातको समयलाई लिएर लेखिएको भए तापनि स्मरणका रूपमा तिन वर्ष अगाडि भएको यी दुई पात्रको विवाहलाई पनि सङ्क्षिप्त रूपमा लिइएको छ- "जग्गेमा अग्नि शिखा प्रज्वलित छ, वेदध्वनिले वातावरण गुञ्जित छ । अनेक अनेक विधि विधानको माझमा शारदालाई आफ्नो बगलमा बसेको तर त्यसभन्दा अगाडि कहिल्यै नदेखेको मानिसको अनुहार हेर्न कौतूहलपूर्ण जिज्ञासा उठ्छ" (पृ ४८) । प्रस्तुत विवाह पद्धतिको वर्णन ब्राह्मणहरूको वैवाहिक संस्कारमा आधारित रहेको

छ । तसर्थ विकलले यस कथामा पात्र चयन गर्दा शारदा र उसको श्रीमान्‌लाई ब्राह्मण प्रजातिबाट लिएका हुन् । यसै गरी यस कथामा पहाडबाट सहरमा पढ्न आएको बन्दीपुरे ठिटो पनि छ । यसको शारीरिक बनावटको वर्णनले ऊ पनि पहाडमा बस्ने ब्राह्मण प्रजातिको पात्र हो भन्ने कुराको प्रस्तुति लेखकले कथामा यस प्रकार गरेका छन्- "उसको गोरो अनुहारमाथि निधारमा हरदम लर्किरहने एक झुप्पो कालो कपालको एक भाग हुन्छ । अनि लाम्चिलो मोहोडामा सुलुत्त परेको नाक र कोस लामा भएका आँखाका तिन चौँथाई भाग हजार वाटको बिजुलीको तीब्र प्रकाशमा चम्किरहेको हुन्छ" (पृ.४५) । यसरी कथामा पात्रको प्रयोग गर्दा लेखकले ब्राह्मण प्रजातिका मध्यम वर्गीय शिक्षित पात्र चयन गरेको देखिन्छ ।

'वीरेकी आमा' कथामा प्रयुक्त प्रमुख पात्रका रूपमा 'म' पात्र र वीरेकी आमा तथा सहायक पात्रका रूपमा राजदलकी जहान, सुबेदार्नी कान्छी, बैदारकी बुहारी, माइला बाजे, वीरे, बिचारी बाजे, घिमिरे, घिमिरेनी बज्यै, साहिँली बज्यै तथा माहिली बज्यै आएका छन् । यस कथाको 'म' पात्र कथाकार विकल स्वयम् हुन् । कथामा आएको उनको अभिव्यक्तिले पनि यो कुराको पुष्टि गर्दछ- "...श्रीमतीको टोकाइमा परेर मैले चाबिलदेखि दिमागमा सजाउँदै ल्याएर लौ त भने एउटा मोटामोटी रूपरेखा तयार पारि सकेको कहानीको भावधारा छताछुल्ल भएर छरियो । छेउ कता पुच्छर कता समाल्न मुस्किल परिगो" (पृ.५२) । यस भनाइबाट कथाकार स्वयम् यस कथामा पात्रको रूपमा आएका देखिन्छन् । यसर्थ 'म' पात्र र उनकी श्रीमती ब्राह्मण प्रजातिका पात्र हुन् । वीरेकी आमा आर्थिक अवस्था अत्यन्तै कमजोर भएकी निम्न वर्गकी पात्र हो । 'म' पात्रले उसको अवस्थाको बारेमा कथामा यसरी चित्रण गरेका छन्-" ..एउटा सानो कुखुराको खोर जस्तो उसको छाप्रो त्यसमा कठिनसँग सास फेर्ने ऊ, उसको छोरो वीरे, एउटा गाईको बाछी, अनि दुई वटा बाख्राका पाठा र चार वटा कुखुराका माउ बच्चा, बस अरु केही छैन, नाङ्गो पाखुरा नै हतियार, गाउँ भरिमा जसकहाँ जे परि आओस् वीरेकी आमाको पुकार" (पृ.५७) । उसले गाउँमा अर्काको काम गरे बापत् पाएको जुठोपुरो खाएर जीविकोपार्जन गरेकी छे । कथामा कथित उच्च जातिले निम्न जातकी वीरेकी आमालाई मरेका अवस्थामा मात्र अछुत जात भनी अन्तिम संस्कारबाट वञ्चित गरेका छन् । 'म' पात्रकी श्रीमतीले भनेको यस भनाइबाट त्यस्तो व्यवहार गरेको पाइन्छ-

> हरे अब त्यो बिचरीको दुर्गति ! एकातिर छोरा मोराको अत्तोपत्तो छैन, न भोट छ न मधेस छ, अर्कोतिर आफ्नो भन्ने इष्टमित्र कोही छैन । अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो ? गाउँका ठुला जातले छुन जानु भएन, के गर्ने । ऊसँग अहिले केही जेथा हुँदो हो त चारैतिरबाट नाता छोप्तै... (पृ. ६०) ।

यस भनाइबाट वीरेकी आमा र वीरेको स्पष्ट रूपमा जात उल्लेख नभए पनि उनीहरू कथित निम्न प्रजातिका पात्र हुन् भन्न सकिन्छ । नेपाली समाजमा ब्राह्मण जातिका बुढाबुढीलाई बाजे बज्यै भनेर सम्बोधन गरिने हुँदा कथामा प्रयुक्त माइला बाजे, बिचारी बाजे, घिमिरे, घिमिरेनी बज्यै, साहिँली बज्यै, माहिली बज्यै ब्राह्मण प्रजातिका पात्र हुन् । यसरी विकलले कथामा ग्रामीण समाजका निम्न वर्गीय निम्न प्रजाति र मध्यम वर्गीय ब्राह्मण प्रजातिका पात्र प्रयोग गरेर कथा रचना गरेका छन् ।

'दुई रुपियाँ नोट' कथाको प्रमुख पात्र वीरे र पार्वती निम्न वर्गीय ग्रामीण समाजका व्यक्ति हुन् । रिन तिर्न नसकी आफ्नो जायजेथा कृष्ण घिमिरेले लिएपछि वीरे श्रीमती र बालबच्चा सहित कामको खोजीमा काठमाडौँको छिँडीमा बास बस्न पुगेको छ । कथामा वीरेको स्पष्ट जात उल्लेख भएको पाइँदैन । यस्तो भए तापनि उसको शारीरिक बनावटको लेखकीय वर्णनबाट ऊ क्षेत्री प्रजातिको पात्र जस्तो देखिन्छ- "...ऊ (पार्वती) लोग्नेका भीमसेनका जस्ता हात पाखुरा, गोरो र रोबिलो तर सुन्दर अनुहारमा हेरेर बढो सुरक्षाको अनुभव गर्थी" (पृ.६७) । यसरी जातिगत आधारमा वीरे र पार्वतीको स्पष्ट सङ्केत नभए पनि उनीहरू नेपाली ग्रामीण समाजका निम्न वर्गीय मानिसको प्रजातिगत विशेषता भएका पात्र हुन् । उपर्युक्त पात्रका अतिरिक्त यस कथामा थर उल्लेख भएका कृष्ण घिमिरे, घसिटुराम मारवाडी, किस्ने आठपरिया जस्ता पात्रहरू पनि रहेका छन् । कृष्ण घिमिरे ब्राह्मण प्रजातिको पात्र हो भने किस्ने आठपरिया र घसिटुराम मारवाडी प्रजाति अन्तर्गत पर्ने पात्र हुन् । यसरी विकलले 'दुई रुपियाँ नोट' कथामा पात्र चयन गर्दा नेपाली ग्रामीण एवम् सहरिया समाजका निम्न, निम्न मध्यम तथा उच्च वर्गका विभिन्न प्रजातिका पात्रहरू लिएका छन् ।

'सिँगारी बाखा' कथाको कथानक स्रोत सामाजिक यथार्थ हो । यस कथामा पण्डित, पण्डितनी, खत्री कान्छो, घैँटे अधिकारी, नेपे घर्तीकी स्वास्नी, जुठे दाहाल, बाउचा नाम गरेका पात्रहरू रहेका छन् । पण्डित बाजेको घरको तथा उनको नित्य पूजाको वर्णनले ब्राह्मणको घरमा हुने संस्कार पाइन्छ । यसको वर्णन कथाभित्र यस प्रकार गरिएको छ- "छिँडीको माझमा त्यही गग्रेटो, गग्रेटोमाथि त्यही दुई वटा गाग्रो अनि पूजा चौकीमा पण्डित बाजे हातमा सुमेर्नी सहितको फटिकको माला, ओठमा ॐ नमः शिवायः महामन्त्र लिएर भक्तिमा तल्लीन बनि रहेका हुन्थे" (पृ७४) । यसै गरी पण्डितनी पनि बिहान बिहान पधेरामा नुहाउन जान्छिन् र मन्त्र जप्दै फर्कन्छिन् । यसर्थ पण्डित पण्डितनी ब्राह्मण प्रजातिका उच्च वर्गीय पात्र हुन् । कथामा आएका अन्य थर स्पष्ट उल्लेख भएका नेपे घर्ती, खत्री कान्छो ग्रामीण नेपाली समाजका क्षेत्री प्रजातिका पात्र हुन् भने घैँटे अधिकारी, जुठे दाहाल, ठाहिँला घिमिरे ब्राह्मण प्रजातिका पात्र हुन् । कथामा पण्डित पण्डितनीले सिँगारी बाखो बाउचालाई

बेचि दिएका छन् । बाउचाले मासु काटेर बेच्ने व्यापार गरेको छ । यस कारण बाउचा कसाई प्रजातिको पात्र हो । यसरी कथामा नेपाली समाजमा रहेका ब्राह्मण, क्षेत्री तथा कसाई प्रजातिका पात्रको प्रयोग भएको पाइन्छ ।

'सुवेदार रणे बुढो' कथामा सुबेदार रणे बुढो,  म पात्र, सुबेदार बुढाकी दोस्री श्रीमती, म पात्रका मामा, माइजू, सानीमा, बुढी आमै, गोपिकृष्णे, रामकाजी, हरिशरण नामका पात्रहरू रहेका छन् । सुबेदार रणे बुढो बहत्तर सालको लडाइँमा हिन्दुस्थान गएर गोली लागी पेन्सन खाएर बसेको बुढो हो । ऊ 'म' पात्रलाई हिन्दुस्थानमा भएको लडाइँका बारेमा यसरी रोचकता भरेर सुनाउने गर्छ- "तिमीलाई वारको कुरा के थाहा ! ...तिमी के बच्चा बच्ची !... ओ यो ज्यान त हथेलीमा राख्नु पर्छ !.. रात दिन मुसीगन, बम गोला, बरेटगन र तोपको मोहरीमा ज्यान तारो थाप्नु पर्छ ! ..कुन बेला कताबाट गोली छुट्छ प्राण फुस्स उड्छ..." (पृ.८३) । कथामा उसको जाति स्पष्ट रूपमा उल्लेख भएको छैन तैपनि सेनामा भर्ती हुने, लडाइँमा भाग लिएर बहादुरीका साथ लड्ने जस्ता विशेषता क्षेत्रीमा पाइने र ती विशेषतासँग उसको स्वभाव मिल्ने भएकाले ऊ नेपाली ग्रामीण समाजमा रहेको क्षेत्री प्रजातिको पात्र हो ।

यस कथामा प्रयुक्त 'म' पात्र काठमाडौँबाट मामा घर जाँदा उसलाई मामा घरका सबैले अत्यन्तै माया गरेका छन् । 'म' पात्रले आफूलाई मामा घरमा झोलीको देउताका रूपमा मान्ने गरेको कुरा कथामा यसरी बताएको छ- "म मामा घरको एकलौटी भानिज, बुढी आमैको एक्लो नाति, सानीमाको एक्लो छोरो अनि मामा माइजूको एक्लो भानिज । म साच्चैको उनीहरूको झोलीको देउता सबै मलाई आफ्नो एकलौटी गराउन खोज्दथे" (पृ. ८१) । यसरी नेपाली समाजमा भान्जा भान्जीलाई झोलीको देउता मान्ने प्रचलन ब्राह्मण जातिमा पाइन्छ । त्यस कारण यस कथाको 'म' पात्र र उसका मामा, माइजू, सानीमा, बुढी आमा ब्राह्मण प्रजातिका पात्र हुन् ।

कथाकार विकल नेपाली समाजको यथार्थवादी चित्रकार हुन् र उनको समाज चित्रण प्रगतिशील ढाँचाको छ, तसर्थ उनको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा  नेपाली समाजका उच्च, मध्यम र निम्न वर्गीय विविध प्रजातिका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । उनले कथामा ग्रामीण तथा सहरिया समाजका पात्रलाई स्थान दिएका छन् । रमेश विकलका कथामा पात्र प्रयोगको अवस्था हेर्दा उनले नेपाली समाजमा रहेका आर्य र आर्येतर पात्रको प्रयोग गरेका छन् । आर्य वर्गमा पनि कथित उपल्लो वर्गको प्रतिनिधित्व गर्ने पात्रको प्रयोग छ भने आर्येतरमा जनजाति तथा कथित निम्न वर्गका पात्रको प्रयोग गरेका छन् । विकलले कथामा खास सामाजिक सन्दर्भ/परिवेशलाई व्यक्त गर्नका लागि खास प्रजातिगत विशेषता भएका पात्रको चयन गरेका छन् जसबाट कथा स्वाभाविक र याथार्थिक बन्न गएको छ ।

### ३.३ क्षणका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

साहित्यमा साहित्य रचना हुँदाका युगीन प्रतिबिम्बहरू पाइन्छन् । साहित्यमा घटित घटनाहरूको विश्लेषणबाट साहित्य रचना र साहित्यकारको युग थाहा पाउन सकिन्छ । कथामा प्रयुक्त युग या समयको विश्लेषण र पहिचानबाट तत्कालीन घटना तथा सामाजिक वस्तुस्थिति थाहा पाउन सकिन्छ । कुनै कालखण्डमा सदिऔँसम्म जीवित रहन सक्ने प्रधान विचार हुन्छ भन्ने मान्यता टेनको रहेको छ । लेखकको रचनाले सधैं साहित्य रचना गरेको युगलाई मात्र समेटेको हुँदैन । त्यसले त पछिसम्मको युगलाई पनि आफूमा समेट्न सक्ने क्षमता राख्दछ । त्यस कारण कुनै पनि कालखण्ड, युग या समयमा कुन विचार प्रधान थियो त भनेर पहिचान गर्नको लागि पनि साहित्य रचनाको युग वा क्षणलाई समाजशास्त्रीय अध्ययनमा साहित्य अध्ययनको आधार मानिएको छ ।

रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रह वि.सं. २०१९ मा प्रकाशन भएको हो । यो सङ्ग्रहले अमुद्रित अवस्थामा वि.सं. २०१८ को गद्य साहित्यतर्फको 'मदन पुरस्कार' प्राप्त गरेको हो । यस कथा सङ्ग्रहमा वि.सं २००७ देखि २०१८ सम्म लेखिएका कथाहरू समाविष्ट छन् (बराल, २०५८ : ३६) । तसर्थ यस कथा सङ्ग्रहभित्रका कथाहरूले वि.सं. २००७ देखि २०१८ को बिचमा भएका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक आदि अवस्थाको क्षणलाई प्रस्तुत गरेका छन् । वि.सं. २००७ देखि २०१८ सम्मको अवधि राजनीतिक परिघटनाको दृष्टिकोणले हेर्दा नेपालमा जहानियाँ निरङ्कुश राणा शासनको अन्त्य भई प्रजातन्त्रको स्थापना भएको र पुनः प्रजातन्त्रमाथि कुठाराघात भई पञ्चायती व्यवस्था सुरुवात भएर केही समय चलेको युग वा क्षण हो । यी बाहेक कथामा घटित घटनाहरूको आधारमा पनि साहित्य रचनाको युग जान्न सकिन्छ ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहको पहिलो कथा 'भन्ज्याङको चौतारो'मा ग्रामीण समाजका निम्न वर्गका युवाहरू लाहुर जाने र सेनामा भर्ती भई लाहुरे भएर आफ्नो गाउँमा फर्किएको तत्कालीन समय वा क्षणलाई देखाइएको छ । लाहुरबाट घर फर्कदाको बलेको लेखकीय चित्रणबाट यो कुराको पुष्टि हुन्छ-

> केही बेर स्याँलमा बसेपछि बल्ल पसिना ओभायो शरीर पनि केही सुस्ताए झैँ अनुभव भयो - केही थकाइ मरे झैँ । अनि उसले आफ्नो बगलमा राखेको नाइट क्याप उठाएर टाउकोमा तेर्सो पारी भिऱ्यो । ओड्ने कम्मल र मिलेट्री झोला देब्रे काँधमा भिऱ्यो । अनि पर तेर्सि रहेको चाँदीको मुठ भएको छडी टिपेर ऊ उठ्यो (पृ.१) ।

नेपाली युवाहरू अङ्ग्रेज नेपालको युद्धपछि मात्र लाहुरे बन्ने प्रचलनले यो कथामा नेपाल अङ्ग्रेजको युद्धपछिको क्षण उल्लेख भएको पाइन्छ । यसका साथै कथामा आर्थिक दुरावस्थाका कारण भर्खरै बिहे गरेको अवस्थामा युवाहरू लाहुर जाने र घर फर्कदा श्रीमती अर्कैसँग पोइल गएको क्षण वा समयलाई पनि विकलले देखाएका छन् । यहाँ बले लाहुरबाट आउँदा उसकी श्रीमती अर्कैसँग गएको लेखकले यसरी उल्लेख गरेका छन्- "यसैका लागि ऊ(बले) कति मरिमट्थ्यो तर उसको त्यस्तो गहिरो मायालाई चटक्क चुँडालेर उसलाई धोका दिएर अर्को गुन्डोसँग गई" (पृ.३) ।

'प्रतिहिंसा' कथामा निम्न वर्गीय ग्रामीण नेपाली समाजका व्यक्तिहरूले दुई अढाई महिना साहुको खेती अधियाँ गरी पेट भर्ने र  बाँकी समय दाउरा बेच्ने तथा मेलापात गरी छाक टार्ने गरेको तत्कालीन समय वा क्षणलाई देखाइएको छ । कथामा हर्केले आफ्नो जीविकोपार्जनका लागि गरेको क्रियाकलापबाट यस प्रकारको समय वा क्षण आएको छ भन्न सकिन्छ- "...अघिल्लो साँझ दाउरा बनाएर ओसारोमा राख्थ्यो, भोलिपल्ट चार पाँच कोस बाटो हिँडेर सहरसम्म लगेर बेच्यो र त्यसैबाट नुन, त्यून, पिठो किनेर ल्यायो र जहान बच्चााको पेट उकास्यो -हिउँदभरि" (पृ.१८) । यसका साथै प्रस्तुत कथामा ढकाल्नी बज्यैको केटाकेटी अवस्थामा विवाह भई बैंसैमा विधवा भएको घटनालाई देखाएर एकातिर समाजमा चलेको बाल विवाह र भर्खरको उमेरमा विधवा भए पनि सामाजिक संस्कारले गर्दा अर्कोसँग विवाह नगरेको अर्थात् विधवा विवाहलाई मान्यता नदिने क्षण वा समयलाई देखाइएको छ । यो कुराको सङ्केत कथामा यसरी गरिएको छ- "केटाकेटी अवस्थादेखि नै आत्मीय स्वजनहरूबाट चुडिएकी, अनि सौभाग्य सिन्दुर पुछिएकी यी तरुनी बाहुनीको मन साँच्चैनै सहानुभूति, प्रेम र आत्मीयता पोख्न सर्वदा उम्लिरहन्थ्यो" (पृ.१५) ।

यस कथामा अर्कोतर्फ महिलाले श्रीमान्लाई छाडेर अर्कैसँग विवाह गरी गए पनि सम्पत्तिमा भने दुवैको हक हुने समय वा क्षणलाई पनि देखाइएको छ । प्रस्तुत कथामा हर्केले पुतली अर्कैसँग बिहे गरी जाँदा आफूलाई केही गहनापात भाग परेको कुरा ढकाल्नी बजैलाई यसरी बताएको छ- "पाखुरा नै हतियार हुने गरिबका घराँ के होस् र परोस बजै । हर्के आँखा पुछेर भन्थ्यो 'त्यो कानको एक जोर मारवाडी, एक जोर ढुङ्ग्री र एक जोर फूली पऱ्यो भने पनि परेन भने पनि त्यही हो" (पृ. १७) । यस बाट कथामा यस प्रकारको पति पत्नी दुबैलाई सम्पत्तिमा हक हुने समय वा क्षण छ भन्न सकिन्छ । यसरी विकलले यस कथामा ग्रामीण समाजमा रहेका निम्न वर्गका व्यक्तिले छाक टार्नको लागि गर्नु परेको कष्ट, नेपाली समाजमा बाल विवाहलाई कुनै छेकावट नभए पनि  विधवा विवाहलाई मान्यता नदिएको अवस्था र सम्पत्तिमा पति पत्नी बिच बराबर हक लाग्ने गरेको समय वा क्षणलाई प्रस्तुत गरेका छन् ।

'लाहुरी भैँसी' कथामा नेपाली ग्रामीण समाजमा आर्थिक अभावका कारण दु:खपूर्ण जीवन बिताएका अशिक्षित निम्न वर्गका मान्छेहरूले आफ्नो जीविकोपार्जनका लागि रिन लिएर र आफूसँग भएको गहना पात बेचेर केही प्रगति गर्न खोजेका छन् । त्यसलाई समाजकै उच्च वर्गका शोषकले आफ्नो जालझेलमा पारी असफल बनाएर आफूले फाइदा लिने गरेको क्षण वा समयलाई विकलले प्रस्तुत गरेका छन् । यस कथामा निम्न वर्गीय पात्र लुखुरेले निर्दोषी लाहुरी भैँसी ल्याए पनि द्वारे बाले त्यसमा अनावश्यक धम्की भएको खोट देखाएर भैँसीलाई आफ्नो पोल्टामा पारेको षड्यन्त्र कथामा यसरी प्रस्तुत गरिएको छ- " उनले (द्वारे बा) लाहुरीको चारैतिर घुमेर जाँचे अन्त्यमा बढो गम्भीर हुन सकेसम्मको सहानुभूति स्वरमा भने - बाबै भैँसी त धम्की छ । ...यसो ए रामे हेर त कि मैले जानिन ..." (पृ.२८) । यसबाट ग्रामीण समाजमा निम्न वर्गमाथि उच्च वर्गकाले षड्यन्त्र गरेको कुरा पुष्टि हुन्छ ।

निम्न वर्गीय पात्र लुखुरेको लाहुरी भैँसीलाई आफ्नो पोल्टामा पार्न षड्यन्त्र गरेका द्वारे बालाई निम्न वर्गकै पात्र रामवीरे घर्तीले भरमग्दुर सघाएको छ । यसबाट कथामा अशिक्षाका कारण गाउँका ठुला भनाउँदा शोषकहरूको स्वार्थ पूर्तिका लागि आफ्नो बुद्धि र विवेकलाई समेत दुरूपयोग गरेर आफ्ना वर्गकालाई अहित हुने कार्य गर्ने निम्न वर्गीय व्यक्तिको व्यवहारलाई देखाइएको छ । साथै विविध जालझेल गरी उच्च वर्गका शोषकबाट निम्न वर्गका व्यक्तिलाई शोषण गर्ने चलन पनि यस कथामा रहेको पाइन्छ । यस्तो चलन राणा शासनको बेला र सो शासन पतन भएको केही समयसम्म पनि भएको पाइन्छ । यस सङ्ग्रहभित्रका कथाहरू पनि वि.सं.२००७ देखि २०१८ सम्मका हुन्, त्यसैले प्रस्तुत कथामा २००७ सालतिरको समय वा क्षण रहेको छ भन्न सकिन्छ ।

'नयाँ सडकको गीत' कथामा निम्न वर्गीय अन्धो माग्ने बाह्र वर्षदेखि काठमाडौँ सहरको मुटुमा अवस्थित नयाँ सडकमा आफ्नी श्रीमतीलाई साथमा लिएर बटुवाहरूसँग केही माग्दै बसेको छ । उसलाई सिपाही तथा पुलिसले दुर्व्यवहार गरेका छन् । जुन कुरालाई कथामा यसरी प्रस्तुत गरिएको छ- "यो मोरो त अझै उठेको रहेनछ हेरै थाङ्ना बोटा फालिदिनु पर्ला : 'जुत्ताको आवाज रोकिना साथ उही पहिलेको रुखो आवाज चारैतिर घन्कन्थ्यो" (पृ. ४१) । यसबाट पुलिसले असहायहरूलाई गर्ने तत्कालीन दुर्व्यवहारपूर्ण क्षण वा समयलाई देखाइएको छ । यसका साथै कथामा एउटा भोँपु हालेको जिप प्रजातन्त्र, नागरिक, मित्रराष्ट्र... पाहुना आदि फलाक्दै हिँडेको छ । माग्ने अन्धोको "अँ प्रजातन्त्र, प्रजातन्त्र भएको कति भयो । निकै वर्ष भयो निकै वर्ष" (पृ.४२) भन्ने भनाइ उल्लेख भएको छ । यसर्थ प्रस्तुत कथाले प्रजातन्त्र आएको अर्थात् वि.सं. २००७ भन्दा केही वर्ष पछिको समय वा क्षणलाई प्रस्तुत गरेको छ । यस कथामा विकलले प्रजातन्त्र आउनुभन्दा अगाडि

निम्न वर्गीय मगन्तेको जस्तो दुःखद् अवस्था थियो त्यस्तै अवस्था प्रजातन्त्र आएपछि पनि रहेको कुरा व्यक्त गरेका छन् ।

'बिहानीपखको बत्ती' कथा वि.सं. २०१६ कार्तिकको **शारदा** पत्रिकामा सर्व प्रथम प्रकाशित भएको हो (बराल, २०५८ :७७) । यस कथामा युवापुस्ताहरू ग्रामीण इलाकाबाट उच्च शिक्षाका लागि काठमाडौंमा आई बस्नु परेको तत्कालीन क्षण वा समयलाई देखाइएको छ । शारदाको "पहाडको केटा आमा बाबु सबै छोडेर सहरमा पढ्न बसेको " (पृ४६) भन्ने भनाइबाट यस कुराको पुष्टि हुन्छ । यसका साथै विकलले प्रस्तुत कथामा समाजको परम्परागत संस्कारले गर्दा शिक्षित भए पनि नारीहरूले आफूले चाहेको केटासँग विवाह गर्न नपाई बाबु आमाले दिएको केटासँग विवाह गर्नु पर्ने बाध्यताको समयलाई पनि देखाएका छन् । कथामा शारदाको विवाह क्षयरोगी केटासँग भएको कुरालाई यसरी प्रस्तुत गरिएको छ -

> जग्गेमा अग्निशिखा प्रज्वलित छ, वेदध्वनिले वातावरण गुञ्जित छ, अनेक अनेक विधिविधानको माझमा शारदालाई आफ्नो बगलमा बसेको (तर त्यसभन्दा अगाडि कहिल्यै नदेखेको) मानिसको अनुहार हेर्न कौतूहलपूर्ण जिज्ञासा उठ्छ । ...अनि क्षणभरको एउटा दृष्टिमा ऊ देख्छे गोरो-पहेँलो रोगन, ज्यादै पातलो छाला नसाहरूको जाल देखिने, बडाबडा आँखा, पातलो खाने मुख नराम्रो त होइन, तर रोगी अनुहार (पृ. ४८) । जसबाट शिक्षित भए पनि नारीहरूले आफूले चाहेका केटासँग नभई बाबु आमाले दिएको केटासँग विवाह गर्नु पर्ने कुराको पुष्टि हुन्छ ।

'वीरेकी आमा' कथा सर्व प्रथम वि.सं.२०१७ माघको **शारदा** (वर्ष २५,अङ्क २) पत्रिकामा प्रकाशित भएको हो (बराल, २०५८ :८८) । यस कथामा कथाकी प्रमुख पात्र वीरेकी आमाको दैनिकीलाई प्रस्तुत गर्दै ग्रामीण समाजका निम्न वर्गका व्यक्तिले उच्च तथा मध्यम वर्गका व्यक्तिको घरमा दैनिक काम गरेर छाक टार्ने गरेको कुरा देखाइएको छ । यसो भए पनि ती निम्न वर्गकालाई उच्च तथा मध्यम वर्गका गाउँलेहरूले अमानवीय व्यवहार गर्ने, काम गरेको ज्याला दिँदा ठग्ने तथा ज्याला बापत खाएर उब्रेको जुठोपुरो दिने गरेको घटनालाई उठाइएको छ । तसर्थ यस कथामा काम गर्ने मजदुर वर्गको ज्यालामा कुनै पनि व्यवस्था नभएको तत्कालीन शोषणयुक्त सामाजिक व्यवस्थाको समय वा क्षण रहेको छ । साथै प्रस्तुत कथामा गाउँलेहरूबाट कथित तल्लो जातको भए तापनि शरीरका पूर्जा बलिया हुँदासम्म त्यसबाट आफ्नो स्वार्थ पूर्ति गर्ने र मरेपछि तल्लो जातको भनी मृत्यु संस्कार पनि नगरिदिने सामाजिक कुसंस्कारका रूपमा रहेको छुवाछुत प्रथा भएको समय वा क्षण पनि रहेको छ । वीरेकी आमाको मृत्युपछि गाउँलेहरूले उसप्रति गरेको व्यवहारबाट दुःखी हुँदै 'म' पात्रकी श्रीमतीको निम्न भनाइबाट उक्त क्षणको पुष्टि हुन्छ-

हरे अब त्यो बिचरीको दुर्गति ! एकातिर छोरा मोराको अत्तोपत्तो छैन, न भोट छ न मधेस छ, अर्कोतिर आफ्नो भन्ने इष्टमित्र कोही छैन । अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो ? गाउँका ठुला जातले छुन जानु भएन, के गर्ने । ऊसँग अहिले केही जेथा हुँदो हो त चारैतिरबाट नाता छोप्तै... (पृ. ६०) ।

'दुई रुपियाँ नोट' कथाको पहिलो पटक प्रकाशन वि.सं. २०१८ को **रचना** पत्रिकामा भएको हो (बराल, २०५८ :१००) । यस कथामा विकलले नेपाली ग्रामीण समाजको सानो सुखलाई स्वर्गीय आनन्द मानेर रमाएका निम्न वर्गका परिवारहरूले उच्च वर्गका शोषकको रिन तिर्न नसक्दा आफ्नो गासबास नै छोडी बाल बच्चा च्यापेर काठमाडौँमा आई सानो छिँडीमा दु:खपूर्ण जीवन गुजार्नु परेको समय वा क्षणलाई प्रस्तुत गरेका छन् । कथाको प्रमुख पात्र वीरेले रिन तिर्न नसकी पहाडको जायजेथा साहूलाई बुझाएर श्रीमती पार्वती र छोराछोरी सहित जीविकोपार्जनका लागि काठमाडौँ नयाँ सडकको छिँडीमा आई दुखपूर्ण जीवन गुजारेको कुरा कथामा यसरी आएको छ- "यही चार खालभित्र, त्यही गल्लीको एउटा कुनामा एउटा वर्गाकार र तिन हात उचाइको खोर छ, जसमा वीरे सानो परिवार लिएर आफ्नो जिन्दगीको कठोर दिन काट्छ" (पृ.६२) । यति मात्र नभई गाउँमा रिन तिर्न नसकी जायजेथा साहूलाई बुझाएर पेट पाल्न सहरमा आएको वीरेले भरियाको काम गरेर आफ्नो र परिवारको छाक टार्न नसकेको अवस्था छ । यस्तो अवस्थाले गर्दा ऊ श्रीमतीले शरीर बेचेर पैसा कमाओस भन्ने चाहाना राखी कोठामा त्यस्तै वातावरणको सिर्जना गर्दछ तर पार्वतीले त्यसप्रति बेवास्ता गर्दा वीरे रक्सीले मातेर कुटपिट गर्दछ । यसपछि एकातिर छोराछोरीको भोक र अर्कातिर श्रीमान्को व्यवहार खप्न नसकी पार्वती बाध्य भएर आफ्नो अस्मिता बेच्ने काम गर्दछे । यसबाट प्रस्तुत कथामा आफ्नी श्रीमतीलाई देह व्यापार गर्न उकास्ने लोग्नेको विवशता र सती सावित्री जस्ता निम्न वर्गका नारीले आर्थिक दुरावस्थाका कारण बाध्यताले देह व्यापार जस्तो घृणित कार्य गर्नु परेको क्षण पनि आएको छ ।

'सिँगारी बाखा' कथाको सर्व प्रथम प्रकाशन वि.सं.२०१८ को **शारदा** (वर्ष २६,अङ्क ४) पत्रिकामा भएको हो (बराल, २०५८ :१०८) । प्रस्तुत कथामा ग्रामीण समाजका उच्च वर्गका मान्छेहरूले आफ्नो मनोकाङ्क्षा पुरा गर्नको लागि देवी देवतालाई भाकल गरी धर्मको नाममा पशुको शोषण गर्ने गरेको समय वा क्षणलाई देखाइएको छ । देवी देवतालाई भाकल गरेको कुरा कथामा पण्डितले पण्डितनीलाई भनेको निम्न लिखित भनाइबाट पुष्टि हुन्छ- "अबुझ नबन्न । हेर यसपालिको मैले दखिनकाली भाकल गरिसकेँ । ती कस्ती देउती, तँलाई थाहा छँदै छ नि" (पृ.७८) । यसै गरी प्रस्तुत कथामा विकलले आफ्नो स्वार्थ पुरा हुँदासम्म कुनै पनि वस्तुलाई माया गर्ने र फाइदा नपाइने भएपछि त्यसलाई कौडीको मूल्यमा हेर्ने गरेको आजको मान्छेमा मानवता हराइ सकेको क्षणलाई पनि प्रस्तुत गरेका

छन् । उक्त क्षणलाई प्रस्तुत गर्न लेखकले कथामा पण्डित र पण्डितनीले सिँगारी बाखाप्रति उसले पाठापाठी जन्मउँदासम्म र जन्माउन नसक्ने भएपछि गरेको फरक फरक व्यवहारलाई देखाएका छन् ।

'सुबेदार रणे बुढो' कथामा सुवेदार रणे बुढो विवाह गरेको दुई महिनामै जर्मनको धावामा जानु परेको, त्यहाँ लडाइँमा परी अपाङ्ग भएको  र बुढेसकालमा पेन्सन र अपाङ्ग शरीर लिई घरमा आएको कुरा उल्लेख गरिएको छ । यसका साथै उसले पहिलेकी श्रीमती अन्यत्र बिहे गरी गएकाले दोस्री भर्खरकी केटी विवाह गरेको छ । यसबाट प्रस्तुत कथामा आर्थिक अवस्था सुधार्नका लागि विवाह गरेको केही महिनामै श्रीमती घरमा छाडेर लाहुर जानु पर्ने नेपाली युवाको बाध्यता, विभिन्न कारणबस श्रीमती अर्को विवाह गरी हिँडिदिने स्थिति, उमेर हुँदासम्म विदेशका लागि लाहुरे भई सेवा गर्ने र बुढेस कालमा अपाङ्ग शरीर र दुई छाक खान नपुग्ने पेन्सन लिएर स्वदेश फर्की दुखद् जीवन बिताउनु पर्ने अवस्था अनि अनमेल विवाह हुने तत्कालीन समय वा क्षणलाई देखाइएको छ । सुबेदार रणे बुढाले बहत्तर सालमा जर्मनमा भएको लडाइँको घटनालाई सम्झेकाले प्रस्तुत कथामा अतीतको स्मृतिका रूपमा बहत्तर सालमा भएको हिन्दुस्थान जर्मनको धावाको क्षण पनि रहेको छ । यसका साथै कथामा राणा शासनको अन्त्य भएर प्रजातन्त्र आएको, श्री ५ राजा भएको जस्ता घटनाको उल्लेख भएको छ । त्यसैले यस कथामा २००८ सालको र २०११ सालका 'म' पात्र मामा घर गएको घटनाको उल्लेखबाट तत्कालीन क्षणको उल्लेख भएको पाइन्छ ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहमा विकलले निम्न वर्गका व्यक्तिहरूले उच्च वर्गका व्यक्तिहरूबाट सहनु परेको अन्याय, अत्याचार, शोषण दमनको क्षणलाई प्रस्तुत गरेका छन् । यतिमात्र नभई यसमा प्रजातन्त्र आए पनि निम्न वर्गकाले त्यसको कुनै फाइदा लिन नपाएको वि.सं.२००७ देखि २०१८ सम्मको क्षण रहेको छ । अतीतको स्मृतिको रूपमा विकलले यसभन्दा अगाडिको क्षणलाई पनि यस कथा सङ्ग्रहमा स्थान दिएका छन् । लेखकको रचनाले साहित्य रचना गरेको युगलाई मात्र समेट्दैन, त्यसले पछिसम्मको युगलाई पनि समेट्ने गर्दछ । त्यसकारण यस कथा सङ्ग्रहमा भएका कतिपय तत्कालीन क्षणको प्रभाव अहिलेको क्षणमा पनि रहेको पाइन्छ । यसरी **नयाँ सडकको गीत** कथा सङ्ग्रह क्षणका दृष्टिले कथा लेखनको समय तथा पात्रहरूले भोगेका विभिन्न समयको चित्रणमा सफल रहेको छ ।

### ३.४ परिवेशका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

टेनले साहित्यको समाजशास्त्रीय अध्ययनमा परिवेशलाई पनि साहित्य अध्ययनको मापदण्ड बनाएका छन् । उनले परिवेशलाई वातावरण पनि भनेका छन् । प्रजाति, क्षण र

परिवेश यी तिन मापदण्डहरूमध्ये परिवेशलाई उनले मुख्य सरोकारका रूपमा लिएका छन् (जैन, १९९२ : २४) । टेनले विशेष गरी जलवायु तथा भूगोललाई पर्यावरण अन्तर्गत राखे पनि त्यसका साथै राजनीति र सामाजिक स्थितिलाई पनि साहित्य विशेषसँग जोड्ने प्रयास गरेका छन् । टेनले आफै प्रतिपादन गरेका तिन निर्धारक तत्त्वमा असन्तुष्ट भई त्यसमा एक मनोवैज्ञानिक आयाम दिएर आफ्ना तिन सूत्रलाई पुनः सुदृढ गरेका हुन् (जैन १९९२ : २५) । यसबाट टेनले पर्यावरण अन्तर्गत जलवायु तथा भूगोलका साथै सामाजिक, राजनीतिक अवस्था र मनोवैज्ञानिक पक्ष अर्थात् मानसिक पर्यावरणलाई पनि महत्त्व दिएका छन् भन्ने कुरा पुष्टि हुन्छ । साहित्यमा प्रयुक्त हावा पानीको विश्लेषणभन्दा पनि सामाजिक घटना र व्यक्तिको आन्तरिक परिवेशको चिरफारबाट तत्कालीन वस्तुस्थिति अझ राम्रोसँग बुझ्न सकिन्छ । त्यसकारण साहित्यको विश्लेषण गर्दा बाह्य भौगोलिक परिवेशलाई मात्र आधार नबनाएर राजनीतिक, सामाजिक र पात्रका मानसिक परिवेशलाई पनि कृति अध्ययनको आधार बनाइएको छ । तत्कालीन सामाजिक व्यवस्था र त्यसले सामाजिक व्यक्तिहरूमा पारेको प्रभाव नै तत्कालीन सामाजिक र मानसिक परिवेश तथा पर्यावरण हुन् ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहभित्रका कथाहरू वि.सं. २००७ देखि २०१८ सम्मको अवधिभित्र लेखिएका हुन् । त्यस कारण यी कथाहरूमा तत्कालीन सामाजिक, भौगोलिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक परिवेशका साथै तिनले त्यति बेलाको समाजका व्यक्तिहरूमा पारेको प्रभाव नै मानसिक परिवेशका रूपमा आएको छ ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहको पहिलो कथा 'भन्ज्याङको चौतारो'मा लाहुरबाट आएको बले भन्ज्याङमा बसेको, सुसेलीमा गीत गाउँदै उकाली लागेको, पश्चिमतिर हिमालको चुचुरोबाट आएको हावा पहाडको खोँचमा कोचिएको, धर्तीमा स्याँल परेपछि धर्तीका रुखपातले एकैचोटी सितल सास फेरेको, गर्मीले दबेर बसेका चराहरू पनि सितल भएपछि हाँगामा तलमाथि गर्दै नाचेको, काठमाडौँबाट किनमेल गरेर फर्केका भरियाहरू भन्ज्याङमा सुस्ताउन बसेका जस्ता ग्रामीण परिवेशमा पाइने विशेषताको वर्णन पाइन्छ । त्यसैले यसको भौगोलिक परिवेशमा काठमाडौँ नजिकैको भूभाग रहेको छ । यो कुरा कथामा यसरी आएको छ-"भन्ज्याङमा त्यति बेला केही बटुवाहरू सुस्ताउन बसेका थिए । तिनमा कुनै काठमाडौँबाट किनमेल गरेर फर्केका भरिया थिए कुनै काठमाडौँ जान लागेका" (पृ.२) । चार पाँच वर्षपछि बले लाहुरबाट फर्केर आउँदा भन्ज्याङमा उसलाई छोडेर अर्केसँग बिहे गरी गएकी पातलीलाई देख्छ । पातलीलाई देख्दा उसको मनमा अनेक कुराहरू खेल्न थाल्दछन्. । यता पातलीले पनि बलेलाई एक्कासी देख्दा उसको मनमा डर, त्रास र दयाको भावना जाग्दछ । यसरी बले र पातलीको मनमा खेलेका अनेक कुराहरूले कथामा मानसिक परिवेशलाई व्यक्त गरेका छन् । भर्खरै बिहे गरेको अवस्थामा आर्थिक अभावका कारण बीरे

लाहुर जानु, भन्ज्याङको देउरालीमा ढुङ्गा चढाउनु, सौतेनी आमाले छोरालाई सहन नसक्नु तथा पतिले छोडेर लाहुर जाँदा परिवारबाट पाएको ताडना, दुःख र त्यसलाई झेल्न नसकी पुनर्विवाह गर्नु पर्ने बाध्यता जस्ता कुराहरू पनि प्रस्तुत कथामा आएका छन् । यसैले यस कथामा सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेश आएको छ ।

'प्रतिहिंसा' कथामा प्रमुख रूपमा सहरबाट चार पाँच कोस टाढा रहेको ग्रामीण नेपाली समाजको परिवेश र सहायक रूपमा सहरिया परिवेश रहेको छ । प्रस्तुत कथामा ग्रामीण महिलाहरू घाँसपात, वनपात तथा पानी पधेँरो गरेको, वीरेको घर पछाडि एक माना मैकैको बीऊ जाने एक टुक्रा बारी भएको, घरमाथिको निगालोको वन, यसको माझमा चौबिस घन्टा चिच्याइरहने तेर्पे खोलो भएको वर्णनले ग्रामीण परिवेश रहेको छ । गाउँबाट तिन चार कोस हिँडेर सहरमा दाउरा बेच्ने गरेको ग्रामीण मान्छेको चित्रण गरेकाले प्रस्तुत कथामा केही मात्रामा सहरिया परिवेश पनि रहेको छ । पाँच छ महिना साहूको खेती अधियाँ गरी टार्ने र बाँकी समय सहरमा दाउरा बेची मेलापात गरेर साँझ बिहानको छाक टार्ने गरेको निम्न वर्गीय नेपाली समाजको आर्थिक सङ्कटापन्न अवस्थाको चित्रण पनि यसमा पाइन्छ- "दुई अढाई महिना मकै पाँच साथ पाथी, कोदो दस बाह्र पाथी, दस आठ पाथी गहुँले भ्यायो अनि बाँकी दिन दाउरा बचेर निर्वाह गऱ्यो" (पृ.१६) । मानसिक परिवेशमा पाँच वर्षको अबोध बालकलाई छोडेर अर्कैसँग पोइल गएकी श्रीमतीलाई सम्झेर हर्केको मनमा ईर्ष्या, क्रोध र क्षोभको भावना उम्लेर आउनु रहेको छ । सामाजिक कारणले गर्दा सानै उमेरमा विवाह भएको र चढ्दो उमेरमा बाल विधवा भई बस्नु परेको ढकाल्नी बज्यैको चित्रणबाट यस कथामा सामाजिक र सांस्कृतिक परिवेश रहेको पाइन्छ- "केटाकेटी अवस्थादेखि नै आत्मीय स्वजनबाट चुडिएकी अनि सौभाग्य सिन्दुर पुछिएकी यी तरुनी बाहुनीको मन साच्चै नै सहानुभूति, प्रेम र आत्मीयता पोख्न सर्वदा उम्लिरहन्थ्यो "(पृ.१५) । यसका साथै कथामा अर्कैसँग बिहे गरी गएकी पुतली फर्केर आउँदा हर्केले गरेको लछार पछारले त्रासदीपूर्ण परिवेशको र आमालाई सम्झेर रुने हर्केको छोराको अवस्थाबाट कारुणिक परिवेशको चित्रण पनि पाइन्छ । यसरी विकलले भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक परिवेशलाई समेटेर कथा रचना गरेका छन् ।

'लाहुरी भैँसी' कथामा द्वारे बाले आँगनको डिलबाट नियालेर हेर्दा लुखुरेको आँगनमा कालो डिँगो देखेको, तल्लो पाटो खन्न लागेको रामवीरेलाई हकारेको, पश्चिमपट्टि डाँडामाथिसम्म फैलिएको सिँदुरे लाली अनि घरको वरिपरि फैलिएको वन जङ्गल भएको हरियालीको चित्रण गरिएको छ । साथै कथामा ग्रामीण पेशा व्यवसायको वर्णन पनि गरिएको छ । यसबाट यो कथामा भौगोलिक वातावरणको रूपमा ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । निम्न वर्गीय नेपाली समाजमाथि उच्च वर्गले गरेको जालझेलबाट निम्न वर्गका

व्यक्तिको आर्थिक अवस्था नाजुक बन्दै गएको सङ्केतबाट कथामा विघटित आर्थिक परिवेशको चित्रण पाइन्छ । लुखुरेको घरमा लाहुरी भैँसी बाँधेको देख्दा द्वारे बाको मनमा अनेक डाहा, ईर्ष्या जाग्दछ । अनेक सपना बुनी गहनापात बेचेर रिन गरी ल्याएको भैँसीमा धम्कीको खोट देखाइदिँदा लुखुरेको मनमा अनेक कुरा खेलेर रातभरि निद्रा पर्दैन । धम्की भैँसी ल्याएको भनी घैँटीको मनमा लोग्नेप्रति उग्र क्रोधको राँको सल्किन्छ । यसबाट प्रस्तुत कथामा मानसिक परिवेशको राम्रो चित्रण भएको पाइन्छ । सामाजिक परिवेशको रूपमा द्वारे बाका घरमा गाउँका बुज्रुकहरू जम्मा भएर गाउँभरिको टीका टीप्पणी भएको कुरा उल्लेख गरिएको छ । जुन कुरा कथामा यसरी आएको छ-"भोलिपल्ट द्वारे बाका पिँढीमा गाउँका बुज्रुकहरू जम्मा भएका थिए । गाउँको चलन बिहान बेलुकी तमाखु खान, गफसफ गर्न, दुःख दर्द पोख्न ठुलाठालुकै घरमा जम्मा हुन्छन्" (पृ.३२) । यस प्रकार विकलले यस कथामा विघटित आर्थिक अवस्थाका साथै अन्य परिवेशको सफल चित्रण गरेको पाइन्छ ।

'नयाँ सडकको गीत' कथामा अन्धो माग्ने बसेको स्थानको चित्रण गर्दा काठमाडौँ सहरभित्रको नयाँ सडकको परिवेश आएको छ- "नयाँ सडकको ढोकानेर पेटीमा बिजुलीको खम्बामा अडेसा लागेर बसेको माग्नेको कण्ठबाट फुटेको सङ्गीत थियो त्यो" (पृ.३५) । यस वाक्यमा नयाँ सडक भनेर नामै उल्लेख भएकोले काठमाडौँको सहरी परिवेश रहेको कुरा पुष्टि हुन्छ । बाह्र वर्षदेखि नयाँ सडकको पेटीमा बसेर माग्ने गरेको निम्न वर्गीय अन्धाकी श्रीमतीलाई सिपाही र पुलिसले अनावश्यक दुःख दिई अमानवीय व्यवहार गरेका छन् । यस्तो व्यवहारबाट आजित भएको अन्धो आफ्ना थाङ्ना भोकटा बोकेर अन्यत्र गएको कारुणिक परिवेश यस कथामा रहेको छ । अन्धाकी श्रीमती सानीलाई सिपाही र पुलिसले जिस्काउँदा अन्धाको छाती भित्रभित्रै क्रोध र क्षोभको भुतभुतेमा खहरिन्थ्यो । प्रजातन्त्र आएको निकै वर्षसम्म पनि माग्नेहरूको दिनचर्या जस्ताको तस्तै रहनुले प्रस्तुत कथामा विघटित राजनीतिक परिवेशको चित्रण रहेको छ । प्रजातन्त्रप्रति माग्नेले पनि निराशाभाव व्यक्त गर्दै यस्तो अभिव्यक्ति प्रकट गरेको छ- "अँ पर्जातन्त्र ! पर्जातन्त्र भएको कति भयो ? ...निकै वर्ष भयो निकै वर्ष'.., अन्धो बडबडाउँथ्यो" (पृ.४२) । यस्तो विघटित राजनीतिक र आर्थिक परिवेशको चित्रण विकलले यस कथामा सहरिया भौगोलिक परिवेशमा मिसाएर प्रस्तुत गरेका छन् ।

'बिहानीपखको बत्ती' कथामा काठमाडौँ सहरको परिवेश रहेको छ । परिवेश चित्रण गर्ने क्रममा कथामा उल्लेख भएका घण्टाघर, रानीपोखरी, टुँडिखेल, थानकोट आदि स्थानहरूको वर्णन यस प्रकार गरिएको छ- "त्यसैको (चन्द्रमा) फुङफुङ उडेको प्रकाशमा घण्टाघरको मूर्ति धुमधमती र निश्चल उभिएको थियो । तर उसको प्रतिबिम्ब रानीपोखरीको धमिलो पानीको तरङ्गसँग कापिरहेको थियो" (पृ.४३) । यसले यो काठमाडौको परिवेशमा

निर्माण भएको कथा हो भन्ने कुरा पुष्टि गर्दछ । एकातिर क्षयरोगले ग्रस्त भएर मृत्यु शैयामा छटपटाइ रहको लोग्नेलाई र अर्कोतर्फ झ्यालबाट पढि रहेको सुगठित युवकलाई देख्दा शारदाको मनमा अनेक द्वन्द्व, घृणा र ग्लानी धुवाँको मुस्लो जस्तै उकुसमुकुस भएर आउँछन् । यसबाट उसको मानसिक द्वन्द्वमय परिवेशको चित्रण भएको पाइन्छ । रातको समयमा निद्रा नलागी शारदा कौसीमा बसेकी हुन्छे । त्यस बेलामा वायुको तरङ्गमा टाढादेखि लाटोकोसेरोको नमिठो क्वारक्वार आवज आएको हुन्छ । यस कुराको प्रस्तुति कथामा यस प्रकार गरिएको छ- "अनि वायुको तरङ्गसँग टाढादेखि तरङ्गिदै आउने लाटोकोसेरोको नमिठो क्वारक्वारले बखत बखतमा त्यो भयङ्कर उराठ वातावरणको उराठ पनलाई झन सजीव तुल्याउने प्रबल प्रयत्न गदै थियो" (पृ.४४) । यसले कथामा भयङ्कर उराठलाग्दो वातावरण भएको गम्भीर परिवेशको सिर्जना गरेको छ ।

शारदाले जग्गेमा अग्निशिखा प्रज्वलित गरी तथा वेदध्वनिले वातावरण गुञ्जायमान गरेर गरिएको आफ्नै विवाहलाई सम्झेकी छे । यसबाट प्रस्तुत कथामा स्मरणको रूपमा सांस्कृतिक परिवेश पनि रहेको छ । साथै समाजको परम्परागत संस्कारले शारदालाई आफ्नो जीवन साथी रोज्ने हक नदिएको सङ्केत पनि कथामा भएको छ । यसरी यी उल्लेखित भौगोलिक, सामाजिक, सांस्कृतिक आदि परिवेशलाई समेटेर विकलले यस कथाको रचना गरेका छन् ।

'वीरेकी आमा' कथामा स्पष्ट रूपमा कुनै पनि स्थानको नाम उल्लेख भएको छैन । यसो भए तापनि यस कथामा 'म' पात्र चाबहिलबाट घर आएको, वीरेकी आमाले अर्काको मेलापात ढिँकीजाँतो गरी पेट पाल्ने गरेको तथा उसले गाउँका सबैलाई  पारिश्रमिक रिन बोकाएर मरेको जस्ता सङ्केतहरू आएका छन् । यसबाट यो कथामा काठमाडौँ सहर नजिकैको ग्रामीण सामाजिक परिवेश रहेको पाइन्छ । 'म' पात्रकी श्रीमतीले 'म' पात्रसँग वीरेकी आमाको मृत्युका बारेमा भनेका निम्न लिखित भनाइमा पनि ग्रामीण परिवेशको झल्को आउँछ -"बिचारी हजारै गरिब भए पनि कसैको कनिकाको गेडासम्म पनि सित्तै खाइन है, बरु गाउँभरिकालाई रिन बोकाएर गई"(पृ.५५) ।

आधुनिक राष्ट्रियताका सबै तत्त्व मिसिएको कथा लेख्ने सोंच बनाएका लेखक (म पात्र) लाई उनकी श्रीमती वीरेकी आमा मरेको खबर सुनाउँछिन् । यसपछि उनको कथानक हराएर वीरेकी आमाको कथा अगाडि आएको छ । यसले लेखकमा मानसिक द्वन्द्वको सिर्जना भएको छ । प्रस्तुत कथा २०१६ सालमा प्रकाशित भएको हो । प्रजातन्त्र आएको त्यतिबेलाको समयमा पनि अर्काको काम गरेर खानी निम्न वर्गीय वीरेकी आमा जस्ताको कुनै व्यवस्था भएको छैन, त्यसैले यस कथामा तत्कालीन विघटित राजनीतिक परिवेश पनि आएको छ । कथामा कथित उच्च जातकाले छुन नभएपछि कथित तल्लो जातकी वीरेकी आमाको शव

मझेरीमा सडेको देखाइएको छ । यसबाट कथामा खराब सांस्कृतिक परिवेश रहेको कुरा पनि बुझ्न सकिन्छ । यसरी विकलले वीरेकी आमा कथामा ग्रामीण समाजको विघटित राजनीतिक, सांस्कृतिक आदि परिवेशलाई प्रस्तुत गरेका छन् ।

'दुई रुपियाँ नोट' कथामा सहरी र ग्रामीण दुबै समाजको परिवेश रहेको छ । सहरी परिवेश अन्तर्गत काठमाडौँ सहरका नयाँ सडक, इन्द्रचोक आदि स्थान रहेका छन् । यसै गरी ग्रामीण परिवेशमा वस्तुभाउको स्याहारसुसार, आयआर्जनका लागि खेतीपाती र पशुधनलाई लिने चलन, घर वरिपरिको हरियाली आदि रहेका छन् । कथामा हर्केको पहाडी घरको रमणीय चित्रण यसरी गरिएको छ- "डाँडाको काखमा घुसुक्क घुस्रेको सानो पहाडी गाउँको पुछारमा एउटा सानो, रातो र सेतो माटोले सिंगारेको उसको घर थियो । वरिपरिका हरिया बिरुवाहरूको गुफाभित्र सुते जस्तो" (पृ.६६) । यस कथामा गाउँले परिवेश शान्त, सन्तोषी र सुखी देखिन्छ भने सहरी परिवेश ठिक त्यसको विपरीत दुःखी, अशान्त र असन्तोषी देखिन्छ । गाउँमा रिन तिर्न नसकी आफ्नो जायजेथा साहुलाई बुझाएर जीविकोपार्जनका लागि कामको खोजीमा वीरे काठमाडौँ सहर पसेको छ । सहरमा आर्थिक अभावका कारण उसको परिवार कयौँ दिन भोकै बस्नु परेको र काम पाउनका लागि श्रीमतीको इज्जतलाई पनि बन्धक राख्नु परेको छ । पार्वतीले बाध्य भएर देह व्यापार जस्तो घृणित कार्य गरेकी छे । यसरी कथामा निम्न वर्गीय व्यक्तिको दयनीय आर्थिक अवस्थालाई चित्रण गरिएको छ । मानसिक परिवेशको रूपमा शरीर बेच्ने जस्तो घृणित कार्य गर्न श्रीमान्ले उकास्दा पार्वतीको मनमा क्रोध, लोभ र घृणाको द्वन्द्व हुनु तथा काम नपाउँदा श्रीमतीको सती सावित्रीको जस्तो व्यवहारलाई सम्झी वीरेको मनमा भित्रभित्रै क्रोधको राँको सल्किनु जस्ता स्थिति रहेका छन् । यसरी यस कथामा विकलले गाउँका शोषक सामन्तको कारण निम्न वर्गका व्यक्तिले पाएको दुःखपूर्ण परिस्थितिको सजीव चित्रण गरेका छन् ।

'सिँगारी बाखा' कथामा काठमाडौँ सहर नजिकैको ग्रामीण परिवेश रहेको छ । चाबहिलको बगरेले सिँगारी बाखालाई सिमली भन्ज्याङ हुँदै लैजानु, पानी पँधेरोमा नुहाउन जानु, दिउँसो गाउँ छिमेककाले गाईवस्तु चराउन लैजानु जस्ता सङ्केतले कथामा ग्रामीण परिवेशको पुष्टि गर्दछन् । जुन कुरा कथामा पण्डितनी बजैले सिँगारी बाखालाई चराउन लगेको सन्दर्भमा यसरी आएको छ- "दिउँसो जब गाउँ छिमेकका गाईवस्तु फुकाएर चरनतिर लैजान्थे, पण्डितनी बजै उसलाई फोएर लामो टाँगीले बारीको डिलको बकाइनाको स्याउला झारेर खुवाउँथिन्" (पृ.७५) । यस कथामा पूजा पाठ गर्ने धार्मिक चलन, वस्तु पाल्ने, माइतीले छोरीलाई पेवा दिने जस्ता धार्मिक, सांस्कृतिक परिवेश पनि पाइन्छन् । पण्डित बाजेले गर्ने नित्य पूजाको निम्न लिखित लेखकीय चित्रणबाट यस्तो परिवेशको झल्को आउँछ- "पूजा चौकीमा पण्डित बाजे हातमा सुमेर्नी सहितको फटिकको माला,

ओठमा ॐ नमः शिवायःको महामन्त्र लिएर भक्तिमा तल्लीन बनि रहेका हुन्थे" (पृ. ७४) । आन्तरिक परिवेशमा पण्डित पण्डितनीले मानवेतर पात्र सिँगारीमाथि गरेको उपेक्षाको भाव र पछि कसाहीको हात सुम्पिन आँट्दा सिँगारीका मनमा आफ्ना विगत, बच्चा र मानवीय व्यवहारप्रति उठेका आबेग संवेगहरू आएका छन् । जुन कुरा कथामा यसरी अभिव्यक्त भएको छ- "अनि आज अब ऊ आफ्नो जन्मभरको सेवाको बदला मालिक मालिक्नीको बढ्दो उपेक्षालाई देख्दथी, उसको मुटु चिरिएर आउँछ, अतीत इतिहासको झल्को सम्झिएर भलभली आँसु काट्छे"(पृ.७९) । यस कथामा विकलले तत्कालीन परिस्थितिमा मानिसमा भएको स्वार्थी प्रवृत्ति तथा आदिम जङ्गली प्रवृत्तिलाई प्रस्तुत गरेका छन् ।

'सुवेदार रणे बुढो' कथामा काठमाडौं सहर र 'म' पात्रको मामाघर भएको ग्रामीण परिवेशको प्रत्यक्ष चित्रण रहेको छ । यसका साथै अप्रत्यक्ष रूपमा यस कथामा हिन्दुस्थान, जर्मनको धावा, विदेशी युद्धभूमिको चित्रण पनि भौगोलिक परिवेशका रूपमा आएका छन् । यहाँ सुबेदार बुढाले बहत्तर सालको लडाइँको सजीव वर्णन 'म' पात्रसँग गर्दा त्यति बेलाको त्रासदीपूर्ण परिवेशको झल्को आउँछ, जस्तै : "तिमीलाई वारको कुरा के थाहा !... तिमी के बच्चा बच्ची ! ... ओ यो ज्यान त हथेलीमा राख्नु पर्छ ! ... रात दिन मुसिगन, बमगोला, बरेट गन र तोपको मोहरीमा ज्यान तारो थाप्नुपर्छ । ...कुन बेला कताबाट गोली छुट्छ, प्राण फुस्स उड्छ .."(पृ.८३) । रणे बुढाले राणा शासन ढलेकोमा चिन्ता प्रकट गरेको छ भने 'म' पात्रको प्रजातन्त्रमा प्रजाले छानेकाले राज गर्नु पर्छ भन्ने भनाइ छ । यसबाट कथामा राजनीतिक परिवेश द्वन्द्वमय रहेको पाइन्छ । सुबेदार बुढाले कान्छी श्रीमती विवाह गरेपछि उसले सुबेदार बुढालाई छोडी झिटी झाम्टा उठाई हिँडेकी छे । यसपछि बुढाको कन्तविजोग भएको अवस्था 'म' पात्रले गरेको यसको अन्तिम अवस्थाको चित्रणबाट व्यक्त भएको पाइन्छ- "म भित्र गएँ, छाप्रोको कुना कुनामा आँखा घुमाएँ । त्यहाँ कुनै कुनामा पनि जीवनको अस्तित्व थिएन एक कुनामा फुटेटुटेका केही भाडावर्तन, अर्को कुनामा आधा र चौथाइ बुनेका केही घुम, डोका र ढाकर । अनि अर्को कुनामा एउटा जीर्ण कन्थामाथि सुबेदारको धुकधुकी" (पृ.९०) । यस दृश्यले कथामा दुःखद वातावरणको सिर्जना गरेको छ । पहिलेकी श्रीमतीको सम्झना हुनु र देशको राजनीतिक परिवर्तनमा भित्रभित्रै छटपटी हुनु जस्ता कुराहरूले रणे बुढाको मनमा द्वन्द्वको सिर्जना भएको छ ।

कथाकार विकलले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा तत्कालीन युगको आर्थिक सामाजिक, सांस्कृतिक, राजनीतिक आदि विविध परिवेश तथा तिनको प्रभाव स्वरूप भएको मानसिक परिवेशको सफल चित्रण गरेका छन् । यस सङ्ग्रहमा आर्थिक, राजनीतिक परिवेश विघटित अवस्थामा रहेको पाइन्छ, जसले गर्दा सम्पन्नशाली शोषक सामन्तका कारण निम्न

वर्गीय नेपाली जनताले सधैंभरि दु:खपूर्ण जीवन गुजार्नु परेको परिस्थिति छ । यस्तो परिस्थितिको कथाकारले आलोचनात्मक ढङ्गबाट विरोध गरेका छन् ।

## ३.५ निष्कर्ष

विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा  नेपाली समाजका उच्च, मध्यम र निम्न वर्गीय विविध प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । कथाकारले आफ्ना कथामा ग्रामीण तथा सहरिया समाजका विभिन्न वर्गीय चरित्र भएका, विभिन्न वंशानुगत स्वभाव, संस्कृति भएका नेपाली समाजका आर्य र आर्येतर पात्रको प्रयोग गरेका छन् । आर्य वर्गमा कथित उपल्लो वर्गको प्रतिनिधित्व गर्ने र आर्येतरमा जनजाति तथा कथित निम्न वर्गका प्रजातिगत पात्रको प्रतिनिधित्व गर्ने पात्रहरू पर्दछन् ।  कथाकारले **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथामा खास समाजिक सन्दर्भ/परिवेशलाई व्यक्त गर्नका लागि नेपाली समाजमा रहेका बाहुन क्षेत्री तथा अन्य जात नखुलेका जात जाति र कथित तल्लो जातिलाई खास प्रजातिगत पात्रका रूपमा चयन गरेका छन् ।

शोषक सामन्तको कारण निम्न वर्गीय नेपाली जनताले सधैंभरि दु:खपूर्ण जीवन गुजार्नु परेको परिस्थितिमा यस कथा सङ्ग्रहका कथाहरू रचना भएका छन् । विकलले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा वि.सं. २००७ देखि २०१८ सम्मको राजनीतिक परिवर्तन तथा अस्थीर सामाजिक, आर्थिक परिवेशका साथै विघटित सांस्कृतिक परिवेशको पनि प्रस्तुति गरेका छन् । **नयाँ सडकको गीत** सङ्ग्रहका कथामा निम्न वर्गीय नेपालीको कष्टकर जीवनको तत्कालीन परिवेशको सफल चित्रण गर्न कथाकार सक्षम रहेका छन् ।

विकलले नेपाली समाजकै प्रजाति र तिनका संस्कारलाई प्रजातीय विशेषताका रूपमा कथामा उल्लेख गरेका छन् । यो नेपाली सामाजिक जीवनसँग मिल्दोजुल्दो छ । यस अर्थमा उनको प्रजातीय चेतना **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा सबल रूपमा उपस्थित भएको छ । नेपाली समाजमा विद्यमान जातजातिलाई आफ्ना कथामा प्रतिबिम्बित गरी नेपाली समाजको जातिगत विविधतालाई कथाकारले देखाएका छन् ।

लेखकले व्यक्तिगत र सामूहिक अस्मिताको खोजी गर्दै अतीत, वर्तमान र भविष्यको सङ्केत आफ्ना रचनामा गरेको हुन्छ । लेखकले कृति रचना गरेको युग नै उसको वर्तमान हो । विकलले **नयाँ सडकको गीत** कथा सङ्ग्रह निर्माण गर्दा वि.सं. २००७ देखि २०१८ सम्मको नेपाली समाजिक परिस्थितिलाई समेटेका छन् । यसले तत्कालीन नेपाली समाजको आर्थिक, सामाजिक अवस्था बोधमा सहयोग पुऱ्याएको छ । युगीन अभिव्यक्तिका दृष्टिले विकलका कथा तत्कालीन सामाजिक यथार्थ प्रकटमा प्रवृत्त भएका छन् । यसबाट विकल

**नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूमा तत्कालीन सामाजिक आर्थिक अवस्था बोधमा सचेत रहेको देखिन्छन् । वर्गीय शोषणका कारण पछि परेका र समाजिक सांस्कृतिक संरचनाका कारणले हेपिएका नेपाली जातिको कारुणिक पक्षमा बढी चासो राख्न पुगेकाले विकलका कथामा दयनीय र दुःखद् वातावरण सिर्जना भई कारुणिक परिवेश निर्माण हुन पुगेको छ । सामाजिक विकृति, विसङ्गति सिर्जना गर्ने कारक तत्त्वका रूपमा तत्कालीन सामाजिक मूल्य, आर्थिक, सांस्कृतिक परिवेश आदि प्रमुख रहेकाले सामाजिक, मानसिक र प्राकृतिक पर्यावरणसँग ती घटनाहरू र तिनले सिर्जना गर्ने परिणाम बिच तादात्म्य हुन पुगेको छ । यसरी प्रजाति, क्षण तथा परिवेश चित्रणमा कथाकार विकल सचेत र सफल रहेका छन् ।

## चौथो परिच्छेद

# कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाहरूको विश्लेषण

### ४.१ विषय प्रवेश

साहित्य र समाजका बिचको सम्बन्धको अध्ययन गर्ने शास्त्र साहित्यको समाजशास्त्र हो । साहित्यलाई विश्लेषण गर्ने साहित्यको समाजशास्त्रका विभिन्न मापदण्डहरूमध्ये कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृति पनि पर्दछन् । साहित्यकारले साहित्यिक कृतिको सिर्जना गर्दा काल्पनिक भए रूपमा भए पनि समाजको यथार्थलाई पंस्तुत गरेको हुन्छ । समाजमा कुनै पनि कार्य हुनुका पछाडि कारणहरू भए जस्तै साहित्यमा घट्ने घटनाका पछाडि कारणहरू रहेका हुन्छन् । यस कुराको अध्ययन साहित्यको समाजशास्त्रभित्र कार्यकारण सम्बन्धले गर्दछ । यसैगरी भाषा विचार विनिमयको माध्यम हो । साहित्यकारले साहित्यिक कृतिमा भाषाको प्रयोग लेखक स्वयम्ले वा सामाजिक पात्रका माध्यमबाट गरेको हुन्छ । समाजशास्त्रीय सिद्धान्तमा साहित्यिक कृतिमा प्रयुक्त भाषाका अध्ययनबाट सामाजिक अवस्था र पात्रको स्तर निर्धारण गर्न सकिन्छ । समाजमा रहेका प्रचलित धर्म, परम्परा, आस्था, विश्वास, ज्ञान, कला, नैतिकता आदि सामाजिक संस्कृति हुन् । मानिसले यिनलाई पैतृक तथा पुर्ख्यौली सम्पत्तिका रूपमा प्राप्त गरेको हुन्छ । साहित्यको समाजशास्त्रले साहित्यिक कृतिमा यी कुराहरूको खोजी गर्दछ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा कथाकार विकलको **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूलाई कार्यकारण सम्बन्ध, भाषा र सामाजिक संस्कृतिका आधारमा विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

### ४.२ कार्यकारण सम्बन्धका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

साहित्यकार समाजको एक सचेत व्यक्ति हो । उसले साहित्य मार्फत समाजमा भएका अन्याय, अत्याचार, कुसंस्कार आदिको विरोध गरेको हुन्छ । साहित्यकार समाजको सदस्य भएकाले उसका कृतिमा समाजमा हुने गरेका अथवा भएका घटनाहरूको चित्रण गरिएको हुन्छ । साहित्यकारले सामाजिक वस्तु तथा घटनालाई जस्ताको तस्तै अभिव्यक्त नगरी वस्तु यथार्थसँग मानवीय यथार्थसमेत समायोजन गरेको हुन्छ । साहित्यकार समाजका वस्तु र यथार्थको प्रत्यक्ष घटनालाई मात्र आफ्नो रचनामा उतार्दैन । उसले त्यसका अतिरिक्त मानिसका चेतना पक्षका भावहरूलाई समेत रचनामा अभिव्यक्त गरेको हुन्छ । साहित्यकार मानिसका विभिन्न भावहरूलाई साधारणीकृत गराएर सार्वभौम मूल्य दिने गर्दछ । यस क्रममा उसले आफ्ना तर्क, सुझाव तथा विचारहरू प्रत्यक्ष वा परोक्ष रूपमा

राखेको हुन्छ । अझ स्पष्ट रूपमा भन्नुपर्दा साहित्यकारले आफ्ना रचनामा समाजमा भएका घटना मात्र उल्लेख नगरी घटना घट्नुका पछाडि हुने कारणलाई समेत प्रस्तुत गरेको हुन्छ । साहित्यमा घटित घटनाहरूमा के कस्ता कारणहरू छन् ? समाजमा कस्तो कारणले कस्तो प्रकारको घटना घटाउन सघाउ पुऱ्याएको छ ? जस्ता कुराहरू थाहा पाउन साहित्य अध्ययनमा कार्यकारण सम्बन्ध पनि खोज्नु पर्ने हुन्छ, त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा कार्यकारण सम्बन्धलाई पनि आधार मानिएको छ ।

कार्यकारण सम्बन्धलाई समाजशास्त्रीय अध्ययनको आधार मान्ने व्यक्ति साहित्यको समाजशास्त्रका जन्मदाता टेन, फ्रान्सेली लेखिका मेडम डे स्टेल तथा अर्का समाजशास्त्री रवर्ट स्कार्पिट हुन् । उनले कार्यकारण सम्बन्धलाई अनिवार्य तत्त्व मान्दै कृतिभित्र कार्यकारण सम्बन्ध खोजेका छन् (घिमिरे, २०५८ : ९९) । साहित्यिक कृतिमा घटित घटनाको कारण पत्ता लगाउन कार्यकारण सम्बन्धको अध्ययनले मद्दत पुग्दछ । कुनै पनि कार्य विना कारण भएको हुँदैन त्यसमा केही न केही कारण अवश्य हुन्छ । त्यो कारण प्रत्यक्ष वा अप्रत्यक्ष भए पनि घटनासँग जोडिएकै हुन्छ, तसर्थ साहित्य अध्ययनमा कार्यकारण सम्बन्धलाई आधार बनाउनु पर्ने कुरा औचित्यपूर्ण हुन्छ ।

टेनले कार्यकारण सम्बन्धलाई परिवेशसँग जोड्ने काम गरेका छन् । जलवायु र भौतिक (भौगोलिक) कारणले साहित्यसँग सीधा सम्बन्ध राख्दछ भन्ने उनको मान्यता रहेको छ । यस मान्यतामा निर्मला जैनले असहमति प्रकट गर्दै वातावरणीय तत्त्व र साहित्यका बिच सिधा कार्यकारण सम्बन्धको खोजी गर्नुले टेनलाई अनावश्यक र अनगढ विश्लेषणतिर गएको आरोप पनि लगाउँछिन (१९९ : २४) । साहित्यमा घटित घटनाहरू भौगोलिक कारणसँग मात्र सम्बन्धित नभएर सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक जस्ता विभिन्न कारणसँग सम्बन्धित हुन्छन् । त्यसैले कार्यकारण सम्बन्धलाई केबल हावापानीसँग मात्र जोडेर हेर्नु हुँदैन ।

कथाकार रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहभित्रका कथाहरूमा घटित घटनाहरूको मुख्य कारणमा आर्थिक अभाव तथा गरिबी रहेको पाइन्छ । यस्तो भए तापनि अशिक्षा, उच्च वर्गकाले निम्न वर्गका मानिसलाई गर्ने अन्याय, शोषण, षड्यन्त्र, सामाजिक सांस्कृतिक कुसंस्कार आदि जस्ता अन्य कारणहरू पनि पाइन्छन् । यसका साथै नगन्य मात्रामा भौगोलिक तथा राजनीतिक अस्थिरताको कारणले पनि कथिपय घटना घटेको पाइन्छ । 'भन्ज्याङको चौतारो' कथामा भर्खर बिहे गरेको अवस्थामा बले लाहुर भर्ती हुन जानु, 'प्रतिहिंसा' कथामा हर्केले दाहाल पण्डितको बारी अधियाँ लगाउनु, सानो बालकलाई घरमा छोडेर दाउरा बेच्च टन्टलापुर घामा चारपाँच कोसको बाटो हिँडी सहर जानु, फर्कदा भोकभोकै फर्कनु, 'लाहुरी भैँसी' कथामा भैसी किन्दा लुखुरेले स्वास्नीका गहना पात बेच्नु,

नेपाल बाहुनबाट रिन लिनु, भैसीमा धम्कीको खोट देखाइदिँदा भैँसी मरेर आर्थिक भार पर्छ भनी परल मूल्यभन्दा कममा द्वारेलाई भैँसी बेच्नु, सुत्दा पनि लुखुरेका आँखा अगाडि दुई सय पचास नेपाल बाहुन भएर नाच्नु, घैँटीले तथानाम लोग्नेलाई गाली गर्नु 'नयाँ सडकको गीत' कथामा अन्धो माग्नेले सडकको पेटीमा बसेर पुलिस तथा सिपाहीको गाली बेइज्जती सही दुनियाँसँग सहायोगार्थ हात थाप्नु जस्ता कार्यहरू आएका छन् । यी सम्पूर्ण कार्य हुनुमा अथवा घटना घट्नुमा गरिबी तथा आर्थिक अभाव प्रमुख कारणका रूपमा रहेको पाइन्छ ।

यसैगरी अन्य कथाहरूमा पनि आर्थिक अभाव तथा गरिबी रहेको पाइन्छ । जस्तो 'वीरेकी आमा' कथामा वीरेकी आमाले अर्काको ढिकी जाँतो गरेर पेट पाल्नु, घिमिरेको देवालीमा केटाकोटीले मिल्काएको मासु भात ल्याउनु, काम गरेको साटो एक पेट मात्रमै सन्तोष हुनु तथा काम नपाउँदा भोकै बस्नु, 'दुई रुपियाँ नोट' कथामा वीरे परिवार सहित रिन तिर्न नसकी गाउँको रमणीय घरबास घिमिरे साहूलाई बुझाई पेट पाल्नका लागि नयाँ सडकको दुर्गन्धित छिँडीमा बस्नु, काम नपाएर दुई चार दिन भोकभोकै रहनु, बाल बच्चाको समेत भोक मेटाउन नसक्नु, वीरेले श्रीमतीलाई देहव्यापार गर्न कर गर्नु तथा नमान्दा पार्वतीलाई पिट्नु अनि बाध्य भएर छोराछोरीको भोक र श्रीमान्‌को अत्याचार सहन नसकी पार्वतीले अस्तित्व बेच्नु 'सुबेदार रणे बुढो' कथामा रणे बुढो विवाह भएको दुई महिनामै गुराँसको फूल जस्ती श्रीमतीलाई छाडेर जर्मनको धावामा जानु, बुढेसकालमा पनि पेन्सनले नपुगी घुम, डोका, ढाकर बुनेर जीविकोपार्जन गर्नु जस्ता घटना कार्यका रूपमा आएका छन् भने ती सबैको प्रमुख कारण गरिबी तथा आर्थिक अभाव रहेको छ ।

सामाजिक, सांस्कृतिक अवस्था पनि यस कथा सङ्ग्रहमा घटेका घटनाको कारणका रूपमा आएको देखिन्छ । 'भन्ज्याङ्को चौतारो' कथामा पातली सौतेनी सासुको बुहार्तन सहन नसकी बले लाहुर गएको बेलामा अर्कैसँग बिहे गरी जानु, 'प्रतिहिंसा' कथामा ढकाल्नी बज्यैको केटाकेटी अवस्थामै विवाह हुनु र तरुनी अवस्थामा विधवा हुनु परे पनि अर्कोसँग विवाह गर्न नपाउनु, 'बिहानीपखको बत्ती' कथामा शारदा शिक्षित भए पनि उसको बिहे आफूले रोजेको तथा मन परेको केटासँग नभई बाबुआमाले दिएको क्षयरोगले ग्रसित केटासँग हुनु तथा 'वीरेकी आमा' कथामा वीरेकी आमाको मृत्यु भए पनि कथित तल्लो जातकी भनेर कथित माथिल्लो जातका भनिने गाउँका कसैले वास्ता नगर्नु जस्ता कार्यहरू रहेका छन् । यस्ता कार्यहरू कथामा आउनुमा सामाजिक तथा सांस्कृतिक कारणहरू जिम्मेवार छन् भन्न सकिन्छ ।

अशिक्षालाई पनि '**नयाँ सडकको गी**त' कथा सङ्ग्रहभित्र घटेका कतिपय घटना अथवा कार्यको कारणको रूपमा पाउन सकिन्छ । अशिक्षाका कारण यस कथा सङ्ग्रहभित्रका कतिपय कथाहरूमा घटेका घटनाले पात्रहरू आफैलाई घाटा पारि रहेको पाइन्छ । उनीहरूले

आफूमाथि भएको जालझेल षडयन्त्रलाई बुझ्न सकेका हुँदैनन् । 'लाहुरी भैँसी' कथालाई यसको उदाहरणको रूपमा लिन सकिन्छ । लुखुरेले द्वारे बाको लाहुरी भैँसीमाथिको षड्यन्त्रलाई बुझ्न नसक्नु उसमा भएको अशिक्षाको कारण हो । अशिक्षाकै कारण समाजमा गरिब तथा तल्लो वर्गका मानिसहरूले समाजका माथिल्लो वर्गमा रहेका वा ठुला भनाउँदाहरूको दास बनेर अथवा उनीहरूको पाउ मोलेर आफ्नै वर्गका मान्छेको अहित हुने कार्य गरेका हुन्छन् । यस कथामा निम्न वर्गीय पात्र रामे घर्ती, घमाने तथा खुलालले लुखुरेको लाहुरी भैँसीलाई षड्यन्त्र गरी आफ्नो पोल्टामा पार्न कस्सिएका द्वारे बालाई सफल बनाएको घटनाबाट यो कुराको पुष्टि हुन्छ । रामेले द्वारे बालाई भैँसी लैजान यसरी हौस्याएको छ- "होइन बा सौ पचास भन्या तपाईंको निम्ति पासाङ बराबर छ । तर गरिबको त घरबास उठ्छन् । तपाईंले नगरे कसले गर्छ" (पृ. ३३) । यसरी लुखुरेको निरोगी भैँसीलाई धम्कीको खोट लगाई परल मूल्यभन्दा सस्तोमा द्वारे बाले हात पार्न सफल हुनु, निम्न वर्गीय पात्रहरू घमाने, खुलाल, रामवीरेले द्वारे बाको षड्यन्त्रलाई सघाउनु कार्य हुन् भने अशिक्षा यी कार्य हुनुको प्रमुख कारण हो । यसै गरी 'सुबेदार रणे बुढो' कथामा रणे बुढाले प्रजातन्त्र आएकोमा दुखी हुँदै राणा शासनलाई नै मन पराएर निम्न अभिव्यक्ति प्रकट गरेको छ- "राजा त जुद्ध शमशेर नै हो । .... किन होइन ? ..क्यानाम, जुद्ध शमशेर जस्तो त राजै छैन । त्यस्तो राजासँग दुनियाँले फुटानी खोज्नु ? ..आम्मै, कलियुग लाग्यो साच्चै" (पृ. ८४) यसरी प्रजातन्त्र आएकोमा दुःखी हुँदै राणा शासनलाई नै मन पराउनुमा पनि रणे बुढामा भएको अशिक्षा कारण भएर आएको छ ।

काम गरेर खाने मजदुर वर्गको उचित मूल्य नहुँदा पारिश्रमिकमा ठगिनु, निम्न वर्गकालाई उच्च वर्गकाले शोषण गरी ठग्नु, काङ्ग्रेसले उत्पात मच्चाउनु, रणे बुढाको पेन्सन रोकिनु, भौँपू हालेको जीपले प्रजातन्त्र, नागरिक, मित्रराष्ट्र, पाहुना स्वागत इत्यादि भनेर फलाक्दै हिँड्नु कार्य हुन् भने यस्तो कार्य हुनुमा तत्कालीन अस्थिर राजनीति कारणको रूपमा रहेको छ । यस्ता घटनालाई प्रतिनिधित्व गर्ने मुख्य कथाहरूमा 'लाहुरी भैँसी' 'नयाँ सडकको गीत', 'वीरेकी आमा', 'दुई रुपियाँ नोट', 'सुबेदार रणे बुढो' रहेका छन् ।

'भन्ज्याङ्को चौतारो कथामा भरियाहरू काठमाडौँबाट भारी बोकेर हिँड्नु 'प्रतिहिंसा' कथामा खेत र बारीमा उब्जनी नभएर खान नपुग्नु 'वीरेकी आमा' कथामा भनेको समयमा औषधी तथा डाक्टर नपाइनु जस्ता कार्यहरू छन् । यस्तो कार्य हुनुमा भौगोलिक विकटता पनि कारण भएर आएको छ, किनभने भौगोलिक बिकटताको कारण बाटोघाटो नभएर भरियाले भारी बोक्नु परेको छ । यसैगरी यही कारणले नै पहाडिया जमिन भएर उब्जनी धेरै नभएको र डाक्टर तथा औषधी नपाएर बिरामीले मर्नु परेको अवस्था रहेको छ ।

यस कथा सङ्ग्रहका कथाहरूमा उपर्युक्त कारण तथा कार्यका अतिरिक्त अन्य महत्त्वपूर्ण घटना तथा कार्यहरू पनि रहेका पाइन्छन् । ती कार्य हुनुमा प्रत्येकका पृथ्क पृथक् कारणहरू पनि रहेका छन् । 'भन्ज्याङको चौतारो' कथामा लाहुरबाट घर फर्कँदा भन्ज्याङको चौतारोमा आफूलाई छोडी अन्तै बिहे गरी गएकी पातलीलाई देख्दा बलेलाई सुरुमा रिस उठ्छ र पछि माया लाग्छ । जुन कुराको चित्रण लेखकले यसरी गरेका छन्- "बलेको मनमा रिसको राँको सल्क्यो तर तत्कालै त्यो सेलायो" (पृ.३) । यसरी सुरुमा रिस उठे पनि एक छिन पछि बलेको छातीमा पातलीको माया भरिएर आउनु, पातलीको हालचालैको अवस्था बुझ्न खोज्नु अनि पातलीले पनि बलेलाई एक्कासी देख्दा उसको छातीमा कताकता अदृश्य घाउको पाप्रो उम्किए झै हुनु कार्य हुन् भने बले र पार्वती बिच एक अर्काप्रति भएको गहिरो माया प्रेम यिनको कारण हो ।

'प्रतिहिंसा' कथामा हर्केको मनमा आफूलाई छोडेर बिहे गरी गएकी पुतली तथा त्यसलाई लगेको चाउरे मगरको सम्झना आउँदा घृणा र क्रोधको राँको सल्कनु तथा उसले निदालमा घुसारेको पुतलीको थोत्रो काँइयो र फरियाको झुत्रो ध्यारधुर काचकुच गरी च्यातेर दाह्रा किट्दै चुल्हामा झोसिदिनु कार्य हुन् भने नाबालक छोरो तथा आफूलाई भन्दा धेरै माया गर्ने लोग्ने हर्केलाई छाडेर पुतली चाउरे मगरसँग जानु त्यसको कारण हो । 'लाहुरी भैँसी' कथामा द्वारे बालाई आफ्नो द्वारेपनाको निम्ति एउटा थप्पड झैँ लाग्नु, उनले मनमा अलि असजिलोपनको अनुभव गर्नु, उनको मुटुमा कसैले फोनबाजाले सियोले घोचिदिए झैँ च्वास्स चस्किनु, लुखुरेको चार वर्षे छोरो पोडेको खुसीले भुइमा खुट्टा नहुनु, अघिपछि दसथरी जवाफ दिने घैँटीले त्यस दिन लोग्नेको प्रत्येक आज्ञा मान्नु तथा लुखुरेलाई पनि सम्पूर्ण प्रकृति हाँसेजस्तो लाग्नु, सन्ध्याको शीतल हावाको स्पर्श भाग्यको मृदु हातको स्पर्श झैँ अथवा आमाको स्नेहको सुमसुम्याइँ झैँ लाग्नु कार्यहरू हुन् भने लुखुरेको आँगनमा चिल्लो झिँगा पनि चिप्लेला जस्तो कालो आङ, छोटाछोटा मोटामोटा पातला मेढे सिङ, निलानिला निर्दोष आँखा तथा बढो बाह्रमाने कल्चौडो भएको लाहुरी भैँसी बाँधिनु उपर्युक्त कार्यहरूको एक मात्र कारण हो । लुखुरेको उमङ्गमा खिलखिलाइ रहेको चारैतिरको वातावरणमा अवसादको कालो बादल दौडनु, शरीरमा पसिना चिटचिटाए झैँ लाग्नु, घैँटी पानीमा परेको गुइँठा फुले झैँ फुलिनु, संसारको बादशाह झैँ खेलिरहेको पोडे बाबुको एक्कासि बदलिएको भाव देखेर डराउनु तथा द्वारे बाले घोप्टे जुँघाभित्रको कुटिल मुस्कानलाई ओठभित्र दबाउनु कार्य हुन् भने लुखुरेको निर्दोष निरोगी भैँसीमा द्वारे बाले षड्यन्त्रपूर्वक धम्कीको खोट देखाउनु यिनको कारण हो ।

'नयाँ सडकको गीत' कथामा अन्धो माग्नेले दस बाह्र वर्षदेखि बसेर माग्दै गरेको ठाउँ नयाँ सडकको ढोकैनेर को पेटीलाई नछोड्ने अठोट गरे पनि अन्तमा छोडेर आफ्ना

थाङ्ना बोटा सहित अन्यत्र जानु कार्य हो भने पुलिस तथा सिपाहीको अन्धोप्रतिको अमानवीय व्यवहार तथा उनीहरूको अन्धाकी श्रीमती सानीप्रतिको कुदृष्टि यसको कारण हो । 'बिहानीपखको बत्ती' कथामा पहाडबाट पढ्न आई बसेको गोरो अनुहारमाथि निधारमा हरदम लर्कि रहने कालो झुप्पो कपाल भएको, लाम्चिलो मोहोडामा सुलुत्त परेको नाक तथा कोस लामा भएका आँखा भएको बन्दीपुरे ठिटोलाई देखेर शारदा आर्कषित भएकी छे । यसरी आकर्षित हुनु कार्य हो भने क्षयरोगले ग्रसित भई मृत्यु शैयामा छटपटि रहेको दुब्लो श्रीमान्को अवस्था यसको कारण भएर आएको छ । 'वीरेकी आमा' कथामा साहित्य जगतमा भूडोल बनाउने खालको रोचकता, सरसता, भावुकताका साथै आधुनिक र राष्ट्रियताका सबै तत्त्वहरू समावेश गरी लेखकको दिमागमा मोटामोटी रूपरेखा तयार पारेको कहानीको भावधारा छताछुल्ल हुनु कार्य हो भने उनले श्रीमतीबाट वीरेकी आमाको मृत्युको खबर सुन्नु तथा लेखकको स्मृतिमा वीरेकी आमाको जीवनका कारुणिक घटनाहरू आउनु त्यसका कारण हुन् । वीरेकी आमाले गाउँका मान्छेलाई तथानाम गाली गर्नु कार्य हो भने गाउँकाले उसलाई काम गरे वाफत ज्याला दिँदा ठग्नु त्यसको कारण हो ।

'दुई रुपियाँ नोट' कथामा घसिटुराम मारवाडीले रिसाएर वीरेलाई काम गर्नबाट छुटाउनु कार्य हो भने पार्वतीको बल्दो रूप देखेर घसिटुराम मारवाडी लोभिए पनि उसले (पार्वती) वास्ता नगर्नु त्यसको कारण हो । 'सिँगारी बाखा' कथामा पण्डित र पण्डितनीले सिँगारी बाखालाई माया गर्नु, उसको खानपानमा उचित ध्यान दिन तथा कहिले काहीँ पण्डितनीले पिठो पानी दिन भुलेमा पण्डित बाजेले पशु र मान्छेको आत्मा एउटै हो भनी सम्झाउनु कार्य हुन् भने सिँगारीले आफ्नो शरीर गलाई वर्षको दुई वटाका दरले बाह्र चौध वटा पाठापाठी जन्माएर पण्डित पण्डितनीलाई गरेको अविराम सेवा यिनको कारण हो । यसैगरी यस कथामा उही सिँगारी बाखा साउन जस्तो रसिलो महिनामा पनि पेट टन्न नभरिएर दुई पेट जोडिई किङ्ग्रिङ्ङ करङ बाहिरबाट देखिने अवस्थामा पुग्नु, पहिले जुन निष्ठा र उत्साहले सेवा सुसार हुन्थ्यो अहिले त्यसको दस अंशको एक अंश पनि नहुनु तथा पण्डित बाजेले पण्डितनीसँग सल्लाह गरेर बगरेलाई सिँगारी बेचि दिनु आदि कार्य हुन् भने सिँगारी बाखाको उमेर चड्दै जाँदा शरीर शिथिल भई पाठापाठी जन्माउन नसक्ने अवस्था हुनु तिनको कारण हो ।

'सुवेदार रणे बुढो' कथामा 'म' पात्र मामा घर गएको बेलामा सबैभन्दा बढी ऊ रणे बुढोप्रति आकर्षित भई उसलाई भेट्न जानु कार्य हो भने रणे बुढाको बहत्तर सालमा भएको हिन्दुस्थानको लाडाइँको पनि आजै घटेको घटना झैँ गरेर सजीव चित्रण गर्ने क्षमता त्यसको कारण हो । सुबेदार रणे बुढाले हिन्दुस्थानमा लडाइँको चित्रण 'म' पात्रसँग यसरी गरेको छ- "तिमीलाई वारको कुरा के थाहा ! .. तिमी के बच्चा बच्ची ! ... ओ यो ज्यान त हथेलीमा

राख्नु पर्छ !... रात दिन मुसीगन, बमगोला, बरेटगन र तोपको मोहरीमा ज्यान तारो थाप्नु पर्छ । ...कुन बेला कताबाट गोली छुट्छ, प्राण फुस्स उड्छ" (पृ.८३) । यसै गरी सुबेदार रणे बुढाले जीवनमा सधैँ दुःख पाउनु कार्य हो भने उसले आफ्ना पुराना थोत्रा सङ्कीर्ण विचारलाई सर्वस्व ठान्नु त्यसको कारण हो ।

विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहभित्रका कथाहरूमा कार्यकारण सम्बन्ध स्पष्ट रूपमा रहेको देखिन्छ । यी कथाहरूका घटना घट्नुमा अनेक कारणहरू भए तापनि अशिक्षा, आर्थिक अभाव तथा गरिबी मुख्य कारणका रूपमा आएका छन् । कारणहरू एक अर्कामा अन्तर्सम्बन्धित हुने हुँदा एउटा कार्य हुनुमा अनेक कारणहरू पनि जिम्मेवार रहेका देखिन्छन् र प्रत्यक्ष वा परोक्ष रूपमा भए पनि विकलले यस कथा सङ्ग्रहमा कार्यकारण सम्बन्धको उचित व्यवस्था गरेको पाइन्छ ।

### ४.३ भाषाका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

भाषा विचार विनिमयको साधन हो । यसले समाज तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका मानिसलाई एक अर्कासँग सम्बन्धित बनाउने गर्दछ । लिखित वा मौखिक जुन सुकै भए पनि भाषाको महत्त्व रहेको हुन्छ । लिखित भाषा मानक वा औपचारिक हुन्छ भने मौखिक भाषामा भाषिकाहरू मिसिने हुनाले अनौपचारिक पनि हुने गर्दछ । सामान्यतया लिखित भाषा मानक हुन्छ भने पनि कुनै बेला साहित्यको लिखित भाषा अनौपचारिक पनि हुन पुग्छ । कुनै ठाउँको संस्कृति, भाषा तथा कुनै समाज विशेषलाई जीवन्त रूपमा चिनाउनु छ भने साहित्यको लिखित भाषा अनौपचारिक हुन्छ । पात्रको सामाजिक, सांस्कृतिक, शैक्षिक, ग्रामीण, सहरी जस्ता विविध पक्षहरूलाई जीवन्त चित्रण गर्नका लागि पात्रद्वारा बोलिएको भाषामा अनौपचारिकता झल्काउन वा भाषिका मिसाउन सकिन्छ ।

साहित्यमा प्रयुक्त भाषाको अध्ययन वा विश्लेषणबाट तत्कालीन समाजका व्यक्तिहरूको स्थिति थाहा पाउन सकिन्छ । साहित्यमा प्रयुक्त भाषाको अध्ययनबाट तत्कालीन समाजमा शिक्षित अशिक्षित कुन जाति, कुन संस्कृतिका मानिसहरू विद्यमान थिए भन्ने कुरा थाहा पाउन मद्दत गर्दछ । त्यसैले साहित्य विश्लेषणमा आर्थिक अवस्थाका साथै भाषालाई पनि महत्त्व दिनु पर्दछ भन्ने मान्यता क्रिस्टोफर कड्वेलको रहेको छ (क्षेत्री, २०६४ :२०) । भाषाद्वारा नै मान्छे आफ्ना भावना, अनुभूति, विचार जस्ता पक्षलाई मूर्त रूप दिने काम गर्दछ । भाषाद्वारा नै साहित्यकारको समग्र अनुभूति शब्दमा रूपान्तरित हुन्छ । साहित्यकार पनि समाजकै सदस्य भएकाले उसको भावनासँग सामाजिक पाठकको भावना एकाकार हुन पुग्छ । तसर्थ भाषा पनि साहित्यको समाजशास्त्रीय विश्लेषणको एउटा आधार हो ।

कथाकार रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा प्रयुक्त भाषाको अध्ययन गर्दा यस कथा सङ्ग्रहमा अङ्ग्रेजी, हिन्दी र संस्कृत जस्ता भाषाका शब्दको पनि प्रयोग भएको पाइन्छ । काठमाडौँ सहर र त्यस वरिपरिका पहाडिया परिवेशको भाषा पनि प्रस्तुत कथा सङ्ग्रहमा रहको छ । यस कथा सङ्ग्रहका सबै कथाहरूमा अङ्ग्रेजी भाषाका फेसन, टाइम, पिचरोड ब्लुब्ल्याक, रोमान्टिक, एडभेन्चरस, कमेडी, गभर्नमेन्ट, रिप्रिजेन्टेसन् आदि जस्ता शब्दको प्रयोग गरिएको छ । विकलले कथामा ठेट नेपालीका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोग गरेका छन् । हिन्दी भाषाका शब्दका साथै हिन्दी अङ्ग्रेजी मिसिएको नेपाली वाक्यले कथाको भाषामा रोचकता ल्याएको छ । 'सुबेदार रणे बुढो' कथामा रणे बुढाले 'म' पात्रसँग राजतन्त्रको विरोध गर्नेहरूप्रति लक्षित गरी भनेको अभिव्यक्तिमा भाषागत रोचकता प्राप्त गर्न सकिन्छ- "अँ, बाबु तपाईं बुझ्नु हुन्न क्यानाम यी राजाको गाथ गादी ताक्ने ....भुट्नु पर्छ...गोलीले ...इन्डियामा गौर्मेन्टले गान्डिवका चेलाहरूलाई कसरी भुट्छ" (पृ.८४) । सुबेदार रणे बुढो जर्मनको धावामा लडेर पेन्सन पकाई बसेको ग्रामीण नेपाली समाजको व्यक्ति हो । यस्ता पात्रहरू तत्कालीन समयदेखि हालसम्म पनि ग्रामीण नेपाली समाजमा पाइने हुँदा उसको बोलीले ग्रामीण नेपाली समाजको झल्को दिन्छ । **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरू वर्णनात्मक शैलीमा लेखिएको भए तापनि प्रसङ्गवस बिचबिचमा आएका पात्र अनुकूलका नाटकीय संवादले कथालाई रोचक र प्रभावकारी बनाएको छ । उदाहरणको रूपमा 'दुई रुपियाँको नोट' कथाका पात्र वीरे र पार्वतीको संवादलाई लिन सकिन्छ-

> वीरे- थाहा छ सबै तेरो ! मेरा अगाडि सत्ते सावित्री बन्छेस्, पछाडि दस जनासँग आँखा झिम्क्याउँछेस् । नचिनेकी छस् तँ, चर्तिकला । पार्वती- हरे राम ! कस्ता असत्ती तिमी, जिब्रो खस्ला कोरले गलेर । वीरे- के रे ? ...मलाई कोर होस् भनेर सराप्ने तँ रन्डी ? ...हुँ ? (पृ. ६५) । प्रस्तुत संवादमा प्रश्नोत्तर शैलीको प्रशस्त प्रयोग भएको पाइन्छ ।

विकलले यस कथा सङ्ग्रहका कथामा परिवेश अनुसारको भाषा प्रयोग गरेका छन् । दुःखद् तथा कारुणिक परिवेशको चित्रण गर्दा अनि सुखद् तथा रमाइलो परिवेशको चित्रण गर्दा सोही अनुकूलको भाषा प्रयोग गरेका छन् । उदाहरणका रूपमा 'दुई रुपियाँको नोट' कथामा प्रयुक्त भाषालाई लिन सकिन्छ । गाउँको घरजग्गा शोषक सामन्तीले हडपेपछि सहरमा गई दुःखी जीवन गुजारेका वीरे र पार्वतीको डेराको चित्रण यसरी गरिएको छ-

> यो चार हाते वर्गाकार छिँडी, यसमा जेठको फलाम सुकाउने गर्मीमा पनि एक किसिमको छपछपी पानी उम्रि रहेको हुन्छ, ढुँसीको गन्धले रङ्गिएको हुन्छ । यसको पूर्व दक्षिण कुनामा सानो एक मुखे चुलो, चुलोमाथि एउटा कालो हाडी, गिल्टीको

> बिट झरेको एउटा थाल, गिल्टीकै बुच्चे लोहोटा, पिँध नहुँदा बङ्गारा झरेको बुढो जस्तै फलामे ताप्के र एउटा काठको आरी घोप्टाइ राखेको हुन्छ । चुलैमुनि मझेरीमा एउटै घाँटीनिरै प्वाल परेको माटाको घैँटो, चुलैमाथि तखतामा दुई वटा ससाना भुड्का र एउटा बाँसको ढुङ्ग्रो अनि चुलोको देब्रेपट्टि कुनामा एउटा बुच्चे गाग्रो, कमारे भिउँट त्यसैमाथिबाटको भित्ताको किलामा एउटा झुत्रो नाम्लाको पातो झुन्डाइ राखेको हुन्छ (पृ. ६३) ।

यसै गरी यसै कथामा वीरे र पार्वतीको रमणीय पहाडिया ग्रामीण घरबासको चित्रण दुष्यन्त र शकुन्तलाको आश्रमसँग तुलना गरेर गरिएको छ ।

**नयाँ सडकको गीत** निम्न वर्गीय नेपालीहरूको सामाजिक जीवनको यथार्थ चित्रण गर्ने कथा सङ्ग्रह भएकाले यसमा सरल स्वाभाविक र आकर्षक भाषाको प्रयोग गरिएको छ । लेखकले वर्णनात्मक रूपमा लेखेको भाषा स्तरीय खालको छ भने अधिकांश पात्रले कथ्य भाषाको प्रयोग गरेका छन् । जस्तै बौरा, बजिए, परिगो, चै, घिच्न, त्यून, ह्याँ आदि । कथाको भाषामा रोचकता ल्याउनको लागि कथाकारले यस कथा सङ्ग्रहमा दौरा न सौराको खल्ती, कुकुरलाई घिउ नपचेको जस्ता उखान, मुरुकमुरुक, अल्याङ-टल्याङ, टुक्रुक्क, मसक्क, गर्ल्याम्म, सुँक्कसुँक्क, छपछपी जस्ता अनुकरणात्मक शब्द तथा भर्सेला पर्नु, तुषारो ओइरिनु, हंस उड्नु, डाँको छोड्नु, ओभेल पर्नु, राँको सल्कनु आदि टुक्काको प्रयोग गरेका छन् । साथै पो, बा, नि, त, र जस्ता निपातको प्रयोग र पात्रको बोलीमा पाइने चाहिने, क्यानाम, ज्यू जस्ता थेगोको प्रयोगले भाषामा थप रसिकता झल्किएको छ । गोली खाएकी मलेवी झैं, बङ्गारा झरेको बुढो झैं, सप्त पाताल भेदेर आए झैं, नौनी जस्तो बालक जस्ता उपमायुक्त भाषाको प्रयोग पनि कथामा रहेको छ ।

'बिहानीपखको बत्ती', 'दुई रुपियाँ नोट' जस्ता कथाका शीर्षक नै प्रतीकात्मक राखेर विकलले यस कथा सङ्ग्रहका सबै कथाहरूको कतिपय स्थानमा बिम्ब तथा प्रतीकात्मक भाषाको प्रयोग गरेका छन् । उदाहरणका रूपमा 'बिहानीपखको बत्ती' कथामा बिहेको बेलामा शारदाले आफ्नो लोग्नेलाई देख्दा उसको मनमा आएको अनुभूतिलाई लेखकले उल्लेख गरेको वाक्यलाई लिन सकिन्छ -"उसलाई लाग्यो- गुलाफको फक्रन लागेको कोपिला समाउन खोज्दा हातभरि सुकेका पत्र छरिए । उसको मनमा एउटा कालो धुवाँको मुस्लो उठ्न खोज्यो"(पृ. ४८) । यस कथांशमा आएका गुलाफको फक्रन लागेको कोपिला, धुवाँको मुस्लो आदिले प्रतीकका रूपमा काम गरेका छन् । कथाकार विकलले यस कथा सङ्ग्रहमा आलोचनात्मक व्यङ्ग्ययुक्त भाषाको प्रयोग गरेका छन् । उनले 'लाहुरी भैँसी' कथामा निम्न वर्गलाई षड्यन्त्र गरी आर्थिक शोषण गर्न खप्पिस द्वारे बा जस्तालाई सहयोग गर्ने सीताराम पण्डितको आलोचनात्मक व्यङ्ग्य गर्न निम्न लिखित भाषाको प्रयोग गरेका

छन्- “वास्तवमा उनले (सीताराम पण्डित) लुखुरेको भैंसीको अनुहारसम्म पनि देखेका होइनन् । तर कदाचित द्वारे बालाई खुसी पार्न सकिन्छ भने गाउँको भैंसीको त के कुरा बम्बैको तिलकराम मारवाडीले किनेको रायस मोटरमा पनि खोट निकाल्न उनी पछि हट्दैनथे”(पृ.३२) । ‘लाहुरी भैंसी’, ‘प्रतिहिंसा’ तथा ‘दुई रुपियाँ नोट’ कथाहरूमा बाल पात्र भएकाले ती कथाहरूमा बाल भाषाको प्रयोग भएको छ । उदाहरणको लागि ‘प्रतिहिंसा’ कथामा पुतलीको छोराले आमासँग आफूलाई नछोड्न आग्रह गर्दै भनेको निम्न अभिव्यक्तिलाई लिन सकिन्छ- “आमा अब हाम्लाई एक्लै छालेल मामा घर नजानोस् है ? ...ने आमा...ने भन्या ?..” (पृ.२२) ।

कर्ता, कर्म, क्रिया अनुसार वाक्यको संरचना नभएका व्याकरणिक विचलनयुक्त “जान्छु लाहुर नै” (पृ.१२ ) । जस्ता तथा पद सङ्गति नमिलेका वाक्यहरू पनि प्रस्तुत कथा सङ्ग्रहमा रहेका छन् । जस्तै ‘वीरेकी आमा’ कथामा वीरेकी आमाले साँहिली बज्यैसँग आफूले पाएको पारिश्रमिकको बारेमा भनेको निम्न वाक्यमा पद सङ्गति नमिलेको पाइन्छ- “घिमिरिनी बज्यैले त्यो केटाकेटीहरूको भाग पनि सोरेर लैजा न नैकिनी भन्यो र ल्याएको” (पृ. ५८) । यस वाक्यमा लिङ्ग सङ्गति मिलेको छैन । कथामा अनादर, सामान्य आदर तथा उच्च आदरार्थी भाषाको प्रयोग भएको पाइन्छ । ‘लाहुरी भैंसी’ कथाकी नारी पात्र घैँटीले मनमा पर्न आएको आर्थिक चोटका कारण लोग्नेलाई समेत अनादरयुक्त भाषाको प्रयोग गरी रोस प्रकट गरेकी छे- “खाइस् अभागी ग्वाङ्ग्रा । यसो आफूभन्दा जान्ने सुन्ने दुई चार जनालाई लगेर देखाउनु पर्छ, तेत्रो पैसा लगेर भँडखाराँ ओइरियो कि ओइरिएन ! बुद्धिमा डढेलो सल्केका तेरा” (पृ.३०) । यो यस्तै आर्थिक अभावले ग्रसित भएका ग्रामीण नेपाली समाजका नारीहरूको प्रतिनिधि आवाज हो । कथाकारले ‘सिँगारी बाख्रा’ कथामा संस्कृतका ‘विद्या विनय सम्पन्नो ब्राह्मणोः गवि हस्तनी, शुनि चैव स्वपाकेच पण्डिता सम दर्शिनः’ जस्ता श्लोकहरूको पनि प्रयोग गरेका छन् ।

प्रस्तुत कथा सङ्ग्रहमा प्रश्नार्थक, इच्छार्थक, आज्ञार्थक जस्ता भावयुक्त वाक्यहरूको पनि प्रयोग भएको पाइन्छ । **नयाँ सडकको गीत** कथामा माग्नेको कारुणिक भाषा तथा सिपाही, पुलिसको कठोर रुखो भाषाको प्रयोग भएको छ । यस कथामा अन्धोलाई पुलिसले ऊ माग्न बसेको ठाउँ छोड्न हप्काउँदै भनेको प्रसङ्गमा कठोर भाषाको प्रयोग भएको छ- “यो मोरो त अझै उठेको रहेनछ हेरै थाङ्ना बोटा फालिदिनु पर्ला” (पृ.४१) । ‘लाहुरी भैंसी’ कथामा उच्च वर्गकाले निम्न वर्गकालाई होच्याएर बोल्ने लुखुरे नाथु, लुखुरे बजिए, रामे छुसी जस्ता तुच्छ भाषाको प्रयोग गरिएको छ । साथै यस कथामा निम्न वर्गीय पात्रमा ठुला मान्छेप्रति चिप्लो घसेर बोल्ने प्रवृत्ति पनि देखाइएको छ । प्रसङ्ग अनुसार प्रस्तुत कथा

सङ्ग्रहमा राँड, असत्ति काठो, ग्वाङ्ग्रो, बाउँठे जस्ता गाली गलोजयुक्त भाषाको प्रयोग गरेको पनि पाइन्छ ।

सामाजिक यथार्थवादी कथाकार विकलको यस कथा सङ्ग्रहमा सरल, सहज भाषाको प्रयोग भएको छ । पात्र अनुकूल कथ्य भाषाको प्रयोग तथा उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ठ प्रयोग भएको देखिन्छ । सरल र सहज तथा स्पष्ट पद, पदावली, वाक्यको प्रयोग पनि प्रस्तुत कथा सङ्ग्रहमा भएको पाइन्छ । लेखकले वर्णनात्मक शैली प्रयोग गरेको भाषामा कहीँ कतै साहित्यिकता तथा बौद्धिकता पाइए पनि बोधगम्यता नै रहेको छ । अशिक्षित ग्रामीण समाजका पात्रले बोल्ने भाषामा यदाकदा कथ्य भाषाको प्रयोग भए पनि प्रायः स्तरीय मानक भाषाको प्रयोग भएको छ । ग्रामीण भेगका पात्रहरूले पनि प्रायः मानक भाषा बोलेको पाइन्छ । आवश्यकता अनुसार मनोवाद तथा संवादको प्रयोग कथामा भएको छ । संवादयुक्त भाषाको प्रयोगले कथामा नाटकीयताको झल्को आउँछ । विकल सामाजिक यथार्थवादी कथाकार भएकाले उनका कथामा प्रयुक्त पात्रको भाषा पढ्दा पाठकलाई ग्रामीण परिवेशमा विचरण गरेझैँ लाग्छ । कथामा प्रयुक्त भाषा तथा संवादले परिवेशको यथार्थ चित्रण गरेको पाइन्छ । यसरी यस कथा सङ्ग्रहको भाषाले लेखकको उद्देश्यलाई वहन गरेको छ ।

## ४.४ सामाजिक संस्कृतिका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

संस्कृतिलाई अर्को शब्दमा प्रथा, परम्परा, प्रचलन, संस्कार आदि पनि भनिन्छ । हाम्रो पुस्तादेखि चल्दै आएका तथा समय क्रमसँगै आविर्भाव भएका मान्यता, धारणा, रीतिरिवाज आदि नै संस्कृति हुन् । धर्म, जात, चाडबाड जस्ता विभिन्न पक्षहरू हाम्रा पुस्तादेखि हामीसम्म सर्दै आएका छन् । ती संस्कृतिका विविध पक्षहरू हुन् । समाजमा अनादि कालदेखि प्रचलित रहेका तथा समयक्रमले आविर्भाव गरेका सामाजिक व्यवस्थाहरू त्यो समाजका संस्कृति बनेर रहेका हुन्छन् (क्षेत्री, २०६४ :९४) । संस्कृति एक पुस्तादेखि अर्को पुस्तामा सर्दै आउँदा सबै जस्ताको तस्तै नआउन पनि सक्छन् । समय क्रमसँगै कतिपय संस्कृति लोप भएर जान्छन् भने कतिपय संस्कृति केही परिवर्तन भएर आएका हुन्छन् । राम्रा संस्कृतिहरू समाजका सम्पदा हुन् । तिनले समाजको पहिचानलाई झल्काएका हुन्छन् । परम्परा धान्ने नाउँमा कतिपय खराब संस्कृतिले मानिसको जीवनमा दुर्घटना पनि निम्त्याएको पाइन्छ । समाजमा राम्रा नराम्रा सबै खालका संस्कृतिहरू रहेका हुन्छन् । साहित्यकार सामाजिक प्राणी भएको र साहित्य समाजबाट प्रभावित हुने हुँदा समाजमा प्रचलित संस्कृतिको प्रभाव साहित्यमा पर्दछ । साहित्यमा समाजसँगसँगै संस्कृतिको चिन्ह पनि आउने हुँदा तत्कालीन समाजको संस्कृति पहिचान गर्न, उक्त संस्कृतिले साहित्यकार र तत्कालीन समाजलाई पारेको प्रभाव बुझ्न साहित्यमा संस्कृतिको पनि खोजी हुनु पर्दछ ।

त्यसैले साहित्यको समाजशास्त्रीय अध्ययनमा संस्कृतिलाई पनि अध्ययनको एउटा आधार मानिएको छ ।

कथाकार रमेश विकल समाजका यथार्थवादी चित्रकार भएको हुनाले उनका कथाहरूमा नेपाली समाजमा प्रचलित संस्कृतिको यथार्थ अभिव्यक्त भएको पाइन्छ । प्रस्तुत **नयाँ सडकको गीत** कथा सङ्ग्रहभित्रका कथाहरू वि.सं. २००७ देखि २०१८ सम्मको अवधिमा लेखिएका हुनाले ती कथाहरूमा तत्कालीन संस्कृतिको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परेको छ । तत्कालीन अवस्थाका कतिपय संस्कृतिहरू अहिलेको समाजमा पनि प्रचलनमा रहेको पाइन्छ । त्यसैले प्रस्तुत कथा सङ्ग्रहमा अहिले समाजमा चलेका संस्कृतिहरू पनि पाइन्छन् ।

हाम्रो नेपाली समाजमा बेरोजगारी समस्याले युवाहरू लाहुर गएर भर्ती हुने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथा सङ्ग्रहका ‘भन्ज्याङको चौतारो’ तथा ‘सुबेदार रणे बुढो’ कथामा पाइन्छन् । ‘भन्ज्याङको चौतारो’ कथामा बले लाहुरे भएर घर फर्केको तथा ‘सुबेदार रणे बुढो’ कथामा रणे बुढो सेनामा भर्ती भई पेन्सन पकाएर घर बसेको छ । यसै गरी नेपाली ग्रामीण समाजमा बाटोमा हिँड्दा देउरालीमा ढुङ्गो चढाउने र आशीष माग्ने संस्कृतिको झलक ‘भन्ज्याङको चौतारो’ कथामा रहेको छ । प्रस्तुत कथामा बलेले लाहुरबाट घर फर्किदा देउरालीमा ढुङ्गो चढाएको लेखकीय चित्रणबाट यस किसिमको संस्कार रहेको पाइन्छ-“जय देउराली माई ! आखिर भन्ज्याङ आइ नै पुग्यो । बलेले बाटाको एउटा ढुङ्गो टिपेर देउरालीको ढुङ्गोको थुप्रोमा थप्यो” (पृ.२) । यस कथामा बलेले आफ्नी श्रीमती पातली बिरामी भएको बेलामा झाँक्रीलाई बोलाएर झारफुक गर्न, देवी देवता पूजा गर्न तथा पन्छाउन लगाएको छ । यसबाट नेपाली समाजमा अशिक्षाका कारणले कोही बिरामी पर्दा झारफुक गर्ने, देउता पूजा गर्ने जस्ता संस्कृति रहेको कुरा बुझ्न सकिन्छ । नेपाली समाजमा आफूले गरेको कामबाट दुःख पाइयो भने त्यसको दोष भाग्यलाई दिएर आफ्नो दोषलाई लुकाउने प्रचलन रहेको पाइन्छ । यस्तो प्रचलनको अभिव्यक्ति यस कथामा पातलीले बलेलाई छोडेर अर्कैसँग बिहे गरी जाँदा दुःख पाएको र त्यसको दोष उसले आफ्नो भाग्यलाई दिएकोबाट पाइन्छ ।

‘प्रतिहिंसा’ कथामा गाउँमा कसैलाई दुःख पऱ्यो भने त्यसको पीडालाई संवेदनशील भएर सोच्ने वा सहानुभूति राख्ने नेपाली समाजमा रहेको संस्कृतिलाई प्रस्तुत गरिएको छ । यस कथामा पुतली लोग्ने हर्के र सानो छोरालाई छोडेर अर्कैसँग बिहे गरी गएपछि माथि घरे मट्याङ्ग्री, राता घरे सान्नानी तथा पल्ला घरे ढकाल्नी बज्यैले आएर हर्केलाई सहानुभूति दिएका छन् । यस कथामा विकलले सानै उमेरमा विवाह गरेर पतिको मृत्यु भई बाल विधवा भए पनि महिलाले पुनः विवाह गर्न नमिल्ने चलन भएको तत्कालीन सामाजिक संस्कृतिलाई

दर्साएका छन् । कथा मार्फत तत्कालीन समयमा समाजमा बाल विवाहलाई मान्यता दिने तर विधवा विवाहलाई मान्यता नदिने नराम्रो संस्कार रहेको कुरा थाहा पाउन सकिन्छ । निम्न वर्गीय पात्र भए पनि पुतलीलाई हर्केले गरगहनाबाट झकिझकाउ पारको  छ । यस्तो अवस्थाबाट नेपाली समाजमा महिलाहरूको गहना लगाउने चलन महत्त्वपूर्ण संस्कारका रूपमा रहेको कुरा बुझ्न सकन्छि । यस्तो महिलाले गहना लगाउने चलनको अभिव्यक्ति प्रस्तुत कथाका अतिरिक्त 'लाहुरी भैँसी' र 'सिँगारी बाखा' कथामा पनि आएको छ । पुतलीले लगाएका लाल बनारसी साडी, टोप्रेलको बडबडा तारमण्डल छाप भएको हरियो चोलो, बाह्र हाते हरियो पटुकी, नाडीभरि राता डबल चुरा जस्ता पोसाकबाट कथामा तत्कालीन ग्रामीण समाजको संस्कार अनुसार विवाहित महिलाको पहिरनलाई अभिव्यक्त गरिएको छ ।

'लाहुरी भैँसी' कथामा तत्कालीन ग्रामीण नेपाली समाजमा अशिक्षाका कारण माथिल्लो वर्गमा रहेका ठुला भनाउँदाहरूबाट निम्न वर्गका मानिसहरू हेपिने तथा उच्च वर्गकाहरूको पाउ मोल्नु पर्ने खराब संस्कृति भएको कुरा उद्घाटित् भएको छ । प्रस्तुत कथामा द्वारे बाले लुखुरेको लाहुरी भैँसीलाई षड्यन्त्र गरी हात पारेको तथा षड्यन्त्र गर्न रामवीरे घर्ती, घमाने तथा खुलाल जस्ता निम्न वर्गकै पात्रले सघाएकोबाट उक्त संस्कृति रहेको कुरा बुझ्न सकिन्छ । नेपाली समाजमा मान्यजनलाई हिन्दू धर्म संस्कार अनुसार खुट्टामा शिर राखेर ढोगिदिने प्रचलन रहेको छ । यस्तो प्रचलनको अभिव्यक्ति प्रस्तुत कथामा रामवीरेले द्वारे बालाई ढोगिदिएको लेखकीय वर्णनमा आएको छ "रामवीरे द्वारे बाका आँगनतिर उक्ल्यो द्वारे बाका गोडामा पुर्पुरो टेकायो" (पृ. २५) । नेपाली ग्रामीण समाजमा गाउँका ठुला भनाउँदाहरूको घरमा गाउँभरिका बुज्रुक तथा अन्य व्यक्तिहरू जम्मा भएर गफसफ गर्ने, गाउँ समाजका बारेमा छलफछ गर्ने, कसैको टीकाटिप्पणी गर्ने प्रचनल रहेको हुन्छ । त्यही प्रचलन अनुरूप प्रस्तुत कथामा द्वारे बाका घरमा पनि गाउँका बुज्रुकहरू जम्मा भएको कुरा कथाकारले यसरी देखाएका छन् "भोलिपल्ट द्वारे बाका पिँढीमा गाउँका बुज्रुकहरू जम्मा भएका थिए । गाउँको चलन बिहान बेलुकी तमाखु खान गफसफ गर्न, दुःख दर्द पोख्न ठुला ठालुकै घरमा जम्मा हुन्छन् । त्यहाँ गाउँभरिको टीका टिप्पणी हुन्छ र भइ रहेको थियो" (पृ. ३२) । साझ बिहान तमाखु खाने नेपाली समाजको प्रचलनलाई पनि यस कथामा प्रस्तुत गरिएको छ । यद्यपि अहिलो यो प्रचलन हराउँदै गएको पाइन्छ । आफूले भनेको कुरालाई सत्य साबित गर्न क्रिया हाल्ने नेपालीको चलनलाई पनि प्रस्तुत कथा सङ्ग्रहमा विकलले स्थान दिएका छन्। यस्तो चलनको प्रतिनिधित्व गर्ने पात्र 'लाहुरी भैँसी' कथाका सीताराम पण्डित हुन् । लुखुरेको लाहुरी भैँसीलाई रोगी नै छ भनी विश्वास दिलाउनको लागि उनले बोलेको निम्न लिखित अभिव्यक्तिमा यस प्रकारको संस्कार पाइन्छ "यसको भैँसी खोटी रहेनछ रे भने त हाम्रा मुखाँ अभच्छे हालिदिनु" (पृ.( ३३) ।

हिन्दू धर्म अनुसार नेपाली समाजमा आफूलाई कुभलो गर्नेलाई देवी देवता सम्झेर श्राप दिने तथा भलो गर्नेप्रति तिनै देवी देवतालाई साक्षी राखी आशीष दिने संस्कार रहेको पाइन्छ । यस्तो संस्कारको झलक 'लाहुरी भैँसी' तथा 'नयाँ सडकको गीत' कथामा रहेको छ । 'लाहुरी भैँसी' कथामा लुखुरेले बाउठे ढकाललाई रोगी भैँसी दियो भनी यसरी ईश्वर पुकारी श्राप दिएको छ- "हे इसोर ! बाउठे काट्टेको भस्म खरानी भई जाओस् ! ....गरिबलाई रुवाएर...गरिबको धनले नपोली त कहाँ छोड्ला र !... परमेश्वरी " (पृ.३१) ।

'नयाँ सडकको गीत' कथामा अन्धो माग्नेले आफ्नी श्रीमतीप्रति कुदृष्टि लगाउनेलाई ईश्वर पुकारी श्राप दिएको छ भने आफूलाई सहयोग गर्नेलाई "भारी भारी धर्म होस् ! जय कल्याण होस् गुजेकाली माई दखिनकाली माइले रक्षे गरुन् ! बग्र जोगिनी माई..लुमडी माई ...भारी भारी" (पृ. ३५) भनी आशीष दिएको छ । साथै यसै कथामा अन्धो माग्नेले "अर्काको चोर्न थाले, अर्काको आँखा लगाउन थाले त भाच्छन् मुन्टो थाँगुरो । ...अहिले नभानि भगवानको दरबारमा त छ्यान विचार भइ जान्छ । राजाले नदेखेर के हुन्छ र इसोरले त सबै देख्याछन्" (पृ.३८) भनेको छ । यस्तो भनाइबाट पाप कर्म गरे अरुले नभए पनि ईश्वरले देख्छन् भन्ने नेपाली समाजको ईश्वरप्रति विश्वास राख्ने हिन्दू सांस्कृतिक मानसिकताको अभिव्यक्ति भएको देखिन्छ । यस कथामा अन्धो माग्नेले नयाँ सडकको पेटीमा बसेर बटुवाहरूसँग मागी आफ्नो र आफ्नो परिवारको पेट पालेको छ । यसबाट माग्नेहरूको सडकको पेटीमा बसेर माग्ने चलनको अभिव्यक्ति भएको पाइन्छ । सहरी समाजका व्यक्तिहरूमा मौलाउँदै गएको अर्काको दयनीय अवस्थाप्रति दयाको सट्टा उपेक्षा गर्ने संवेदनाहीन कुसंस्कृतिलाई पनि विकलले यस कथामा प्रस्तुत गरेका छन् । त्यस्तै प्रजातन्त्र आए पनि त्यसप्रति माग्ने अन्धोले प्रकट गरेको उपेक्षा भावबाट तत्कालीन अवस्थामा रहेको खराब स्वार्थी राजनीतिक संस्कारलाई पनि कथामा पर्दाफास गरिएको छ ।

नेपाली समाजमा हिन्दू धर्म अनुसार विहे गर्दा जग्गे स्थापना गरी अग्निशिखा प्रज्वलित गरेर ब्राह्मणद्वारा मन्त्र पढ्ने गरिन्छ । साथै त्यसमा पञ्चेबाजाले वातावरणलाई रमाइलो बनाउने संस्कृति पाइन्छ । विवाहमा गाउँका दिदी, बहिनी, इष्टमित्रहरू जम्मा हुने चलन रहेको हुन्छ । 'बिहानीपखको बत्ती' कथामा उल्लेखित संस्कृति अनुरूप शारदाको विवाह भएको कुरा कथाकारले देखाएका छन् । त्यसैले यस कथामा नेपाली हिन्दू संस्कृतिको अभिव्यक्ति पाइन्छ । तत्कालीन अवस्थामा नारीहरू शिक्षित भए पनि आफूले चाहेको केटासँग नभई बाबु आमाले दिएको केटासँग विवाह गर्नु पर्ने चलनलाई पनि यस कथामा प्रस्तुत गरिएको छ । कथाकी पात्र शारदाको विवाह ऊ शिक्षित भए पनि उसको चाहाना र भावना विपरीत बाबुले दिएको रोगी केटासँग भएको छ । श्रीमान् हुँदा सिन्दुर लगाउने र

श्रीमान्को मृत्यु भएमा सिन्दुर लगाउन नहुने प्रचलित नेपाली महिलाको हिन्दू धर्मको संस्कार पनि यस कथामा रहेको छ ।

'वीरेकी आमा' कथामा ग्रामीण समाजमा आर्थिक अवस्था कमजोर भएका निम्न वर्गकाले गाउँ घरमा ढिँकी, जाँतो गरी, मेलापात गरेर जीविकोपार्जन गर्ने चलनलाई प्रस्तुत गरिएको छ । कथित तल्लो जातका मान्छे मर्दा कथित उपल्लो जातकाले मृत्यु संस्कारका लागि छुन नहुने कुसंस्कृतिका साथै अन्तिम संस्कारका लागि आफ्ना इष्टमित्र तथा छोराको आवश्यकता पर्ने धार्मिक संस्कृतिलाई पनि कथामा अभिव्यक्त गरिएको पाइन्छ । 'म' पात्रकी श्रीमतीले वीरेकी आमाको मृत्युको बारेमा उसको शवलाई गाउँलेले बेवास्ता गर्दा 'म' पात्रसँग भनेको निम्न अभिव्यक्तिबाट यस प्रकारको संस्कृति रहेको पुष्टि हुन्छ- "हेर अब त्यो बिचरीको दुर्गति ! एकातिर छोरो मोराको अत्तो पत्तो छैन, न भोट छ न मधेस छ, अर्कोतिर इष्टमित्र कोही छैन । अब त्यो सिनो कतिन्जेल मझेरीमा सड्ने हो । गाउँका ठुला जातकाले छुन जानु भएन के गर्ने" (पृ. ६०) । प्रस्तुत कथामा हिन्दू धर्म संस्कृतिमा आधारित श्राद्ध, न्वारानका साथै देवालीमा बोका चढाउने तथा दसैँ जस्तो चाडबाडमा मासु खाने नेपाली संस्कृतिको झलक रहेको पाइन्छ । कथामा वीरेकी आमाले बाटोमा हिड्दा गाउँका भलादमी ठुलाबडाको निम्ति आफू भित्तातिर लेस्सिएर सिङ्गै बाटो छोडेको कुरा उल्लेख गरिएको छ । यसबाट तत्कालीन समाजमा ठुलाबडालाई निम्न वर्गका अथवा कथित तल्लो जातकाले अत्यन्तै सत्कार गर्नु पर्ने चलन रहको कुरा कथामा अभिव्यक्त भएको छ ।

नेपाली ग्रामीण समाजमा निम्न वर्गीय परिवारले गाउँमा रिन तिर्न नसकी आफ्नो घर जग्गा सबै साहूलाई बुझाएर जीविकोपार्जनका लागि सहर पस्ने चलनको अभिव्यक्ति 'दुई रुपियाँ नोट' कथामा भएको छ । प्रस्तुत कथाको पात्र वीरेले रिन तिर्न नसकेर गाउँको आफ्नो जायजेथा सबै कृष्ण घिमिरेलाई बुझाई परिवार सहित काठमाडौँ नयाँ सडकको छिँडीमा बसेको छ । कथामा गाउँमा छँदा बीरेले गाई वाखा पाल्ने गरेको तथा ऊ खेतबारीको काम गरेर घर फर्कदा पार्वतीले घरको काम धन्दा सकी लोग्नेको बाटो हेरेर बसि रहेको कुरा उल्लेख भएको छ । यसबाट प्रस्तुत कथामा गाउँमा बस्तु भाउ पाल्ने चलन तथा घरधन्दाको अधिकांश काम नारी जातिले तथा बाहिरी काम पुरुषले गर्ने नेपालीको संस्कार झल्किएको छ । कथामा पार्वतीले आफूसँग नभएको चिज अरुसँग पैँचो लिने गरेकोबाट नेपाली समाजमा भएको पैँचो लिने चलन, नराम्रो काम गरेमा मरेपछि स्वर्गमा बास नपाई नर्कमा गइन्छ भन्ने धार्मिक विश्वास तथा पार्वतीले श्रीमान्सँग कुरा गर्दा "छिः ! साँझा बेलाँ के बोलि बोल्या त्यो" (पृ.६७) भनेको अभिव्यक्तिबाट साँझको बेलामा अलच्छिन बोल्नु हुँदैन भन्ने संस्कार प्रकट भएको छ । आर्थिक अभावका कारण सहरमा देहव्यापार गरी जीविकोपार्जन गर्ने नेपाली समाजका कतिपय महिलाको बाध्यात्मक

चलन रहेको पाइन्छ । सोही अनुरूप प्रस्तुत कथामा बाटुलीले आफ्नो अस्मितालाई बेची जीविकोपार्जन गरको कुरा कथाकारले यसरी उल्लेख गरेका छन्- “ड्राइभर, क्लिनर, सिपाही, भरिया बाह्रमासे आदिका डेरा डेरामा घुम्दै उनीहरूलाई रक्सीको झोकमा पारेर, उनीहरूबाट दुई चार, दस आठ धुतेर आफ्नो घृणित पेटको भोक मार्ने उसको पेसा थियो” (पृ.६९) । यस कथामा विकलले पार्वतीलाई स्वस्थानीकी पार्वतीसँग, वीरेलाई भीमसेनसँग तथा पार्वती र वीरेको मिलनलाई महाभारत कालीन दुष्यन्त र शकुन्तलाको प्रणय मिलनसँग तुलना गरेर धार्मिक सांस्कृतिक बिम्बलाई पनि प्रस्तुत गरेका छन् ।

‘सिँगारी बाखा’ कथामा नेपाली समाजमा ब्राह्मणले गर्ने नित्य पूजा, श्राद्ध, पास्नी तथा सप्ताह भन्ने र पुराण बाच्ने जस्ता धार्मिक सांस्कृतिक पक्षको उद्घाटन गरिएको छ । बिहानै उठी पधँरा गएर नुवाइ धुवाइ गर्ने ग्रामीण समाजका महिलाको संस्कारलाई कथामा पण्डितनीको कार्य चित्रणबाट यस प्रकार प्रस्तुत गरिएको छ- “आठ दस वर्ष अघि नै पण्डितनी बज्यैको राती नै अरुले नदेख्ने बेलामा उठेर पधेरा जाने बानी छ ! उनी अर्काको सुइँकै नपाउने गरेर पँधेरा जान्छिन् र चिसो धोती काँधमा राखेर पँधेराबाट फर्कन्छिन्” (पृ.७४) । पण्डितनी बज्यैले सिँगारी बाखालाई माइतीको पेवा स्वरूप ल्याएको प्रसङ्गबाट कथामा तत्कालीन समाजमा प्रचलित छोरीलाई माइतीले पेवा दिने संस्कारको झलक पाइन्छ । ग्रामीण समाजमा दिउँसो गाईवस्तु फुकाएर चरनतिर लैजाने प्रचलन अनुरूप यसमा पनि विकलले गाउँ छिमेकका‌ले गाईवस्तु फुकाएर चरनतिर लगेको कुरा उल्लेख गरेका छन् । दसैँमा बोका चढाउने तथा मानोकाङ्क्षा पुरा होस् भनी देवीको स्थानमा भाकल गर्ने हिन्दू धर्मको संस्कृतिलाई प्रस्तुत कथामा पण्डित बाजेले सिँगारी बाखाका पाठापाठीलाई भाकल गरेको सन्दर्भबाट उल्लेख गरिएको छ । माइतीको धाक देखाएर घमन्ड गर्ने नेपाली महिलाको चलनलाई पनि पण्डितनीले देखाएको घमन्डबाट प्रस्तुत गरिएको छ । पाठापाठी दिँदासम्म सम्मार, स्याहार, सुसार गर्न होडबाजी गर्ने पण्डित पण्डितनीले बृद्धावस्थामा पुगी पाठापाठी दिन नसक्ने भएपछि सिँगारी बाखालाई उपेक्षा गरी बगरेलाई बेचि दिएका छन् । यसबाट विकलले प्रस्तुत कथामा मान्छेमा मौलाउँदै गएको आदिम जङ्गली प्रवृत्तियुक्त अमानवीय संस्कृतिलाई पनि दर्साएका छन् भन्न सकिन्छ ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहको अन्तिम कथा ‘सुबेदार रणे बुढो’ मा पनि अन्य कथामा जस्तै नेपाली समाजमा प्रचलित संस्कृतिहरू रहेका छन् । प्रस्तुत कथामा केटाकेटी अवस्थामा मामा घर गइ रहने चलन तथा भान्जा भान्जीलाई मामा घरमा झोलीको देउता मान्ने नेपाली समाजमा प्रचलित संस्कृतिलाई ‘म’ पात्रको निम्न लिखित भनाइले पुष्टि गरेको छ- “म साच्चैको उनीहरूको झोलीको देउता, सबै मलाई आफ्नै एकलौटी गराउन खोज्दथे”(पृ. ८१) । ग्रामीण नेपाली समाजका भैँसी पाल्ने, ठेकामा दही जमाउने संस्कारको

उद्घाटन पनि कथामा गरिएको छ । सुबेदार रणे बुढाले पेन्सन पकाएर घर बसेको बृद्धावस्थामा पनि ढाकर, डोको तथा घुम बुनि रहेको हुन्छ । यसबाट कथामा नेपालीहरूको खाली हात नबस्ने संस्कारको तथा ग्रामीण समाजमा ढाकर, डोको बुनेर जीविकोपार्जन गर्ने चलनको अभिव्यक्ति पाइन्छ । घरमा आएको अथितिलाई सत्कार गर्ने नेपालीको संस्कार अनुरूप कथामा 'म' पात्रलाई रणे बुढाले र रणे बुढालाई 'म' पात्रले एक आपसमा सत्कार गरेका छन् । 'म' पात्रले रणे बुढालाई घर आएको बेला यसरी सत्कार गरेको छ- "ओहो ! ...सुबदार मामा आज अकस्मात् कताबाट घाम झुल्के ?...आउनुहोस् ...आज कसरी भानिजको सम्झना आयो त ? ..माथि आउनुहोस्" । मैले ज्यादै हर्ष प्रकट गरेर उनलाई स्वागत गरेँ र माथि लगेँ" (पृ. ८८) । यस कथाले रणे बुढो घरमा आएको बेला 'म' पात्रले उसँग मामा घरको हालचाल सोधेबाट कोहीसँग भेट हुँदा आफ्ना इष्टमित्रको बारेमा सोध्ने चलनको नेपाली संस्कृतिलाई अभिव्यक्त गरेको पाइन्छ ।

रणे बुढाले प्रजातन्त्र आएकोमा चिन्ता प्रकट गर्दै राजालाई देउता मानेको प्रसङ्गबाट कथामा हिन्दू धर्म अनुसार राजालाई देवताको अवतार मान्ने परम्परित संस्कार रहेको कुरा थाहा पाउन सकिन्छ । अंश बण्डा गर्ने, भाइहरू एक आपसमा छुट्टिने, नेपाली समाजमा रहेको चलनलाई पनि प्रस्तुत कथाले प्रतिनिधित्व गरेको छ ।

विकलले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा हिन्दू धर्म अनुसार नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिकका साथै मौलिक संस्कृतिहरूलाई पनि स्थान दिएका छन् । कतिपय रुढिवादी परम्परा अनुसार चलेका संस्कृतिका कारण पात्रहरूको जीवनमा दुर्घटना तथा दुःख आइ परेको पनि पाइन्छ । त्यस्ता रुढिवादी संस्कारको विकलले अप्रत्यक्ष रूपमा आलोचना गरेका छन् । जे भए तापनि विकल समाजको यथार्थवादी चित्रकार भएकाले उनका कथामा समाजमा प्रचलित सामाजिक संस्कृतिको सजीव चित्रण गरिएको छ ।

## ४.५ निष्कर्ष

रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा निम्न वर्गका व्यक्तिहरूले भोग्नु परेका जीवन सास्तीको मूल कारण आर्थिक अभाव, अशिक्षा र गरिबीलाई मानिएको छ । यस कथा सङ्ग्रहका कथामा घटना घट्नुमा अशिक्षा, आर्थिक अभाव तथा गरिबी मुख्य कारणका रूपमा आएका छन् । फल स्वरूप कथाका पात्रहरूले जीवन यापनका लागि अनेक कार्य गर्नु परको छ । कुनै कार्यका पछाडि कारण हुन्छन् । सबै कार्यसित कारण खोज्न नसकिने भए पनि विकलका कथाहरूका मूलभावसँग कार्यकारण सम्बन्ध खोज्नु उपयुक्त हुन्छ । नेपाली समाजमा पनि अशिक्षा, अज्ञानता, सामाजिक रुढी र अन्धविश्वास रहेकाले यिनका कारणले नेपालीहरूले भोग्नु परेका समस्यासँग कथाकार परिचित रहेका देखिन्छन् ।

विकलका कथामा घटित कार्य वा घटनाको कुनै न कुनै सामाजिक, आर्थिक र सांस्कृतिक कारण रहेको देखिन्छ । यसबाट कथाकारले आफ्ना कथामा कार्यकारण सम्बन्धको बलियो उपस्थिति देखाएका छन् ।

विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा सरल, सहज तथा स्पष्ट भाषाको प्रयोग भएको छ । पात्र अनुकूल कथ्य भाषाको प्रयोग, उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ठ प्रयोग तथा व्यक्ति भाषा र भाषिकाको प्रयोग पनि यस कथा सङ्ग्रहका कथामा पाइन्छ । बिम्बात्मक र प्रतीकात्मक भाषाको प्रयोग भए तापनि यसले भाषालाई जटिल नबनाई बोधगम्य र विशिष्ट बनाउन मद्दत गरेको छ । आवश्यकता अनुसार मनोवाद तथा संवादको प्रयोगले कथामा नाटकीयताको सिर्जना हुन पुगेको छ । समग्रमा भाषाले लेखकको उद्देश्यलाई बहन गरेको छ । यस कथा सङ्ग्रहका कथाहरू सरल भाषामा आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेका छन् भने कथानक ढाँचा रैखिक तथा वृत्ताकारीय गरी मिश्रित प्रकारको छ ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहमा हिन्दू धर्म अनुसार नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिकका साथै मौलिक संस्कृतिहरूलाई पनि स्थान दिइएको छ । सहरिया तथा ग्रामीण संस्कृति, लोक विश्वास जस्ता कुरा यस कथा सङ्ग्रहमा मूल संस्कृति बनेर आएका छन् । नेपाली समाजको सांस्कृतिक प्रतिबिम्ब विकलका कथामा यथार्थपरक रूपमा प्रस्तुत भएको छ ।

समग्रमा विकलले आफ्ना कथामा नेपाली समाजका वर्ग, जाति, संस्कार चिनाउने गरी भाषाको प्रयोग गरेका छन् र त्यसको सरल शैलीमा प्रस्तुति दिने कौशल कथाकारमा रहेको छ । भाषिक प्रयोगका दृष्टिले पात्र अनुकूल भाषाको प्रयोगमा कथाकार विकल सचेत रहेका छन् । नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिक तथा मौलिक सांस्कृतिक विविधताको चित्रण विकलका कथाको उल्लेख्य विशेषता हो । कार्यकारण सम्बन्ध, भाषा र सामाजिक संस्कृतिका दृष्टिले विकलको **नयाँ सडकको गीत** सङ्गहका कथाहरू उत्कृष्ट खालका छन् ।

## पाँचौं परिच्छेद

# अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा नयाँ सडकको गीत सङ्ग्रहका कथाको विश्लेषण

### ५.१ विषय प्रवेश

साहित्यको समाजशास्त्रले साहित्यिक कृतिका आधारमा समाजको अध्ययन, समाजमा साहित्यको स्थिति, लेखकको अवस्थाको विश्लेषणका साथै साहित्य र पाठकका बिचको सम्बन्धको विवेचना गर्दछ । अनुभूतिको संरचना र विश्वदृष्टि साहित्यको समाजशास्त्रीय सिद्धान्तका साहित्यिक कृति विश्लेषणका विविध मापदण्डहरूमध्ये महत्त्वपूर्ण मापदण्ड हुन् । साहित्यिक लेखनमा समाजसँग संस्कृतिको जीवन्त अनि सिर्जनात्मक सम्बन्धको व्याख्यामा मद्दत गर्ने केन्द्रीय धारणा नै अनुभूतिको संचना हो । सामाजिक व्यक्तिहरूको अनुभूति र साहित्यकारको अनुभूति एकाकार भएपछि पात्र र भाषाको माध्यमद्वारा अनुभूतिको संरचना रचनामा व्यक्त हुन्छ । यसै गरी समाजमा रहने विभिन्न खालका व्यक्तिहरूको विचार, चाहना, इच्छा, आकाङ्क्षा तथा भावनाको सामूहिक अभिव्यक्तिलाई विश्वदृष्टि भनिन्छ । लेखकको विचार र समाजको विचारबाट विकास हुने औसत विचार नै विश्वदृष्टि हो । साहित्यको समाजशास्त्रीय सिद्धान्तले साहित्यिक कृतिमा यी कुराको खोजी गरेको हुन्छ । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

### ५२ अनुभूतिको संरचनाका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

साहित्यकार समाजको विलक्षण प्रतिभा भएको असाधारण व्यक्ति हो । उसले विविध कारणले समाजमा घटेका घटनाहरूलाई अनुभूत गरी साहित्यमा अभिव्यक्त गरेको हुन्छ । कुनै पनि घटनालाई तुरुन्त अनुभूति गर्ने शक्ति साहित्यकारमा हुन्छ (क्षेत्री, २०६४ :४३) । साहित्य रचना गर्दा साहित्यकार समाजका घटना र सत्यलाई मात्र रचनामा उतार्दैन । उसले समाजका संस्कृति, संस्कार, सामाजिक क्रियाकलाप आदिप्रति आफ्ना अनुभूति तथा दृष्टिकोणहरू के कस्ता रहेका छन् भन्ने आफ्ना सकारात्मक नकारात्मक धारण पनि व्यक्त गरेको हुन्छ । साहित्यकारको अनुभूतिले मात्र अनुभूतिको संरचना बन्दैन । समाजका विभिन्न क्रियाकलाप र ती क्रियाकलापको अनुभूति गर्ने सामाजिक व्यक्तिहरूबाट साहित्यकारको अनुभूतिको निर्माण भएको हुन्छ ।

साहित्यकारले सामाजिक संस्कार, संस्कृति तथा विविध घटनाबाट आफूले समेटेको अनुभूतिलाई काल्पनिक पात्रमार्फत आफ्ना रचनामा अभिव्यक्त गरेको हुन्छ । सामाजिक व्यक्तिहरूको अनुभूति र साहित्यकारको अनुभूति एकाकार भएपछि पात्र र भाषाको माध्यमद्वारा रचनामा व्यक्त हुन्छ । यस्तो रचनामा व्यक्त भएको अनुभूतिलाई सामाजिक व्यक्तिहरू तथा पाठकहरू पुनः ग्रहण गर्दछन् । यसरी बनेको अनुभूतिको संरचनानालाई कृति अध्ययनको मापदण्ड बनाइदा तत्कालीन सामाजिक व्यवस्थाप्रति रचनाकार र सामाजिक व्यक्तिहरूको धारण, दृष्टिकोण या अनुभूति के कस्तो रहको छ ? उनीहरू तत्कालीन समाज, संस्कृति र व्यवस्थाप्रति सन्तुष्ट थिए या थिएनन् ? उनीहरू परिवर्तन चाहान्थे या याथास्थितिमै रमाउन चाहन्थे ? भन्ने कुराको पहिचान हुन्छ । सामाजिक व्यक्तिहरूमा भएको अनुभूतिलाई सूक्ष्म रूपमा अनुभव गर्न सक्ने विशिष्ट क्षमता साहित्यकारमा हुने हुँदा उसले आफ्ना रचनामा त्यस्तै पात्रहरू सिर्जना गरेर ती सामाजिक व्यक्तिहरूको अनुभूतिलाई मूर्तरूप दिने काम गरेको हुन्छ, त्यस कारण साहित्यमा रचनाकारको अनुभूतिको महत्त्वपूर्ण स्थान रहको हुन्छ । यसर्थ साहित्यको समाजशास्त्रीय अध्ययनमा अनुभूतिको संरचनालाई पनि आधार मानिएको छ ।

सामाजिक यथार्थवादी कथाकार रमेश विकल प्रगतिवादी कथाकार पनि हुन् । त्यसैले उनले **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूमा धेरै जसो नेपाली समाजमा बसोबास गर्ने निम्न वर्गीय मानिहरूका विविध कारणले आर्थिक अभाव भई जीविकोपार्जनका लागि भोग्नु परेका समस्या र पीडाको अनुभूतिलाई अभिव्यक्त गरेका छन् । प्रस्तुत सङ्ग्रहमा आर्थिक अभावका कारण कसैको विवाह भए लगत्तै लाहुरमा भर्ती हुन जाँदा श्रीमती अर्कैसँग बिहे गरी घरबार बिग्रेको अवस्था, कसैको साँझ विहानको छाक टार्न नसकी भोकै बस्नु पर्ने बाध्यता, कोही बिरामी पर्दा पनि औषधी नपाई मृत्युको मुखमा जानु पर्ने अवस्था त कतिपयको घरबासै छोड्नु पर्ने र दुनियासँग हात थापी जीविकोपार्जन गर्नु पर्ने स्थिति रहेको पाइन्छ । **नयाँ सडकको गीत** सङ्ग्रहभित्रका कथाहरूमा भएको अनुभूतिको संरचनालाई हेर्दा 'भन्ज्याङको चौतारो' कथा आर्थिक अभावका कारण बिहे गरे लगतै लाहुरे हुनु पर्ने र श्रीमती पारिवारिक समस्याका कारण अर्कैसँग बिहे गरी गएको लाहुरेको समस्याको अनुभवलाई मूल विषयवस्तु बनाएर लेखिएको कथा हो । प्रस्तुत कथामा बले लाहुरे भएर दुई तिन वर्षपछि घर फर्कँदा भन्ज्याङको चौतारोमा आफूलाई छोडेर गएकी श्रीमती पातलीलाई देख्छ । सुरुमा उसको मनमा क्रोध र घृणा जागे पनि पछि हंस नै उडेको पातलीको अनुहार देख्दा माया लाग्छ । पातलीमा पनि लाहुरबाट आएको बलेलाई एक्कासि देख्दा माया पलाउँछ पातलीले बलेलाई विवाह गर्ने सल्लाह दिँदा ऊ पातलीलाई पुनः आए स्वीकार्ने कुरा राख्दै भन्दछ- "पातली मन नै त हो मान्छेको, त्यसै पनि त टर्छ । जोगी जस्तो मान्छेलाई के को घरबार ।.. हो तँ फेरि आउँछेस् भने .." (पृ.११) । तर त्यो सम्भव हुँदैन । अन्तमा पातली

श्रीमान्सँग घरतर्फ लाग्छे भने वीरे पनि बिरह लाग्दो सुसेलीको भाका हाल्दै आफ्नो गाउँतिर लाग्छ । यसरी विकलले यस कथामा काल्पनिक पात्र बले र पातलीको माध्यमबाट नेपाली ग्रामीण समाजका लाहुरेहरू र तिनका श्रीमतीहरूको जीवनको पीडाको अनुभूतिलाई प्रस्तुत गरेका छन् । आर्थिक अभावका कारण नेपाली युवाहरू लाहुरे बन्नु पर्ने र श्रीमान् लाहुरे भएपछि घरको व्यवहार सहन नसकी श्रीमती अर्कैसँग बिहे गरी गएकाले लाहुरेको पारिवारिक जीवन विघटन हुन पुगेको स्थिति कथामा रहेको छ ।

'प्रतिहिंसा' कथामा मूल र सहायक गरी दुई कथालाई संयुक्त रूपमा राखिएको छ । मूल कथामा हर्के र पुतलीको कथा रहेको छ भने सहायक कथामा बाल विधवा ढकाल्नीको कथा छ । माया गर्दागर्दै पनि आफू र सानो छोरालाई छोडेर गएकी श्रीमतीप्रति हर्केको मनमा क्रोध र घृणाको राँको सल्केको छ । सानो छोराको साथमा हर्केले दुःखपूर्ण दैनिकी गुजारेको छ । हर्केको त्यस्तो अवस्थालाई देखी बाल विधवा ढकाल्नीले सहानुभूति प्रकट गरेको पाइन्छ । केही समयपछि पुतली फर्केर आउँछे । सुरुमा पुतलीप्रति रिस देखाए पनि छोराको कारुणिक रूवाइ तथा पुतलीको पश्चातापपूर्ण रुवाइबाट हर्केको मन पग्लन्छ । अर्कोतर्फ सामाजिक संस्कारले गर्दा केटाकेटी अवस्थामै विवाह भएकी ढकाल्नीले चढ्दो वैंसमा पति गुमाएर विधवा जीवन बिताउनु परेको छ । उनले हर्केलाई सहानुभूति प्रकट गर्दा पुनः विवाह गर्ने चाहना प्रकट भएको देखिन्छ । उनका अचेतनमा रहेका वेदनाहरू हर्केलाई सम्झाउँदै "तेरा हात पाखुरा सग्ला र दर्बिला छौन्ज्याल धनमाल त के स्वास्नी पनि दसोटी आउँछन् । तँ आट्न मात्रै"(पृ.१७) भन्दा प्रकट भएका छन् । यसबाट कथामा सामाजिक संस्कारले गर्दा तत्कालीन समाजमा विधवा विवाहको समस्या भएको कुरा व्यक्त भएको छ । यसरी विकलले प्रस्तुत कथामा श्रीमती पोइल जाँदा श्रीमान्को मनमा उत्पन्न भएको अनुभूति र वैंसमा विधवा हुनु परे पनि सामाजिक संस्कारले गर्दा एक्लै जीवन गुजार्नु परेको विधवाको अनुभूतिलाई प्रस्तुत गरेर कथात्मक संरचना प्रदान गरेका छन् ।

'लाहुरी भैंसी' कथा ग्रामीण समाजमा अशिक्षा र अज्ञानताका कारण निम्न वर्गका व्यक्तिहरू उच्च वर्गका शोषक सामन्तहरूको षड्यन्त्रमा परी ठगिनु अथवा शोषित हुनु परेको अनुभवलाई मूल विषयवस्तु बनाएर लेखिएको छ । प्रस्तुत कथामा लुखुरेले जीवनमा उज्यालो घाम ल्याउन स्वास्नीका गहना बेचेर र रिन गरेर लाहुरी भैंसी ल्याएको छ । आफूले किन्न नसकेको भैंसी लुखुरेले ल्याएको देखेर द्वारे बाको मनमा ईर्ष्या जाग्छ । फस्वरूप उनले जालझेल गरी षड्यन्त्र गरेर निरोगी भैंसीलाई धम्की भएको खोट लगाइ दिन्छन्- "बाबै भैंसी त धम्की छ । ...यसो ए रामे, हेर त कि मैले जानिनँ ?" (पृ.२८) । अशिक्षाको कारण षड्यन्त्रलाई बुझ्न नसक्दा लुखुरे भैंसी मरेर रिनमा डुबिन्छ भनी परल मूल्यभन्दा कममा भैंसी द्वारे बालाई दिन्छ । लाहुरी भैंसी ल्याएर निम्न वर्गीय लुखुरेको

जीवनमा आउन लागेको खुसीमा द्वारे बाको षड्यन्त्रले तुषारापात गरिदिन्छ । द्वारे बा जस्ता कुटिल दुष्ट प्रवृत्तिका बाहकहरूले गर्दा समाजमा अस्तव्यस्तता आउने गरेको कुरा कथामा प्रस्ट देखिन्छ । यसरी विकलले यस कथामा उच्च वर्ग भनाउँदाहरूको कुटिल शोषणको चाल नबुझी दुःख पाउनु परेको निम्न वर्गकाहरूको जीवनको अनुभूति र निम्न वर्गकाले गरेको प्रगतिमा रिस डाहा गर्ने उच्च वर्गका हरूको अनुभूतिलाई व्यक्त गरेका छन् ।

'नयाँ सडकको गीत' काठमाडौँको गल्लीमा दुनियाँको अपहेलना सही बटुवासँग दुई चार पैसा हात थापेर जीवन निर्वाह गरेको निम्न वर्गीय माग्ने अपाङ्गको कारुणिक कथा हो । यस कथामा एउटा माग्ने अन्धोले श्रीमती सानीलाई साथ लिएर नयाँ सडकको पेटीमा बसी दस बाह्र वर्षदेखि बटुवासँग हात थापेर जीवन गुजारा गरेको हुन्छ । पुलिस र सिपाही उसलाई र उसकी श्रीमतीलाई जिस्काउँदै अभद्र व्यवहार गरेर त्यस ठाउँबाट हटाउँन "यो मोरो त अझै उठेको रहेनछ हेरै, थाङ्ना बोटा फालिदिनु पर्ला " (पृ.४१) भन्दै उसलाई दुःख दिन्छन् । विगत दस बाह्र वर्षदेखि माग्दै आएको ठाउँबाट हट्नु पर्दा अन्धो माग्ने दुःखको अनुभव गर्दछ । पुलिस र सिपाहीप्रति सानीलाई जिस्काएकोमा घृणा र कटुताको भाव व्यक्त गर्दछ । उसले श्रीमती सानीलाई चोलो तथा फरिया किनिदिने चाहना व्यक्त गरेको छ । यसका साथै ऊ प्रजातन्त्र आए पनि आफूले मागी खानु परेकोमा प्रजातन्त्रप्रति उपेक्षाको भाव व्यक्त गर्दछ र भन्छ "अँ पर्जातन्त्र भएको कति भयो ! निकै वर्ष भयो" (पृ. ४२) । कथामा मानिस जन्मनासाथ माग्ने वा धनी हुने होइन समाजले उसलाई त्यस्तो बनाएको हो । माग्नेहरू पनि अन्य मान्छेहरू जस्तै भएकाले उनीहरूमा पनि सुख दुःख मिठो नमिठो राम्रो नराम्रो छुट्याउन सक्ने अनुभूति हुन्छ भन्ने कुरा अभिव्यक्त भएको पाइन्छ । यसरी धेरै चोट पीडा सहेर भए पनि काठमाडौँ सहरमा मागेर जीविकोपार्जन गर्ने अपाङ्गहरूको दुखद् जीवनानुभूतिलाई कथाकार विकलले यस कथामा सजीव रूपमा प्रकट गरेका छन् ।

'बिहानीपखको बत्ती' कथामा तत्कालीन समाजको परम्परागत संस्कारले गर्दा नारीहरूले शिक्षित भए पनि आफ्नो जीवनसाथी रोज्ने हक नपाई बाबु आमाले दिएको केटासँग विवाह गर्दा दुःखपूर्ण जीवन बिउाउनु परेको अवस्थालाई मूल विषय बनाइएको छ । प्रस्तुत कथामा शारदाको विवाह उसको सल्लाहविना बाबुआमाले क्षयरोगले ग्रस्त केटासँग गरिदिएका छन् । उसले नारी स्वतन्त्रताको लागि बिद्रोह गर्न खोजे पनि तत्कालीन समाज वाधक बनेको छ । त्यो विवह बन्धनबाट उसले शारीरिक र मानसिक दुवै सन्तुष्टिको उपभोग गर्न सकेकी छैन । क्षयरोगले ग्रसित भएर मृत्यु शैयामा छटपटाइ रहेको पतिको अवस्थालाई देखेर उसको मनमा आत्महत्या गर्न पाए अर्को जन्म राम्रो हुन्थ्यो कि भन्ने भावना जाग्छ । उसलाई यो संसार नै विश्वव्यापी अन्धकारको धमिलो साम्राज्यको एकलौटी

जस्तो लाग्छ । पल्लो घरको कोठामा पढि रहेको सुगठित बन्दीपुरे ठिटोलाई देख्दा शारदाको मनमा प्रेमी भावना जाग्दछ । ऊ आफूलाई काल्पनिक रूपमा त्यो ठिटोको जीवन सङ्गिनीको रूपमा उपस्थित गराई क्षणिक आनन्दानुभूति गर्दछे । शारदाको श्रीमान् पनि श्रीमतीको न्यानो माया पाइ रहने चाहना प्रकट गर्दा भित्रभित्रै आफूले आफैलाई धोका दिएको अनुभूति गर्दछ । यस प्रकार विकलले प्रस्तुत कथामा सामाजिक रुढिवादी परम्पराले गर्दा आफ्नो चाहना तथा भावना विपरीत बाबु आमाले दिएको केटासँग विवाह गरी कष्टपूर्ण जीवन बिताउनु पर्ने नेपाली चेलीको विवशताको अनुभूतिलाई अभिव्यक्त गरेका छन् ।

'वीरेकी आमा' कथामा श्रमजीवी महिलाको कारुणिक जीवनका घटनाहरूलाई मूल विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । यस कथामा निम्न आर्थिक अवस्था भएकी तल्लो जातकी वीरेकी आमाले गाउँघरमा अर्काको मेलापात, ढिकीजाँतो गरेर जीवन धानेकी छे । आर्थिक अभावका कारण उसले काम गरे वापत् पाएको अर्काको जुठोपुरोमा चित्त बुझाएकी छे, तैपनि उसलाई समाजका उच्च वर्गले काम गरेको ज्यालामा ठगी आर्थिक शोषण गर्दछन् । सबैको कामलाई आफ्नो निजी काम सम्झी सेवा पुऱ्याउँदै आएकी वीरेकी आमा पखला लाग्दा औषधी किन्ने पैसा नभई मृत्युको मुखमा पुगेकी छे । सानो जात भए पनि मेसिन भएर काम गर्दा सबैको हाइ हाइ तथा लुछाचुडि भएकी वीरेकी आमा मुर्दा हुँदा तिन हात जमिन र सामाजिक संस्कारबाट बञ्चित भएकी छे । उसको  यस्तो अवस्थाबाट 'म' पात्र अर्थात् स्वयम् लेखकको मनमा सहानुभूति उब्जन्छ । उनले जन्मदेखि मृत्युसम्म जीविकोपार्जनका लागि भौतारि रहे पनि श्रमजीवी वर्गको जीवनको कुनै टुङ्गो नभएकोमा तत्कालीन समाज र व्यवस्थाप्रति यसरी घृणा भाव व्यक्त गरेका छन्-  "समाज र व्यवस्थको घेराभित्र जन्मदेखि आजसम्म भौतारिएर पनि त्यसको टुङ्गो पाउन सकेकी थिइन । व्यवस्थाको निर्दयी खेलको आफै एउटी सिकार पनि एउटी  खेलौना भएर पनि उसले त्यसको अनुहार चिनेकी थिइन" (पृ.५९) । वीरेकी आमाको मृत्युको अवस्थालाई देखेर लेखककी श्रीमतीको मनमा उब्जेको संवेदनालाई पनि कथामा व्यक्त गरिएको छ । यसरी ग्रामीण समाजमा अर्काको निमेक गरी पेट पाल्ने पीडित महिलाको दुःखद् जीवनको अनुभूतिलाई कथाकार विकलले प्रस्तुत कथामा प्रकट गरेका छन् ।

'दुई रुपियाँ नोट' कथा रिन तिर्न नसकी गाउँको घर जग्गा साहूलाई सुम्पेर जीविकोपार्जनका लागि सहरमा गई नारकीय जीवन बिताउनु परेको निम्न वर्गीय व्यक्तिहरूको दयनीय स्थितिलाई मूल विषय बनाएर लेखिएको छ । यस कथामा वीरेले गाउँको घर जग्गा आर्थिक अभावका कारण रिन तिर्न नसक्दा साहुलाई बुझाएर परिवार सहित कामको खोजीमा काठमाडौँको नयाँ सडकको छिँडीमा बास बसेको छ । त्यहाँ भारी बोक्ने कार्यले मात्र दैनिक छाक टार्न गाह्रो भएकाले ऊ श्रीमती पार्वतीले शरीर बेचेर पैसा

कमाओस भन्ने चाहना राख्दछ । श्रीमान्को उक्त चाहनाप्रति पार्वतीले घृणा भाव व्यक्त गरेकी छे । साथै उसले त्यस्तो कार्य गर्न नमान्दा वीरे दैनिक रक्सीले मातेर कुटपिट गर्दछ । यस्तो वातावरणबाट पार्वती साह्रै पिल्सिन्छे र आफूलाई जिउँदै मरेको अनुभव गर्छे । अन्तमा छोराछोरीको भोक र श्रीमान्को अत्याचार सहन नसकी पार्वती वीरेलाई काममा लगाइ दिने आशमा भरियाको नाइकेलाई दुई रुपियाँमा आस्मिता बेच्च विवश हुन्छे । वीरे पनि कामको आशमा श्रीमतीको अस्मिता धरौटी राख्न बाध्य हुन्छ । ग्रामीण समाजमा आर्थिक शोषणले र सहरी समाजमा यौन शोषणले निम्न वर्गका सधैँ शोषित हुनु परेको अनुभवलाई कथामा व्यक्त गरिएको छ । यसरी कथाकार विकलले प्रस्तुत कथामा ग्रामीण समाजका निम्न वर्गका सती सावित्री नारीहरू शोषक सामन्तको कारण आर्थिक अभावमा सहरमा गई आफ्नो अस्मिता बेच्च बाध्य हुनु परेको र श्रीमान्ले त्यस्तो घृणित कार्यप्रति निरीह भई बस्नु परेको विवशताको अनुभूतिलाई अभिव्यक्त गरेका छन् ।

'सिँगारी बाखा' ग्रामीण समाजमा बस्दै आएका पण्डित पण्डितनीले सिँगारी बाखामाथि गरेको अमानवीय व्यवहार र शोषणको पराकाष्टालाई मूल विषय बनाएर लेखिएको कथा हो । यस कथामा पण्डितनीको माइतीको पेवा स्वरूप आएको सिँगारी बाखाले विगत छ-आठ वर्षदेखि वर्षको दुई वटाका दरले पाठापाठी जन्माई पण्डित पण्डितनीको सेवा गरेकाले उनीहरूले पनि सिँगारीलाई तछाडमछाड गर्दै सेवा गरेका छन् । यसरी सेवा गरेका पण्डित पण्डितनी बृद्ध भई शरीर शिथिल भएर पाठापाठी जन्माउन छोडेपछि सिँगारीलाई उपेक्षा गर्न पुग्छन् । साउन जस्तो रसिलो महिनामा पनि उसको पेट भोकै हुन्छ । फाइदा नहुने भए पछि पण्डित पण्डितनी उसलाई बगरे कहाँ बेचिदिने निर्णय गर्छन् । उनीहरूको यस्तो व्यवहारबाट सिँगारीको मन ज्यादै रुन्छ । ऊ विगतका आफ्ना सन्तानलाई सम्भेर दुःखको अनुभूति गर्छ । यस प्रकारको मानवको व्यवहारबाट उसको मनमा आवेग र संवेगहरू आरोह अवरोह गर्न थाल्दछन् अनि आफ्ना र मान्छे बिचको स्वार्थी नाता तथा माया ममताको रूपलाई सम्भेर पीडाको अनुभव गर्छ । यसरी विकलले प्रस्तुत कथामा खोक्रो आडम्बर तथा जङ्गली प्रवृत्तियुक्त मानवबाट शोषित हुनु परेको निरीह मानवेतर प्राणी सिँगारी बाखाको संवेदना प्रस्तुत गरेका छन् ।

'सुबेदार रणे बुढो' कथामा नेपाली समाजमा प्रचलित आर्थिक अवस्था सुधार्न लाहुर जाने लाहुरेहरूको समस्यालई मूल विषय बनाइएको छ । यस कथामा उमेर हुँदासम्म विदेशका लागि लाहुरे भई सेवा गरेको सुबेदार रणे बुढाले उमेर गएपछि दुई छाक खान नपुग्ने पेन्सन र अपाङ्ग शरीर लिएर स्वदेश फर्की दुःखपूर्ण जीवन बिताएको छ । ऊ बिहे गरेको दुई महिनामै जर्मनको धावामा गएकाले उसकी श्रीमती पनि अर्कैसँग बिहे गरी गएकी छे । रणे बुढाले जागिरको पेन्सनबाट खान नपुगेर डोको, ढाकार तथा घुम बुनी

जीविकोपार्जन गरेको छ । बुढेसकालमा सहयोग होला भनी पुनः विवाह गरी ल्याएकी अर्की श्रीमती अलिकति भएका सामान पनि लगेर अन्यत्रै जान्छे । बिरामी परेर मृत्यु शैयामा एक्लै छटपटाई रहँदा पनि उसलाई सुसार गर्ने कोही हुँदैनन् । रणे बुढाको यस्तो कारुणिक अवस्था देखेर 'म' पात्र दुःखको अनुभव गर्दछन् । जीवनको अन्तिम अवस्थामा पनि सुवेदार रणे बुढो राणा शासन गएकोमा चिन्ता प्रकट गर्दै 'म' पात्रसँग भन्दछ- "मोहन शमशेरलाई क्यानाम लखेटे रे हो भानिज ? ..कस्तो उल्का, कस्तो नहुने कुरा ! ...हे ईश्वर अब के होला ?... हाम्रो दिन क्यानाम पुग्यो अब ..पुग्यो" (पृ.९१) । यसरी कथाकार विकलले प्रस्तुत कथामा आर्थिक अवस्था सुधार्न विदेशी भूमिमा भर्ती भएका नेपाली समाजका लाहुरेहरूको दर्दनाक जीवनको अनुभूतिलाई अभिव्यक्त गरेका छन् ।

कथाकार रमेश विकलले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमार्फत तत्कालीन समाजका व्यक्तिहरूको अनुभूतिलाई व्यक्त गरेका छन् । उनले चाहे आर्थिक अभावका कारण लाहुरे हुनु परेको समस्याले ग्रसित भएकाहरूको होस् अथवा चाहे उच्च वर्गकाहरूको जालझेल षड्यन्त्रबाट आर्थिक शोषणमा परी दर्दनाक जीवन बिताएकाहरूको होस सबैको अनुभूतिललाई प्रकट गरेका छन् । यति मात्र नभई विकलले तत्कालीन सामाजिक, सांस्कृतिक कारण अनमेल विवाह, बाल विवाह जस्ता रुढिवादी प्रथाले गर्दा कारुणिक जीवन बिताउनु परेका नेपाली समाजका चेलीबेटीको अनुभूति र मानवको दानवीय व्यवहार मानवेतर प्राणीले खप्नु परेको पीडाको अनुभूतिलाई पनि सङ्ग्रहमा कथात्मक संरचना दिएका छन् । विकल समाजका यथार्थवादी चित्रकार भएकाले उनले गरेका अनुभूतिहरू नेपाली समाजका जनताले गरेका यथार्थ अनुभूतिहरू हुन् । जे होस् उनले तत्कालीन नेपाली जनताको अनुभूति र आफ्नो अनुभूतिलाई एकाकार गरेर कृतिमा व्यक्त गरेको पाइन्छ ।

### ५३ विश्वदृष्टिका आधारमा 'नयाँ सडकको गीत' सङ्ग्रहका कथाहरू

समाजमा रहने विभिन्न खालका व्यक्तिहरूको विचार, चाहना, इच्छा, आकाङ्क्षा तथा भावनाको सामूहिक अभिव्यक्तिलाई विश्वदृष्टिको रूपमा व्याख्या गर्न सकिन्छ । विश्वदृष्टिले निश्चित वर्ग या समुदायको प्रतिनिधित्व गर्दछ । यसमा कुनै जाति विशेष, वर्ग विशेष तथा समूह विशेषको धारणा खोजिन्छ । विश्वदृष्टिलाई साहित्य विश्लेषणको मापदण्ड मान्ने व्यक्ति लुसिएँ गोल्डमानले लेखकको विचार र समाजको विचारबाट विकास हुने औसत विचारलाई विश्वदृष्टिका रूपमा परिभाषित गरेका छन् (क्षेत्री, २०६४ :२०) । विश्वदृष्टि सामाजिक वर्गको जीवनमा निहीत भए पनि त्यो दर्शन, कला र साहित्यमा व्यक्त हुन्छ । साहित्यकारले समाजप्रतिका मान्यता, विचार तथा इच्छा आकाङ्क्षालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कृतिमा अभिव्यक्त गरेको हुन्छ । कलाकारको कल्पना र यथार्थको सङ्ग्रहबाट अभिव्यक्त भएको विश्वदृष्टिले समाजका साझा मान्यता राख्ने व्यक्तिहरूको

भावनालाई प्रतिनिधित्व गर्दछ । कृतिमा व्यक्त विचारबाट समाजका मानिसको के चाहान वा इच्छा छ ? उनीहरूको समाज, देश या विश्वप्रति कस्तो धारणा रहेको छ ? समाजमा रूपान्तरण चाहन्छन् कि चाहँदैनन् भन्ने जस्ता कुराहरू जान्न सकिन्छ । त्यसकारण साहित्यको समाजशास्त्रीय अध्ययनमा विश्वदृष्टि पनि अध्ययनको मापदण्ड बनेको छ ।

कथाकार रमेश विकल गतिशील सामाजिक मूल्यमा आस्था राख्ने प्रगतिशील कथाकार हुन् । त्यसैले उनको **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा उच्च वर्गका हरूको अन्याय, अत्याचारबाट शोषित, पीडित हुनु परेका निम्न वर्गका, आर्थिक अभावमा यौन शोषणमा परेका, सामाजिक सांस्कृतिक कुसंस्कारले ग्रसित भएका तथा कथित माथिल्लो जातका भनिनेबाट तल्लो जातको भनी अपहेलित हुनु परेका जस्ता पात्रहरूको प्रयोग भएको छ । यस्ता पात्रहरूप्रति सहानुभूति व्यक्त गर्दै विकलले शोषण चक्र चलाई जीवन वृत्ति चलाउने स्वार्थी वर्ग अर्थात् शोषणमा आधारित समाज व्यवस्थाको घोर विरोध गरेका छन् । उनले समाजका उपेक्षित वर्ग, नारी एवम् बाल बालिकामाथि हुने दमन, अन्याय, अत्याचार तथा सङ्कीर्ण रुढिवादी संस्कारको विरोध गर्दै समाजमा सबैले सम्मान जनक रूपमा बाच्न पाउने समतामूलक समाजको चाहना राखेका छन् । यो नै यस कथा सङ्ग्रहको विश्वदृष्टि हो । कथा सिर्जनामा विश्वदृष्टिको अभिव्यक्ति लेखकका माध्यमबाट भए पनि त्यो नितान्त लेखकको मात्र हुँदैन भनी गोल्डमानले भने झैँ यस प्रकारको चाहना पनि लेखकको मात्र नभई उनी जस्तै प्रगतिशील विचार भएका तथा शोषण रहित स्वतन्त्र न्यायमूलक समाजको चाहना राख्ने आम नेपालीहरूको धारणा हो । यस कथा सङ्ग्रहमा प्रयुक्त निम्न आर्थिक अभाव भएका तथा उत्पीडित पात्रहरूले पनि प्रत्यक्ष वा परोक्ष रूपमा यस्तै चाहन राखेका छन् ।

आर्थिक अभावका कारण नचाहँदा नचाहँदै पनि विवाह भएको केही वर्षमै लाहुर जाँदा घरको समस्याका कारण श्रीमती अर्कैसँग बिहे गरी गए पनि एक अर्का बिचको माया प्रेम भने कायमै हुने कुरा ‘भन्ज्याङको चौतारो’ र ‘सुबेदार रणे बुढो’ कथामा रहेको छ । प्रस्तुत ‘भन्ज्याङको चौतारो’ कथामा बले लाहुरबाट घर फर्कदा भन्ज्याङको चौतारोमा आफू लाहुर हुँदा अर्कैसँग बिहे गरी गएकी श्रीमती पातलीलाई अकस्मात् देख्न पुग्दछ । मानवीय स्वभाव सुरुमा पातलीलाई देख्दा रिस उठे पनि उसको मुखबाट अनायास ‘पातली’ भन्ने शब्द निस्कन्छ । उसको मनले पातलीको अवस्थाबारे जान्न चाहन्छ । यसबाट पातलीप्रति बलेको माया पलाएको बुझिन्छ । उता पातलीमा पनि बलेलाई देख्दा विगतमा ऊसँग भएका रमाइला क्षणहरूलाई सम्झी बलेप्रति माया पलाएर आउँछ । ऊ विगतमा आफूसँग रहँदा खट्टे मन पराएर खाने बलेको बानीलाई सम्झन्छे अनि आफूसँग भएको खट्टे खानको लागि बलेलाई भन्ने आँट गर्छे । बले पनि पातलीको अनुरोधलाई स्वीकारी खट्टे

खान्छ । यसै क्रममा पातली बलेलाई अर्को विवाह गर्न अनुरोध गर्दै आफू बलेसँग छुट्टिनु परेकोमा भाग्यलाई दोष दिएर बलेप्रतिको आफ्नो अनुरागलाई व्यक्त गर्दछे । बले पनि पातली नै आए पुनः विवाह गर्ने र होइन भने नगर्ने भन्दै "पातली मन नै त हो मान्छेको, त्यसै पनि त  टर्छ । जोगी जस्तो मान्छेलाई के को घरबार ।....हो तँ फेरि आउँछेस् भने..."(पृ.११) भन्ने अभिव्यक्ति प्रकट गर्दछ । यसरी बले लाहुरे भएकोमा खुसी हुनु भन्दा श्रीमती अर्कैसँग गएकोमा दुखी भई पुनः सँगै जीवन बिताउने चाहन राख्दछ । पातलीमा पनि बलेप्रतिको उसको व्यवहारबाट अगाध प्रेम भएको बुझिन्छ । यो बले र पातलीको मात्र चाहना नभई तत्कालीन समाजमा आर्थिक अभावबाट लाहुरे भएका बले जस्ता र नचाहँदा नचाहँदै पनि विविध कारणले अर्कैसँग बिहे गर्न पुगेकी पातली जस्ताको सामूहिक चाहना हो ।

'सुबेदार रणे बुढो' कथामा पनि सुबेदार रणे बुढो विवाह गरेको दुई महिनामै जर्मनको धावामा जानु परेकाले श्रीमती अर्कैसँग बिहे गरी गएको कुरा अभिव्यक्त भएको छ । सुबेदार रणे बुढाले 'म' पात्रसँग आफ्नी श्रीमती गुराँसको फुल जस्ती राम्री भएको तथा श्रीमान् श्रीमती बिच ज्यादै प्रेम भएर गोठमा पतकर सोहोर्ने निहुँले घरबाट लुकीलुकी भेट गर्ने गरेको विगतको क्षणलाई बताएको छ । साथै उसले श्रीमती अर्कैसँग बिहे गरी गएकोमा श्रीमतीलाई दोष नदिई उसको जवानीलाई दोष दिएको छ । यसबाट रणे बुढामा छोडेकी भए पनि श्रीमतीप्रति प्रेमको चाहना अझै भएको पाइन्छ ।

विकलले उल्लेखित कथाहरूमा आर्थिक अभावका कारण लाहुरे भएर श्रीमान् श्रीमती बिच छुट्टिनु नपरोस् अनि परिबन्दले छुट्टि हाले पनि मानवीय प्रेम तथा सम्बन्ध रहि रहोस् भन्ने विश्वदृष्टिकोणलाई अभिव्यक्त गरेका छन् ।

'सुबेदार रणे बुढो' कथामा रणे बुढाले प्रजातन्त्र आउँदासम्म पनि राणा शासन गएकोमा चिन्ता प्रकट गरेको छ । उसको पुरानो विचारमा परिवर्तन नआएकाले ऊ समाजमा एक्लो जस्तो भएको छ । यसर्थ उसको पुरानो विचारसँग उसको बुढो शरीर मृत्यु शैयामा एक्लै छट्पटाएको छ । यसबाट प्रस्तुत कथामा पुराना थोत्रा मान्यताहरू एकदिन अवश्य ढल्ने र त्यसको मोहमा पर्दा सुबेदारको जस्तो हालत हुने कुरा अभिव्यक्त गर्दै समयको माग अनुसार हरेक मान्छेले आफूलाई ढाल्न सक्नु पर्दछ भन्ने चेतना विश्वदृष्टिका रूपमा प्रकट भएको छ । समयको माग अुनसार आफूलाई ढाल्न सक्नु पर्दछ भन्ने धारणा वा विचार कथाकार विकलको मात्र निजी विचार होइन । यस्तो विचार तत्कालीन परिवेशले उब्जाएको लेखकका वर्गको अथवा परिवर्तन चाहने आम नेपालीको विचार हो ।

'प्रतिहिंसा' तथा 'बिहानीपखको बत्ती' कथामा तत्कालीन नेपाली समाजमा भएका पितृसत्तात्मक सोँच, रुढिवादी संस्कार आदिका कारण महिलाको जीवनमा आइपर्ने समस्यालाई देखाइएको छ । 'प्रतिहिंसा' कथामा केटाकेटी अवस्थामा विवाह भई चढ्दो बैँसमै पति गुमाएर पतिको चाहना हुँदाहुँदै पनि सामाजिक कुसंस्कारका कारण आफ्नो चाहनालाई दबाई विधवा जीवन बिताउनु परेको बाल विधवा ढकाल्नीको समस्या रहेको छ । उनले विवाह गर्ने तीब्र चाहनाको अभिव्यक्तिलाई लाल चूर्ण अनुहार गराउँदै काँपेको स्वरमा हर्केलाई उसकी श्रीमती अन्यत्रै विवाह गरी जाँदा ऊप्रति सहानुभूति राख्ने क्रममा यसरी प्रकट गरेकी छन्- "...जान दे बाबै तेरा हात पाखुरा सग्ला र दर्बिला छौन्ज्याल धनमाल त के स्वास्नी पनि दसौटी आउँछन् । तँ आँट्न मात्रै "(पृ. १७) । यस भनाइबाट पितृसत्तात्मक समाजका कारण पुरुषलाई दस वटी विवाह गर्न छुट भए पनि महिलाहरूले चाहिँ आफ्नो विवाह गर्ने चाहनालाई समाजमा खुल्ला रूपमा व्यक्त गर्न नपाएको बुझिन्छ । ढकाल्नी बज्यैको उक्त भनाइमा विधवा विवाह गर्ने चाहना हुँदा हुँदै पनि तत्कालीन समाज बाधक भएको छ ।

'बिहानीपखको बत्ती' कथामा आफ्नो चाहना र भावना विपरीत बुबा आमाले विवाह गरि दिँदा सदाका लागि अस्तित्वहीन बोध गरेर बाँच्नु परेको शारदाको बाध्यतालाई प्रस्तुत गरिएको छ । समाजको परम्परागत संस्कारले गर्दा शिक्षित भए पनि नेपाली चेलीलाई आफ्नो जीवनसाथी रोज्ने हक नदिएको कुरा कथाकार विकललले शारदाको माध्यमबाट कथामा प्रस्तुत गरेका छन् । शारदा शिक्षित भए पनि समाज र बाबु आमाको चित्त दुखाउनु हुँदैन भन्ने मान्यताका कारण बाबुले रोजेको क्षयरोगले ग्रसित केटासँग विवाह गर्दछे । उसले त्यो विवाह बन्धनबाट शारीरिक र मानसिक दुवै सन्तुष्टिको उपभोग गर्न सकेकी छैन । ऊ त्यस सन्तुष्टि प्राप्त गर्नका लागि सामाजिक बन्धन भत्काउन चाहन्छे तर उसका अगाडि समाजको लाजगाल, माइतीको इज्जत बिकराल रूपमा उभिएको छ । विवाह मण्डपमा गम्की गम्की तथा चम्की चम्की बजि रहेको पञ्चेबाजाको स्वरले पनि शारदालाई विरह लाग्दो नारा लगाए जस्तै हुन्छ । समाजका सबैले कति राम्रो, कति लायक बेहुला भन्दा ऊ आफ्नो विद्रोहको स्वरलाई समाजले कुल्चे जस्तो ठान्दछे । विवाह भएको तिन वर्षपछि उसको श्रीमान् रोगले ग्रसित भई मृत्यु शैयामा छट्पटाइ रहेको बेला शारदामा पनि मानसिक गर्मी बढ्दै जान्छ । बन्दीपुरे केटालाई देख्दा शारदाको मनमा प्रेमभाव जागृत हुन्छ । ऊ आफूलाई त्यस केटाको जीवन सङ्गिनीको रूपमा उपस्थित गराई कल्पनामा रमाउँछे । यी उपर्युक्त घटनाहरूबाट समाज प्रतिकूल भए पनि शारदाले नारी स्वतन्त्रता तथा आत्म निर्णयको चाहना राखेको पाइन्छ । यद्यपि तत्कालीन सामाजिक रुढिवादी संस्कारका कारण शारदा मानसिक यातना भोगेर पनि बिरामी पतिको स्याहार सुसार गर्दछे ।

विकलले उल्लेखित कथाहरूमा तत्कालीन सामाजिक रुढिवादी संस्कारका कारण कारुणिक जीवन बिताएका प्रतिनिधि पात्रहरू ढकाल्नी बज्यै र शारदाका माध्यमबाट तिनीहरूले गरेको समाजको परम्परागत संस्कारप्रतिको विरोध तथा विद्रोहलाई दर्साएका छन् । यसका साथै उनले नेपाली समाजमा महिलाहरूले पनि पुरुष सरह स्वतन्त्रता, समानता र न्याय पाउनु पर्छ, पितृसत्तात्मक समाजमा नारीलाई थिचो मिचो गर्ने परम्पराको अन्त्य हुनु पर्छ भन्ने विचारलाई विश्वदृष्टिका रूपमा कथाहरूमा अभिव्यक्त गरेका छन् ।

'लाहुरी भैँसी' कथामा ग्रामीण समाजमा अशिक्षा र अज्ञानताका कारण एकजुट हुन नसक्दा निम्न वर्गकाहरू उच्च वर्गहरूको षड्यन्त्र र जालझेललाई बुझ्न नसकी आर्थिक शोषणमा परेको घटनालाई प्रस्तुत गरिएको छ । यस कथामा लुखुरेले रिन गरेर भए पनि लाहुरी भैँसी किनी आर्थिक अवस्था सुधार्न चाहेको छ तर द्वारे बा लुखुरेको अज्ञानताको फाइदा लिई षड्यन्त्र गरेर भैँसी आफ्नो पोल्टामा पार्न लाहुरी भैँसीमा धम्कीको रोग भएको खोट लगाउछन् । द्वारे बालाई लुखुरेको भैँसीमाथि षड्यन्त्र गर्न निम्न वर्गकै पात्र रामवीरे घर्तीले सहयोग गरेको छ । रामे घर्ती लाहुरी भैँसी रोगी छ भन्ने द्वारे बाको षड्यन्त्रलाई सत्य सावित गराउँदै भन्छ-"द्वारे बाका आँखा किन झुकिन्थे रे । यस्ता कत्ना कत्ना भैँसी खेलाई सक्नु भा पो त" (पृ.२८) । यसबाट रामवीरेले आशिक्षाकै कारण आफ्नै वर्गको लुखुरेको भैँसीमाथि षड्यन्त्र गर्न द्वारे बालाई सघाएको बुझिन्छ ।

लाहुरी भैँसी ल्याएपछि आर्थिक अभावबाट मुक्ति पाइएला भन्ने चाहना राखी आफ्ना गहनापात बेचेर लाहुरी भैँसी किन्न लोग्नेलाई सहयोग गरेकी घैँटीले पनि द्वारे बाको जालझेललाई बुझ्न सकेकी छैन । अनपढ भएकै कारण सही र गलत छुट्याउन नसक्दा ऊ उल्टै पति लुखुरेलाई एकोहोरो गाली गर्न पुग्छे । सबैबाट प्रताडित लुखुरे भैँसी मरेर सबै रिनमा परिने डरले द्वारे बाको घरमा पुगी सहयोगको याचना गर्दछ । षड्यन्त्रमा सफल भएका द्वारे बा लुखुरेको कुरो बुझी परल मूल्यभन्दा कममा भैँसी पाए लिने जनाउँछन् । उनको यस प्रकारको षड्यन्त्रमूलक जनाउबाट उनका घरमा भएका निम्न वर्गका सबै लुखुरेको टिठलाग्दो मुखमा हेर्न नसकी मौन भएर घोप्टो मुख लगाउँछन् । यसरी निहुरे पनि उनीहरूमा लुखुरेप्रति भएको द्वारे बाको षड्यन्त्र तथा जालझेलका विरुद्ध एकजुट भएर विरोध गर्ने आँट आउँदैन । यसबाट निम्न वर्गकाहरूले समाजमा उच्च वर्गकाहरूको जालझेल र षड्यन्त्रबाट मुक्त भई स्वतन्त्र र सुखी जीवन बिताउने चाहना राखे पनि उनमा भएको अशिक्षा तथा अज्ञानता नै मूल बाधक बनेको पाइन्छ । यसरी धूर्त उच्च वर्गका विरुद्ध निम्न वर्गका अशिक्षाका कारण सचेत रूपमा एकजुट भई उठ्न नसकेकाले षड्यन्त्रमा परी पिल्सिनु परेको छ । यसैले गाउँ समाजमा सचेतता र शिक्षाको उज्यालो पुऱ्याउनु पर्छ भन्ने विश्वदृष्टिकोण प्रस्तुत कथाका माध्यमबाट विकलले व्यक्त गरेका छन् ।

'नयाँ सडकको गीत' कथामा काठमाडौंको नयाँ सडकमा बसी मागेर जीवन यापन गर्ने प्रतिनिधि पात्र अन्धोको जीवनचर्यालाई प्रस्तुत गरिएको छ । अपाङ्गहरूको पनि समाजमा भएका अन्य सामान्य मान्छेहरू जस्तै अपहेलित नभई सहज रूपमा बाँच्ने चाहना हुन्छ भन्ने कुरा प्रस्तुत कथाको पात्र अन्धो माग्नेले देखाएको व्यवहारबाट पुष्टि हुन्छ । श्रीमती सानीलाई साथमा लिएर बटुवासँग माग्न बसेको अन्धोको आगाडि हिँडेका केटीहरूबाट अत्तरको बास्ना आउँदा ऊ पनि सानीलाई अत्तर किनिदिने चाहना राख्दछ । माग्ने क्रममा पुलिस र सिपाहीले सानीलाई जिस्काएको थाहा पाउँदा अन्धो रिसले मुर्मुरिन्छ । सिपाहीले यति राम्री श्रीमती चोरेर ल्याएको हो भन्दा ऊ अर्काकी श्रीमती चोर्ने तथा आँखा लगाउने गर्दा राजाले नहेरे पनि ईश्वरले छानबिन गर्छन् भनी नरम भाषामा अदृश्य चेतावनी दिन्छ । पुलिस र सिपाहीले सानी र आफूलाई गरेको अभद्र व्यवहारबाट अपमानित भएको ठानी अन्धो विगत बाह्र वर्षदेखि माग्नको लागि बस्दै आएको स्थान छोड्छ । हिड्ने क्रममा ऊ पनि अरुले जस्तै श्रीमती सानीलाई चोलो, फरिया फेरिदिने चाहना प्रकट गर्दछ । अन्धाले प्रजान्तन्त्र आएपछि आफू जस्ता अपाङ्गले मागी खान नपर्ने आस राखेको हुन्छ तर प्रजातन्त्र आएको धेरै समयसम्म पनि आफू जस्ताको कुनै व्यवस्था नभई मागी खानु परि रहेकाले त्यसप्रति निराशा व्यक्त गर्दछ । यसरी मानव समाजमा भएपछि के अपाङ्ग के साङ्ग सबै समान रूपमा बाँच्न चाहन्छन् । माग्नेहरूमा पनि अरुमा जस्तै अनुभूति गर्ने क्षमता हुन्छ । त्यसैले कोही पनि कसैबाट प्रताडित हुनु नपरोस् भन्ने अपाङ्गहरूमा रहेको चेतनालाई विकलले प्रस्तुत कथामा विश्वदृष्टिका रूपमा अभिव्यक्त गरेका छन् ।

'वीरेकी आमा' कथामा नेपाली समाजमा अर्काको काम गरी दैनिक छाक टार्ने निम्न वर्गीय वीरेकी आमा जस्तालाई उच्च वर्गकाले गरेको आर्थिक शोषणलाई देखाइएको छ । प्रस्तुत कथामा आर्थिक अभावका कारण बिरामी पर्दा औषधी खान नपाई निधन भएकी वीरेकी आमाको जीवनचर्यालाई 'म' पात्रले स्मरण गरेका छन् । वीरेकी आमा एक श्रमजीवी महिला हो । उसले गाउँमा अर्काको ढिकी, जाँतो, कुटो, कोदालो गरेर आफ्नो जीवन निर्वाह गरेकी  छे । यसरी श्रम बेचेर दुई छाक खाने वीरेकी आमालाई गाउँका उच्च वर्ग काम गरे वापत दिने ज्यालामा पनि ठग्दछन् । ऊ निरीह भए पनि उच्च वर्गमा भएको यस्तो ठग्ने प्रवृत्तिलाई सहन सक्दिन । फलस्वरूप धान कुटाएको ज्याला आधा माना कनिका दिई ठग्ने माहिला बाजेलाई ऊ सत्ते सराप गरी गाली गर्दै भन्छे- "गरिब मारा काठो, असत्ती काठो त्यसको भस्म खरानी भा देखिहालूँ परमेश्वरी" (पृ. ५५) । यो उसको सामान्य गाली नभई श्रमको उचित मूल्याङ्कन नभएको विरुद्ध औकात अनुसारको विद्रोह हो । श्रमको सम्मान होस् भन्ने चाहनाको अभिव्यक्ति हो । विकलले कथामा वीरेकी आमालाई भएको आर्थिक शोषण र त्यसका विरुद्ध उसको विद्रोहलाई प्रतिनिधिका रूपमा देखाएर सम्पूर्ण श्रमजीवी वर्गको श्रम शोषणका विरुद्धको आम चाहनालाई व्यक्त गरेका छन् । यसरी यस कथामा उच्च वर्गको

आर्थिक शोषणबाट भएको वीरेकी आमाको कारुणिक जीवनलाई देखाएर श्रम शोषण रहित समाज हुनु पर्दछ भन्ने विश्वदृष्टिको अभिव्यक्ति गरिएको छ ।

'दुई रुपियाँ नोट' कथामा उच्च वर्गबाट निम्न वर्गले ग्रामीण समाजमा आर्थिक शोषण र सहरी समाजमा यौन शोषणबाट शोषित हुनु परेको तत्कालीन सामाजिक यथार्थतालाई उठाइएको छ । प्रस्तुत कथामा वीरे रिन तिर्न नसक्दा गाउँको जायजेथा साहूलाई बुझाएर जीविकोपार्जनका लागि परिवार सहित काठमाडौँ नयाँ सडकको छिँडीमा आई बसेको छ । त्यहाँ घसिटुराम मारवाडी वीरेकी श्रीमती पार्वतीलाई यौन शोषण गर्न नपाएकोले वीरेलाई कामबाट हटाइ दिन्छ । वीरे कामबाट हटाइएपछि उसको परिवार भारी बोक्ने काम पनि नपाई भोकभोकै बस्नु पर्दछ । भरिया नाइके पनि वीरेलाई काममा लगाउनको लागि पार्वतीको अस्मितामाथि सर्त राख्छ । यसरी चारैतिरबाट सङ्कटमा परेको वीरे श्रीमतीले शरीर बेचोस् भन्ने चाहना राख्दछ । कुनै पनि श्रीमान्को चाहना आफ्नी श्रीमतीले अस्मिता बेचेर पैसा कमाओस् भन्ने हुँदैन, तर तत्कालीन शोषणयुक्त समाजको कारण वीरे यस्तो अवस्थामा पुगेको छ । उसले बाध्य भएर पार्वतीलाई देह व्यापार गर्न सम्झाउँदै भनेको निम्न अभिव्यक्तिबाट यो कुरा स्पष्ट हुन्छ- "के गर्छेस् सबै त्यसै गर्छन् । यहाँ कसले आफ्नो पुरुषार्थले खान पाउँछ र ? ..सबै तँलाई हेर्छन्.." (पृ.६९) । श्रीमान्को यस प्रकारको विवशताका अभिव्यक्तिबाट सती साबित्री पार्वतीको मन छियाछिया हुन्छ । ऊ श्रीमान्को कामको लागि आफ्नो अस्मितालाई सर्त राख्ने भरिया नाइके जस्ता यौन पिपासुलाई सिलौटाले खप्परमा हानेर सदाका लागि शोषणबाट मुक्ति चाहान्छे । आर्थिक अभावले भोकले छट्पटिएका अबोध छोराछारीको अनुहार र श्रीमान्ले काम पाउने आशले उसको चाहना अधुरो हुन्छ । फल स्वरूप पार्वतीले बाध्य भएर भरिया नाइकेलाई दुई रुपियाँमा आफ्नो अस्मिता बेच्न विवश हुन्छे । उसले आफ्नो सतीत्व बेचे पनि भरिया नाइकेलाई सिलौटाले हान्न चाहनु नारी स्वतन्त्रताको लागि उभित्र भएको विद्रोहात्मक चेतनाको उपज हो । शोषणबाट मुक्त हुने पार्वतीको चाहना आम शोषित महिलाहरूको चाहना हो । यसरी विकलले प्रस्तुत कथामा निम्न वर्गमाथि भएको अर्थिक तथा यौन शोषण र त्यसबाट मुक्ति पाउने उनको चाहनालाई प्रस्तुत गरेर जुनसुकै प्रकारको शोषणमुक्त समाज हुनु पर्छ भन्ने आम सचेत वर्गको चेतनालाई विश्वदृष्टिका रूपमा अभिव्यक्त गरेका छन् ।

'सिँगारी बाखा' कथामा मानवले मानवेतर प्राणीमाथि गरेको अमानवीय व्यवहार र शोषणलाई देखाइएको छ । प्रस्तुत कथामा पाठापाठी दिँदासम्म सिँगारी बाखालाई ज्यादै स्याहार सुसार गरेका पण्डित पण्डितनी पाठापाठी जन्माएर शरीर शिथिल भएको अवस्थामा उपेक्षा गर्दछन् । आफूले जनमभर मालिक मालिक्नीको सेवा गरेको तर त्यसको बदलामा

उनीहरूले गरेको हेलाले उसको मन मुटु निचोरिएर आउँछ । पहिले खोले, फाँडो खाएर टुनुक्क हुने सिँगारी पछि साउन जस्तो रसिलो महिनामा पनि भोकै बस्ने अवस्थामा पुग्छ । पण्डित पण्डितनी मनोकाङ्क्षा पुरा होस् भनी धर्मको नाउमा उसका अबोध पाठापाठी बलि चढाउँछन् । यसबाट सिँगारीको मातृ वात्सल्य हृदय पीडाले छियाछिया हुन्छ । यति मात्र नभई ऊबाट फाइदा हुन छाडेपछि पण्डित पण्डितनी उसलाई दस रुपियाँमा बगरेकहाँ बेचि दिने निर्णय गर्दछन् । यस प्रकारको निर्णयबाट सिँगारीको जिउ ढक्क फुल्छ । असह्य पीडाले निद्रा नलागेर रातभर उसको आँसु झर्दछ । ऊ एक एक गर्दै हराएका सन्तानलाई सम्झन्छ । ऊ आफ्नो र मान्छे बिचको स्वर्थी नाता तथा माया ममताको रूपलाई सम्झेर केही पनि खाँदैन । यस प्रकारले सिँगारी पण्डित पण्डितनीबाट आफूमाथि भएको अमानवीय व्यवहार विरुद्ध मूक भाषा विद्रोह गरेको छ । उसको मौन विद्रोहलाई स्वार्थले मानवता गुमाइ सकेका पण्डित पण्डितनी अर्थात् आजको मानव समाज बुझ्न सक्दैन । फलस्वरूप आज हजारौं निरीह प्राणी सिँगारी जस्तै शोषित हुनु परेको छ । यो सिँगारीको मात्रै शोषित हुनु परेको पीडा र त्यसबाट मुक्तिको चाहना नभई ऊ जस्ता सबै प्राणीको पीडा र उन्मुक्तिको चाहना हो । यसरी यस कथामा मानवले पैसाको लोभमा अन्धो भएर र धर्मको नाममा निरीह पशुमाथि शोषण गर्नु हुँदैन, उनीहरूलाई पनि कालगतिले मर्न पाउने पशु अधिकार दिनु पर्छ भन्ने विश्वदृष्टिलाई कथाकारले व्यक्त गरेका छन् ।

प्रगतिवादी कथाकर रमेश विकलले उल्लेखित कथा सङ्ग्रहमा अन्याय अत्याचार, शोषण, दमनरहित समता मूलक समाज निर्माण हुनु पर्छ । कसैको पनि आर्थिक शोषण, अशिक्षा, सामाजिक कुसंस्कारका कारण जीवन विघटनमा पर्नु हुँदैन अर्थात् शोषणमा आधारित समाज व्यवस्थाको अन्त हुनु पर्छ भन्ने विचार, मान्यता वा धारणालाई विश्वदृष्टिका रूपमा अभिव्यक्त गरेका छन् । उनले शोषण चक्र चलाई जीवनवृत्ति चलाउने स्वार्थी वर्गको घोर विरोध गर्दै शोषित वर्गप्रति आफ्नो हार्दिक सहानुभूति राखेका छन् । उनले उत्पीडनबाट उन्मुक्तिको चाहना राखेका र तत्कालीन परिवेशमा त्यसको विरुद्धमा खुला रूपमा बोल्न नसकेका निरीह जनताको भावलाई त्यस्तै पात्रका माध्यमबाट विश्वदृष्टिको रूपमा समेट्न सफल भएका छन् । यस कथा सङ्ग्रहमा अभिव्यक्त विकलका विचारले अर्काको दुःख र पीडामा रमाउन चाहने केही सीमित वर्ग बाहेक अन्य आम सचेत वर्गको विचरलाई समेटेको छ । तसर्थ विश्वदृष्टिका सन्दर्भमा यस सङ्ग्रहका कथाहरू सफल रहेका छन् ।

### ५.४ निष्कर्ष

कथाकार रमेश विकलले **नयाँ सडकको गीत** सङ्ग्रहका कथामा गरिबी, अशिक्षा, अभावमा जीवन बिताउन बाध्य निम्न वर्गीय व्यक्ति र निम्न वर्गलाई सधैं शोषण गर्ने उच्च

वर्गका व्यक्तिगत तथा सामूहिक अनुभूतिलाई व्यक्त गरेका छन् । आर्थिक अभावले दुःखपूर्ण जीवन बिताएका, उच्च वर्गको षड्यन्त्रबाट आर्थिक शोषणमा परी कष्टपूर्ण जीवन जीउन बाध्य भएका, तत्कालीन सामाजिक, सांस्कृतिक कारण अनमेल विवाह, बाल विवाह जस्ता रुढिवादी प्रथाले गर्दा कारुणिक जीवन बिताउनु परेका नेपाली समाजका पात्रको अनुभूति र लेखकले आफ्ना व्यक्तिगत अनुभूतिलाई समेत एकाकार गरी कृतिमा अनुभूतिको संरचना तयार गरेका छन् । वर्गीय विभेदका कारण निम्न वर्गका मानिसको जीवनस्तर निकै कठिन अवस्थामा गुज्रिरहेको छ । सामाजिक जीवनको भोक्ता तथा सर्जक व्यक्तित्वको रूपमा कथाकार विकलले जुन कुरा अनुभूत गरेका छन् त्यो अनुभूति नै सामाजिक, सांस्कृतिक, आर्थिक र वर्गीय विकृति अन्त्यको आधार बनेर आएको छ । **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथामा आएका पात्रको अनुभव र अनुभूति लेखकीय अनुभव र अनुभूतिमा एकाकार भएर व्यक्त भएका छन् । कथाकार विकल नेपाली समाजका यथार्थवादी चित्रकार भएकाले नेपाली समाजको वास्तविक चित्र कोर्न उनी सफल देखिन्छन् । आफूले देखेका, भोगेका, अनुभव गरेका र सुनेका कुरालाई साहित्यमा चित्रण गर्नु उनको मूल विशेषता हो ।

विकल मार्क्सवादी विचार धाराप्रति प्रतिबद्ध प्रतिभाशाली कथाकार हुन् । वर्गीय शोषण, अन्याय, अत्याचार रहित समतामूलक समाज निर्माण गर्नु पर्छ र समाजमा वर्गीय विभेदका कारणले जीवन दुर्घटित हुनु हुँदैन भन्ने कथाकारको दृष्टिकोण नै साझा विश्वदृष्टिका रूपमा आएको छ । तसर्थ विश्वदृष्टिका सन्दर्भमा यस सङ्ग्रहका कथाहरू सफल रहेका छन् । यसरी अनुभूतिको संरचना र विश्वदृष्टिका दृष्टिले कथाकार रमेश विकलको नयाँ सडकको गीत सङ्ग्रहका कथा सफल रहेका छन् ।

## छैटौं परिच्छेद

# उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

रमेश विकलको **नयाँ सडकको गीत कथा सङ्ग्रहको समाजशास्त्रीय विश्लेषण** शीर्षकमा तयार गरिएको प्रस्तुत शोधपत्रमा छ परिच्छेद रहेका छन् । प्रस्तुत शोधको पहिलो परिच्छेद शोध परिचय हो भने छैटौं परिच्छेद उपसंहार तथा निष्कर्ष हो । छैटौं परिच्छेदमा परिच्छेद एकदेखि छसम्म रहेका विषयको सारांश प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको पहिलो, दोस्रो, तेस्रो, चौथौ र पाँचौं परिच्छेदमा क्रमशः शोध परिचय, साहित्यको समाजशास्त्र : सैद्धान्तिक रूपरेखा, प्रजाति, क्षण तथा प्रजातिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण, कार्यकारण सम्बन्ध, भाषा तथा सामाजिक संस्कृतिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाको विश्लेषण शीर्षकका विषयहरू रहेका छन् ।

यस शोधपत्रको पहिलो परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य महत्त्व र उपयोगिता, सीमाङ्कन, शोधविधि (सामग्री सङ्कलन तथा अध्ययन विधि) र शोधको रूपरेखा जस्ता उप शीर्षक निर्धारण गरी प्रस्तुत शोधपत्रको मार्ग निर्धारण गरिएको छ । विषय परिचयमा कथाकारको सामान्य परिचय तथा साहित्यको सामाजशास्त्रका बारेमा सङ्क्षिप्त परिचय दिइएको छ । रमेश विकलको **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूलाई प्रजाति, क्षण, परिवेश, कार्यकारण सम्बन्ध, भाषा, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ भन्ने मूल समस्या नै यस शोधपत्रको समस्या कथन हो । यस समस्याको समाधान प्रस्तुत शोधपत्रको उद्देश्यका रूपमा आएको छ । **नयाँ सडकको गीत** कथा सङ्ग्रहका बारेमा भएका समालोचनात्मक समीक्षाहरूलाई पूर्वकार्यमा समेटिएको छ । प्रस्तुत शोधकार्यले **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट बुझ्न सहयोग पुऱ्याउने छ । साहित्य अध्ययनका विविध पक्षहरू मध्ये **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूलाई समाजशास्त्रीय मापदण्ड मध्ये प्रजाति, युग वा क्षण, पर्यावरण, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा मात्र विश्लेषण गरी सीमा निर्धारण गरिएको छ । सामग्री सङ्कलनमा पुस्तकालयीय विधिलाई अपनाइएको छ भने प्रस्तुत शोधपत्रको अध्ययन विधि सैद्धान्तिक रहेको छ । शोधपत्रमा छ परिच्छेद रहने कुरा उल्लेख छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा साहित्यको समाजशास्त्रीय अध्ययनको: सैद्धान्तिक रूपरेखा प्रस्तुत गरिएको छ । साहित्यको समाजशास्त्रीय अध्ययनको विकासक्रमको चर्चा गरी यसका विकसित दर्पणवादी सिद्धान्त र मीमांसावादी सिद्धान्तका बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । प्रस्तुत परिच्छेदमा साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रका बिचमा रहेको भिन्नतालाई स्पष्ट पार्ने काम भएको छ । साहित्यको समाजशास्त्र र मार्क्सवादी सौन्दर्यशास्त्रले समाजलाई अध्ययनको केन्द्रमा राख्दछन् । यी दुवै साहित्यको समाज सापेक्ष अध्ययन गर्ने समालोचना पद्धति हुन्, तर पनि यी दुईका बिचमा सैद्धान्तिक भिन्नता छ । मार्क्सवादी सौन्दर्यशास्त्रले साहित्यको अध्ययन गर्दा अर्थव्यवस्था, राजनीतिक विचार र वर्गीय पक्षधरतालाई महत्त्व दिन्छ भने साहित्यको समाजशास्त्रले राजनीतिक विचार र वर्गीय पक्षधरतालाई साहित्य अध्ययनको सीमा मान्छ । वर्गीय पक्षधरताले साहितयको स्वतन्त्र प्रकृतिलाई बाधित गर्छ भन्दै समाजको यथास्थितिको अध्ययन गर्दछ ।

यस परिच्छेदमा साहित्यको समाजशास्त्र र यसको विकासक्रम, मार्क्सवादसँग यसको सम्बन्ध देखाउँदै  टेन, मेडम डे स्टेल, स्कार्पिट, विको जस्ता समाजशास्त्रीले स्थापना गरेको साहित्यको समाजशास्त्रले पछिल्लो चरणमा मार्क्सवाद र फ्रायडवादसँग गाँसेको सम्बन्धका बारेमा चर्चा गरिएको छ । टेनले साहित्यको समाजशास्त्रीय सिद्धान्तको स्थापना गरी साहित्यलाई प्रजाति, युग वा क्षण र पर्यावरणका आधारमा विश्लेषण गर्ने मान्यताको स्थापना गरेका छन् । साहित्यको समाजशास्त्रीय अध्ययनमा विकास भएको दर्पणवादी सिद्धान्तले साहित्यमा समाजका घटनाहरू हुबहु चित्रण हुन्छन् भन्दै साहित्यलाई समाजको ऐना मान्दछ । दर्पणवादी सिद्धान्तको आलोचनाका रूपमा मीमांसावादी सिद्धान्तको विकास भएको छ । यसले दर्पणवादले विश्लेषण गर्ने समाजको बाहिरी पक्षको चर्चा गर्दै आन्तरिक पक्षको पनि विश्लेषण गर्दछ । साहित्यको समाजशास्त्रीय अध्ययनमा मीमांसावादी सिद्धान्तमा रेमन्ड विलियम्सको अनुभूतिको संरचना, लुसिएँ गोल्डमानको विश्वदृष्टि जस्ता आधारहरू थपिएका छन् भने क्रिस्टोफर कड्वेलले भाषालाई थप गरेका छन् । प्रस्तुत शोधपत्रको यस परिच्छेदमा विभिन्न विद्वान्हरूका समाजशास्त्रीय मान्यताको चर्चा गरी प्रजाति, युग वा क्षण, पर्यावरण, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूतिको संरचना र विश्वदृष्टिलाई समाजशास्त्रीय अध्ययनको मापदण्डका रूपमा स्वीकार गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा कथाकार रमेश किललको **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूको स्थापित साहित्यको समाजशास्त्रीय सिद्धान्तका प्रजाति, क्षण र परिवेशका आधारमा विश्लेषण गर्ने काम गरिएको छ । यसैगरी चौथो परिच्छेदमा कार्यकारण सम्बन्ध, भाषा र सामाजिक संस्कृतिका आधारमा **नयाँ सडकको गीत** सङ्ग्रहका कथाहरूको

विश्लेषण गरिएको छ भने पाँचौँ परिच्छेदमा अनुभूतिको संरचना र विश्वदृष्टिका आधारमा कथाहरूको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । निर्धारित मापदण्डको प्रयोग गरी विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूको विश्लेषण गर्दा सबैजसो कथामा उल्लिखित पक्षहरूलाई प्राप्त गर्न सकिन्छ ।

## ६.२ शोध निष्कर्ष

कथाकार रमेश विकल (वि.सं.१९८५-२०६५) नेपाली साहित्यका सामाजिक यथार्थवादी कथाकार हुन् । उनको **नयाँ सडकको गीत** कथा सङ्ग्रह वि.सं. २०१९ सालमा प्रकाशित भएको हो । प्रस्तुत कथा सङ्ग्रहमा 'भन्ज्याङ्को चौतारो', 'प्रतिहिंसा', लाहुरी भैँसी', 'नयाँ सडकको गीत', बिहानीपखको बत्ती', वीरेकी आमा', 'दुई रुपियाँ नोट', सिँगारी बाख्रा', सुबेदार रणे बुढो' गरी जम्मा नौ वटा कथा सङ्गृहीत छन् । यी कथाहरूको समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन गर्दा प्रस्तुत शोधपत्रमा निम्न निष्कर्ष प्राप्त भएको छ ।

साहित्यको समाजशास्त्र साहित्यिक समालोचानाको एउटा पद्धति हो । यो समाजशास्त्रीय पद्धतिमा आधारित छ । यसले साहित्य र समाजको सम्बन्धको विश्लेषण गर्दछ । यस सिद्धान्तका प्रत्यक्षवादी र मीमांसावादी गरी मुख्यतः दुई धाराहरू रहेका छन् । साहित्यलाई समाजको दर्पण मान्ने सिद्धान्त प्रत्यक्षवादी सिद्धान्त हो । यसले समाजको बाह्य पक्षको मात्र अध्ययन गर्दछ । मीमांसावादी सिद्धान्तले समाजको आन्तरिक पक्षको विश्लेषण गर्दछ साथै साहित्यमा अन्तरनिहीत मूल्यको प्रकृतिलाई पनि स्पष्ट पार्दछ । साहित्यको समाजशास्त्रले साहित्यमा सामाजिक क्रियाकलाप, सामाजिक संरचना र सामाजिक संस्थाहरूको खोजी गर्दछ । साहित्यको समाजशास्त्रले साहित्यमा कुन जाति वा वर्गका मानिस छन्, उनीहरूको युग चेतना के हो, भाषिक प्रयोग, सांस्कृतिक चेतना, कस्तो परिवेशमा समाजका मानिसहरूले जीवन चलाएका छन्, उनीहरूको जीवन अनुभूति के हो, लेखक बाँचेको पर्यावरण कस्तो छ, उसको विचार र अनुभूति के छ, तत्कालीन सामाजिक वर्ग व्यवस्था कस्तो छ भन्ने कुराको खोजी गर्छ । साहित्यको समाजशास्त्रले यी कुराको खोजी गर्न जाति, युग वा क्षण, पर्यावरण, कार्यकारण सम्बन्ध, भाषा, सामाजिक संस्कृति, अनुभूति संरचना र विश्वदृष्टि जस्ता मापदण्डलाई साहित्य अध्ययनको मुख्य आधार बनाएको छ ।

सामाजिक यथार्थवादी कथाकारको पहिचान बनाइ सकेका कथाकार रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रह वि.सं. २०१८ मा पान्डुलिपिकै अवस्थामा 'मदन पुरस्कार' प्राप्त कृति हो । समाजको यथार्थ चित्रणमा विकल सिद्धहस्त प्रतिभा हुन् । उनले **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा नेपाली समाजका भिन्न स्वभाव, शारीरिक, मानसिक

भेषभूषागत विशेषता भएका उच्च, मध्यम र निम्न वर्गीय नेपाली समाजमा रहेका बाहुन, क्षेत्री तथा अन्य जात नखुलेका जातजाति र कथित तल्लो जातिलाई पात्रहरूको प्रयोग गरेका छन् । कथाकारले आफ्ना कथामा ग्रामीण तथा सहरिया समाजका विभिन्न वर्गीय चरित्र भएका, विभिन्न वंशानुगत स्वभाव, संस्कृति भएका नेपाली समाजका आर्य र आर्येतर पात्रको प्रयोग गरेका छन् । आर्य वर्गमा कथित उपल्लो वर्गको प्रतिनिधित्व गर्ने र आर्येतरमा जनजाति तथा कथित निम्न वर्गका प्रजातिगत पात्रको प्रयोग गरेका छन् । पात्रको शरीर, मानसिक रचना, भाषा तथा पेसाका आधारमा जातिको पहिचान गर्न कठिन हुन्छ तर उनीहरूका स्वभाव, व्यवहार, दृष्टिकोण, सामाजिक, सांस्कृतिक मान्यता आदिका आधारमा यस कथा सङ्ग्रहमा स्वार्थी चरित्र, परिवर्तनशील तथा विद्रोही स्वभाव, रिसाहा प्रवृत्ति जातिगत मौलिक संस्कृति बोकेका प्राजातिका पात्र पाउन सकिन्छ । यस कथामा आएका पात्रहरू परम्परित समाज व्यवस्थाप्रति विद्रोह गर्न नसक्ने निरीह खालका छन् । प्रजाति चयनका दृष्टिले **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरू नेपाली समाज अनुकूल रहेका छन् ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहमा राजनीतिक परिवर्तन तथा अस्थिर सामाजिक, आर्थिक, सांस्कृतिक विघटित परिवेश भएको वि.सं. २००७ देखि २०१८ सम्मको निम्न वर्गीय नेपालीको कष्टकर जीवनको तत्कालीन क्षणलाई समेटिएको छ । शोषक सामन्तको कारण निम्न वर्गीय नेपाली जनताले सधैंभरि दुःखपूर्ण र निम्नस्तरको जीवन भोग्नु परेको ग्रामीण तथा सहरिया परिवेश नै कथाको पर्यावरण बनेर आएको छ । प्रस्तुत कथा सङ्ग्रहका कथाको पर्यावरण अशिक्षा, अभाव, गरिबी, षड्यन्त्र आदिमा केन्द्रित छ । जसले गर्दा कथाका निम्न वर्गीय पात्रको जीवन अत्यन्तै कष्टपूर्ण छ । यस कथा सङ्ग्रहका कथामा सरल, सहज र स्पष्ट भाषाको प्रयोग भएको छ । पात्र अनुकूल कथ्य भाषाको प्रयोग, उखान, टुक्का, निपात र अनुकरणात्मक शब्दको यथेष्ठ प्रयोग तथा व्यक्ति भाषा र भाषिकाको प्रयोगले कथालाई स्वभाविक र यथार्थपरक बनाएका छन् । मानक भाषाको प्रयोग बढी रहे पनि पात्र अनुसारको भाषा र भाषिकाको प्रयोग पनि यस कथा सङ्ग्रहका कथामा पाइन्छ । आवश्यकता अनुसार मनोवाद तथा संवादको प्रयोगले कथामा नाटकीयताको सिर्जना हुन पुगेको छ । नेपाली समाजमा प्रयोग हुने भाषालाई कृतिमा जस्ताको तस्तै प्रस्तुत गरेकाले भाषा प्रयोगका दृष्टिले कथाकार सिद्धहस्त रहेका छन् ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथामा आएका पात्रले गरेका देह व्यापार गर्ने, माग्दै हिड्ने, विदेश जाने, रातदिन अर्काको काममा पिल्सि रहने जस्ता कार्यको मूल कारण गरिबी, आर्थिक अभाव, अशिक्षा हुन् । रमेश विकल सामाजिक यथार्थवादी कथाकार भएकाले नेपाली समाजको यस्तो प्रतिबिम्बलाई उनले आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् ।

**नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथामा हिन्दू धर्म अनुसार नेपाली समाजमा प्रचलित धार्मिक, सामाजिकका साथै मौलिक संस्कृतिलाई स्थान पनि दिइएको छ । सहरिया तथा ग्रामीण संस्कृति, लोक विश्वास जस्ता कुरा यस कथा सङ्ग्रहका कथामा मूल संस्कृति बनेर आएका छन् । गरिबी, अशिक्षा, अभावमा जीवन बिताउन बाध्य निम्न वर्गीय व्यक्ति र निम्न वर्गलाई सधैँ शोषण गर्ने कथित उच्च वर्गका व्यक्तिगत तथा सामूहिक अनुभूतिलाई समेटेर कथाको संरचना निर्माण भएको छ । आर्थिक अभावले दुखपूर्ण जीवन बिताएका, उच्च वर्गको षड्यन्त्रबाट आर्थिक शोषणमा परेका, तत्कालीन सामाजिक, सांस्कृतिक कारण अनमेल विवाह, बाल विवाह जस्ता रुढिवादी प्रथाले गर्दा कारुणिक जीवन बिताउनु परेका नेपाली समाजका पात्रको संवेदनालाई लिएर कथाकारले अनुभूतिको संरचना निर्माण गरेका छन् ।

वर्गीय विभेदका कारण निम्न वर्गका मानिसले समाजमा निकै कष्टपूर्ण जिन्दगी जिउनु परेको  छ । सामाजिक परिवर्तनका निम्ति वर्गीय विभेद अन्त्य हुन आवश्यक छ र समतामूलक समाजको निर्माण हुनु पर्छ, अशिक्षा, सामाजिक कुसंस्कार, गरिबीका कारण जीवन विघटित हुनु हुँदैन भन्ने विचारलाई प्रस्तुत कथा सङ्ग्रहका कथामा कथाकार विकलले विश्वदृष्टि बनाएका छन् । विश्वदृष्टि लेखकको निजी धारणा मात्र नभएर उनी जस्तै प्रगतिशील विचार भएका तथा शोषण रहित स्वतन्त्र न्यायमूलक समाजको चाहना राख्ने आम व्यक्तिका विचारसँग सम्बन्धित हुन्छ । **नयाँ सडकको गीत** कथा सङ्ग्रहमा पनि यस्तो प्रकारको विश्वदृष्टि अभिव्यक्त भएको छ ।

समग्रमा सामाजिक यथार्थवादी कथाकार रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूको समाजशास्त्रीय अध्ययन गर्दा सबै जसो कथामा नेपालको गाउँ र सहरमा बस्ने आर्य र अनार्य प्रजातिका पात्रको प्रयोग भएको देखिन्छ । कथामा आर्य अन्तर्गत कथित उपल्लो जात वा उच्च वर्ग र अनार्य अन्तर्गत कथित तल्लो जात वा निम्न वर्ग तथा जनजातिको उपस्थिति छ । प्रस्तुत कथा सङ्ग्रहका कथामा परम्परागत संस्कार तथा संस्कृतिको चित्रण, ग्रामीण तथा सहरिया परिवेश, सामाजिक, आर्थिक कारणले कष्टपूर्ण जीवन भोगाइका दुःखद् अनुभूति  अभिव्यक्त भएका छन् । यस कथा सङ्ग्रहका कथामा पात्रको स्तर अनुसारको भाषिक प्रयोग छ । कथामा घटित घटनाको कार्यकारण सम्बन्ध र अन्याय, अत्याचार, शोषण, दमन, सामाजिक कुरीति, कुसंस्कारको अन्त्य भई वर्गहीन समतामूलक समाज निर्माणको चाहनायुक्त विश्वदृष्टिको उपस्थिति छ । समाजशास्त्रीय सिद्धान्तका आधारभूत मापदण्डको उचित संयोजन गरिएको प्रस्तुत कथा सङ्ग्रहका कथाहरू नेपाली समाजको वास्तविक प्रतिबिम्ब चित्रणका दृष्टिले सबल र सफल रहेका छन् ।

## ६.३ सम्भावित शोध शीर्षकहरू

रमेश विकलको **नयाँ सडकको गीत** कथा सङ्ग्रहका कथाहरूको सूक्ष्म रूपमा थप अनुसन्धान गर्दा निम्नलिखित शोध शीर्षकहरूमा शोधकार्य गर्न सकिन्छ-

१ अनुभूतिको संरचनाका आधारमा **नयाँ सडकको गीत** कथा सङ्ग्रहको अध्ययन ।

२ **नयाँ सडकको गीत** कथा सङ्ग्रहको सांस्कृतिक पक्षको अध्ययन ।

३ विश्वदृष्टिका आधारमा **नयाँ सडकको गीत** कथा सङ्ग्रहको अध्ययन ।

४ पर्यावारण वा परिवेशका आधारमा **नयाँ सडकको गीत** कथा सङ्ग्रहको अध्ययन ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, डि.पी. २०४५. नयाँ सडकको गीत : आजको एउटा प्रतिनिधि कथा सङ्ग्रह. **पूर्वाञ्चल समालोचना सङ्ग्रह**. सम्पा. नरेन्द्र चापागाईं. विराटनगर : पूवाञ्जल साहित्य प्रकाशन ।

आचार्य, कृष्णप्रसाद. २०५३. 'रमेश विकलको लाहुरी भैंसी हेर्दा'. **रजनी** (वर्ष २, अङ्क २, पूर्णाङ्क ३) पृ. ३६-३९ ।

आचार्य, नरहरि र अन्य. सम्पा. २०४९. **नेपाली कथा भाग ३.** ललितपुर : साझा प्रकाशन ।

आचार्य, नरहरि र अन्य. सम्पा. **नेपाली कथा भाग २.** ललितपुर : साझा प्रकाशन ।

आचार्य, युवती. २०६८. "छापामारको छोरो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन". अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

कुँवर, उत्तम. २०३३. **स्रष्टा र साहित्य.** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, उदय. २०६४. "समाजशास्त्रीय दृष्टिमा इन्द्र बहादुर राईका आख्यानको अध्ययन". अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

खनाल, हरिहर. २०६७. प्रगतिवादी कथाका आधारशिला विकल र उनको 'नयाँ सडकको गीत'. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

गौतम कृष्ण. २०५९. **आधुनिक आलोचना अनेक रूप अनेक पठन.** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, देवी प्रसाद. २०५४. **नेपाली कथा.** काठमाडौं : केन्द्रीय पुस्तक भण्डार ।

घर्ती, दुर्गा बहादुर. २०६८. साहितयको समाजशास्त्रका प्रमुख मान्यता. **PERSPECTIVES ON HIGHER EDUCTION** ( vol, 6, October 2011) p. 232-239 .

घिमिरे. मुकुन्द. २०५८. “नासो कथा सङ्ग्रहको समाजशास्त्रीय अध्ययन” अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

जैन, निर्मला. अनु. सन् १९९२. **साहित्यका समाज शास्त्रीय चिन्तन**. दोस्रो संस्क., दिल्ली : मोडर्न टाउन ।

तिमसिना, अनिरुद्ध. २०६७. ‘नयाँ सडकको गीत’ कथा सङ्ग्रहका केन्द्रीयतामा विकलको कथाकारिता. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

दाहाल, खेमनाथ. २०५८. “आधुनिक नेपाली उपन्यासको समाजशास्त्र”. अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

पराजुली, शारदा. २०६७. ‘नयाँ सडकको गीत’ कथाको चर्चा. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

पाण्डेय, ताराकान्त. २०६८. छापामारको छोरो कथाको समाजशास्त्रीय विश्लेषण : विश्वदृष्टिका परिप्रेक्षमा. **शब्द संयोजन** (वर्ष ८, अङ्क १, पूर्णाङ्क ८४) पृ. २०-२४ ।

पाण्डेय, मैनेजर. सन् २००६. **साहित्यके समाज शास्त्रकी भूमिका**. तेस्रो संसक., हरियाणा : साहित्य अकादमी पंचकूला ।

.............., सन् १९९७. **शब्द और कर्म.** दोस्रो स.संस्क. दिल्ली : वाणी प्रकाशन ।

पाण्डेय, शशिभूषण (शितांशु). सन् १९९२. **मार्क्सवादी समाजशास्त्र और ऐतिहासिक आलोचना**. नयाँ दिल्ली : राधाकृष्ण प्रकाशन ।

पौडेल, गोपीन्द्र. २०६५. **कथाको सौन्दर्य शास्त्र.** काठमाडौँ : पायोनियर अफसेट पिन्टर्स ।

............. .२०६७. बहुविध चिन्तनका सन्दर्भमा विकलको कथाकारिता. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

पौड्याल, रामहरि. २०५१. विकल र नयाँ सडकको गीतमा सामाजिक चेतना. **उत्साह** (वर्ष ८, अङ्क ३८) पृ. ८-१९ ।

प्रसाईं, कृष्ण. २०४४. रमेश विकलको नयाँ सडकको गीत. **मधुपर्क** (वर्ष १९, अङ्क १२, पूर्णाङ्क २१५) पृ. ४९-५१ ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र.** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

.....................२०६७. **मार्क्सवाद र उत्तर आधुनिकतावाद.** दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज र कृष्ण घिमिरे. सम्पा. २०५५. **नेपाली कथा भाग ३.** ललितपुर : साझा प्रकाशन ।

बराल, निर्मला कुमारी. २०५८ **नयाँ सडकको गीत कथा सङ्ग्रहको सामाजिक पक्षको अध्ययन.** अप्रकाशित स्नातकोत्तर शोधपत्र. मानविकी तथा सामाजिक शास्त्र सङ्काय. त्रि.वि. कीर्तिपुर ।

भट्टराई, घटराज. २०३५. रमेश विकल : व्यक्ति र कृति **मधुपर्क** (वर्ष ११, अङ्क २, पूर्णाङ्क ३) पृ. १०३-११० ।

भारद्वाज, मैथिली प्रसाद. सन् १९८८. **पाश्चात्य काव्य शास्त्रके सिद्धान्त**. चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

लुइँटेल, खगेन्द्र प्रसाद. २०६७. नेपालीका विशिष्ट साहित्यकार रमेश विकल. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

विकल, रमेश. २०६७ . **नयाँ सडकको गीत.** चौथो संस्क., ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम. सम्पा. २०५७. **नेपाली कथा भाग ४.** ललितपुर : साझा प्रकाशन ।

शर्मा, तरानाथ. सन् १९६४. **घोत्ल्याइँहरू**. काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, हिरामणि पौडेल. २०६७. प्रवृत्तिगत सन्दर्भमा विकलको 'लाहुरी भैँसी' कथा. **रमेश विकल : बिम्ब एक प्रतिबिम्ब अनेक**. सम्पा. हेमनाथ पौडेल र अन्य. ललितपुर : सामुदायिक प्रिन्टर्स प्रा.लि ।

सापकोटा, माधव प्रसाद. २०६३. **लोक साहित्यको परिचय र लोक कथाको समाज शास्त्रीय अन्ययन.** काठकाडौँ : सुजाता प्रकाशन ।

सुवेदी, राजेन्द्र. सम्पा. २०५१. **स्नातकोत्तर नेपाली कथा.** ललितपुर : साझा प्रकाशन ।